सार्वजनिक सेवा प्रसारण

रेडियो नेपाल

# झङ्कार

रेडियो नेपाल

75

RADIO NEPAL

हीरक महोत्सव~२०८१

स्थापना: २००७ चैत्र २०

# झङ्कार

## हीरक महोत्सव अङ्क

वर्ष ७४, चैत्र २०८१

## सार्वजनिक सेवा प्रसारण नेपाल

### सञ्चालक समिति



डा. महेन्द्र विष्ट
कार्यकारी अध्यक्ष



गौरव गिरी
सदस्य



अनिता गुरुङ
सदस्य



फूलमान वल तामाङ
सदस्य



डा. भूमिराज चापागाईं
सदस्य



विष्णुराम न्यौपाने
सचिव


*प्रमुख सल्लाहकार*
डा. महेन्द्र विष्ट
*कार्यकारी अध्यक्ष*

*सल्लाहकार*
विष्णुराम न्यौपाने
*निमित्त प्रमुख प्रशासकीय अधिकृत*
खगेन्द्र खत्री न्यौपाने
*नायब कार्यकारी निर्देशक*
चन्द्रभूषण लाल दास
*नायब कार्यकारी निर्देशक*
पुष्करराज गौतम
*निमित्त नायब कार्यकारी निर्देशक*

*प्रधान सम्पादक*
ताराप्रसाद वस्ती
(कार्यक्रम महाशाखा प्रमुख)

*सम्पादक मण्डल*
अर्जुन श्रेष्ठ
यशोदा अधिकारी
सन्तोष पौडेल

*प्रकाशक*
सार्वजनिक सेवा प्रसारण
रेडियो नेपाल

*डिजाइन / ले-आउट*
श्रावरण डेस्क
*मुद्रक*
सिद्धकाली अफसेट प्रेस प्रा. लि.
पुतली सडक, काठमाडौं।

नेपाल
Nepal

राष्ट्रपति
The President

## शुभकामना

नेपालको प्रसारण इतिहासको पुरानो संस्था रेडियो नेपाल ७५ औँ वर्ष प्रवेश (हीरक महोत्सव) को सुखद् अवसरमा रेडियो नेपाल परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । 'आधुनिक नेपालको समावेशी आवाज' भन्ने मूल नारासहित 'राष्ट्रिय रेडियो, राष्ट्रको सञ्चार' को मर्म अनुरुप क्रियाशील रेडियो नेपाल यसै वर्ष सार्वजनिक सेवा प्रसारण संस्थामा रूपान्तरण भएको थाहा पाउँदा मलाई खुशी लागेको छ । सार्वजनिक सेवा प्रसारणको मर्म, भावना र उद्येश्यअनुसार यसले आगामी दिनमा अझै प्रभावकारी ढंगले काम गर्ने मैले विश्वास लिएको छु। साथै, हीरक महोत्सवको सन्दर्भमा आमसञ्चार माध्यम र पत्रकारिताका विविध विषय समेटेर 'झङ्कार' प्रकाशन गर्न लागेकोमा सफलताको शुभकामना व्यक्त गर्दछु ।

रेडियो नेपालको स्थापना नेपालमा लोकतन्त्र स्थापनाको ऐतिहासिक घटनाक्रमसंग जोडिएको मात्र होइन देश प्रसारण माध्यमको युग प्रवेशको प्रस्थान विन्दु पनि थियो । मुलुकमा जहानीयाँ राणा शासन अन्त्य गरी प्रजातन्त्र स्थापनाको लागि भएको क्रान्तिलाई सघाउन मुक्ति सेनाले चलाएको तत्कालीन 'प्रजातन्त्र नेपाल रेडियो' प्रजातन्त्रको उदयसँगै वि.स. २००७ साल चैत २० गतेबाट रेडियो नेपाल हुनुमा यसका संस्थापक तारिणीप्रसाद कोइरालाको योगदान विशिष्ट र महत्वपूर्ण छ । त्यसयताको नेपालको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, हरेक घटना र विषयको यो एउटा साक्षी मात्र नभएर सत्यतथ्य सूचना प्रवाहमा यसले पुऱ्याएको योगदान महत्वपूर्ण छ । प्रजातान्त्रिक परिवर्तनसँगै मुलुकमा आमसञ्चार माध्यमको विकास र विस्तारले गति लिएको विदितै छ । त्यसमा रेडियो नेपाल एउटा सशक्त, प्रभावकारी र व्यापक पहुँच भएको आमसञ्चार माध्यम भएर आज पर्यन्त स्रोताहरूको प्रिय माध्यमका रुपमा क्रियाशील हुनु खुसीको विषय हो ।

इण्टरनेट र सूचनाप्रविधिको विकासले समाचारको विषयवस्तु, सञ्चार माध्यम र सूचना सम्प्रेषणमा आएको परिवर्तन उल्लेखनीय छ । यस्तो अवस्थामा दक्ष जनशक्ति र आधुनिक प्रविधिको अधिकतम उपयोग गरी रेडियो नेपाललगायतका आमसञ्चार माध्यमले आफ्नो सेवा, गुणस्तर र समाचार प्रस्तुतिमा समयानुकूल परिमार्जन गरी अझै जिम्मेवार, विश्वसनीय र जवाफदेही भएर काम गर्नेनै छन् भन्ने मैले विश्वास लिएको छु।

नेपालको संविधानले व्यवस्था गरेको नागरिकको सूचनाको हक प्रत्याभूत गर्न रेडियो नेपालले २५ भाषामा समाचार र २४ भाषामा कार्यक्रम प्रसारण गरेर नेपाली समाजको समावेशी चरित्रको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । सबै जातजाति, भाषाभाषीको अधिकार संरक्षण गर्ने बहुलवादमा आधारित लोकतन्त्रको सुदृढीकरणलाई आफ्नो धर्म मानेर काम गर्दा नै संस्थाले राखेका खास लक्ष्य पुरा हुन्छ भन्ने मलाई लाग्छ । सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भएसँगै यसले आफ्नो भूमिकालाई नागरिक केन्द्रित बनाउँदै अवाजविहिनहरूको आवाज बन्न र मुलुकले अङ्गीकार गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न अहम् भूमिका खेल्ने विश्वासका साथ यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

जय नेपाल !

मिति २०८१ चैत्र १० गते

रामचन्द्र पौडेल

हीरक महोत्सव

प्रधानमन्त्री

काठमाडौं, नेपाल ।

**शुभकामना**

सार्वजनिक सेवा प्रसारण संस्था, **रेडियो नेपाल**ले ७५औं वार्षिकोत्सव (हीरक महोत्सव)को सुखद् अवसरमा आफ्नो मुखपत्र **झङ्कार** नवीन अङ्क प्रकाशन गर्न लागेको खबरले मलाई खुशी तुल्याएको छ। यस अवसरमा यसका व्यवस्थापक, सञ्चालक, कर्मचारी, कलाकार, पत्रकार तथा सम्पूर्ण श्रोतामा हार्दिक बधाई दिंदै मुखपत्र प्रकाशनको पूर्ण सफलताका लागि शुभकामना व्यक्त गर्दछु।

मुलुक यतिबेला राजनीतिक संक्रमणको अन्त्य गर्दै विकास र समृद्धिको अभियानमा अग्रसर छ। विगतमा हाम्रो अधिकांश समय अधिकार प्राप्तिको संघर्षमा व्यतीत भयो। हिजो जसरी आन्दोलन हुन्थ्यो, आज त्यसरी आन्दोलित हुनुपर्ने स्थिति छैन। आज परिवर्तन भएको छ, जनताले राजनीतिक अधिकार प्राप्त गरेका छन्। नेपालको राजनीतिक जागरणमा रेडियो नेपालको ठूलो योगदान रहेको छ। रेडियो नेपालले अब देश विकासका निम्ति नवीनतम् र सिर्जनात्मक रुपमा आम नागरिकलाई सुसूचित गर्नु पर्ने बेला आएको छ। अब हाम्रा सूचना र सन्देश रोजगारीको सिर्जनासँगै नवीन प्रविधिको माध्यमबाट देश विकासको गतिलाई अगाडि बढाउँदै आर्थिक समृद्धिको यात्रामा अगाडि बढाउन केन्द्रित हुनुपर्छ। यसका लागि रेडियो नेपालले पनि आफ्नो तर्फबाट भूमिका खेल्ने छ भन्ने मैले अपेक्षा गरेको छु।

'अबका हाम्रा सबै पाइला विकास र समृद्धितर्फ अग्रसर छन्। अहिलेको सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा तय गरेको छ। राष्ट्रको यस आकांक्षालाई पूरा गर्न सरकारले अघि सारेको राष्ट्रिय गन्तव्यलाई पूरा गर्न रेडियो नेपालले आफ्नो ठाउँबाट भूमिका खेल्ने मैले विश्वास लिएको छु। अहिलेको सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति पूर्ण निष्ठावान् छ। त्यसैले प्रेस स्वतन्त्रताप्रतिको हाम्रो निष्ठा व्यवहारसिद्ध छ। समाजको महत्वपूर्ण अङ्गको भूमिका पाएको प्रेस जगतले राष्ट्रियता, लोकतन्त्र, सुशासन र विकासलाई सहयोग पुग्नेगरी जिम्मेवार भूमिका खेल्न सक्नु पर्दछ। अहिलेको सरकारले राष्ट्रका अभिभारा पूरा गर्ने गन्तव्य निर्धारण गरेको छ। यस उद्देश्यलाई प्राप्त गर्न हामी स्पष्ट दूरदृष्टि, तद्अनुसारका नीति र कार्यक्रमहरु एंव ती नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्न क्षेत्रगत कार्ययोजना र आवधिक लक्ष्यहरु सहित अघि बढिरहेका छौं। अहिले सरकारले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई गाभेर कानुनतः सार्वजनिक सेवा प्रसारणको एउटै छातामा राखेको छ। अहिले पनि देशका कतिपय ठाउँमा रेडियो नेपालको मात्रै पहुँच छ। दूरदराजमा रहेका आम नागरिकलाई सही र तथ्य सूचना र समाचार प्रशारण गरेर जनतालाई सुसूचित गर्न रेडियो नेपालले खेलेको भूमिका प्रशंसनीय छ। राष्ट्रका अभिभारा पूरा गर्न सरकारले अघि सारेको सामाजिक परिवर्तन, विकास, सुशासन, स्वच्छता र पारदर्शिताको यस अभियानलाई जनसमक्ष विस्तार गर्न **रेडियो नेपाल**ले महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने मेरो विश्वास छ। सार्वजनिक सेवा प्रसारणको अभिष्ट पनि यही हो।

अन्त्यमा, **रेडियो नेपाल** आफ्नो स्थापनाको ७५ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा सबैमा हार्दिक बधाई दिंदै आगामी दिनमा समयानुकूल विषयवस्तु समेटेर देश विकासका निम्ति योगदान पुऱ्याउन आह्वान् गर्दछु।

**रेडियो नेपालको उत्तरोत्तर प्रगतिको कामना !**

१४ चैत, २०८१

केपी शर्मा ओली

नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मा. पृथ्वीसुब्बा गुरुङ
सञ्चार तथा सूचना प्रविधि मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

## शुभकामना

रेडियो नेपालको इतिहास नेपालमा प्रजातन्त्रको इतिहाससँगै सुरु भएको हो । २००७ सालमा प्रजातन्त्र स्थापना पश्चात् चैत २० गते रेडियो नेपालको स्थापना भयो। 'यो प्रजातन्त्र नेपाल रेडियो हो' भन्ने उद्घोषसँगै यसको प्रसारण सुरु भएको गौरवशाली इतिहास रहेको छ । रेडियो नेपालको जगमा पूर्वीपहाडमा बजेको त्यही 'स्वतन्त्र नेपाल रेडियो' पनि भेटिन्छ । आज जुन रेडियो नेपाल छ, त्यसले औपचारिक आरम्भका ७५ औं वर्षमा प्रवेश गरेको छ । नेपालको प्रसारण इतिहासमा हीरक महोत्सव मनाउने पहिलो सौभाग्य रेडियो नेपाललाई प्राप्त भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछु ।

रेडियो नेपालको हीरक महोत्सवको अवसरमा वार्षिक मुखपत्रको रूपमा 'झङ्कार' समेत प्रकाशन गर्न लागेकोमा म रेडियो नेपालका समस्त स्रोता, शुभेच्छुक, विज्ञापनदाता र परिवारजनमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

रेडियो नेपालले मुलुकको कला, साहित्य, गीत-सङ्गीत, सामाजिक र सांस्कृतिक रूपान्तरणमा ठूलो योगदान गरेको छ । रेडियो नेपाल मुलुकमा भएका राजनीतिक परिवर्तनको साक्षी मात्र होइन, परिवर्तनलाई आत्मसात् गर्दै समय सापेक्षरूपमा रूपान्तरित पनि हुँदै आएको छ । रेडियो नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त कैयौं स्रष्टा र प्रसारकहरू जन्माएको छ । यो रेडियो नेपालका लागि मात्र नभई मुलुकको लागि पनि गौरवको विषय हो ।

इतिहासका विभिन्न कालखण्डमा अनेक आरोह र अवरोहका बिच अघि बढेको रेडियो नेपाल आज सार्वजनिक सेवा प्रसारण नेपाल अन्तर्गत छ । रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक सेवा प्रसारण नेपालमार्फत सञ्चालन गर्ने गरी संघीय संसदबाट विधेयक पारित गराई कार्यान्वयन गरिएको छ । रेडियो नेपालको इतिहासमा यो महत्वपूर्ण कोसेढुंगा हो भन्ने म ठान्छु ।

सार्वजनिक सेवा प्रसारण नेपालमा रुपान्तरित भएपछि अब रेडियो नेपालको दायित्व र जवाफदेहिता विगत भन्दा झनै बढेको छ । राज्य अधीनस्थ र सत्ताप्रतिमात्रै उत्तरदायी जस्तो देखिएको संस्थालाई सार्वजनिकरण गर्दै नागरिकप्रति जवाफदेही बनाउने कार्यमा भूमिका निर्वाह गर्ने मौका प्राप्त भएकोमा मलाई गौरव वोध छ ।

सार्वजनिक सेवा प्रसारण नेपालले आफ्ना सूचना, सन्देश, समाचार तथा कार्यक्रम नागरिक र समाजकेन्द्रित बनाउँदै अगाडि बढ्नु आवश्यक छ । राज्यले लिएका नीति तथा कार्यक्रम आम नागरिकसमक्ष पुऱ्याउन रेडियो नेपालले अहम् भूमिका निर्वाह गर्नेमा पनि उत्तिकै विश्वास छ ।

समृद्ध नेपाल, सुखी नेपालीको मूल लक्ष्य हासिल गर्न सार्वजनिक सेवा प्रसारण नेपालको गहन भूमिका हुनै पर्छ ।

अन्त्यमा, सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालको हीरक महोत्सवको अवसरमा वार्षिक मुखपत्रको रूपमा 'झङ्कार' प्रकाशन गर्न लागेकोमा सफलताका लागि फेरि एकपटक शुभकामना व्यक्त गर्दछु ।

२०८१ चैत्र २० गते, बुधबार

पृथ्वीसुब्बा गुरुङ
मन्त्री

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

फोन नं. : ९७७-४२११५५५, ४२११६४०, ४२११७०१ (कार्यालय), फ्याक्स नं. : ९७७-१-४२११६००
वेब साइट: www.mocit.gov.np

## ❁ हार्दिक शुभकामना ❁



**डा. महेन्द्र विष्ट**
*कार्यकारी अध्यक्ष*

नेपालको पहिलो प्रसारण संस्था रेडियो नेपाल औपचारिक प्रसारणको ७५ औं वर्षमा प्रवेश गरेको छ । २००७ साल फागुन ७ गते प्रजातन्त्रको स्थापना भएलगत्तै २००७ साल चैत २० गते रेडियो नेपालको स्थापना भयो । यद्यपि यसको बीजारोपण त्यस अघि नै भइसकेको थियो । निरङ्कुश जहानियाँ राणाशासन विरोधी आन्दोलनको क्रममा मुक्ति सेनाले प्रसारण गरेको प्रजातन्त्र नेपाल रेडियोको आवाज नेपालमा रेडियो प्रसारणको इतिहासको पहिलो तरङ्ग मान्न सकिन्छ । औपचारिक प्रसारणको रूपमा भने रेडियो नेपाल नै पहिलो हो । यस अर्थमा नेपा( लमा रेडियो प्रसारणको इतिहास रेडियो नेपालबाटै प्रारम्भ हुन्छ । रेडियो मात्र नभएरनेपालमा प्रसारण पत्रकारिताको इतिहासको प्रारम्भ विन्दु पनि यही हो ।

प्रजातन्त्रको पहिलो बिहानीसँगै कोरिएको रेडियो नेपालको नयाँ इतिहास आज हीरक महोत्सवको क्षणमा प्रवेश गरेको छ । हीरक महोत्सव समयको गणना मात्र होइन, यसको गौरवपूर्ण इतिहासको अभिलेख पनि हो । इतिहासका विभिन्न कालखण्डको जीवित साक्षीको रूपमा रहेको रेडियो नेपालले यहाँसम्म आइपुग्दा अनेक आरोह–अवरोह पार गरेको छ । कहिले प्रशंसा त कहिले आलोचना व्यहोरेको छ । प्रतिक्रिया जस्तो रहे पनि यसले गरेको योगदान विशिष्ट छ । त्यो विशिष्टता सञ्चार माध्यमको हैसियतमा प्रसारण गर्ने सूचना र शिक्षामा मात्र सीमित छैन । गीत सङ्गीतको विकासमा यसले गरेको योगदान उत्तिकै अनुपम छ । नेपालको मौलिक कला, संस्कृतिको संरक्षण र संवर्द्धनमा यसले गरेको योगदन उसैगरी स्मरणीय रहेको छ । सिङ्गो नेपाल र सम्पूर्ण नेपालीलाई एकसाथ जोड्न रेडियो नेपालले निरन्तररूपमा पुऱ्याएको योगदान पनि उत्तिकै विशिष्ट छ ।

रेडियो नेपालको स्थापना र विकासलाई नेपालको राजनीतिक विकासक्रम जस्तै विभिन्न कालखण्डमा हेर्न सकिन्छ । प्रजातन्त्रको उज्यालोमा यसको अनुहार उज्यालो लाग्न सक्दछ भने यसका आवाजहरू पनि स्वतन्त्र महसुस हुन्छन् । व्यवस्था अन्धकारमय रहेको बेला यसको अनुहार पनि उस्तै देखिन सक्दछ र विषयवस्तुमा पनि त्यसको छाया महसुस हुन सक्दछ । यद्यपि आज समय फेरिएको छ । प्रविधिमा बदलाव आएको छ । सञ्चालनको स्वरूप परिवर्तन भएको छ । नीतिगत व्यवस्था र कानुनी आधार पनि नयाँ बनेको छ । रेडियो नेपाल अब नेपाल टेलिभिजनसँगै सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भएको छ । अब यो साँच्चिकै राष्ट्रिय प्रसारण भएको छ । नागरिक केन्द्रित बनेको छ ।

समावेशी आवाज बनेको रेडियो नेपालबाट २५ भाषामा समाचार र २४ भाषामा कार्यक्रमसहित सातै दिन चौबिसै घण्टा प्रसारण हुँदै आएको छ। विविधता र बहुलतालाई आत्मसात् गर्दै सार्वजनिक सेवा प्रसारण नेपालका तीन प्राथमिकता राष्ट्रिय एकता, विपत् व्यवस्थापन र समृद्धिमा केन्द्रित भएर विषयवस्तु र प्रस्तुतिलाई नयाँ स्वरूपमा अझ गुणस्तरीय बनाउने प्रयासका साथ अघि बढेको छ। केन्द्रीय प्रसारणसँगै सातै प्रदेशबाट प्रादेशिक प्रसारण एवम् देशैभर फैलिएका विभिन्न प्रसारण केन्द्रमार्फत मिडियम वेभ तथा एफएम माध्यमबाट ९४ प्रतिशत जनसङ्ख्यामा प्रसारण पहुँच राख्ने रेडियो नेपाल डिजिटल प्लेटफर्ममार्फत पनि श्रोताबिच निरन्तर पुगिरहेको छ। सार्वजनिक सेवा प्रसारणको मान्यता अनुरूप भावी दिनमा यसको प्रविधि, पहुँच, विषयवस्तु र माध्यमलाई अझ गुणस्तरीय र व्यापक बनाउन रेडियो नेपाल कृतसङ्कल्पित छ।

रेडियो नेपालले विगतदेखि वार्षिकोत्सवको अवसर पारेर प्रकाशन गर्दै आएको 'झङ्कार' यो वर्ष पनि प्रकाशनमा आएको छ। यो वर्षको 'झङ्कार' विगतको निरन्तरता मात्र नभई नयाँ यात्राको जानकारी पनि हो। इतिहासको अभिलेखन र भविष्यको मार्गदर्शनका रूपमा 'झङ्कार' ले पाठकहरूबिच न्याय गर्ने छ भन्ने मेरो विश्वास छ। यसमा शुभकामना प्रदान गर्ने सम्मानित व्यक्तित्व र आलेख प्रदान गर्ने सबै महानुभाव एवम् विविध कोणबाट योगदान गर्ने सबै सबैमा हार्दिक आभार तथा धन्यवाद छ। साथै, 'झङ्कार', रेडियो नेपाल र समग्र सार्वजनिक सेवा प्रसारणप्रति यहाँहरूको अमूल्य सल्लाह, सुझाव, पृष्ठपोषण र मार्गदर्शनका लागि हार्दिक अपिल गर्दछु।

*हीरक महोत्सवको अवसरमा हार्दिक शुभकामना !*

१४ चैत, २०८१

# सम्पादकीय

नेपालमा रेडियो ध्वनि तरङ्गित गर्ने पहिलो प्रसारण माध्यम रेडियो नेपालले नेपाली मनसँग आत्मीयता र सामीप्यता बढाएको ७५ औं वर्षमा प्रवेश गरेको छ। रेडियो नेपालले 'हीरक महोत्सव' मनाउँदै गरेको यस सुखद अवसरमा हाम्रा समस्त आदरणीय श्रोताहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौ। साथै नेपाली पत्रकारिता र खासगरी प्रसारण पत्रकारितामा रेडियो नेपालको भूमिकालाई केन्द्रित गरेर 'झङ्कार' प्रकाशन गर्न पाउँदा र यस प्रकाशनका लागि लेखरचना पठाउनुहुने लेखकहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

नेपालमा प्रसारण सेवाको अग्रणी संस्थाका रूपमा पहिचान बोकेको रेडियो नेपालको नेपाली पत्रकारिता र खास गरी प्रसारण पत्रकारितामा विशिष्ट योगदान छ। विकास र परिवर्तनको साक्षी मात्र नभएर नागरिकसम्म सहज प्रसाण पहुँच पुऱ्याउँदै रेडियो नेपाल सत्यतथ्य र निष्पक्ष सूचना सम्प्रेषणमा दत्तचित्त भएर लागिरहेको छ। नेपालको संविधानले व्यवस्था गरेको नागरिकको सूचनाको हक प्रत्याभूत गर्न क्रियाशील रेडियो नेपालले 'नेपालको समावेशी आवाज' बनेर 'राष्ट्रिय रेडियो, राष्ट्रको सञ्चार'का रूपमा आफूलाई स्थापित गरेको छ।

रेडियो नेपालको आफ्नै गौरवमय इतिहास छ। नेपालको प्रसारण पत्रकारितामा रेडियो नेपाल एउटा महाविद्यालय नै हो। यही रेडियोको तरङ्ग सुनेर हुर्केको पुस्ता अहिले ७५ बर्षको परिपक्व उमेर पार गरिरहँदा प्रविधिको विस्तार र विकासले सञ्चार क्षेत्रमा प्रसस्त चुनौती र अवसरहरू सिर्जना भइरहेका छन्। रेडियो नेपाल आफूलाई हिजोभन्दा आज र सार्वजनिक सेवा प्रसारणमा संस्थागत रूपान्तरण पछि आफूलाई अझ नागरिक केन्द्रित सञ्चारमाध्यमका रूपमा रूपान्तरण हुन अग्रसर छ। देशको आपत्, विपत् र महामामारीमा सधैं आम नागरिकको बोली बोल्ने र सुख, दुःखको साक्षी र साथी बनेको रेडियो नेपाल आगामी दिनहरूमा पनि नागरिककै साथमा रहिरहनेछ। सार्वजनिक सेवा प्रसारण संस्थामा रूपान्तरण भएसँगै रेडियो नेपाल अझ आफूलाई हरेक क्षेत्रमा प्रतिष्पर्धी र नागरिक केन्द्रित सञ्चारका रूपमा आवाज विहिनहरूको आवाज बन्ने प्रण गर्दछ।

नेपालको प्रसारण क्षेत्रको जननी संस्था रेडियो नेपालको वार्षिक मुखपत्रको रूपमा प्रकाशित हुँदै आएको 'झङ्कार' मार्फत हामी देश, विदेशका तमाम शुभेच्छुक श्रोतामा रेडियो नेपालको ७५ औं वार्षिकोत्सव एवम् हीरक महोत्सवको अवसरमा हार्दिक शुभ कामना व्यक्त गर्दछौं।

## विषय सूची

१. सार्वजनिक सेवा प्रसारणको विश्व अभ्यास र नेपाल ~ काशीराज दाहाल १०
२. नेपालको मिडिया परिदृश्यः परिवर्तन, चुनौती र सम्भावना ~ डा. भूमिराज चापागाईं १८
३. सार्वजनिक सेवा प्रसारणको चुनौतीपूर्ण यात्रा ~ तारानाथ दाहाल २४
४. सार्वजनिक सेवा प्रसारणको अन्तर्वस्तु ~ तपानाथ शुक्ल ३०
५. सार्वजनिक सेवा प्रसारणमा डिजिटल प्लाटफर्म ~ चिन्तामणि बराल ३३
६. नेपाली समाज रूपान्तरणको आलोक :
रेडियो नेपालको पचहत्तर वर्ष ~ डा. नवराज लम्साल ४८
७. राणा विरुद्धको सशस्त्र क्रान्तिमा रेडियोको प्रयोग ~ डा. जगत नेपाल ६२
८. तराई–मधेशका सन्दर्भमा सञ्चार र रेडियो नेपाल ~ धीरेन्द्र प्रेमर्षि ७६
९. विकासका लागि सञ्चार र रेडियो नेपाल ~ गजेन्द्रसिंह बुढाथोकी ८६
१०. रेडियो नेपालः स्मृतिको आवृतिमा ~ डा. धर्मागत भट्टराई ९६
११. रेडियो नेपालका कार्यक्रममा समावेशिताको एक झलक ~ ताराप्रसाद वस्ती १०२
१२. रेडियो नेपालको पचहत्तर वर्षः
सार्वजनिक सेवा प्रसारणको आधारशीला ~ अर्जुन श्रेष्ठ ११२
१३. कोरोना महामारीमा रेडियो नेपालको व्यवस्थापन रणनीति ~ तुलसी सापकोटा १२२
१५. मुलुकको सर्वाङ्गीण विकासमा रेडियो नेपालको भूमिका ~ दुर्गाप्रसाद घिमिरे १२८
१४, सार्वजनिक सेवा प्रसारण :
रेडियो नेपालको वार्षिक गतिविधि – २०८१ ~ पुष्करराज गौतम १३५
१६. विशेष कार्यक्रम उत्पादन तथा प्रसारण ~ टंकनाथ खनाल १४३
१७. रेडियो नेपालको केन्द्रीय तथा प्रादेशिक प्रसारण तालिका १५९

---

*'झङ्कारमा प्रकाशित लेख रचनामा व्यक्त विचार लेखकका निजी हुन् ।'*

# सार्वजनिक सेवा प्रसारणको विश्व अभ्यास र नेपाल



काशीराज दाहाल

## १. पृष्ठभूमि

सरकारको नियन्त्रणमा नरही जनताको सार्वजनिक हितमा सूचना, सञ्चार र मनोरन्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गर्ने सञ्चार माध्यम सार्वजनिक सेवा प्रसारण हो। राजनीतिक, व्यापारिक लगायत कुनै पनि दवाब र प्रभावबाट स्वतन्त्र भई जनता र समाजलाई शिक्षा, सूचना र मनोरञ्जन प्रदान गर्न स्थापना गरिने प्रसारण सेवालाई 'सार्वजानिक सेवा प्रसारण' भनिन्छ। आम जनतामा समान पहुँच, सञ्चालनमा स्वायत्तता, कार्यक्रममा विविधता, जनताप्रति जवाफदेहिता, विचारमा बहुलता, सम्पादकीय स्वतन्त्रता जस्ता विशेषताहरू सार्जवनिक सेवा प्रसारणको हुन्छ।

युनेस्कोले सार्वजनिक सेवा प्रसारण (Public Service Broadcasting - PSB) को परिभषा र विशेषता देहाय बमोजिम गरेको छ।

"Public Service Broadcasting as ' broadcasting made, financed and Controlled by the Public for the public. PSB, are neither commercial nor state owned, they are free from political interference and pressure from commercial forces. Through PSB, Citizens are informed, educated and also entertained. When guaranteed with pluralism, programming diversity, editorial independence, appropriate funding, accountability and transparencey, public service broadcasting can service as a cornerstone of democracy"

युनेस्कोले गरेको सार्वजनिक सेवा प्रसारणको परिभाषाबाट देहायको विशेषताहरू सार्वजनिक सेवा प्रसारणको देखिन्छ।

(क) भौगोलिक रूपमा सवै क्षेत्र र समुदायमा पहुँचयोग्य,

(ख) जनताको रुचि र आवश्यकता अनुसारको सूचना, सञ्चार र मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण,

(ग) अल्पसङ्ख्यक, सीमान्तकृत, महिला, बालबालिका, असक्त र अपाङ्गता व्यक्ति र समुदायको सशक्तीकरण र हित प्रवर्धन गर्ने सामाग्रीको उत्पादन र प्रसारण,

(घ) निहित स्वार्थबाट टाढा रही वस्तुगत र तथ्यगत आधारमा काम गर्ने,

(ङ) वित्तीय सुरक्षाको प्रत्याभूति,

(च) बहुलताको सुनिश्चितता, कार्यक्रममा विविधता, सम्पादकीय स्वतन्त्रता, पारदर्शिता, जनताप्रति जवाफदेहिता।

२. सार्वजनिक सेवा प्रसारणको विकास

जनताको हितका निम्ति सञ्चार माध्यम क्रियाशिल हुनुपर्ने अवधारणा अनुरूप सन् १९२० मा सञ्चारसम्बन्धी नीति बेलायतले अवलम्बन गरी सार्वजनिक सेवा प्रसारण प्रारम्भ गऱ्यो। बेलायतमा सार्वजनिक सेवा प्रसारणको रूपमा विशेष प्रसारण सेवा (British Broadcasting Service) रहेको छ। ब्रिटिश प्रसारण सेवाको आर्थिक व्यवस्थाको मुख्य स्रोत टेलिभिजन लाइसेन्स रहेको छ। अन्य मुलुकमा सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालन र व्यवस्थापनका निम्ति आवश्यक पर्ने आर्थिक स्रोतको प्रबन्ध लाइसेन्स दस्तुर, सरकारको अनुदान, सेवा वापत जनताले दिने रकम, मदिराबाट उठने कर, केही मात्रामा कार्यक्रम सञ्चालन बापत व्यापारिक सेवाबाट प्राप्त हुने रकम र आफ्नो आम्दानी जस्ता विभिन्न स्रोतबाट हुने गरेको देखिन्छ। मुलतः आफ्नो स्वायतता र विश्वसनीयतामा असर पुग्ने किसिमबाट आर्थिक प्रबन्ध गर्न नहुने मान्यता समेत रहेको छ। स्वीडेनमा जनताले राज्यलाई बुझाएको कर रकमबाटै सरकारले सार्वजनिक सेवा प्रसारणका निम्ति निश्चित रकम छुट्याउने गर्दछ।

अमेरीकामा सन् १९६७ मा सार्वजनिक प्रसारण सेवा ऐन जारी गरी सार्वजनिक प्रसारण सेवालाई सरकारको नियन्त्रमा नरहने गरी स्वायतता प्रदान गरियो। यस कानुनले सार्वजनिक प्रसारण सेवा प्रदान गर्ने सञ्चार माध्यमले सबैको पहुँचयोग्य, उच्च गुणस्तरीय कार्यक्रम, जो सूचनामूलक र मनोरञ्जानत्मक भई जनताको रुचि र जीवनयापनमा सहयोग पुग्ने किसिमको रहोस् भन्ने उद्देश्य राखेको देखिन्छ। यस्तै अवस्था क्यानाडा, अष्ट्रेलिया, फ्रान्स, ब्रजिल, स्वीडेन लगायतका विभिन्न मुलुकहरूमा समेत रहेको देखिन्छ। दक्षिण अफ्रिकाले सावर्वजनिक सेवा प्रसारण संस्थालाई सञ्चालन र व्यवस्थापन गर्न सक्ने सक्षम व्यक्तिको छनौटको निम्ति सार्वजनिक सुनवाइको प्रक्रिया अपनाएको छ।

जापानमा सन् १९५० को प्रसारण ऐनले श्रोता र दर्शकहरूको सहयोगमा स्वायत संस्थाको रूपमा जापान प्रसारण निगम (NHk) को स्थापना गरी सञ्चालन हुँदै आएको देखिन्छ। जापानमा सार्वजनिक सेवा प्रसारणको बजेट संसदले विनियोजन गर्ने, लाइसेन्स दस्तुरबाट पनि उठ्ने जस्ता व्यवस्थाद्वारा आर्थिक स्रोतको व्यवस्थापन भएको देखिन्छ।

भारतमा सरकारको नियन्त्रणमा रहेको टेलिभिजन 'दुरदर्शन' र रेडियो 'आकाशवाणी' लाई एकीकरण गरी सार्वजनिक सेवा प्रसारणको रूपमा स्थापित गर्न सन् १९२० मा प्रसार भारती (भारतीय प्रसारण निगम) ऐन, १९९० जारी गरी सन् १९९७ मा प्रसार भारती प्रसारण संस्थाको स्थापना गरियो। प्रसार भारतीको मुख्य काम (सूचना, सञ्चार र मनोरन्जात्मक कार्यक्रम उत्पादन र प्रसारणद्वारा 'आकाशवाणी र दुरदर्शन' को काममा स्वच्छ, वस्तुपरक र सिजनशील हुनुपर्ने, मुलुकको सार्वभौमसत्ता र अखण्डताको संरक्षण गर्नु, संविधानले आत्मसात्

गरेको लोकतान्त्रिक र सामाजिक मूल्य मान्यतालाई जगेर्ना गर्नु, नागरिकको सूचना पाउने हकको संरक्षण गर्नु, भाषा संस्कृतिको संरक्षण र संवर्धन गर्नु, अल्पसङ्ख्यक, सीमान्तकृत वर्ग समुदायको समस्या समाधान गर्ने किसिमका कार्यक्रम प्रस्तुत गर्नु रहेको छ।

प्रसार भारती ऐन, १९९० अनुसार 'दुरदर्शन' र 'आकाशवाणी' लाई सार्वजनिक सेवा प्रसारणको रूपमा विकास गर्ने उद्देश्य राखी प्रसार भारतीको स्थापना पश्चात् 'दुरदर्शन' र 'आकाशवाणी' को सम्पत्ति, दायित्व र कर्मचारीहरू प्रसार भारती निगममा हस्तान्तरण हुने व्यवस्था गरियो। प्रसार भरतीलाई स्वायत रूपमा कार्य गर्न सरकारको हस्तक्षेप र नियन्त्रणबाट स्वतन्त्र राख्न बोर्डको अध्यक्ष र सदस्यको नियुक्ति राष्ट्रपतिबाट राज्यसभाको सदस्यको संयोजकत्वमा राष्ट्रपतिबाट नियुक्त एक जना र प्रेस काउन्सिलको अध्यक्ष समेत रहेको सिफारिस समितिको सिफारिसमा नियुक्तिको व्यवस्था गरी सेवाको सुरक्षाको प्रत्याभूतिको व्यवस्था गरिएको छ। यस्तै प्रसार भारतीको कोषमा लाइसेन्स फि लगायत सरकारको अनुदान समेतको विशेष व्यवस्था गरेको छ। प्रसार भारतीको काम कारवाही सार्वजनिक सेवा प्रसारकको रूपमा हुन सके नसकेको भन्ने सम्बन्धमा निगरानी गरी संसदमा प्रतिवेदन गर्ने समेतको अधिकार रहने गरी संसदको दुवै सदनबाट गरी २२ सदस्यीय संसदीय समितिको समेत व्यवस्था गरीएको छ। सार्वजनिक सेवा प्रसारण संस्थाको रूपमा स्थापन गरिएको प्रसार भारतीसँग सम्बन्धित मुद्दामा (Union of Indian v Cricket Association of Bengal) भारतीय सर्वोच्च अदालतले सार्वजनिक सेवा प्रसारण जनताको निम्ति जनताकै नियन्त्रणमा हुनुपर्ने, जसको गठन र कार्यक्रमले विविधतालाई प्रतिविम्ब गरी राजनीतिक, आर्थिक, सामाजिक लगायतका विषयहरूमा स्वायत्त र निष्पक्ष भई काम गर्नुपर्छ भन्ने व्याख्या गरेको देखिन्छ।

नेपालमा वि.स. २०६२/६३ पश्चात् गठन भएका मिडिया आयोगहरूले सार्जवनिक प्रसारण सेवाको आवश्यकता औंल्याएको पृष्ठभूमिमा नेपाल सरकारले सर्वप्रथम राष्ट्रिय आम सञ्चार नीति, २०७३ मा यस सम्बन्धी नीतिगत व्यवस्था गऱ्यो। यस नीतिमा 'रेडियो नेपाल र नेपाल टेलिनभिजलाई राष्ट्रिय सार्जवनिक सेवा प्रसारणको रूपमा रूपान्तरण गरी लोकतान्त्रिक मूल्य, मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात् गर्दै स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी रूपमा सञ्चालन हुने व्यावस्था गरिने छ' भन्ने व्यवस्था गरी यस नीतिले सार्जवनिक सेवा प्रसारणको भूमिका र कार्यक्षेत्रलाई समेत धेरै हदसम्म स्पष्ट गरेको छ। यसै गरी राष्ट्रिय आमसञ्चार नीतिले सार्वजनिक सेवा प्रसारकको भूमिका र कार्यक्षेत्र, सार्वजनिक सेवा प्रसारणका लागि फ्रिक्वेन्सी वितरणमा प्राथमिकता, सूचना, सञ्चार र मनोरञ्जनका अन्तरवस्तु जस्ता कुरालाई निर्दिष्ट गरेको छ। यही नीतिको पृष्ठभूमिमा सार्जवनिक प्रसारण ऐन, २०८१ जारी भई रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकरण गरिएको छ।

## ३. सार्वजनिक सेवा प्रसारण ऐनका मुख्य व्यवस्थाहरू

(क) तटस्थ, निष्पक्ष, तथ्यपरक र वस्तुनिष्ठ सूचना, समाचार तथा मनोरजनात्मक कार्यक्रम उत्पादन र प्रसरण गरी जनताको संवैधानिक र कानुनी हकको संरक्षण गर्ने उद्देश्यले सावर्जनिक प्रसारण संस्थाको रूपमा स्थापना गरी सावर्जनिक सेवा प्रसारण संस्थाका कार्यहरू र गठन सञ्चालन समेत व्यवस्था उल्लेख गरेको छ ।

(ख) सार्जवनिक सेवा प्रसारण संस्थाले गर्नुपर्ने कार्यको लागि नीतिगत निर्देशन दिन सूचना तथा सञ्चार मन्त्रीको अध्यक्षतामा परिषद्को व्यवस्था गरिएको छ ।

(ग) सार्वजनिक सेवा प्रसारण संस्थाको कार्यकारी अधिकार प्रयोग गरी सार्वजनिक सेवा प्रसारण संस्था सञ्चालनका लागि सञ्चालक समितिको व्यवस्था गरेको छ ।

(घ) सार्वजनिक सेवा प्रसारण संस्थाको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्नका लागि एक प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था गरेको छ ।

(ङ) सार्वजनिक सेवा प्रसारण संस्थाले प्रसारण गरेको कार्यक्रम तथा समाचारको सम्बन्धमा आवश्यक राय, सल्लाह, सुझाब दिनका लागि श्रोता तथा दर्शक समूह गठन गर्न सक्ने व्यवस्था गरेको छ ।

(च) सार्वजनिक सेवा प्रसारण संस्थालले आफ्नो कार्य सञ्चालन गर्न मन्त्रालयले स्वीकृत गरेको दरबन्दी बमोजिमका कर्मचारी नियुक्ति हुने र कुनै विज्ञ व्यक्ति वा समाचार वाचकलाई करार सेवा वा ज्यालादारीमा काममा लगाउन सकिने व्यवस्था गरेको छ ।

(छ) सञ्चार संस्थान ऐन, २०२८ अन्तर्गत स्थापना भएको नेपाल टेलिभिजन र रेडियो प्रसार सेवा विकास समिति गठन आदेश, २०४१ अन्तर्गत गठन भएको रेडियो नेपाललाई सावर्जनिक सेवा प्रसारण संस्थामा रूपान्तरण गरिने व्यवस्था गरेको छ ।

(ज) सार्वजनिक सेवा प्रसारण संस्थासँग सम्बन्धित नियमहरू नेपाल सरकारले बनाउन सक्ने र सार्वजनिक सेवा प्रसारण संस्थाले नेपाल सरकारको स्वीकृतिमा कर्मचारीको सेवा शर्त सम्बन्धी र आर्थिक प्रशासन सम्बन्धी विनियामवली बनाउन सक्ने व्यवस्था गरेको छ ।

(झ) तहगत सरकारहरूबाट प्राप्त अनुदान र आफ्नो आम्दानीबाट पाप्त रकम रहने गरी कोषको व्यवस्था गरिएको छ ।

## ४. कर्मचारी सम्बन्धी सङ्क्रमणकालीन व्यवस्था

नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक सेवा प्रसारण संस्थामा रूपान्तरण गरी देहाय बमोजिम हुने गरी सङ्क्रमणकालीन व्यवस्था ऐनले गरेको छ ।

(क) आवश्यकता र औचित्यको आधारमा विद्यमान दरबन्दीहरूको पुनरालोकन गरी दरबन्दी

पुनसंरचना गरिने।

(ख) विद्यमान स्थायी कर्मचारीहरू मिल्दो दरबन्दी (पद, तह र श्रेणी) मा समायोजन गरिने, करार कर्मचारीलाई आवश्यकतानुसार मात्र व्यवस्थापन गरिने।

(ग) मिल्दो पद, तह र श्रेणीमा समायोजन हुन नसकेका कर्मचारीहरूलाई निजको बाँकी अवधि गणना गरी अवकाश दिने व्यवस्था गर्न सकिने।

(घ) मन्त्रालयको सहमती लिई सार्वजनिक सेवा प्रसारण संस्थामा कार्यरत कर्मचारीहरूलाई स्वेच्छिक अवकास दिने प्रयोजनका लागि मापदण्ड तथा कार्यविधि बनाई लागु गर्न सक्ने।

(ङ) सार्वजनिक सेवा प्रसारण संस्थामा समायोजन भएको कर्मचारीको सेवा सुविधा निजले खाइपाई आएको सेवा, सुविधा भन्दा कम नहुने।

(च) नेपाल टेलिभिजन र रेडियो नेपालको चल अचल सम्पत्ति र दायित्व सार्वजनिक प्रसारण संस्थाका नाउँमा सार्ने।

(छ) ऐन प्रारम्भ भएको एक वर्ष भित्र सञ्चालक समितिको गठन गरी सक्नु पर्ने, गठन नभएसम्म नेपाल टेलिभिजन र रेडियो नेपालको सञ्चालक समितिले यथावत् रूपमा कार्य गर्ने।



## ५. सुझाव

(१) सार्वजनिक सेवा प्रसारण संस्थाको गठन र सञ्चालनका सम्बन्धमा विश्वमा भएका अभ्यासहरूको पृष्ठभूमिमा नेपालको सार्वजनिक प्रसारण ऐन, २०८१ का कतिपय व्यवस्थाहरू प्रसारण संस्थाको स्वायतता र स्वतन्त्रतामा केही नियन्त्रणमुखी जस्तो व्यवस्था देखिएकाले पुनरावलोकन हुनुपर्ने, उदाहरणका निम्ति – परिषदको गठनमा सरकारको नै प्रभाव र बाहुल्यता, सञ्चालक समितिको गठन र सञ्चालक समितिका अध्यक्ष र सदस्यहरूलाई पदबाट हटाउने सम्बन्धमा सरकारकै नियन्त्रण, कर्मचारीको दरबन्दी स्वीकृत मन्त्रालयबाटै हुने व्यवस्था आदि।

(२) सार्वजनिक सेवा प्रसारण संस्थाले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न वितीय व्यवस्थाको सुनिश्चितता ऐनले गर्न नसकेकोले अन्य मुलुकको अनुभवको आधारमा आर्थिक व्यवस्थाको सुनिश्चितता हुनुपर्ने।

(३) सङ्क्रमणकालीन अवस्थादेखि नै सार्वजनिक सेवा प्रसारणको कार्य सम्बन्धमा सञ्चालक समितिले स्वायतता र सम्पादकीय स्वतन्त्रताको अनुभूति आम जनतामा दिने किसिमबाट भूमिका निर्वाह गर्ने।

(४) सार्वजनिक सेवा प्रसारणका सम्बन्धमा युनेस्कोले जारी गरेको मार्गदर्शनलाई

आधारमानी सोही अनुरूपको नीति, कानुन, कार्यविधी, निर्देशिका र कार्यक्रम बनाई लागु गर्ने ।

(५) कर्मचारीको समायोजन गर्दा विश्व अनुभवका राम्रा अभ्यासहरूलाई ग्रहण गर्ने, निजामती सेवा र सरकारी सेवाको तहगत रूपमा गरिएको कर्मचारी समायोजन त्यति सन्तोजनक हुन नसकेको भन्ने तथ्यहरूलाई पनि पृष्ठभूमिमा हेरी समायोजनको स्पष्ट नीति निर्धारण गर्ने ।

(६) कर्मचारी समायोजन गर्दा वस्तुनिष्ठ रूपमा दरबन्दीको सृजना र कर्मचारीको उच्च मनोवल हुने किसिमले सेवा शर्त र सुविधाको सुनिश्चितता गर्ने ।

(७) सार्वजनिक सेवा प्रासरण संस्थामा रेडियो नेपाल र नेपाल टेलिभिजनका कर्मचारीहरूलाई समायोजन गर्दा देहायका विषयमा ध्यान दिनुपर्ने ।

(क) दरबन्दी पुनरालोकन गर्ने, यसरी दरबन्दी पुनरालोकन गर्दा तत्काल कायम रहेको संगठन संरचनाको अवरस्था, संस्थाको कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने भए त्यसको कारण, औचित्य र जनशक्तिको स्थितिको आधारमा संगठन तथा व्यस्थापन सर्वेक्षण गर्ने ।

(ख) संगठन तथा व्यवस्थापन सर्वेक्षणको अध्ययन प्रतिवेदनको आधारमा कर्मचारीको दरबन्दी स्वीकृत गर्ने ।

(ग) स्वीकृत दरबन्दीमा समायोजन गर्दा बहाल रहेको पद, शैक्षिक योग्यता र अनुभवको आधारमा मिल्दो सेवा, समूह र तहमा समायोजन गर्ने ।

(घ) स्वीकृत दरबन्दीमा समायोजन गर्दा कर्मचारीको मनोवल बढ्ने किसिमबाट निश्चित आधारमा ग्रेड थप र स्तर वृद्धि जस्ता विशेष व्यवस्था गर्ने ।

(ङ) स्वीकृत दरबन्दीमा समायोजन गर्दा कार्यरत पद भन्दा तल्लो तहको जेष्ठता, उमेरको जेष्ठता जस्ता आधारमा प्राथमिकता क्रम निर्धारण गरी समायोजन गर्ने ।

(८) कर्मचारीको वृति विकासका निम्ति सोही अनुरूपको सेवा समूहमा बढुवाका आधारहरू तय गरी बढुवा अनुमानयोग्य हुने किसमको व्यवस्था विनियमालीमा गर्ने ।

(९) सार्वजनिक सेवा प्रसारणमा कार्यरत कार्मचारीको काम, भूमिका, आचरण, विभागीय अनुशासन, उत्प्रेरणादायी व्यवस्था सम्बन्धी विषयहरू लगायत सेवा शर्त सुविधाको सुनिश्चितता जस्ता कुराहरू विनियमावलीमा गर्ने ।

(१०) सार्जवनिक सेवा प्रसारण संस्थाका कर्मचारीहरूले आम सञ्चार सम्बन्धी राष्ट्रिय नीति, २०७३ मा सार्वजनिक प्रसारणको कार्यक्रम उत्पादन र प्रसारणका सम्बन्धमा गरेको

व्यवस्था, ऐनमा उल्लिखित सार्वजनिक कार्य सम्बन्धी विषय र युनेस्कोको मार्गदर्शनमा केन्द्रित भई आफ्नो भूमिका निर्वाह गर्ने ।

(११) ऐनका आधारमा नियमावली बनाई ऐन र नियमको आधारमा विनियमावली, मापदण्ड, कार्यविधि बनाई सङ्क्रमणकालीन व्यवस्था कार्यान्यवन गर्ने ।

६. उपसंहार

सार्वजनिक सेवा प्रसारण सरकारी नियन्त्रणबाट स्वतन्त्र भई आम जनताको सञ्चार माध्यमको रूपमा स्थापित गर्न विकसित भएको अवधारणा हो । सार्वजनिक सेवा प्रसारण संस्थाको सफलता त्यसलाई सञ्चालन र व्यवस्थापन गर्ने नेतृत्वको दूरदृष्टि र व्यवस्थापकीय कुशलता, ऐन कानुनमा स्वायतताको आवश्यक तत्वहरूको प्रत्याभूति, आर्थिक स्रोतको ऐन/कानुनद्वारा नै सुनिश्चितता, कार्यरत कर्मचारीहरूको उच्च मनोवल र क्षमता, नागरिक समाजको सहयोग, आम जनताको विश्वास जस्ता कुरामा निर्भर गर्दछ ।

आज विश्वका परिपक्क राजनीतिक संस्कृतिको विकास भएको र लोकतन्त्र संस्थागत भएको राज्यहरूमा सार्वजनिक सेवा प्रसारण संस्थाहरूले सफलता हासिल गरेका छन् । राजनीतिक अस्तिरता भएको समाज, लोकतान्त्रिक र राजनैतिक संस्कार नभएको समाजमा सार्वजनिक सेवा प्रसारण संस्थाहरूले विभिन्न समस्याहरू झेल्नु परेको अवस्था छ । आधुनिक समयमा नवीनतम प्रविधिको चुनौती, राजनीतिक हस्तक्षेप, वित्तीय समस्या र व्यापारिक दवाव जस्ता विभिन्न चुनौतीहरूसँग सार्वजनिक सेवा प्रसारण संस्थाहरूले जुध्नु परेको अवस्था छ । यस्ता कुराहरूलाई ध्यानमा राखी प्रारम्भदेखि नै सार्वजनिक सेवा प्रसारणको विशेषता र प्रकृति अनुरूप नै कार्य गर्ने अभ्यास गर्नुपर्ने हुन्छ ।

*(लेखक संविधानविद तथा सञ्चार कानुन विज्ञ हुनुहुन्छ ।)*

## सचिवालयबाट प्रदान हुने सेवाहरुको बारेमा सूचना

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र या तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय बमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ।
- ७ लाख रुपैयाँ सम्म कामदार विदेश वा वा नेपालमा समेत बिरामी वा अंगभंग भएमा उपचारका लागि ७० आर्थिक सहायता।
- कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एक पटकका लागि ५० हजार रुपैयाँ सम्म औषधी उपचार सहयोग।
- विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोग लागि कानूनी सहायता आवश्यक परेमा कानुनी प्रतिरक्षा सहायता।
- महिला कामदारले पूर्व–प्रस्थान अभिमुखीकरण तालिम वापत तिर्नुपर्ने शुल्क सोधभर्ना ।
- विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलबाट इच्छाईएको सडक पुगेको स्थलसम्म निःशुल्क शव ढुवानी सेवा।
- मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधि पछि मृत्यु भएको भए २५ हजार रुपैयाँ आर्थिक सहायता प्रदान।
- पूर्ण आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता।
- विदेशबाट फर्किएका रिटर्नी कामदारहरुलाई उद्यमशील बनाउने लगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरु।
- उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा भौतिक रुपमा वा विभिन्न माध्यमवाट सम्पर्क गर्न सकिनेछ।

*सम्पर्क विवरणः*

वेवसाईटःwww.feb.gov.np,http://shramadhan.moless.gov.np,facebook.com/molcallcenter Od]nMinfo@feb.gov.np; welfare@feb.gov.np; callcenter@feb.gov.np
श्रमाधान (कल सेन्टर)ः ११४१, १६६००१५०००५ (NTC बाट निःशुल्क),
फोन/इमो/भाईवर/हाट्सएपः +९७७९८५१३३४२२ भाईबर/हाट्सएपः ९८०१८०००१३
इमोः ९८०१३०००३३, शुल्क लाग्ने नम्बरः ९८०१८०००३३, ०१–५९७०००८ (२४सै घण्टा)
टेलिमेडिसिन (ईमो, भाईबर, हाटसएप विहान १० देखि साँझ ६ बजेसम्म) ९८५१३४५७०१/७०२

नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार बोर्डको सचिवालय**
**बबरमहल, काठमाडौ**




**समाजिक सुरक्षा कोष ,बबरमहल, काठमाडौं**

हीरक महोत्सव

# नेपालको मिडिया परिदृश्यः परिवर्तन, चुनौती र सम्भावना



डा. भूमिराज चापागाईं

## मिडिया परिदृश्यः

सूचना तथा समाचार प्राप्त गर्ने स्रोत र प्रविधिमा आएको विविधताले सञ्चार माध्यमको छनोटका लागि पर्याप्त विकल्पहरू दिएको छ। सूचनामा पहुँच र मिडिया प्रयोगको वर्तमान अभ्यासलाई हेर्दा आमसञ्चारका परम्परागत माध्यमहरूसँगै डिजिटल माध्यमको प्रवेश द्रुत गतिमा भइरहेको छ। लामो समयसम्म निर्विकल्प आमसञ्चारको माध्यमका रूपमा रहेका परम्परागत सञ्चार माध्यम रेडियो, टेलिभिजन र पत्रपत्रिकासँगको प्रतिष्पर्धामा अहिले प्रयोगकर्तामैत्री र विभिन्न विशेषता एवम् सुविधा सहितका सामाजिक सञ्जाल एप्लिकेशन र अनलाइन पोर्टलहरू आउने क्रम जारी छ। प्रयोगकर्ताको रूचि, चाहना र आवश्यकतालाई बुझेर सामग्रीहरू उपलब्ध गराई दिने सामाजिक सञ्जालसँगको प्रतिष्पर्धा परम्परागत सञ्चार माध्यमका लागि दिन प्रति दिन चुनौतीपूर्ण बन्दै गई रहेको छ। सञ्चार प्रविधिमा आएका नवीनतम विकल्पसँग प्रयोगकर्ताहरू पनि रमाएको पाइन्छ। सूचना तथा सञ्चार क्षेत्रमा प्रवेश गरेको छोटो समयमै सामाजिक सञ्जाल र अनलाइन पोर्टलले धेरैलाई आकर्षित गरिसकेको छ। प्रयोगकर्ताले आफूलाई मन पर्ने सामग्री प्राप्त गर्ने माध्यमको खोजीमा फरक फरक समयमा फरक फरक माध्यमहरूको प्रयोग गर्दै आएका छन्। माध्यम छनोटको आधार प्रयोगकर्ताका रूचि, चाहना र आवश्यकता अनुसारका सामग्रीको सहज उपलब्धता र प्रविधिको अनुकूलन महत्वपूर्ण देखिन्छन्। आफुलाई मन पर्ने सामग्री र प्ल्याटफर्मको खोजी गर्ने क्रममा प्रयोगकर्ताले नयाँ नयाँ विकल्पको छनोट र अभ्यास गर्दै आएको छ। विकल्प प्राप्त भए सम्म मिडियाका प्रयोगकर्ताहरू एउटै माध्यममा अनन्त कालसम्म अडिएको पाइँदैन। पछिल्लो समय प्रवेश गरेको डिजिटल माध्यम (सामाजिक सञ्जाल र अनलाइन पोर्टल) ले नेपालको समग्र मिडिया परिदृश्य नै परिवर्तन गरिदिएको छ।

यसै सन्दर्भमा नेपालमा करिब एक दशक देखि मिडिया अनुसन्धान गर्दै आइरहेको संस्था शेयरकाष्ट इनिशियटिभ नेपालले सन् २०२४ मा गरेको नेपाल मिडिया सर्वेक्षणले नेपालमा सञ्चार माध्यमको पहुँच र प्रयोग सम्बन्धी केही नयाँ तथ्यहरू उजागर गरेको छ। यस लेखमा सो सर्वेक्षणबाट आएका केही महत्वपूर्ण तथ्याङ्कका बारेमा चर्चा गरिएको छ। सर्वेका अनुसार करिब ३७ प्रतिशतले टेलिभिजन हेर्छन्, करिब ३२ प्रतिशतले रेडियो सुन्छन् भने पत्रपत्रिकाका पाठक करिब १४ प्रतिशत रहेका छन्। जबकि करिब ७१ प्रतिशतले इन्टरनेटको

माध्यमबाट सूचना तथा जानकारीहरू प्राप्त गर्दछन् । इन्टरनेट प्रयोगकर्ताको हिसाबले हेर्ने हो भने करिब ४७ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले अनलाइन पोर्टलबाट सूचना तथा समाचार पढ्ने वा हेर्ने गर्दछन् । समग्र उत्तरदाताको हिसाबले हेर्दा कुल जनसङ्ख्याको करिब एक तिहाइ भन्दा धेरै मानिसले अनलाइन पोर्टलबाट सूचना तथा समाचार पढ्ने वा हेर्ने गर्दछन् । कोविड १९ को सङ्क्रमण पश्चात् नेपालको मिडिया परिदृश्यमा व्यापक परिवर्तन आएको देखिन्छ । नेपालमा मिडिया प्रयोगको परिदृश्यमा आएको परिवर्तनमा कोविड १९ को सङ्क्रमण, डिजिटल प्रविधि र सामाजिक सञ्जालको द्रुत विकास र नयाँ नयाँ एप्लिकेशनहरूको प्रवेश, परम्परागत माध्यमहरू रेडियो, टेलिभिजन र पत्रपत्रिकामा आउने सामग्रीहरू भन्दा सामाजिक सञ्जाल र अनलाइन पोर्टलहरू प्रतिको आकर्षण बढ्दै जानु प्रमुख कारक देखिन्छन् । त्यसो त नेपालमा परम्परागत माध्यमका प्रयोगकर्ताहरूको सङ्ख्या सधैं स्थिर रहेको पाइँदैन । विशेष गरी रेडियोका श्रोताहरूको आकार विशेष परिस्थिति वा विषम परिस्थितिमा ह्वात्तै बढेको देखिन्छ भने सामान्य अवस्थामा करिब एक तिहाइ हाराहारीमा रहने गरेको छ ।

## वर्तमान सन्दर्भमा रेडियोको स्थानः

पछिल्लो समय सामाजिक सञ्जाल र अनलाइन पोर्टलहरूको द्रुत र आक्रामक उपस्थितिका बाबजुद रेडियो अझै पनि आमसञ्चारको सशक्त माध्यम हो । नेपाल मिडिया सर्वे २०२४ का अनुसार करिब एक तिहाइ नागरिकको सूचना तथा सञ्चारको माध्यम रेडियो नै रहेको छ । आमसञ्चारका माध्यमहरू मध्ये रेडियो पहुँचका हिसाबले सबै भन्दा ठुलो भौगोलिक क्षेत्रमा पहुँच भएको, लगानीका हिसाबले किफायती, विश्वसनीयताको हिसाबले अधिकांश श्रोताले विश्वास गर्ने र प्रयोगका हिसाबले पनि निरक्षरदेखि उच्च शैक्षिक अवस्था भएका सबैले सहजै प्रयोग गर्न सकिने आमसञ्चार माध्यम हो । नेपालको सन्दर्भमा हेर्दा रेडियोको प्रयोग, लोकप्रियता र श्रोताको आकार शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा धेरै छ । रेडियो सुन्नेहरू मध्ये करिब ९३ प्रतिशत श्रोताले रेडियो समाचारका लागि नै सुन्ने गरेको बताउँछन् । अर्थात् सूचना तथा समाचार प्राप्त गर्ने अरू धेरै विकल्पहरू भएता पनि रेडियो सुन्ने अधिकांशले समाचारकै लागि आफूहरूले रेडियो सुन्ने गरेको बताउँछन् । समाचारसँगै गीतसङ्गीतका लागि रेडियो सुन्नेको सङ्ख्या पनि उल्लेख्य रहेको छ । सर्वेमा सहभागी रेडियो सुन्ने मध्ये करिब ६० प्रतिशतले गीतसङ्गीतका लागि नै रेडियो सुन्ने गरेको बताएका छन् भने अन्तरवार्ता तथा संवादका लागि रेडियो सुन्नेको सङ्ख्या पनि करिब एक तिहाइ हाराहारी रहेको छ । रेडियोले समाचार, गीतसङ्गीत र रेडियो संवाद वा अन्तरवार्ताका अलावा अन्य सामग्रीहरू पनि प्रसारण गर्दछन् । तर ती सामग्रीका बारेमा उल्लेख्यरूपमा श्रोता प्रतिक्रिया नआउनु रेडियोका लागि खोजीको विषय हो ।

नेपालमा रेडियो प्रायः बिहानी समयमा सुन्ने गरेको पाइन्छ। रेडियो सुन्ने सयम मिलाएर नै रेडियो सञ्चालकहरूले आफ्ना महत्वपूर्ण सामग्रीहरूलाई बिहानी प्रहरमा राख्ने गरेको पाइन्छ। रेडियो सुन्ने श्रोता मध्ये करिब दुई तिहाइ भन्दा धेरै श्रोताहरूले बिहान ५ बजेदेखि ८ बजेको समयमा रेडियो सुन्ने गरेको बताउँछन्। तसर्थ बिहानी समयमा श्रोताका रूचि र आवश्यकता पहिचान गरी श्रोतालाई मन पर्ने खालका कार्यक्रम, सूचना तथा सन्देश दिँदा श्रोता सङ्ख्यामा पनि बढोत्तरी हुने देखिन्छ।

## रेडियो सुन्ने शैलीमा आएको परिवर्तनः

हिजोआज प्रविधिको विकाससँगै रेडियो सुन्ने तौर तरिकामा पनि बदलाव आएको छ। पहिला रेडियो सामूहिकरूपमा सुनिन्थ्यो। घरमा कुनै एक ठाउँमा रेडियो राखेर परिवारका सदस्यहरूले सँगै सुन्ने गर्थे। हिजोआज मोबाइलमा रेडियो सुन्नेको सङ्ख्या धेरै छ। मोबाइलमा रेडियो सुन्न सकिने भए पछि आफूलाई मन पर्ने स्टेसन र कार्यक्रम छानी छानी सुन्न पाइने भएको छ। हाल रेडियो सेटमा रेडियो सुन्नेको सङ्या घटेर जम्मा ३० प्रतिशत हाराहारी मात्रै छ भने मोबाइलमा रेडियो सुन्नेको सङ्ख्या करिब ७० प्रतिशत जति छ। सुन्ने तौर तरिकामा परिवर्तन आए पछि रेडियोमा बोल्ने तौर तरिका र शैलीमा पनि परिवर्तन गर्नु अपरिहार्य भइसकेको छ। रेडियोमा बोल्ने प्रस्तोताहरूले नजिकै बसेको अर्को साथीसँग बोल्दा जस्तो किसिमको स्वरको उच्चता र शैली अपनाउनु हुन्छ, त्यसैलाई रेडियोमा बोल्दा पनि अपनाउन सकेमा मात्र रेडियो सुन्ने श्रोताले आफैसँगै बोलेको वा कुराकानी गरेको अनुभूति गर्दछन्। तसर्थ सुन्ने तौर तरिकामा आएको परिवर्तनलाई आत्मसात् गरी प्रस्तुति शैलीमा पनि परिवर्तन गर्नु पर्ने देखिन्छ।

रेडियोमा बोल्ने प्रस्तोताले प्रयोग गर्ने भाषाका सन्दर्भमा अधिकांश श्रोताहरूले हाल प्रस्तोताले प्रयोग गरी रहेको भाषा प्रति सकारात्मक जवाफ दिएका छन्। करिब ८५ प्रतिशत श्रोताहरूले रेडियोबाट प्रसारित समाचार तथा कार्यक्रम आफूले सहजै बुझ्ने गरेको बताएका छन् भने ठिकठिकै भन्नेको सङ्ख्या करिब ९ प्रतिशत रहेको छ। यद्यपि करिब ५ प्रतिशत उत्तरदाताले भने रेडियोमा प्रसारण हुने कार्यक्रम बुझ्न आफूलाई कठिन हुने बताएका छन्। रेडियोमा बोलिने भाषा सकेसम्म सबैलाई बुझ्न सजिलो हुने गरी सरल शब्द चयन, भाषाको प्रयोग गर्दा सकेसम्म एउटै भाषाको मात्रै प्रयोग गर्ने (नेपाली भाषाको कार्यक्रममा अङग्रेजी/हिन्दी वा अन्य भाषा नमिसाउने), मध्यम गतिको प्रस्तुति र छोटा वाक्य गठन गरी कार्यक्रम वा समाचार वाचन वा प्रस्तुत गर्दा निरक्षरदेखि उच्च शैक्षिक योग्यता भएका सबैले सहजै बुझ्न सकिने हुन्छ। प्रस्तोताले आफ्नै शैली परिवर्तन गर्न सकेमा मात्र श्रोतालाई आफू प्रति आकर्षित गर्न सकिन्छ।

## रेडियो प्रतिको विश्वासः

नेपालका एफएम रेडियोले प्रसारण गर्ने सूचना, कार्यक्रम र समाचार प्रति श्रोताको विश्वसनीयता उच्च देखिन्छ। सर्वेक्षणका अनुसार करिब ५६ प्रतिशत श्रोताहरूले रेडियोले प्रसारण गर्ने विषयवस्तुलाई आफूले विश्वास गर्ने बताएका छन्। जसमध्ये करिब २७ प्रतिशतले पूर्णरूपमा विश्वास गर्ने बताएका छन् भने करिब ३४ प्रतिशतले धेरैजसो विश्वास गर्ने र ३५ प्रतिशतले ठिकठिकै विश्वास गर्ने बताएका छन्। रेडियोका लागि यो सबै भन्दा महत्वपूर्ण पुंजी हो। पछिल्लो समय बढ्दै गइरहेको गलत तथा भ्रामक सूचना र अफवाहका कारण नागरिकहरूमा आफूले प्राप्त गरिरहेका सूचनाहरू सही हो या गलत हो भन्ने छुट्याउन मुस्किल परिरहेको छ। विशेष गरी सामाजिक सञ्जालमा आउने मिथ्या सूचना/अफवाह र भ्रमपूर्ण सामग्रीले सूचना प्रतिको विश्वसनीयता माथि चुनौती थपेको सन्दर्भमा श्रोताले रेडियो प्रति देखाएको विश्वास निकै नै महत्वपूर्ण छ। तसर्थ यो विश्वासलाई कायम राख्दै समाजमा फैलिने भ्रम, अफवाह र गलत सूचनाको सत्य निरूपण गरी सही सूचना दिनु पर्ने जिम्मेवारी र दायित्व पनि रेडियोमा आएको छ।

रेडियोबाट प्रसारित विषयवस्तु प्रतिको विश्वसनीयता तुलनात्मकरूपमा अघिल्ला वर्षहरू भन्दा उल्लेख्यरूपमा वृद्धि भएको देखिन्छ। विगत ३ वर्ष यताको कुरा गर्दा नेपालका एफ एम रेडियोहरूले प्रसारण गर्ने समाचार तथा कार्यक्रम प्रति तपाईंको विश्वास बढेको छ कि पहि( ला भन्दा घट्दै गएको छ भनेर सोधिएको प्रश्नको जवाफमा करिब ५२ प्रतिशतले रेडियोबाट प्रसारित विषयवस्तु प्रतिको विश्वास पहिला भन्दा बढेको जवाफ दिएका छन् भने करिब २९ प्रतिशतले आफ्नो विश्वास पहिला र अहिलेमा खासै परिवर्तन नभएको बताएका छन्। पछिल्लो समय थपिएका डिजिटल माध्यमहरूमा आएका सामग्रीहरू नागरिकले यत्तिकै विश्वास गर्न सकिने अवस्था नरहेको अधिकांश प्रयोगकर्ताको स्विकारोक्ति छ। सूचना तथा सञ्चार प्रविधिमा नयाँ नयाँ माध्यमहरू थपिँदै गएको वर्तमान सन्दर्भमा रेडियो प्रतिको विश्वास र भरोसा भने झन् झन् बढ्दै जानु रेडियो प्रसारक र प्रयोगकर्ताका लागि खुशीको विषय हो।

अन्त्यमा वर्तमान अवस्थामा श्रोताहरूबाट प्राप्त विश्वास र भरोसालाई कायम राख्दै आज म अन्य काममा व्यस्त हुनु परेकोले रेडियो सुन्न नपाएकोमा छटपटी भइरहेको छ भन्ने अवस्थामा रेडियोका सामग्रीहरूलाई पुऱ्याउनु रेडियो सञ्चालकहरूका लागि महत्वपूर्ण जिम्मेवारी हो। त्यसका लागि रेडियोबाट हाल प्रसारित विषयवस्तु श्रोताका रूचि वा आवश्यकता परिपूर्ति गर्ने खालका भए कि भएनन् भन्ने खोजी गर्नु अपरिहार्य हुन्छ। स्टुडियो भित्र बसेर आफ्नो मनमा लागेका विषयवस्तु श्रोताका रोजाइ र रूचिका विषय नहुन पनि सक्दछन्। इन्टरनेट पहुँच पुगेका ठाउँमा केही समय इन्टरनेट नहुँदा वा मोबाइल/ कम्प्युटरमा इन्टरनेट चलाउन नपाउँदा जस्तो छटपटी हुन्छ, त्यस्तै छटपटी कुनै कारण विशेषले

रेडियोका कार्यक्रम छुट्दा पनि हुने गरेको छ कि छैन भन्ने विषय रेडियो सञ्चालकका लागि चुनौतीपूर्ण सवाल हो। जबसम्म श्रोतालाई आज रेडियो नसुन्दा मैले केही कुरा छुटाएँ भन्ने जस्तो अनुभूति गराउँन सकिँदैन तबसम्म रेडियोमा श्रोता अड्याउन वा फर्काउन सकिदैन।

आजको डिजिटल युगमा, श्रोताहरूलाई रेडियो कार्यक्रम छुट्दा केही छुटेजस्तो महसुस गराउने खालका सामग्री दिनुपर्छ। इन्टरनेटको पहुँचमा नहुँदा उत्पन्न हुने बेचैनी जस्तै, रेडियो सुन्न नपाउँदा श्रोतालाई अप्ठ्यारो महसुस हुने गरी विश्वसनीय, नवीन र आकर्षक सामग्री दिनु आजको आवश्यकता हो। रेडियो सबै भन्दा विश्वासिलो माध्यम भए पनि डिजिटल प्रविधिको लोकप्रियता, प्रभाव र प्रयोगकर्ताको आकर्षणलाई अस्वीकार गर्न सकिँदैन। श्रोताको बदलिँदो रुचि अनुसार कार्यक्रमहरूलाई नवीन ढङ्गले प्रस्तुत गर्दै सूचनाको प्रवाहलाई सन्तुलित, तथ्यमा आधारित र पहुँचयुक्त बनाउनु रेडियोको मुख्य जिम्मेवारी हो।

*(लेखक सार्वजनिक सेवा प्रसारण नेपालका सञ्चालक समिति सदस्य हुनुहुन्छ।)*









खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

**नेपाल आयल निगम लिमिटेडको**

अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुराहरुमा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम लिमिटेड अनुरोध गर्दछ।

*दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :*

१) सिलिण्डर ल्याउँदा/लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर/घोप्टाएर प्रयोग नगरौं।
२) रेगुलेटर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
३) काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं।
४) खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।

*ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :*

१) खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नुपर्छ। ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं।
२) झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरु जस्तै ग्यास चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं। विद्युतजन्य उपकरणको प्रयोग नगरौं।
३) ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाइ सिलिण्डरमा सेफ्टी क्याप लगाइ वाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्यास विक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"*

*उपभोक्ताको जनहितका लागि जारी।*

नेपाल आयल निगम

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, टेकु, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१
www.nepaloil.com.np



# सार्वजनिक सेवा प्रसारणको चुनौतीपूर्ण यात्रा



तारानाथ दाहाल

नेपालमा दुई दशक लामो बहस, वकालत र नीति तर्जुमाको पहलबाट सार्वजनिक प्रसारणको रूपमा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई रूपान्तरण गर्ने कानुन बनेको छ। अहिले सार्वजनिक सेवा प्रसारण संस्था स्थापना भई रूपान्तरणको सङ्क्रमणकालीन काममा जुटेको छ। यसको नक्साको रूपमा ऐन जारी भएको र निमार्ण व्यवस्थापनका लागि सञ्चालक समितिको गठन भइसकेको छ। आगामी आर्थिक वर्षको सुरुवातसँगै यसले आफ्नो जग हाल्ने आशा गरिएको छ।

ठिक यसै समयमा संसारभरिका सार्वजनिक सेवा प्रसारण संस्थाहरू भने नयाँ चुनौतीको सामना गर्ने बिन्दुमा धकेलिएका छन्। लोकतान्त्रिक राज्यहरूमा फैलिँदै गएको दक्षिणपन्थी राजनीतिले यस्तो प्रसारण सिद्धान्तलाई भत्काउने खतराहरू देखिएका छन्।

सार्वजनिक सेवा प्रसारक संस्थाहरू चर्को आर्थिक सङ्कटको सामना गर्दै छन्। कतिपय संस्थाको सम्पादकीय स्वतन्त्रतामाथि कठोर शासकहरूबाट हमला हुन थालेको छ। विश्व–व्यवस्थामा लोकतन्त्रमाथि आइपरेका चुनौतीहरूले सार्वजनिक सञ्चार माध्यमहरूलाई अग्रपङ्क्तिमा प्रभावित पारेको छ।

सार्वजनिक चासोप्रति समर्पित प्रसारण संस्थाहरूलाई राजनीतिक रूपमा नियन्त्रित अभ्यासतर्फ नै धकेल्ने शासकीय आक्रमकणहरूको शृङ्खलामा कयौँ रूपान्तरित भएका युरोपियन सार्वजनिक प्रसारक संस्थाहरू आफ्नो अस्तित्व जोगाउने सङ्घर्षमा छन्। यस्तो प्रतिकूल अन्तर्राष्ट्रिय विश्व–व्यवस्थालाई मध्यनजरमा राखेर विश्वको पहिलो पब्लिक सर्भिस ब्रोडकास्टर संस्था बि.बि.सी ले भने एउटा नयाँ आशाको दियो बालेको छ। 'नवीन कार्य पथ' घोषणा गर्दै हालै बि.बि.सी ले वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिमा झन् प्रभावकारी भूमिका सहित अगाडि बढ्ने कार्य योजना जारी गरेको छ।

विश्वका आम मानिसलाई–गुणस्तरीय सूचना, सन्तुलित र विश्वसनीय सूचना अनि मानव अधिकार तथा स्वतन्त्रतालाई केन्द्रबिन्दु राख्ने सूचना उपलब्ध गराउन बि.बि.सी ले आफ्ना ६ वटा अन्तर्राष्ट्रिय ब्युरोहरूलाई पुनसंरचना र थप सुदृढीकरण गर्ने कार्यक्रम घोषणा गरेर विश्वका आम श्रोता–दर्शकलाई आश्वस्त पार्ने प्रयास गरेको छ।

हुन त सार्वजनिक प्रसारकहरूका सामाग्रीमा पनि विश्वसनीयता र सन्तुलन अनि खोजी प्रवृत्ति घट्दै गएकोमा आलोचनाहरू बढी नै हुन थालेका छन्। कयौँ पब्लिक सर्भिस भनिएका मिडियाका विषयवस्तुहरूमा परिपक्वता नभएको र पक्षधरता देखिएको गुनासो मात्र होइन तथ्यहरू नै बाहिर आएका पनि छन्। गएको महिना ग्रिनल्याण्डसँग सम्बन्धित एक समाचार

सामाग्रीमा पर्याप्त ध्यान दिन नसकेकोमा डेनमार्कको प्रसारण संस्थाका प्रधान सम्पादकले राजीनामा नै दिनुपऱ्यो ।

बि.बि.सी को बोर्डले एउटा समाचार सामाग्रीलाई लिएर छानबिन समिति नै बनाउनु परेको छ । युद्धग्रस्त गाजा क्षेत्रका बालबालिकाको अवस्थाबारेको एक रिर्पोटिङमा असंवेदनशील भएको आरोप लागेको बताइएको छ । यी दुवै घटनामा ती मिडियाले सार्वजनिक रूपमा क्षमा पनि मागेका छन् ।

सरकारी नियन्त्रणबाट सार्वजनिक सेवा प्रसारणमा बदलिएका पूर्वी युरोपका पब्लिक सर्भिस मिडियाहरूले अझै पनि सही अर्थको सार्वजनिक मिडियामा रूपान्तरण हुन अनेक कठिनाइ भोगी रहेका देखिन्छन् । हालै चेक गणतन्त्रको प्रसारण संस्थालाई सत्तारुढ गठबन्धनका दलहरूले 'बढी प्रगतिशील र उदार' भयो भनेर आलोचना मात्र गरेनन् उसले पाउँदै आएको आर्थिक सहुलियतको स्रोतमा नै नियन्त्रणको निर्णय गरे । अमेरिकाको पछिल्लो निर्वाचनपछि त्यहाँका 'सार्वजनिक मिडियाहरू' गहिरो सङ्कटमा परेका छन् ।

तथापि सार्वजनिक मिडियाहरूको प्रभाव र महत्त्व घटेको छैन । हालै जर्मनीमा भएको निर्वाचनमा त्यहाँको पब्लिक सर्भिस मिडिया जेट.डि.एफ. सबैभन्दा बढी मतदाता दर्शक श्रोता–पाठकमा पुग्ने र सबैभन्दा बढी पत्याइने मिडियाका रूपमा प्रमाणित भएको अध्ययन प्रतिवेदन पाइएको छ । आम मतदातामा पुग्ने, तथ्यपरक सूचना पुऱ्याउने, निष्पक्ष बहस सञ्चालन गर्ने जस्ता अनेक मानकमा जेट.डि.एफ. सफल भएको र यसले जर्मनीको लोकतन्त्र र निर्वाचन प्रणालीलाई सुदृढ गर्न महत्त्वपूर्ण योगदान भएको दाबी गरिएको छ ।

सञ्चारका लागि रेडियो प्रविधिको पहिलो प्रयोग भएको देश अस्ट्रियाको निकै स्थापित र पुरानो सार्वजनिक प्रसारण संस्थालाई समेत पछिल्लो राजनीतिक प्रवाहले प्रभावित पारेको छ । अस्ट्रियामा दक्षिणपन्थी दलले चुनावमा ठुलो दल भएपछि उसले पब्लिक सर्भिस मिडियालाई आक्रमणको निशाना बनायो । तर सरकार बनाउन अरू दलहरू पनि आवश्यक भएपछि गठबन्धनको अर्को पटक 'प्रजातान्त्रिक–समाजवादी' दलको पहलमा यस विषयमा नयाँ समझदारी नै बनाइयो । नयाँ घोषणा अनुसार अब पब्लिक सर्भिस ब्रोडकाष्टरले आफूलाई – 'मोर डिजिटल, मोर रिजनल र मोर सस्टेनेबल' हुनुपर्ने नयाँ राजनीतिक घोषणा नै गरियो । यस्तो राजनीतिक सम्झौताले गर्दा सो संस्था माथि निकै चर्को दबाब हुन पुगेको छ ।

यसरी लोकतान्त्रिक विश्वका सार्वजनिक सेवा प्रसारक तथा माध्यमहरूले प्रतिकूल अवस्था सामना गर्न परिरहेको समयमा हामीले नेपालमा 'नयाँ यात्रा' सुरु गरेका छौँ । पब्लिक मिडिया एलायन्स (पी.एम.ए.) का अनुसार – पबिलक मिडियाहरूका लागि अहिलेको मुख्य चुनौतीका रूपमा देखिएका दुई प्रवृत्तिहरू ***बजेट अभावको बढ्दो सङ्कट र सम्पादकीय स्वतन्त्रता माथि बढ्दो नियन्त्रण*** नै हो । यसबाहेक डिजिटल रूपान्तरण, बहु प्रविधिहरूमा सेवा विस्तार गरेर आम पहुँचमा पुग्नु तथा भ्रामक एवम् झुटो सूचनाको महामारीलाई रोक्ने गुणस्तरीय सामाग्री

उत्पादन गर्न तथ्यगत सूचनाहरूको खोजी गर्न सक्षम हुनु यी मिडियाहरूको प्रमुख चुनौती भएको एलाइन्सको निष्कर्ष देखिन्छ । यी चुनौतीका बिचमा पनि *'मस्ट युज्ड एण्ड मस्ट ट्रस्टेड'* समाचार माध्यमहरूको रूपमा भने पब्लिक सर्भिस मिडिया संस्थाहरू नै कायम देखिन्छन् । त्यसैले यिनको औचित्य र महत्त्व बढेको छ ।

आजको प्रविधिले सिर्जित बहु स्रोत सूचनाको प्रदूषित खुला परिवेशमा 'पत्रकारिताको सबलीकरण' ले मात्र मानव सभ्यता, लोकतन्त्र र मानवीय मूल्यहरूको प्रवर्द्धन गर्ने सूचना प्रणाली जोगाउन सकिन्छ । यसका लागि राजनीतिक स्वार्थ र नाफामुखी स्वार्थबाट टाढा हुन सक्ने प्रभावकारी सार्वजनिक मिडियाको खाँचो बढेको छ । त्यसैले हुनसक्छ हालै एबीसी र बिबिसीले एउटा नयाँ अभियान अगाडि बढाएका छन् । युवाहरू जो डिजिटल कन्टेन्ट उत्पादनमा संलग्न छन् उनीहरूलाई पत्रकारिताको असल मूल्य मान्यतामा अभिमुख गराउँदै सहकार्यबाट सामग्री उत्पादनमा संलग्न गराउने त्यस्तो अभियान निकै प्रभावकारी देखिएको छ ।

समाचार वा सूचना सामाग्री उत्पादन र प्रवाहको क्षेत्रमा निरन्तर सिर्जनात्मक प्रयोगहरू भइरहनु पर्दछ । साथै यस्ता सूचना र सामाग्रीका प्रभावहरू बारे उपभोक्ताहरूसँगको अन्तरक्रियात्मक जवाफदेहिता पनि बढाउन सक्नुपर्दछ । यसका लागि पब्लिक मिडियाहरूको सिद्धान्त र मूल्य मान्यताले सदैव सञ्चार अभ्यासलाई उत्प्रेरित गरिरहन्छ । त्यसैले पनि सार्वजनिक मिडियाका विभिन्न स्वरूपहरूको विकास, सबलीकरण र अभ्यासलाई अगाडि बढाउनै पर्छ । यो नै साँचो लोकतान्त्रिक समाज र राज्य प्रणालीको कर्तव्य र दायित्व हो ।

यही प्रेरणाले नै नेपालमा सार्वजनिक सेवा प्रसारणको कानुनी र नीतिगत प्रबन्धका लागि विगतमा लगातार पैरवी गरिएको थियो । अब यो यात्रा सुरु भएको छ । यो यात्रामा सदैव सम्झनुपर्ने मूल्य पद्धति भनेको हाम्रो संविधानले प्रत्याभूत गरेको नागरिकका मौलिक हकहरू नै हुन् । संविधानको प्रस्तावनाले उद्घोषण गरेको ***पूर्ण प्रेस स्वतन्त्रताको*** शब्दावलीको व्यावहारिक चित्र हामीले सार्वजनिक सेवा प्रसारक संस्थामा खोज्नुपर्दछ । किनकि यो संस्था सबै नेपाली नागरिकको साझा हो । र, यसको उत्तरदायित्व पनि सबै नेपालीप्रति समान हुनुपर्दछ ।

सार्वजनिक प्रसारकको अर्को ध्यान जानुपर्ने विषय भनेको एक विशिष्ट नैतिक मूल्यहरूको स्थापना र अभ्यास पनि हो । यो समग्रमा नै पब्लिक इन्ट्रेस्टलाई सेवा गर्न समर्पित र दत्तचित्त हुनु पर्दछ । प्रारम्भिक कालमा स्थापित नैतिक मूल्य मान्यताहरूको सुदृढ जगले यसको भविष्यसम्मका लागि विश्वसनीयताको पुँजी आर्जन गर्न सक्दछ । त्यसैले अहिलेको सङ्क्रमणकाललाई अलि रूपान्तरणकारी नै बनाउन आवश्यक देखिन्छ ।

नाम बदलिएर मात्रै के भो र ? भन्ने सन्देश फैलियो भने यो संस्थाको औचित्य नै स्थापित हुनसक्ने छैन । त्यसैले सार्वजनिक सेवा प्रसारकले असल पत्रकारिताका नयाँ मूल्य पद्धति र मानकहरू कसरी कायम गर्ने, के के कायम गर्ने भन्नेबारे गहन विचार विमर्श गर्न ढिला गर्नु हुँदैन ।

***राजनीतिक सङ्कुचन, व्यापारिक चुनौती र प्रविधिको तीव्र दबाबलाई*** सामना गर्न पनि सार्वजनिक सेवा प्रसारकले आम जनता र नागरिक समाजसँगको आफ्नो निकटता र समन्वयको जालो विस्तार गर्नु आवश्यक हुन्छ। यसका लागि आफ्नो कन्टेन्ट अभ्यासको पुरातन बुझाई र शैलीबाट रूपान्तरित हुनुपर्दछ। हिजो सरकार खुसी हुँदा आफ्नो सक्षमता देख्ने सरकारी सेवाको मनोविज्ञानबाट प्रशिक्षित र अभिमुख भएको जनशक्तिलाई सहजै ***पब्लिक ट्रस्टको*** नयाँ आयाममा अभ्यस्त बनाउनु पक्कै सहज छैन, तर नगरी हुँदैन।

नेपालमा सार्वजनिक सेवा प्रसारणको सञ्चालनका लागि बनाइएको कानुन धेरै लामो सङ्घर्षको प्रतिफल भए पनि यो कानुनले बलियो सार्वजनिक सेवा प्रसारण प्रणाली खडा गर्न आवश्यक मार्गदर्शन र सहजीकरण गर्ने देखिँदैन। कानुन निकै कमजोर छ। तर यसले नयाँ अवस्था र नयाँ दिशा नदिएको चाहिँ होइन। यसैमा टेकेर संस्था निर्माणको प्रक्रियामा उदार मार्ग अवलम्बन गर्दै अगाडि बढ्न सकेमा नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको सेवा गर्न सक्षम विशिष्ट सूचना सेवा प्रणाली विकास गर्न नसकिने चाहिँ होइन, सकिन्छ र गर्न पनि पर्दछ।

सार्वजनिक सेवा प्रसारक संस्थामा आबद्ध रेडियो नेपाल र नेपाल टेलिभिजन नेपालका राष्ट्रिय गौरव हुन्। यी दुवै संस्थालाई इतिहासको आ–आफ्नो भूमिका र योगदानका कारण नै नेपाली जनताले अधिक विश्वास पनि गर्छन्। तर प्रतिस्पर्धा र नवीनताको युगमा यी संस्थाले आफूलाई समय सान्दर्भिक हुन गर्नुपर्ने परिवर्तन र सुधारका सूची भने थपिँदै गएका छन्। अझ सार्वजनिक सेवा प्रसारकको नयाँ दायित्व र अपेक्षा पूरा गर्न त निकै फराकिलो फड्को हान्नु आवश्यक छ। कतै यो सङ्क्रमणमा छलाङ मार्ने हिम्मत र जाँगरमा कमी भयो भने दुर्घटना पनि गराउन सक्ने उच्च जोखिम देखिन्छ। यो अनपेक्षित अवस्थाको कल्पना अहिले नगर्नु नै सकारात्मक पहलहरूलाई आत्मसात् गर्नु हो। सबैले अहिले सकारात्मक सोचका साथ रूपान्तरणको सङ्क्रमण व्यवस्थापन र नयाँ आवश्यकताहरूको सही रेखाङ्कन गर्न आ–आफ्नो क्षमता र योगदान केन्द्रित गर्नुपर्दछ।

यसका लागि हाम्रो स्वतन्त्रताका हिसाबले सबल, प्रगतिशील र लोकतान्त्रिक संवैधानिक जगलाई उपभोग गरौँ। संवैधानिक हक बाहेक नेपालको अन्तर्राष्ट्रिय कानुनहरूमा रहेको प्रतिबद्धताले पनि सबल अभिव्यक्ति स्वतन्त्रताको पक्षधरता दिएको छ। यो एक सकारात्मक तथा निर्भीक शक्ति र ऊर्जाको स्रोत पनि हो। नेपालमा सार्वजनिक सेवा प्रसारणको औचित्य र आवश्यकता अपरिहार्य छ नै, यसको व्यवहारमा पुष्टि गर्ने जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्ने क्षमता र शक्ति जिम्मेवारीमा रहनु हुने साथीहरूलाई मिलोस्, शुभकामना छ।

*(लेखक फ्रिडम फोरम संस्थाका प्रमुख हुनुहुन्छ।)*

नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !
अवकासपछिको जीवन सुरक्षित बनाऔं !!

कोषका अवकास योजना/कार्यक्रमहरू :

- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष

विस्तृत जानकारीका लागि :
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

Nepal Re
Since 2014

Greetings from your Reinsurance Partner !

Nepal Re

Symbol of Trust & Security

NATIONAL FLAG CARRIER REINSURANCE COMPANY OF NEPAL

QMS : ISO 9001:2015 Certfied Company
FSR : AA- (Stable) by ICRA Nepal

Nepal Reinsurance Company Limited
(An Undertaking of Nepal Government)

LS Complex, Thapathali,
Kathmandu MNP, Nepal
Tel: + 977-01-5970401/402
Email: nepalre@ntc.net.np
Web: www.nepalre.com.np
LinkedIn:company/nepalre

## "सुरक्षित भविष्यको लागि निवृत्तभरण र सञ्चय कोष"

कर्मचारी सञ्चय कोषबाट सञ्चयकर्तालाई आर्थिक वर्ष २०८१/८२ मा उपलब्ध सेवाहरू :

(क) सञ्चय कोष र निवृत्तभरण कोष रकममा व्याज प्रदान : २०८१ श्रावण १ गतेदेखि ५.५० प्रतिशत

(ख) मुनाफा प्रदान : सञ्चय कोषका सञ्चयकर्ता तथा निवृत्तभरण कोषका योगदानकर्तालाई आर्थिक वर्ष २०७९/८० को शुरु मौज्दात रकममा १.१० प्रतिशत।

(ग) सापटी सुविधाहरू :

- विशेष सापटीमा : ब्याजदर ६.६० प्रतिशत,
- सञ्चयकर्ता घर सापटी, शैक्षिक सापटी र घर मर्मत सापटीमा : ब्याजदर ७.५० प्रतिशत,
- सञ्चयकर्ता जग्गा खरिद सापटी र सरल सापटीमाः ब्याजदर ८.०० प्रतिशत,

(घ) विशेष सापटी बाहेकमा धितोमा आधारित सापटीको ब्याज नियमित रुपमा चुक्ता गर्ने सञ्चयकर्ताको हकमा ०.२५ प्रतिशतले छुट दिने।

(ङ) सामाजिक सुरक्षा सुविधाहरू :

- दुर्घटना क्षतिपूर्ति : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा रु २ लाख।
- काजकिरिया अनुदान योजना : सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.४० हजार।
- सञ्चयकर्ता स्वास्थ्योपचार योजना : सञ्चयकर्ताको श्रीमान/श्रीमति कोषले तोकेको अस्पताल भर्ना भई उपचार गरेको साधारण रोगमा रु.१ लाख सम्म र घातक रोगमा रु.१० लाखसम्मको औषधोपचार खर्चको शोधभर्ना कोषबाट हुनेछ।
- सुत्केरी तथा शिशु स्याहार सुविधा : प्रति प्रसुति रु.७ हजार ५ सयका दरले बढीमा दुई पटक गरी रु.१५ हजार।

कर्मचारी सञ्चय कोष
पुल्चोक, ललितपुर।
Website : www.epf.org.np
Call center : 015970041



*यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरूमा विशेष ध्यान दिनुहोस्।*

•धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझ्रेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस। साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस्।

•नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस्।

•प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस्। धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुंदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण ९ष्थ्क्ष्ँयचक० अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस्। आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस्।

•धितोपत्रको दोस्रो बजारबाट कारोबार गर्दा सधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस्।

•धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा अनुमति प्राप्त बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस्।

•पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस्।

•लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरु र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस्।

•धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरु भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि नं. १६६०-०१-४४४३३ (निःशुल्क) वा हटलाइन नं ५२५४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस्।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोनः ०१-५२५४०५७, ५२५३१६२, ५४४४०७७,
फ्याक्सः ०१-५५४१०५८, टोल फ्रि नं. १६६०-०१-४४४३३
ईमेल ठेगानाः कगउउयचत२कभदयल.नयख.लउ
वेबसाइटः धधध.कभदयल.नयख.लउ


हीरक महोत्सव

# सार्वजनिक सेवा प्रसारणको अन्तर्वस्तु



तपानाथ शुक्ला

संसारका विकसित मुलुकहरूले सन् १९२० को दशकमा रेडियो प्रसारणको शुभारम्भ गरे। रेडियो तरङ्गको व्यापकता, प्रभावकारिता, शक्ति र लोकप्रियताबाट समाजका राजनीतिज्ञ तथा आमनागरिक, प्रबुद्ध वर्ग, व्यावसायिक समुदाय, निकै नै उत्साहित भए। प्रबुद्ध वर्ग यस कारण उत्साहित भए कि अब यसले सामाजिक रूपान्तरणमा टेवा पुयाउँछ, सूचना, शिक्षा र मनोरञ्जनको माध्यमबाट सामाजिक परिवर्तन ल्याउँछ, सामाजिक विसङ्गति हटाउँछ र विकासको नयाँ बाटो पहिल्याउँछ। व्यापारिक समुदाय यस कारण उत्साहित भए कि अब उनीहरूको बजार विस्तारको लागि हाटबजार, र भीँडभाड हुने ठाउँमा गएर वस्तु तथा सेवाको प्रचार प्रसार गरिरहनु पर्दैन, रेडियोको स्टुडियोबाट नै आफ्नो वस्तु र सेवाको बजारीकरण देशभरि गर्न सकिन्छ। राजनीतिज्ञ यस कारण उत्साहित भए कि अब उनीहरूको राजनीतिक दलको प्रचार-प्रसारको लागि ठाउँ-ठाउँमा कोणसभा गरिरहनु पर्दैन, रेडियोको स्टुडियोबाटै आफ्ना नीति र भावी कार्यक्रमहरू जनता समक्ष ल्याउन सकिन्छ। आम नागरिक यस कारण उत्साहित भए कि घर बसी-बसी संसारमा के भइरहेको छ, यस्को जानकारी र भरपूर मनोरञ्जन प्राप्त गर्न सकिन्छ र आफ्नो खाली समयको सदुपयोग गर्न सकिन्छ।

सन् १९५० को दशकमा टेलिभिजनको प्रवेश भयो। माथि उल्लेखित वर्ग झन् उत्साहित भयो, अब त शब्दले मात्र होइन, देखाएर पनि कुरा बुझाउन सकिन्छ, सिकाउन सकिन्छ र सामाजिक एकता कायम गरी मूलप्रवाहमा जोड्न सकिन्छ। सुरुमा रेडियो र टेलिभिजनका कार्यक्रमहरू यहीबाट प्रेरित भई सञ्चालन भइरहेका थिए। सुरुका दिनहरूमा प्रसारण प्रविधि महङ्गो थियो। त्यसैले यसमा लगानी पनि या त सरकारले गर्दथ्यो वा ठुला व्यापारिक घरानाले। धेरै जसो मुलुकहरूमा सरकारको लगानीबाट प्रसारण सेवा सञ्चालित थियो।

एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका केही देशहरूका तानाशाह प्रवृत्तिका शासकहरूले प्रसारणको प्रभावकारिता बुझी यसलाई आफ्नो यशोगान र विपक्षीहरूको मानमर्दनमा प्रयोग गर्न थाले। समाजका चेतनशील वौद्धिक वर्गले प्रसारणको उपादेयताबारे प्रश्न उठाउन थाले र सुरु भयो सार्वजनिक सेवा प्रसारणको अनिवार्यता र आवश्यकताबारे बहस।

सन् १९८० को दशकमा सार्वजनिक सेवा प्रसारणको अग्रणी संस्था ब्रिटिश ब्रोडकास्टिङ्ग करपोरेशन (बी. बी.सी.) ले सार्वजनिक सेवामा समर्पित प्रसारण संस्थाले अङ्गाल्नु पर्ने नीतिबारे प्रस्ताव प्रस्तुत गऱ्यो। सार्वजनिक हितमा समर्पित प्रसारणको मूलमर्म – सर्वशुलभता, प्रसारणमा सबैको पहुँच, आर्थिक स्रोतको सुनिश्चितता, व्यापारिक दबावबाट मुक्ति, सम्पादकीय

स्वतन्त्रता, कुनै पनि दबाबबाट प्रभावित नभई निर्णय लिने स्वतन्त्रता, कार्यक्रममा विविधता, सबै वर्ग, जात–जाति, समुदाय, भौगोलिक क्षेत्रको समान प्रतिनिधित्व, अल्पसङ्ख्यक समुदायलाई विशेष महत्व, राष्ट्रियताको संरक्षण र संवर्द्धनमा जोड र विशेषीकृत कार्यक्रम (पर्याप्त सोध–खोज गरी तयार पारिएका कार्यक्रम र समाचार) लाई ध्यानमा राखी प्रसारण गर्नुपर्ने दायित्व निर्वाह इत्यादि छन् ।

केही अपवादलाई छोडेर अहिले विश्वभरका अधिकांश सरकार नियन्त्रित प्रसारण माध्यमहरू सार्वजनिक सेवा प्रसारणमा रूपान्तरित भइसकेका छन्। ढिलै भएपनि सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुन ल्याएर वर्तमान सरकारले स्तुत्य काम गरेको छ ।

नेपालको कुरा गर्दा रेडियो नेपालको स्थापना प्रजातन्त्र प्राप्तिको आन्दोलनसँगै भएको हो । एकतन्त्रीय राणा शासनको विरुद्ध र आन्दोलनकारीहरूको पक्षमा उभिएर शङ्खघोष गर्दै सार्वजनिक हितमा समर्पित यस प्रसारणको मूलमर्म 'बहुजन हिताय, बहुजन सुखाय' नै थियो । कालान्तरमा यो एउटा निश्चित समूहको प्रभावमा परी एउटा राजनीतिक उद्देश्य प्राप्तिको लागि प्रयोग भयो र प्रजातन्त्र नेपाल रेडियोको नामबाट स्थापित रेडियो नेपाल प्रजातन्त्रको विरोधमा उभियो । 'विकासको लागि सञ्चार' को नारा लिई जन्मिएको नेपाल टेलिभिजन गठनको उद्देश्य पनि विकास र जनताको सशक्तीकरण नै थियो । पञ्चायत कालमा स्थापित यो संस्था पनि निश्चित राजनीतिक स्वार्थ पूर्तिमा प्रयोग भयो ।

रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकरण गरी सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण गर्ने कामको थालनी वि.सं. २०५७ सालदेखि भएको हो । सञ्चार मन्त्रालयअन्तर्गत मेरो संयोजकत्वमा मन्त्रालयका कानुन शाखाका उपसचिव र फ्रिक्वेन्सी व्यवस्थापन शाखाका प्राविधिक उपसचिव सदस्य रहने गरी एउटा कार्यदल गठन भयो र कार्यदलले राष्ट्रिय प्रसारण प्राधिकरण सम्बन्धी विधेयक तयार गरी तत्कालीन मन्त्रीलाई बुझायो । त्यस विधेयकमा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकरण गरी सम्पूर्ण प्रसारण क्षेत्रको जिम्मेवारी दिने प्रस्ताव गरिएको थियो । रेडियो र टेलिभिजन प्रसारणको लागि निजीक्षेत्रलाई अनुमति दिने, नियमन गर्ने, अन्तर्राष्ट्रिय जगतमा भइरहेको नयाँ प्रविधि नेपालमा पनि भित्र्याउने र यस सम्बधी जानकारी र तालिम अन्य प्रसारण संस्थाहरूलाई पनि दिने/दिलाउने आदि विषयहरू उक्त विधेयकमा समावेश गरिएको थियो । नेपालमा छिटो–छिटो भइरहने सरकार परिवर्तनले गर्दा उक्त विधेयकले कार्यरूप लिन पाएन र त्यसै थन्कियो । पछि भारतदत्त कोइराला र महेशप्रसाद अधिकारीको संयोजकत्वमा अन्य कार्यदल पनि गठन गरिए तर सबैको स्थिति र परिस्थिति उस्तै रह्यो ।

जन–आन्दोलन – २ को सफलतापछि वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीको संयोजकत्वमा मिडिया सुधार सुझाव आयोग गठन भयो र यसले पनि रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकरण गरी सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण गर्न सुझाव दियो। पछि वरिष्ठ अधिवक्ता बद्रिबहादुर कार्कीको समूहले सार्वजनिक सेवा प्रसारणको कानुन ड्राफ्ट गरी

सरकारलाई बुझायो तर यतातिर सरकारको उचित ध्यान गएन।

रेडियो नेपालमा कार्यकारी निर्देशकको रूपमा मेरो दोश्रो कार्यकालमा जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)बाट 'मिडिया फर पीस' प्रोजेक्ट भित्र्याउन सफल रह्यौं। विभिन्न गोष्ठी, सेमिनार, कार्यशाला र आपसी छलफलबाट नेपालमा सार्वजनिक सेवा प्रसारणको औचित्य र तत्सम्बन्धी वातावरण तयार गर्न यस्ले धेरै नै मद्दत गयो। यही अवधिमा रेडियो नेपालमा विभिन्न स्तरका तालिमहरू पनि सञ्चालन गरिए र कार्यक्रम निर्देशिका तथा समाचार निर्देशिका तयार गरी प्रकाशन गरिए।

एशिया महादेशमा सार्वजनिक सेवा प्रसारणको उदाहरण रहेको जापानी प्रसारण संस्था (एन. एच. के.) का अनुभवी र दक्ष विज्ञहरूले रेडियो नेपालका विभिन्न तह र तप्काका जनशक्तिसँग अन्तरक्रिया गरी नेपाललाई सुहाउने किसिमको प्रारूप तयार गरी बुझाए। साथै सार्वजनिक सेवा प्रसारण सम्बन्धी कानुनको ड्राफ्ट पनि तयार गरे।

अहिले सार्वजनिक सेवा प्रसारणको कानुन बनेर कार्यान्वयनमा आइसकेको छ। कार्यकारी अध्यक्ष र सञ्चालक समितिको नियुक्ति भइसकेको छ। रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक सेवा प्रसारणको प्रक्रियामा छन्। रुपान्तरणको प्रक्रिया चुनौतीपूर्ण र जटिल छ। जनशक्तिको उचित व्यवस्थापन, आर्थिक स्रोतको सुनिश्चितता र प्रविधिमा भइरहेको नवीनतम विकासलाई केन्द्र बिन्दुमा राखेर अगाडि बढ्नुको विकल्प अरू केही छैन।

सूचना सञ्चार प्रविधिमा भइरहेको तीव्रतर विकासले गर्दा अहिले विश्व मानचित्र साँघुरिएको छ। सामाजिक सञ्जालको लोकप्रियता बढ्दो छ भने प्रसारण प्रविधिको लोकप्रियता घट्दो क्रममा छ। खास गरी युवा पुस्ता सूचना, समाचार र मनोरन्जनकालागि खल्तीमा भएको मोबाइलमा बढी निर्भर हुन थालेका छन। अहिले सार्वजनिक सेवा प्रसारण भन्दा सोसल मीडियाको कुरा बढी हुन थालेको छ। विद्धत वर्गले पब्लिक सर्भिस मिडियाको महत्त्व र नियमनको कुरा गर्न थालेका छन्। प्रविधिको विकासले गर्दा मिडियाले जे जस्तो रूप लिएपनि सार्वजनिक सेवा प्रसारणको आफ्नै महत्व र गरिमा छ। सार्वजनिक सेवा प्रसारण अन्तर्राष्ट्रिय अभ्यासअनुसार सही ढङ्गले सञ्चालन भएमा यसले स्वस्थ समाज निर्माण र लोकतान्त्रिक अभ्यासलाई अवश्य नै बल पुऱ्याउने छ।

❀ ❀

*(लेखक रेडियो नेपालका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ।)*

# सार्वजनिक सेवा प्रसारणमा डिजिटल प्लाटफर्म



ई. चिन्तामणि बराल

## १. पृष्ठभूमिः

रेडियोको आविष्कार सन् १८९३ मा Nicola Tesla ले गरेको इतिहासमा पाइएको भएता पनि यसको श्रेय भने Guglielmo Marconi (England) लाई सन् १८९६ मा रेडियो आविष्कारको पेटेण्ट अधिकार समेत दिई ताररहित रेडियोको आविष्कारक मानिएको छ । सुरुमा रेडियो रिसिभरमा Vacuum Tube प्रविधिको प्रयोग भएको कारणले त्यसको आकार निकै ठुलो थियो भने पछि Transistor को प्रयोग हुन थालेपछि त्यसको आकार निकै घटेको र साथमा लिएर हिँ(ँड्न मिल्ने भयो । यसैगरी सुरुमा रेडियो प्रसारण MW (Medium Wave) र SW (Short Wave) Band हरूमा प्रसारण गरियो भने त्यसपछि FM (Frequency Modulation) प्रविधिको प्रयोग गरी रेडियो प्रसारण हुन लाग्यो । रेडियो प्रविधि विकासको यसै क्रममा वि.सं २००७ साल चैत्र २० गते (April 2, 1951) रेडियो नेपालको स्थापना भयो । रेडियो नेपालले पनि सुरुमा SW / MW द्यबलम मा प्रसारण गरेको भएता पनि सन् १९९५ देखि FM Band मा प्रसारण गर्दै आएकोछ । SW / MW Band मा प्रसारण गर्दा ठुलो क्षेत्रमा प्रसारण गर्न सकिने भएता पनि FM Band मा प्रसारण गर्दा प्रसारणको गुणस्तर बढ्ने, सस्तो प्रविधि तथा रेडियो सेटहरूको आकार निकै सानो हुने भएकोले साथमा लिएर हिँड्न सजिलो हुनाले यो प्रविधि निकै लोकप्रिय भयो । टेलिभिजनको प्रयोग नहुँदासम्म रेडियो प्रसारण नै संसारमा एकमात्र सूचना, सञ्चार, दूरशिक्षा तथा मनोरञ्जनको एकलौटी साधन थियो । हाल रेडियो नेपालले ६ वटा MW(Medium Wave) स्टेसनहरू तथा ३५ वटा FM रिले स्टेसनमार्फत देशको ९२ प्रतिशत क्षेत्रमा प्रसारण पहुँच पुऱ्याएको छ ।

यसैगरी सन १९२५ मा स्काटिस इञ्जिनियर John Logie Baird ले प्रथम व्यावहारिक मेकानिकल टेलिभिजन प्रविधिको प्रदर्शन गरे । तर प्रथम इलेक्ट्रोनिक टेलिभिजनको पेटेण्ट अधिकार भने अमेरिकाका इञ्जिनियर Edwin Armstrong लाई सन् १९३३ मा दिइयो जसले टेलिभिजनको आवाजलाई FM (Frequency Modulation) प्रविधि र तस्बिरलाई AM (Amplitude Modulation) प्रविधिबाट Modulation गरी प्रसारण गर्ने प्रविधिको पूर्ण विकास गरेका थिए । सुरुमा टेलिभिजन प्रसारण तथा रिसेप्सन प्रविधि श्यामश्वेत (Black & White) थियो भने सन् १९५३ देखि Colour Television को सुरुवात भयो । यसै क्रममा भारतको दूरदर्शनले सन १९५९ मा श्यामश्वेत (Black & White) टेलिभिजन प्रसारण सुरु गरेको थियो भने सन् १९८२ देखि Colour Television प्रसारण गर्दै आएको छ । नेपालमा भने वि.स. २०४१ साल माघ १७ गते (तदनुसार January ३०, १९८५) मा नेपाल टेलिभिजनको स्थापना भई वि. सं २०४२ साल पुस १४ गतेदेखि नियमित प्रसारण भइरहेको छ । नेपाल टेलिभिजनले आफ्नो प्रसारण सुरुवातदेखिनै रङ्गीन टेलिभिजन अर्थात Color Television को रूपमा प्रसारण गरिएको छ । सुरुमा भूसतहीय प्रसारण प्रविधिमार्फत प्रसारण गरिएकोमा सन् २००२ देखि भूउपग्रहको समेत प्रयोग गरी

प्रसारण गर्दै आएको छ । Video Format को सम्बन्धमा सुरुमा SD Video Format अन्तर्गत VHS, Super VHS, UMATIC, BetaCam SP, BetaCam SX तथा Digital Video (DV) Format को प्रयोग गरिएकोमा वि.स. २०७१ सालदेखि File-Based Workflow System को प्रयोग गरी Semi-Automation System मा Tapeless System (Ingest, Playout, Editing तथा Storage) मा प्रसारण सामाग्री (Broadcasting Content) को व्यवस्थापन गरिएको छ । प्रविधिको परिवर्तनसँगै नेपाल टेलिभिजनले वि.स. २०७५ माघ १७ गते नेपाल टेलिभिजनको वार्षिकोत्सवको उपलक्ष्यमा आफ्ना चारवटा च्यानलहरू (राष्ट्रिय प्रसारण, एनटिभी प्लस, एनटिभी न्यूज तथा एनटिभी कोहलपुर) HD (High Definition) प्रविधिमा रूपान्तरण गरेको थियो भने एनटिभी इटहरी वि.स. २०७६ साल माघ १७ गते वार्षिक उत्सवकै उपलक्ष्यमा HD (High Definition) प्रविधिमा रूपान्तरण गरिएको थियो । यही रूपान्तरणले नेपाल टेलिभिजनलाई तत्कालीन अवस्थामा बजारमा स्थापित गरेको थियो । हाल नेपाल टेलिभिजनले भूउपग्रह तथा डिजिटल भूसतहीय प्रसारण मार्फत देशको ७२ प्रतिशत जनसङ्ख्यालाई आफ्नो प्रसारण पहुँच पुर्‍याएको छ ।




नेपाल टेलिभिजनले प्रयोगमा ल्याएका विभिन्न Video Format हरू

## २. हालको अवस्था:

सार्वजनिक सेवा प्रसारण ऐन–२०८१ अनुसार रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकै ठाउँमा गाभी सार्वजनिक सेवा प्रसारण संस्थाको रूपमा रूपान्तरण गरिएकोछ । हाल सार्वजनिक सेवा प्रसारण संस्थाको नियमावली तथा विनियावली बनाउने प्रक्रिया अगाडि बढाइएको छ । सार्वजनिक सेवा प्रसारणको अभ्यास निकै वर्ष अघिदेखि नै विभिन्न देशहरूले विभिन्न मोडेलमा गर्दै आएको देखिन्छ । जापानको NHK, बेलायतको BBC, अमेरिकाको VoA, भारतको प्रसारभारती आदि यसका ज्वलन्त उदाहरणहरू हुन् । तर नेपालको सार्वजनिक सेवा प्रसारण संस्था हालको अवस्थामा सबैभन्दा कान्छो रहेको र यसको मोडेल पनि भिन्नै देखिन्छ । आर्थिक स्रोतको सम्बन्धमा ऐन अनसार सङ्घीय सरकारबाट, प्रदेश तथा स्थानीय सरकारबाट, विदेशी नियोगहरूबाट र सार्वजनिक सेवा प्रसारण संस्थाले आफै कमाउनु पर्ने भनी तोकिएको देखिन्छ । तर कुन निकायबाट कति प्रतिशत अथवा कति अंश आर्थिक योगदान गर्ने भन्ने कुरा भने स्पष्ट नभएको अवस्थामा सार्वजनिक सेवा प्रसारण संस्थाले राम्रो आम्दानी गर्नुपर्ने देखिन्छ । तर हालको अवस्थामा परम्परागत रेडियो र टेलिभिजनको लोकप्रियता संसारभरि

नै घट्दो अवस्थामा रहेकोले त्यसको प्रभाव नेपालमा पनि पर्नु स्वभाविकै हो । त्यसै कुरालई ध्यानमा राखी रेडियो नेपाल र नेपाल टेलिभिजनले यस अघि नै विभिन्न प्रविधिहरूको प्रयोगलाई पार गर्दै आएकोमा हाल दुवै निकायहरू डिजिटल प्लाटफर्ममा पुगेको र संयोगवश हाल दुवै संस्थाहरू एकीकृत (Integrated) समेत भएको हुँदा यस प्रविधिको समान अवस्थाबाट अगाडि बढ्न सजिलो हुने समेत देखिन्छ ।




*रेडियो नेपाल र नेपाल टेलिभिजन*

नेपाल टेलिभिजन र रेडियो नेपालको व्यापारमा शिथिलता आउनुको मूख्य कारण प्रविधिको विकाससँगै सूचना प्रविधिको प्रयोगबाट विकास भएको Digital Platform तथा OTT Platform रहेका छन् । यसको प्रभाव रेडियो नेपाल र नेपाल टेलिभिजनको व्यापारमा पनि स्पष्ट देखिएको छ । त्यसमा पनि नेपाल टेलिभिजनको व्यापारमा झन् बढी प्रभाव परेको देखिन्छ ।




*नेपाल टेलिभिजन र रेडियो नेपालको हालको व्यापार अवस्था (करोडमा)*

नेपालमा कुल विज्ञापनको बजार नघटेको तथ्याङ्कले देखाएता पनि त्यसको महत्वपूर्ण अंश भने Digital/OTT Platform मा गएको पाइएको छ । उक्त विज्ञापनको बजारको केही अंश सार्वजनिक सेवा प्रसारणमा ल्याउनु अहिलेको आवश्यक्ता र चुनौती दुवै हुन गएको छ । हुन त रेडियो नेपाल र नेपाल टेलिभिजनले यस सम्बन्धमा काम नगरी बसेका छैनन् । रेडियो नेपालले यस अघि नै Digital Platform तथा Online सेवा सञ्चालनमा ल्याएको छ भने नेपाल टेलिभिजनले यस

अघि नै डिजिटल प्लाटफर्म सञ्चानलमा ल्याई मनग्गे आम्दानी पनि गरेको थियो। तर समय अनुसार कार्यक्रम, प्रविधि तथा जनशक्तिको व्यवस्था नहुँदा उक्त आम्दानी दिगो हुन सकेन। हाल नेपाल टेलिभिजनले आफ्ना सबै च्यानलहरूलाई डिजिटल प्लाटफर्म (Mobile App) मार्फत




*रेडियो नेपाल र नेपाल टेलिभिजनले प्रयोगमा ल्याएका मोवाइल एप्सहरू*

हाल रेडियो नेपाल र नेपाल टेलिभिजनमा Computer/IT तथा Online Portal मा काम गर्न सक्ने जनशक्ति पनि महत्वपूर्ण सङ्ख्यामा रहेको पाइन्छ। साथै, यस अवस्थामा सार्वजनिक सेवा प्रसारण संस्थाले Digital/OTT Platform सञ्चालन गर्न महत्वपूर्ण पूर्वाधार रहेको देखिन्छ। यसैगरी रेडियो नेपाल र नेपाल टेलिभिजनमा हाल रहेका Computer/IT Equipment हरू पनि महत्वपूर्ण सङ्ख्यामा रहेका छन्। त्यसैले सार्वजनिक प्रसारण संस्थाले म्ष्नष्तबि एबितायच्क सञ्चालन गर्न धेरै Equipment खरिद गर्नुपर्ने अवस्था पनि देखिदैन। यसरी सार्वजनिक सेवा प्रसारण संस्थाले हालको बजार प्रतिस्पर्धामा जानुपर्ने बाध्यता रहेको र विद्यमान जनशक्ति, भौतिक पूर्वाधार र उपकरणमा केही थप गर्दा पूर्णरूपमा सञ्चालन गर्न सकिने अवस्था भएकोले सार्ववजनिक सेवा प्रसारण संस्थाले यस कार्यमा उचित दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ।




*सार्वजनिक सेवा प्रसारण संस्थामा हाल रहेका Digital Platform/IT मा कार्यरत जनशक्ति*

साथै, रेडियो नेपालले यस अघि नै आफ्ना पुराना Analog Audio Tape हरूलाई Digital Format मा रूपान्तरण गरी डाटावेशमा राख्ने काम गरिसकेको छ भने नेपाल टेलिभजिनले यो कार्य गर्न बाँकी भएकोले यो कार्य अविलम्ब गनुपर्ने देखिन्छ। यसरी डिजिटल फर्म्याटमा रहेका

हीरक महोत्सव

रेडिया नेपाल र नेपाल टेलिभिजनका पहिले प्रसारण भएका सामग्रीहरू अहिले Digital Platform/OTT मा प्रयोग गर्दा दर्शक तथा श्रोताले पहिलेका प्रसारण सामाग्रीहरू देख्न र सुन्न पाउने भएकोले सार्वजनिक सेवा प्रसारण संस्थाको शाख बढ्ने तथा यसबाट व्यापार वृद्धि गर्न सकिने सम्भावना रहन्छ ।

### ३. भावी योजनाः

विश्वका विभिन्न देशहरूमा सार्वजनिक सेवा प्रसारण संस्थाहरूको सुरुवात हुँदा तत्कालीन अवस्थामा सूचना प्रविधिको यति विकास भइसकेको थिएन। त्यस अवस्थामा परम्परागत रेडियो र टेलिभिजन प्रसारण नै सूचना सम्प्रेपणका माध्यम थिए। तसर्थ त्यसबेला सार्वजनिक सेवा प्रसारण भनेको रेडियो र टेलिभिजन प्रसारणको माध्यमबाट जनतालाई निःशुल्क सूचना प्रवाह गर्ने भनिएको थियो। तर हाल सूचना प्रविधिको चरम विकासले सूचना प्रवाह गर्ने मूख्य माध्यम डिजिटल प्लाटफर्म हुन पुगेको अवस्थामा सार्वजनिक सेवा प्रसारण नेपालले पनि यस प्रविधिलाई प्रयोग गरी श्रोता तथा दर्शकलाई सूचना, शिक्षा तथा स्वस्थ मनोरञ्जन प्रदान गर्नुपर्ने अवस्था टड्कारो रूपमा आएको छ। हालै सूचना प्रविधिमा आएका विघटनकारी प्रविधि (Disruptive Technologies) को कारणले गर्दा रेडियो टेलिभिजनको परम्परागत प्रविधिलाई विघटन गर्दै नितान्त नयाँ प्रविधिले प्रमुखता पाउने निश्चित छ। यसै कुरालाई आत्मसात् गरी BBC ले पनि सन् २०३० देखि आफ्नो टेलिभिजन प्रसारणमा प्रयोग भएका परम्परागत स्याटेलाइट तथा भूसतहीय प्रसारणलाई बन्द गर्ने भनी प्रतिवेदन पेश गरेको छ। ती विघटनकारी प्रविधिहरूमा Web 3.0, Cloud Computing, 5G Network र उत्पादक कृत्रिम बौद्धिकता (Generative Artificial Intelligence) रहेका छन् जसले आधुनिक सूचना प्रविधिमा तहल्का मच्चाएका छन् ।

यी प्रविधिहरूको विकासले गर्दा सबै सूचनाहरू साना उपकरण (Smart Handheld Devices) हरू जस्तै मोवाइल फोनमा कुनै पनि समयमा र कुनै पनि स्थानमा प्राप्त हुने भएकोले परम्परागत प्रविधिलाई तीव्र गतिमा विस्थापित गरेको छ। आजको पुस्ताले सूचना तथा जानकारी घरमा भएको टेलिभिजन र रेडियो सेटबाट नभएर कुनै स्मार्ट उपकरण प्रयोग गरी कुनै पनि समयमा कुनै पनि स्थानमा (Any Time, Anywhere and Any Device) प्राप्त गर्न चाहन्छन्। यसै कारणले सार्वजनिक सेवा प्रसारण संस्थाले पनि जनतालाई सुसूचित गर्न यही प्रविधिलाई आत्मसात् गरी अगाडि बढ्नु अपरिहार्य देखिन्छ। यसरी प्रसारण प्रविधिमा आएको परिवर्तनलाई आत्मसात गरी सार्वजनिक सेवा प्रसारण नेपालले अविलम्ब डिजिटल प्लाटफर्ममार्फत आफ्ना सबै रेडियो तथा टेलिभिजन च्यालनहरूलाई श्रोता र दर्शकसम्म पुऱ्याउने तथा यसबाट सार्वजनिक सेवा प्रसारण संस्थाको नागरिकप्रतिको जिम्मेवारी पूरा गर्नुको साथै यसको दिगोपनको लागि व्यावसायिक लाभ समेत उठाउनु पर्ने देखिन्छ।



विघटनकारी प्रविधिहरू जसले परम्परागत सूचना प्रविधिलाई विस्थापित गर्दछन् ।

हाल विद्यमान प्रसारणमा रहेका परम्परागत रेडियो तथा टेलिभिजनको अस्तित्वलाई पनि यथावत् राख्ने र परिवर्तित प्रविधिलाई पनि आत्मसात् गरी विद्यमान रेडियो र टेलिभिजनलाई परम्परागत प्रसारण प्रविधिको अतिरिक्त डिजिटल प्लाटफर्म तथा इत्त मार्फत पनि वास्तविक समयमा (Real-Time Streaming) प्रसारण गरिनु पर्ने देखिन्छ । साथै रेडियो नेपाल र नेपाल टेलिभिजनका पुराना प्रसारण सामाग्रीहरूलाई VoD (Video on Demand तथा AoD (Audio on Demand) को प्लाटफर्महरू तयार गरी दर्शक तथा श्रोताले चाहेको बेलामा हेर्न र सुन्न सक्ने वातावरण बनाउने र त्यसको लागि न्यून सदस्यता शुल्क (Nominal Subscription Fee) को व्यवस्था गर्दा सार्वजनिक सेवा प्रसारण संस्थाको डिजिटल प्लाटफर्मको दिगोपनको लागि सहयोग हुने देखिन्छ । यसको लागि सार्वजनिक Cloud Computing (Public Cloud) प्रविधिको प्रयोग गर्ने तथा आफ्नै Cloud (Private Cloud) को व्यवस्था गर्ने भन्ने नीतिगत निर्णय हुनु आवश्यक छ । Cloud Computing को प्रयोग गर्दा परम्परागत प्रविधि र नयाँ प्रविधिलाई सँगै लैजान सकिने अवस्था देखिने र प्रयोग गर्न सस्तो (Pay Per Use) भएकोले सार्वजनिक सेवा प्रसारण नेपालको लागि उपयुक्त देखिन्छ ।  ले



आधुनिक टेलिभिजन तथा रेडियो प्रसारणमा Cloud computing को प्रयोग

त्यसै गरी निकट भविष्यमा कार्यान्वयनमा आउन लागेको 5G Network ले Digital Platform/ OTT लाई थप बल पुऱ्याउने देखिन्छ । 5G Network मा निकै बढी डाटारेट (Bandwidth\) हुने भएकोले उच्च गुणात्मक दृश्यहरू ताररहित (Wireless) नेटवर्कमा पठाउन सकिने र एक उपकरणबाट अर्को उपकरणमा सिधै डाटा पठाउने (Device to Device Data Transfer)

सुविधा हुने भएकोले सूचना प्रविधिले थप फड्को मार्ने छ जसको प्रयोग भारत लगायत विश्वका अधिकांश विकसित देशहरूमा भइरहेको छ। त्यसै गरी प्रसारण सामाग्री उत्पादन गर्न तथा व्यवस्थापन गर्न हालै प्रयोगमा आएको Generative AI को प्रयोग पनि निकै सफल साबित भएको छ। विभिन्न देशहरूकाले आफ्नो टेलिभिजन तथा रेडियो प्रसारणमा Generative AI को प्रयोग गरी तुरुन्त Content Production गर्ने, Digital Archive बाट आवश्यक Content vf]h (Search) गर्ने, उपलब्ध Content बाट AI Generative Voice Over तयार गर्ने, Video Content बाट सिधै क्तयचथ तयार गर्ने, समाचार तथा दृश्य सम्पादन गर्ने, भाषा रूपान्तरण (Natural Language Processing) गर्ने, समाचार सम्प्रेषण गर्ने, Content तथा Advertisement को Target Group छनौट गर्ने जस्ता कार्यहरू भइरहेका छन् जुन प्रविधि अब हामीबाट पनि टाढा छैन।

सूचना सम्प्रेषणमा प्रविधिले यसरी फड्को मारिरहेको अवस्थामा सार्वजनिक सेवा प्रसारण नेपाल पनि चुप लागेर बस्ने अवस्था छैन। यदि हामी प्रविधिसँगै अगाडि बढ्न सकेनौं भने प्रविधिले हामीलाई पछाडि छोड्ने छ र हामी यो बजारबाट हराउने छौं। तसर्थ समयमै हामीले आफ्नो प्रसारणलाई नयाँ प्रविधिमार्फत बजारमा स्थापित गर्नुपर्ने देखिन्छ। यस अवस्थामा सार्वजनिक सेवा प्रसारण नेपालले आफ्नो परम्परागत प्रसारणलाई यथावत् पनि राख्ने र एक छुट्टै पहिचानको रेडियो र टेलिभिजनको संयुक्त Digital Platform तथा OTT Platform आफैं सञ्चालनमा ल्याउनु पर्ने हुन्छ। यसको लागि विद्यमान जनशक्तिको अलावा केही थप जनशक्ति बजारबाट लिनुपर्ने हुन्छ र व्यापारिक प्रयोजनको लागि विशेष Digital Marketing Strategy स्थापित गरिनु पर्छ। साथै, विभिन्न किसिमका प्रसारण सामग्रीको लागि विभिन्न Digital Platform Channel हरू दर्ता गराउने, Digital Platform को लागि विशेष कार्यक्रमहरू उत्पादन गर्ने तथा बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Right) तथा प्रतिलिपि अधिकार (Copy Right) को सम्बन्धमा आउने विभिन्न समस्याहरूको समाधान गर्न एक कानुन शाखा (Legal Wing) कै व्यवस्था हुनु आवश्यक छ।

यसरी सार्वजनिक सेवा प्रसारण संस्था नेपालले डिजिटल प्लाटफर्मको माध्यमबाट सूचना सम्प्रेषण गर्दा हाल बजारमा सामाजिक सञ्जालमार्फत उपलब्ध हुने सूचनाको दुश्प्रचार (Disinformation) तथा झूठो प्रचार (Misinformation) बाट राज्यलाई हुन गइरहेको समस्या समाधान गर्न पनि ठुलो टेवा मिल्नेछ र यसबाट सार्वजनिक प्रसारण संस्थाले आफ्नो थप जिम्मेवारी पनि पूरा गरेको देखिने छ। यसरी विभन्न कोणबाट हेर्दा सार्वजनिक सेवा प्रसारण संस्थामा डिजिटल प्लाटफर्म सञ्चालन गर्न आवश्यक देखिएकोले यसको अविलम्ब कार्यान्वयन तर्फ लाग्नु पर्ने आवश्यक्ता छ।

**References:**

*Ala-Fossi, M., & Lax, S. (2016). The short future of public broadcasting: Replacing digital terrestrial television with internet protocol? International Communication Gazette, 78(4), 365–382. https://doi.org/10.1177/1748048516632171*

*Allam, R., & Dinana, H. (2021). The Future of TV and Online Video Platforms: A Study on Predictors of Use and Interaction with Content in the Egyptian Evolving Telecomm, Media & Entertainment Industries. SAGE Open, 11(3). https://doi.org/10.1177/21582440211040804*

*Baral, E. C. M., & Shakya, P. D. S. (2023). An Integration of Cloud Computing Technology in Television Broadcasting. Interantional Journal of Scientific Research in Engineering and Management, 07(12), 1–19. https://doi.org/10.55041/ijsrem27225*

*Dhiman, D. B. (2023). Unleashing the Power of Television Broadcasting in the Digital Age: A Critical Review. SSRN Electronic Journal. https://doi.org/10.2139/ssrn.4598192*

*Ibarra, K. A. (2022). Trends and Perspectives on Digital Platforms and Digital Television in Europe. International Journal of Communication, 16, 457–460.*


*(लेखक सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनका निमित्त महाप्रबन्धक हुनुहुन्छ । )*




**वराहक्षेत्र नगरपालिका सुनसरीको**
**नगरबासीहरूमा अनुरोध**

१. वराहक्षेत्र नगरपालिकालाई सफा, स्वच्छ र हराभरा बनाउने काममा जुटौं ।
२. नगरपालिका क्षेत्र भित्र रहेका सडक तथा सार्वजनिक स्थलहरुमा फोहोर नफालौं, नगर सफा राखौं ।
३. सड्ने र नसड्ने फोहोर छुट्टयाई नसड्ने फोहोर मात्र निष्काशन गरौं, सड्ने फोहोर आफैं व्यवस्थापन गरौं ।
४. प्लाष्टिक जथाभावी नफालौं, प्लाष्टिकमुक्त नगर बनाउने अभियानमा सहयोग गरौं ।
५. नगरपालिका क्षेत्र भित्र रहेका सडक बाटोहरुमा आफ्ना पशु चौपाया नछाडौं ।
६. सडक तथा किनारामा अवरोध हुने गरी निर्माण सामग्री नराखौं, व्यापार व्यवसाय नगरौं ।
७. पसल व्यवसाय सञ्चालन गर्दा अनुमति लिएर मात्र गर्ने गरौं र समयमै वार्षिक नवीकरण गरौं।

**वराहक्षेत्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, सुनसरी**

**जिल्ला अस्पताल मार्तडी बाजुराको**
**अनुरोध**

जिल्ला अस्पताल बाजुरामा (पोषण पुनःस्थापन केन्द्र ) विगत २ वर्षदेखि सञ्चालन भएको सहर्ष जानकारी गराउदै ५ वर्ष मुनिका कुपोषित बालबालिकाहरुका लागि विशेषज्ञ डाक्टर तथा नर्सहरुद्धारा उचित उपचार गरिनुका साथै तपाईं हाम्रो समुदायमा भएका कुपोषित बालबालिकाहरुलाई समयमै उपचारबाट लाभ लिन हुन हार्दिक अनुरोध गरिन्छ ।

*हाम्रा सेवाहरुः–*

३ शीघ्र कुपोषण धष्तज मेडिकल कम्पलिकेशनको उपचार,
३ कुपोषित बच्चा तथा कुपोषित बच्चाको कुरुवालाई निःशुल्क खाना बस्न र लुगाको व्यवस्था,
३ तालिम प्राप्त चिकित्सक तथा स्वास्थकर्मीको निगरानीमा उपचार ।

निर्मला सुनार
(कार्यक्रम प्रबन्धक)

डाक्टर चन्द्रशेखर यादव
प्रमुख

जिल्ला अस्पताल बाजुरा, मार्तडी

**सम्मान र सजायको प्रावधान कार्यान्वयन गरौं ।**
**सम्मानित एवम् सरक्षित जीवनयापन गरौं ।**

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२(क) तथा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १५ ले सामाजिक सुरक्षा भत्ता पाउने नेपाली नागरिकले त्यस्तो भत्ता नलिने स्वेच्छिक घोषणा गरेमा स्थानीय तहले सम्मान गर्नुपर्ने व्यवस्था गरेको छ । साथै ऐ. ऐनको दफा २२ र २३ मा विवरण ढाँटी सामाजिक सुरक्षा भत्ता लिएमा, सामाजिक सुरक्षा भत्ता दिलाउन गलत सिफारिस गरेमा, कानुन विपरित भत्ता लिएमा, भत्ता वापतको रकम दुरुपयोग गर्ने कसुरमा सजायको व्यवस्था गरेको छ । यस मिसिमका कसुरजन्य कार्य गर्ने उपर सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा उजुरी गर्न सक्ने र यस किसिमको मुद्दा दर्ता भएको मितिले १२० दिनभित्र कारबाही किनारा गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २५ ले समाजिक सुरक्षा भत्ताका सम्बन्धमा अन्य प्रचलित कानुन समेतका आधारमा मुद्दा चलाई कारबाही गर्न सक्ने व्यवस्था गरेको हुनाले उपरोक्त कानुनी व्यवस्थाको पूर्ण पालना गरी मर्यादित तथा सुरक्षित जीवनयापन एवम् अपराधमुक्त समाज निर्माण गरी सुशासन कायम गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुन यस विभाग सबैमा हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग
सिंहदरबार, काठमाडौं



**महालेखापरीक्षकको कार्यालयको अनुरोध**

सार्वजनिक आर्थिक क्रियाकलापको लेखाजोखा गरी मुलुकमा वित्तीय जवाफदेहिता तथा पारदर्शिता कायम गर्न सर्वोच्च लेखापरीक्षण संस्थाको स्थापना गर्ने विश्वव्यापी मान्यता अनुरुप २०१६ साल आषाढ १५ गते महालेखापरीक्षकको कार्यालयको स्थापना भएको हो ।

नेपालको संविधान बमोजिम यस कार्यालयको जिम्मेवारी संघ, प्रदेश र स्थानीय तह एवं मातहतका सबै सार्वजनिक निकायको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण गर्ने रहेको छ ।

कार्यालयको दूरदृष्टि जनहितका लागि "जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील हुने" रहेको छ भने "सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने" गन्तव्य रहेको छ ।

लेखापरीक्षणमा स्वतन्त्रता, निष्पक्षता एवं वस्तुपरकता कायम गर्दै स्वीकृत मानदण्ड तथा आचार संहिताको पालना गरी लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न सार्वजनिक निकायहरुको आर्थिक क्रियाकलाप सञ्चालन तथा यो कार्यालय तथा लेखापरीक्षणमा खटिने कर्मचारीहरुको काम, कारबाहीका सम्बन्धमा कुनै सुझाव वा गुनासो भएमा कार्यालयको टोल फ्री नं. १८१०५०००६१ मा रेकर्ड गराउनुहुन वा gunaso@oagnep.gov.np मा इमेल गर्नु हुन अनुरोध छ ।



**आन्तरिक राजश्व विभागको सूचना**

व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताले Online सेवामार्फत् आफ्नो अभिलेख (KYT) आफै अद्यावधिक गर्ने प्रक्रिया–

१. ird.gov.np मा Log in गर्ने
६. KYT लिंकमा क्लिक गर्ने
२. Taxpayer Portal मा क्लिक गर्ने
७. स्क्रिनमा देखिएका सूचनाहरु भर्ने
३. General Menu को Taxpayer Log in मा क्लिक गर्ने
८. Save बटन क्लिक गर्ने
४. आफ्नो PAN, User ID, Password भर्ने
९. मोबाइल वा इमेलमा प्राप्त भएको OTP राखी
(यदि User ID, Password नभएमा वा बिर्सिएमा आफैले User ID, Password Create-Reset गर्न सकिनेछ ।)
Verify गर्ने ।

KYT अद्यावधिक गर्ने करदातालाई SMS मार्फत् विभिन्न जानकारी प्राप्त हुनेछ । तसर्थ । KYT हरेक वर्ष अद्यावधिक गर्नु पर्दछ ।



नेप्से अनलाइन ट्रेडिङ सिस्टम (NOTS) मार्फत शेयर खरिदबिक्री गर्दा निम्न कुराहरूमा जानकारी राख्न हुन ल्भ्एक्ष सम्पूर्ण लगानीकर्तामा अनुरोध गर्दछ :

❑ नेप्सेको सदस्यताप्राप्त धितोपत्र दलाल कम्पनी/शाखाबाट नट्स प्रयोग गर्नका लागि युजरनेम (USER NAME) र पासवर्ड (PASSWORD) निःशुल्क प्राप्त गर्न सकिन्छ । धितोपत्र दलाल कम्पनीहरुको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट www.nepalstock.com तथा www.nepalstock.com.np मा उपलब्ध छ ।
नेप्से अनलाइन ट्रेडिङ सिस्टम (NOTS) मार्फत शेयर खरिदबिक्री गर्दा निम्न कुराहरुमा जानकारी राख्न हुन ल्भ्एक्ष सम्पूर्ण लगानीकर्तामा अनुरोध गर्दछ :
❑ लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीमा जोड्ने माध्यम टिएमएस हो जसबाट लगानीकर्ताले खरिद तथा बिक्री आदेश प्रविष्ट गराउन सक्छन् । प्रविष्ट गरिएको आदेशको हरेक अवस्थाको जानकारी इचमभच द्ययथप मा गई प्राप्त गर्न सकिन्छ ।
❑अनलाइन युजरले ब्रोकर मार्फत वा आफैले खरिद विक्री आदेश प्रविष्टि गरी कारोवार गर्न सक्छन् ।
❑लगानीकर्ताको एउटा हितग्राही खातालाई ब्रोकरसँग खोलिएको एउटा कारोबार खातासँग मात्र आवल गरेपछि नट्समा कारोबार गर्न सकिन्छ । राफसाफ तथा फछ्र्यौट सम्वन्धी कार्य समेत यसैवाट हुन्छ ।
❑ कारोबार सीमा तथा धितोपत्र खरिद पछिको राफसाफ तथा फछ्र्यौट कार्यका लागि टिएमएसबाट क्लियरिङ बैंकको (Banking Portal) मा गई लगानीकर्ताले ब्रोकरको ब्अअयगलत मा Fund/Collateral Transfer गर्न सक्छन् । नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसँग आवद्ध बैंक तथा वित्तीय संस्थाबाट पनि यो सुविधा लिन सकिन्छ ।
❑ धितोपत्र बिक्री पश्चात www.meroshare.cdsc.com.np मार्फत MY EDIS खोली Transfer share गर्नु पर्ने हुन्छ । यसरी Transfer share गरे पश्चात मात्र धितोपत्रको राफसाफ गर्न सम्भव हुन्छ ।
लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीमा जोड्ने माध्यम टिएमएस हो जसबाट लगानीकर्ताले खरिद तथा बिक्री आदेश प्रविष्ट गराउन सक्छन् । प्रविष्ट गरिएको आदेशको हरेक अवस्थाको जानकारी इचमभच द्ययथप मा गई प्राप्त गर्न सकिन्छ ।
पनि यो सुविधा लिन सकिन्छ ।

**नेपाल स्टक एक्सचेञ्ज लि.**
युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौं ।


ॐ हीरक महोत्सव

## सरोकारवाला नागरिक समक्ष जारी सन्देशमूलक जानकारी

- विमानस्थल वा हेलिप्याड नजिक भवन, घर, टहरा, टावर, प्रसारण लाइन, एन्टेना, चिम्नी, क्रेन, लट्टा, वा अन्य कुनै भौतिक संरचना निर्माण वा खडा गर्न वा पुनर्निर्माण गर्नुपूर्व नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम प्राधिकरणले तोकेको शर्त एवं मापदण्डमा उल्लिखित व्यवस्था बमोजिम अनिवार्य रुपमा पूर्वस्वीकृति लिनु पर्नेछ।
- प्राधिकरणले विमानस्थल वा हेलिप्याड नजिक पूर्वस्वीकृति बिना कुनै भौतिक संरचना निर्माण वा पुनर्निर्माण गरेमा निर्मित वा पुनर्निर्मित भौतिक संरचना पूरै वा केही भाग भत्काउन, उखेल्न वा काट्न लगाउनेछ। साथै प्राधिकरणले सो बापत लागेको सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति/पक्षबाट असल उपर गरी आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाउनेछ।
- गैरसैनिक हवाई उडान नियमावली, २०५२ र नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८ मा भएको व्यवस्था बमोजिम कुनै पनि व्यक्ति महानिर्देशक वा अधिकार प्राप्त व्यक्तिको आदेश बिना विमानस्थल क्षेत्रमा प्रवेश गर्न हुँदैन।
- गैरसैनिक हवाई उडान नियमावली, २०५२ र नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८ मा भएको व्यवस्था बमोजिम विमानस्थल क्षेत्रको तीन किलोमीटर वरपर कसैले पनि बधशाला स्थापना गर्नु हुँदैन।

गैरसैनिक हवाई उडान नियमावली, २०५२ र नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८ मा भएको व्यवस्था बमोजिम विमानस्थल क्षेत्रको कम्तीमा तीन किलोमीटर वरपर कसैले पनि वातावरण दूषित पार्ने किसिमले खुला रुपमा फोहरमैला आदि अव्यवस्थित तवरले थुपार्न र फ्याक्न हुँदैन। जथाभावी फोहोरमैला गर्ने व्यक्ति वा संस्थालाई प्राधिकरणले समय-समयमा निर्धारण गरे अनुसार दण्ड जरिवाना गर्न सक्नेछ।

नेपाल नागरिक उड्डयन प्राधिकरण





हीरक महोत्सव


राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
आफ्नो भनेको आफ्नै हुन्छ
www.rbb.com.np
"SME कर्जाको विस्तार, ग्रामीण जीवनमा सुधार"
को सपना साकार पार्न
गाउँ देखि शहर सम्म, उद्योग देखि व्यापार सम्म
RBB SME LOAN
५ करोड LOAN
विशेषताहरू
» रू ५ करोड सम्मको कर्जा सीमा
» न्यूनतम ब्याजदर ८.५३% मात्र
» ७ कार्य दिनभित्र कर्जा सम्बन्धी निर्णय गरिने
» उत्पादनमूलक उद्योगहरुलाई विशेष प्राथमिकता
विस्तृत जानकारीका लागि नजिकको राष्ट्रिय वाणिज्य बैंकको शाखामा सम्पर्क गर्नसक्नु हुनेछ ।


नेपाल बैंक लिमिटेडको
आकर्षक कर्जा सुविधाहरु
सरल प्रक्रिया तथा सुलभ ब्याजदरमा उपलब्ध छन्...
Auto Loan
लघु उद्यम कर्जा
आवास कर्जा
समृद्ध व्यवसायी कर्जा
नेपालको पहिलो बैंक
शेयर धितो कर्जा
सुन चाँदी
सजिलो व्यवसाय कर्जा
घडेरी कर्जा
24/7
कल सेन्टर: ०१-५९७११११
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
नेपालको पहिलो बैंक
www.nepalbank.com.np

ॐ हीरक महोत्सव

## पूर्वाधार विकास कार्यालय मोरङको जनहितमा जारी सन्देश

- सवारी साधन सडक किनारमा पार्किङ नगरौं, पैदल यात्रीले बाटो काट्दा होसियारी अपनाऔं ।
- जेब्रा क्रसिङबाट मात्र बाटो काट्ने गरौं, सम्भावित दुर्घटनाबाट आफू बचौं र अरूलाई पनि बचाऔं
- सडकमा घर पालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- बाढी पहिरो तथा अनय कारणबाट सडक संरचनाहरू अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सबै सवारी साधनले लेन अनुशासन कायम गरौं, साइकल तथा रिक्सा चालकले सर्भिस रोड मात्र प्रयोग गरौ ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं, सुरक्षित तथा भूकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- प्राविधिकको निगरानीमा मात्र भौतिक संरचना निर्माण गरौं ।
- सडक, मोटरेबल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व पनि हो । त्यसैले भौतिक संरचनाको निर्माणदेखि प्रयोग गर्ने बेलासम्म पनि सचेत रहौं ।

**पूर्वाधार विकास कार्यालय**
मोरङ

## नागरिक सचेतनाका लागि चौदण्डीगढी नगरपालिकाको अनुरोध

- आफ्नो घर वरपर, टोल तथा बजार पूर्णरूपमा सफा राखौं ।
- प्लाष्टिकजन्य फोहोर उचित व्यवस्थापन गरौं ।
- नक्सा पास गराएर मात्र आफ्नो घर निर्माण गरौं ।
- गर्मी समयमा साँझपख बाहुला भएको लुगा लगाऊँ, राति सुत्दा झूलको प्रयोग गरौं र मलेरिया, कालाजार, डेङगो जस्ता रोगहरूबाट बचौं ।
- गर्भवती महिलाले कम्तिमा ४ पटक स्वास्थ्यकर्मीबाट गर्भ जाँच गराऔं ।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घट्ना ३५ दिनभित्र दर्ता गराऔं ।
- नगरपालिकामा रहेका पर्यटकीय स्थलहरूको संरक्षण गरौ ।
- नगरमा भैरहेका विकास निर्माणका कार्यमा मिलेर योगदान गरौं ।

**चौदण्डीगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कोशी प्रदेश, उदयपुर

## "जहा बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहा बाँस"

बाँस आफैमा चिनाउनै नपर्ने एक महत्वपूर्ण वनस्पति हो। यो कृषकको घर आँगनमा खेती गरिने लाभदायक बोटबिरुवामा पर्दछ। बाँसलाई बहुआयामिक फाइदायोग्य वनस्पतिमा लिइन्छ। धार्मिक, आर्थिक, सामाजिक एवम् पर्यावरणीय दृष्टिकोणले यसको महत्व बढदो छ। बाँसलाई व्यावसायिक खेतीको रुपमा बिस्तार गरिदै आएको पाइन्छ। वर्तमान अवस्थासम्म आइपुग्दा ग्रामिण तथा दूरदराजमा रहेका विपन्न वर्गको आर्थिक उत्थानमा बाँस खेतीको विस्तारले महत्वपूर्ण भूमिका खेलेको छ। अहिले जुवा, हलो र कोल बाहेक प्रायः सबै सामग्री बाँसबाटै बनाउन थालिएको छ। यसरी बाँसको महत्वलाई देश तथा विदेशमा चिनाउन, बाँसको धार्मिक, साँस्कृतिक, पर्यावरणीय, आर्थिक लगायत बहुआयामिक उपयोग, बाँस संरक्षण तथा खेती बिस्तार र उद्यम विकासमा देखिएका नवीनतम प्रविधिहरुको बारेमा जानकारी गराउने उद्देश्यले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका दिक्तेलमा नेपालमै प्रथम राष्ट्रिय बाँस सम्मेलन समेत २०८१ फागुन १५ देखि १७ गतेसम्म तीन दिन सम्पन्न भएको छ। जसका कारण बाँसको महत्व र उपयोगिता थप उचाइमा पुगेको छ। तसर्थः

१. बाँसको संरक्षण र खेती विस्तारमा नगरपालिकासँग हातेमालो गर्दै अघि बढौं।
२. बाँसबाट बनेका स्थानीय उत्पादनलाई प्राथामित्ता दिऔं, बाँस सम्बन्धी उद्योग स्थापना गरी घरेलु तथा स्वदेशी उत्पादनलाई प्रोत्साहित गरौं।
३. बाँसको प्रयोग, उपयोगिता र सम्भावनाको बारेमा जानकारी गराऔं।
४. बाँसको विकास, विस्तार तथा उद्यमशीलता प्रवर्द्धनमा देखिएका समस्या, अवसर तथा चुनौतीहरुको निक्र्यौल गरौं।
५. बाँसको राजधानी दिक्तेल जाऔं र आन्तरिक पर्यटन प्रवर्द्धन गरौं।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
दिक्तेल खोटाङ



## जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो। यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ। त्यसैलेः

- सडक अतिक्रमण गरि सडकको केन्द्र विन्दुबाट च्ष्नजत या ध्बथ को क्षेत्राधिकार भित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं।
- सम्बन्धित निकायको अनुमति विना कुनै पनि शाखा सडक निर्माण नगरौं।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं।
- निर्माण तथा व्यापारिक सामग्रीहरू सडक तथा फुटपाथमा नराखौं।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अवरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं।

पूर्वाधार विकास कार्यालय
पाँचथर
फोन नं. ०२४–५२२१४३

## भौतिक पूर्वाधार विकास मन्त्रालयको
## स्थापनादेखि हालसम्मको प्रगति विवरण

(१) नेपालको संविधानमा भएको व्यवस्था अनुसार संघीय संरचनाको कार्यान्वयनको सन्दर्भमा संविधानको भाग १३ मा प्रदेश कार्यपालिका सम्बन्धी भएको व्यवस्था बमोजिम मिति २०७४/११/०३ मा यस मन्त्रालय स्थापना भएको हो। यस मन्त्रालय अन्तर्गत दुई वटा प्रमुख पूर्वाधारका क्षेत्रहरू रहेका छन्। सडक पूर्वाधार क्षेत्र अन्तर्गत संघ र स्थानीय तहको कार्य क्षेत्र बाहेक कोशी प्रदेश भित्रका प्रादेशिक लोकमार्ग, प्रादेशिक सहायक लोकमार्ग र प्रादेशिक मार्ग पर्दछन्। यी सडकहरूमा पर्ने नदी तथा खोलामा सडक पुल, झोलुङ्गे पुल स्तरोन्नति तथा मर्मत सम्भार समेत यस क्षेत्र अन्तर्गत पर्दछ। आवास, भवन तथा शहरी विकास क्षेत्र अन्तर्गत सरकारी भवनहरू, विशेष समुदाय लक्षित आवास कार्यक्रम र ग्रामीण तथा शहरी पूर्वाधार निर्माण तथा मर्मत सम्भार आदि कार्य पर्दछ।

(२) प्रदेश सरकार स्थापना भएदेखि हालसम्म नीति तथा कानूनी निर्माण सन्दर्भमा, प्रदेश भवन ऐन, २०७६ प्रदेश सार्वजनिक सडक ऐन, २०७७, जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५, अस्पताल भवन निर्माण पूर्व अनुमति सम्बन्धी कार्यविधि, २०७९, फोहरमैला व्यवस्थापन रणनीतिक साझेदारी कार्यविधि, २०८०, Guideline for Defect Liability Period (DLP) Management, आन्तरिक नियन्त्रण प्रणाली, २०८१, सडक मर्मत सम्भार दिग्दर्शन, २०८१ र प्रादेशिक सञ्जाल सूची समेत तर्जुमा भएका छन्।

(३) सडक, सडकपुल तथा झोलुङ्गे पुल क्षेत्र तर्फ आ.व. २०७५/७६ देखि आ.व. २०८१/८२ को पहिलो त्रैमासिक अवधिसम्म कुल ४५३.९२ कि.मि. लम्बाइका ३७ वटा बहुवर्षीय सडक, सोही अवधिमा ४०३.२० कि.मि. सडक ट्र्याक ओपन, १३९०.५८ कि.मि. सडक ग्राभेल, २४.०६ कि.मि. आर.सि.सि. सडक र ६०८.२७ कि.मि. कालोपत्रे सडक, ९३ वटा पक्की पुल र २२२ वटा झोलुङ्गे पुल समेतको निर्माण कार्य सम्पन्न भएको छ।

(४) शहरी विकास तथा भवन तर्फ बहुतले पार्किङ तथा सञ्चार केन्द्र, इलाम, नेपाल इन्जिनियरिङ एशोसिएसन प्रशासनिक भवन, विराटनगर, कुईभीर शहीद स्मृति भवन ओखलढुङ्गा आदि पर्दछन्। सामुदायिक भवन ११३, सरकारी भवन २८ वटा, जनता आवास कार्यक्रम अन्तर्गत घर निर्माण ७,२८४ वटा, एकीकृत बस्ती विकास अन्तर्गत १६ वटा कार्यक्रम, सरकारी भवन तथा अन्य भवन १४८ वटा मर्मत सम्भार, भ्युटावर २ वटा, रङ्गशाला १ वटा र अन्य पूर्वाधार निर्माण ७१ वटा सम्पन्न भएको छ।

**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर, नेपाल**

हीरक महोत्सव

## जनहितमा जारी सन्देश

*सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । त्यसैले:*

- सडक अतिक्रमण गरि सडकको केन्द्र विन्दुबाट चष्नजत या ध्बथ को क्षेत्राधिकार भित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमति विना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अवरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

**पूर्वाधार विकास कार्यालय**
सङ्खुवासभा
फोन नं. ०२९–५६२०४५

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

*पाँचथरको जनहितमा जारी सन्देश*

सरसफइ हो हाम्रो स्वास्थ्य, सरसफाइ हो सम्पति ।
सरसफाइ हो प्रतिष्ठा, सरसफाइ हो प्रगति ।

*नयाँ आयोजनाको लागि*

१. वडाको रोहवरमा ७ देखि ११ जनाको समिति गठन गर्ने र पान नम्बर लिने ।
२. गाउँपालिकामा विधान बनाई दर्ता गराउने र बैंकमा समितिको खाता खोल्ने ।
३. कामको लागि कार्यालयसँग सम्झौता गर्ने र २० प्रतिशत जनश्रमदान गर्न सबै उपभोक्ताहरुलाई जानकारी गराउने । यो जनश्रमदान आम उपभोक्ताहरुले अनिवार्य रुपमा गर्नु पर्दछ ।

*पुरानो क्रमागत आयोजनाहरुको हकमा*

१. उपभोक्ता समिति नवीकरण गराउने । २. लेखा परीक्षण गराउने । ३. कर चुक्ता गर्ने । ४. निर्णय तथा निवेदन पेश गरी कार्यालयमा सम्झौता गर्न आउने । ५. सरसफाइ सम्बन्धी चेतनामुलक काम गर्ने र २० प्रतिसत जनश्रमदान जुटाउने ।

**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**
पाँचथर

# नेपाली समाज रूपान्तरणको आलोक : रेडियो नेपालको पचहत्तर वर्ष



डा. नवराज लम्साल

रेडियो नेपालको स्थापना गर्ने संस्थापक समूहको चेतनामा रातारात रेडियो नेपाल खोलौँ भन्ने तरङ्ग आएको होइन। यसको भ्रुण निकै अघि उम्रिसकेको थियो।

२००७ सालअघि देशमा राणाहरूको शासन थियो। त्यसका विरुद्ध चल्दै गरेको सशस्त्र आन्दोलन विस्तारै उत्कर्षमा चढ्दै गर्दा रेडियो प्रसारणको अनौपचारिक प्रारम्भ तात्कलीन विद्रोहीहरूले २००७ साल मङ्सिर महिनामा भोजपुरबाट गरेका थिए।

## इतिहास निर्माणअघिको सङ्क्षिप्त इतिहास

विभिन्न ठाउँमा उल्लेख भएअनुसार मोहन शमशेर राणा श्री ३ महाराज भएपछि उनले भोजपुरमा आकाशवाणी स्थापना गरेका थिए। त्यहाँ केही उपकरण थिए। विश्वयुद्धका बेला प्रसारण उपकरण सम्बन्धी तालिम लिएका नारदमुनिले सहकर्मी श्रीपाल राईसँग केही सल्लाह गरे। त्यतिखेर नेपाली काँग्रेसले राणा विरुद्ध संघर्ष गरिरहेको थियो। प्रथम र द्वितीय विश्वयुद्ध लडेर आएका कतिपय लडाकु काँग्रेसको मुक्ति सेनामा संलग्न थिए। भोजपुरकै एउटा विद्यालयमा जयेन्द्र थपलिया शिक्षक थिए। उनकै योजनाअनुरूप एक दिन शनिवारे हाट लागिरहेको बेला नक्कली धामी र नक्कली विरामी भएर धामी नाच प्रदर्शन गर्दै गर्दा सिपाहीहरू मन्त्रमुग्ध भएर हेरिरहेका थिए। त्यही मौका पारेर सिपाहीका सबै हतियार खोसे।

यसरी खोसिएको हतियार साथमा राखेर आकाशवाणीको उपकरण प्रयोग गरी रेडियो सञ्चालन गरे। त्यो समयले दिएको अनेकन उतारचढाब खेपेर प्रसारणको यो अभ्यास विराटनगर सर्‍यो। कति भोजपुरकै प्रसारकहरू विराटनगर आइपुगे त कति त्यहीँका नयाँ थिए।

विराटनगरबाट सर्टवेभको ४१ मिटर ब्याण्डमा प्रसारण भएको थियो। समाचारसँगै गीत गुञ्जेथ्यो। महाकवि लक्ष्मीप्रसाद देवकोटाको रचनामा रानुदेवी अधिकारीले गाएकी थिइन् :

आज देशको क्रान्ति युद्धमा

हाम्रो एक पुकारा होस्

लड्दा लड्दै मरे मरौँला

यो नै एउटा नारा होस्।.....

नेवार आऊ, पर्वते आऊ, आऊ वीर गुरुङ राई
मधेशी, क्षेत्री, बाहुन आऊ, तामाङ अरु मगर भाइ
सबै जातिको रक्त मिलेको बग्ने एउटै धारा होस्
लड्दा लड्दै मरे मरौँला यो नै एउटा नारा होस् ।

गीतले भनेझैँ सबै आए । आन्दोलनले सफलता पायो । विराटनगरमा प्रसारण भइरहेको प्रजातन्त्र रेडियोले २००७ साल चैत्र १९ गते दिउँसो सगौरव एउटा सूचना प्रसारण गर्‍यो : 'भोलिको कार्यक्रम हामी काठमाडौंबाट प्रसारण गर्नेछौ, विराटनगरवाट बिदा हुन्छौ नमस्ते' ।

.............................

स्वाभाविक हो समय गतिशील छ । सुधार ल्याउँछु, परिवर्तन गर्छु र रूपान्तरित हुन्छु भने पनि नभने पनि धेरै कुरा समयकै गतिमा निर्धारण हुनेरहेछ । समयको पोल्टामा समय आयो । रेडियो प्रसारणले सूचना र समाचार मात्र दिएन, रेडियो प्रसारण आफैँमा एउटा समाचार बनेर जन्मियो । २००७ साल चैत्र १७ गते शुक्रबार गोरखापत्रको पहिलो पृष्ठमा यस्तो सूचना प्रसारण भएथ्यो :

*'समाचार प्रसारण (बोडकाष्टिङ)'*

*'पर्सि चैत्र २० गतेका दिन काठमाडौंबाट समाचार (बोडकाष्टिङ) सुरु हुने भएको छ । त्यसको विवरण आगामी सङ्ख्याको गो.प.मा प्रकाशन गरिने छ ।' – नेपाल प्रचार विभाग*

चैत २० गतेको गोरखापत्रमा रेडियो प्रसारण सम्बन्धी सम्पादकीय छापिएको थियो भने चैत्र २२ गतेको गोरखापत्रमा यस्तो समाचार थियो –

'ध्वनि विस्तार ।'

काठमाडौं चैत २१ गते ।

प्रजातन्त्र नेपाल रेडियोबाट बिहान ८ ॥ बजेदेखि ९ ॥ बजेसम्म र साँझमा ६ ॥ बजेदेखि ७ ॥ बजेसम्म ४१ मिटरबाट खबर प्रसारित भइरहेको छ । आज नेपालका कवि सङ्गीतकारहरूले आ–आफ्ना रचनाआदि प्रसार गरिराखेको खबर छ ।'

.................

अन्ततः १९ गते विराटनगरबाट प्रसारित पूर्व सूचना अनुसार २० चैत २००७ मा औपचारिक प्रसारण प्रारम्भ गर्दै तारिणीप्रसाद कोइरालाले बोले : यो प्रजातन्त्र नेपाल रेडियोको आवाज हो । ४१ मिटर ब्याण्डमा हामी काठमाडौंबाट बोलिरहेका छौं ।

सबैभन्दा पहिले कोइरालाले समाचार वाचन गरे । त्यसपछि हरिप्रसाद रिमालले गीत गाए –

मेरो दिल टुक्रा पारेर आँखाको बाटो हुँदै बहने छ। यस गीतका रचनाकार शङ्कर लामिछाने थिए। 'समाचार' र 'सङ्गीत' रेडियो प्रसारणको आरम्भमै प्रसारणका जुम्ल्याहा भएर जन्मिए। आज पनि रेडियो प्रसारणमा समाचार र सङ्गीत सँगसँगै सँगसँगै प्रसारित हुँदै आएका छन्। समाचार प्रसारणलाई निम्तो दिएर आज पनि समाचारको हरेक बुलेटिनअघि सङ्गीतको तरङ्ग पोखिन्छ र त्यसपछि मात्रै समाचार बोल्छन् प्रसारकहरू।

समाचार प्रसारण सकियो। हरिप्रसाद रिमालले गीत गाए। यी सबै लाइभ थिए। रेकर्डिङको व्यवस्था थिएन। बाँसुरी, चाँप, मुजुरा, तवला र मादल बजेको थियो। अरू बाजाको स्वरलाई हार्मोनियमको स्वरले नथिचोस् भनेर हार्मोनियममाथि कपडा राखिएको थियो। बिहान, दिउँसो र बेलुकीको सेवा भनेर प्रसारण समयलाई ३ सेवामा बाँडिएको थियो। प्रत्येक सभा १ घण्टा ३० मिनेटको थियो।

## प्रसारणको काल विभाजन :

प्रारम्भिक कालका प्रसारकहरूमा नयाँ जोश, जाँगर र उन्मुक्तता थियो। त्यस यताका ७५ वर्षलाई समयको केस्राामा बाँडेर हेर्न सकिन्छ। यस विभाजनमा त्यति ठूलो वैज्ञानिक आधार त छैन तर केही सूचकहरूका आधारमा अध्ययनको सजिलोका लागि फरकफरक समयखण्डमा राखेर हेर्न सकिन्छ।

१. २००७ देखि २०२३ सम्म

२. २०२३ देखि २०४१ सम्म

३. २०४१ देखि २०५२ सम्म

४. २०५२ देखि २०७२ सम्म

५. २०७२ देखि पिसबीसम्म

...............................

## १. २००७ देखि २०२३ सम्म

कुनै पनि कुराको सुरुवात जस्तै सजिलो हुँदैन निरन्तरता। सुरुवातमा स्टुडियोको रूपमा एउटा कोठा। बीचमा टेवुल। टेबुलमाथि झुन्डिएको माइक। लहरै घेरा परेर उभिएका प्रसारक, गायक। एक जना प्राविधिक क्युल्याम्पको काम गर्थे, बोल्ने इशारा गर्थे र अर्का प्राविधिक प्रसारण नियन्त्रण गर्थे। श्यामदास वैष्णवले बताएअनुसार त्यतिखेर माष्टर ठाकुरदासले क्युल्याम्पको काम गरेका थिए र बद्रीप्रसाद ठाकुरले प्रसारण सञ्चालन गरेका थिए।

त्यतिखेरका प्रसारकहरूमा तारिणीप्रसाद कोइराला, हरिप्रसाद रिमाल, जनार्दन सम, श्यामदास वैष्णव, रश्मी राज्यलक्ष्मी राणा, शकुन्तला शर्मा, मुरारीकृष्ण शर्मा, एलिस राणा, प्रकाशमान

सिंह, राजेन्द्र गुप्ता, हरि श्रेष्ठआदि थिए। फलेन्द्र विक्रम राणा, ज्ञानुभाइ खत्री, रामभाइ विजयानन्द, बद्रीनाथ श्रेष्ठहरू पनि त्यही समयका प्रसारक हुन्।

नयाँ थियो उत्साह र नयाँ गर्नु थियो केही न केही। एउटा व्यक्तिले एउटा कार्यक्रमभन्दा पनि सबै मिलेर पालैपालो कार्यक्रम सञ्चालन गर्थे। बाल कार्यक्रम, छात्र कार्यक्रम, फौजी, किसान र प्रश्नोत्तर कार्यक्रमहरू प्रसारण हुन्थे। जनमुक्ति सेना नेपाल प्रहरीमा गाभिएपछि 'पुलिस प्रोग्राम' सुरु गरिएको थियो। नारी कार्यक्रम २००८ साल वैशाखदेखि नै सञ्चालन भएको हो। गीत प्रस्तुत गरेर प्रसारणलाई भरिलो पार्ने कलाकारहरूमा हरिप्रसाद रिमाल, समरबहादुर मल्ल, हरिबहादुर रन्जित, उही गोविन्दबहादुर गुरुङ, किशोरीदेवी, कोइलीदेवी, नातिकाजी, शिवशङ्करआदि थिए। सुरुसुरुमा लाइभ गीतसङ्गीतले नै प्रसारणको सम्पूर्ण समय भरिन्थे। समाचारवाला द्रुत गतिका उपियाँजस्ता हुन्, हातमा भएको समाचार पढ्यो, स्टुडियोबाट फुत्त निस्कियो तर कार्यक्रम प्रसारकहरूले भने तोकिएको प्रसारण समय जसरी पनि भर्नुपर्ने थियो। त्यो क्रम आज पनि छ।

प्रसारणको लोकप्रियता र चाप बढेसँगै विभाग विभाजन गरेर कामको जिम्मेवारी तोकिने परम्परा सुरु भयो। २००९ साल चैत २० गते आइपुग्दा जनार्दन सम कार्यक्रम विभागको प्रमुख भए। समयको त्यही बिन्दुबाट सिर्जनशील प्रसारकहरूको प्रसारण धार सुरु भएर कार्यक्रम विभाग/शाखा/महाशाखाका रूपमा विकसित हुँदै आएको मान्न सकिन्छ।

आजजस्तो सूचनाको व्यापकता पनि थिएन। सूचनामा पहुँच र प्रशोधनमाथि नियन्त्रण पनि थिएन। केही कार्यक्रम कार्यक्रमकै नाममा चले चलाइए पनि अधिकाँश समय गीतसङ्गीतकै थिए। नेपाली, नेवारी र अङ्ग्रेजी समाचार प्रसारण भए पनि समाचारमा समय कति नै हुन्थ्यो र ? समाचारका स्रोत तथा सामग्रीमा पहुँच पनि त्यति सजिलो थिएन। तोकिएको समयमा फेरि पनि कार्यक्रम र गीतकै साहरा। गीत पनि लाइभ। कार्यक्रम विभाग अन्तरगत पूर्ण लामा, गोपालराज पन्त, जनकलाल शर्मा, शौभाग्य धौभडेल, शान्ता श्रेष्ठ, प्रभा बस्नेतहरू थपिँदै आए। समाज, संस्कृति, बालबालिका, फौज, पुलिस, पर्व विशेष र ठूलाबडा मान्यजनका जन्मदिन, उत्सव आदिका विषय केन्द्रित प्रसारण चल्दै गए।

## २. २०२३ देखि २०४१ सम्म

यो समय खण्ड प्रविधि, प्रसारक, विषय विविधता र प्रभावका हिसाबले महत्वपूर्ण छ। विभिन्न दातृराष्ट्रको सहयोगमा सिंहदरबारमा स्टुडियो विस्तार, नयाँ कार्यक्रमहरूको सुरुवात तथा संरचनात्मक रूपमा कार्यक्रम, समाचार, इन्जिनियरिङ र प्रशासन फरक फरक विभाग गठन जस्ता कामहरू भए। लोकलहरी, सुनगाभा, एक मुटु अनेक धड्कन, गीतिकथा, विदेशमा बस्नेहरूका लागि कार्यक्रमआदि सुरु भए। किरण खरेल, दामोदर अधिकारी, सिद्धान्तराम

जोशीहरू यस खण्डका पूर्वार्द्धका प्रसारकहरू हुन् ।

२०२८ सालमा 'विकासका लागि सञ्चार' भन्ने नारा प्रारम्भ भएपछि रेडियो नेपालमा पनि त्यसको प्रभाव पर्‍यो । प्रसारण समय दैनिक ८ घन्टाबाट बढाएर १२ घन्टा बनाइयो ।

धन लामा, पाण्डव सुनुवार, यज्ञनिधि दाहाल, वासुदेव मुनाल, मिट्ठाराम पराजुली, निरोधराज पाण्डेआदि प्रसारकहरूले यस युगमा रेडियो प्रसारणलाई उपल्लो उचाइ दिए । धार्मिक कार्यक्रम दैनिक भएको २०२८ सालदेखि हो । यसका सञ्चालक पुरुषोत्तम सापकोटा हुन् । पछि चण्डिका पौडेल, शारदा गुरुआमा यसैमा थपिए र २०५० को मध्यतिर नवराज लम्साल पनि मिसिए । समयअनुसार कार्यक्रम थपघट र परिमार्जन हुने भए/भइरहे पनि २०६० को मध्यतिर आएर धार्मिक कार्यक्रम बन्द भयो ।

बाह्य सेवा (External Service) भनेर अङ्ग्रेजी कार्यक्रम, व्यावसायिक रूपमा विज्ञापन सेवा, फुटबल लगायतका विभिन्न खेल, पर्व तथा घटनाविशेषको प्रत्यक्ष प्रसारण यसै कालखण्डको पूर्वार्द्धका मुख्य उपलब्धि हुन् । माइकल चन्द (हरिश चन्द) को अङ्ग्रेजी प्रस्तुतिलाई रेडियो नेपालको इतिहासमै उच्च सम्मानका साथ हेरिन्छ । मोजार्ट र बेथोविनलगायतका अङ्ग्रेजी गीतसङ्गीतका साधकहरूको खोजबिन र शास्त्रीय स्वादका अङ्ग्रेजी गीतहरूको प्रस्तुतिमा माइकल चन्दको आवाज निकै सुहाएको मानिन्थ्यो ।  विज्ञापन सेवा पनि त्यतिबेलैको अभ्यास हो ।

नरेश अधिकारी, खगेन्द्र नेपाली, यादव खरेल, किरण खरेल, दामोदर अधिकारी, ध्रुव थापा, पुरुषोत्तम सापकोटा, पाण्डव सुनुवारआदि निकै चर्चित प्रत्यक्ष प्रसारक (Comentator) हुन् ।

हाजिरी जवाफ, इन्द्रेणी, अतीतका गीत, रसरङ, हाम्रो संस्कृति, रोदी, स्वस्थ्य र सफाइ, झरना र झङ्कार, खेलकुद, फूलबारी, चौतारी, साहित्य संसारआदि यस समयका कार्यक्रमहरू हुन् । नुपूर भट्टाचार्य, देवी शर्मा, सूर्यकुमारी पन्त, हिरण्य भोजपुरेआदि प्रसारक थिए । २०३० को दशकमै रसरङ कार्यक्रमका बेजोड प्रतिभा थिए महजोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य । यसै कार्यक्रममा संलग्न थिए सन्तोष पन्त । उनीहरूले प्रस्तुत गरेको प्रहसनको खित्का दीर्घकालीन हाँसो भनेर स्मृतिमा बाँचिरहेछ । हरिप्रसाद रिमालको नाटक निर्देशन र सुशीला रायमाझी, लोकमणि सापकोटाआदि कलाकारको अभिनयले रेडियो नाटकको निकै गहिरो प्रभाव थियो । रेडियो नाटक त्यस समयको चर्चित उपलब्धी हो ।

गाउँ फर्क कार्यक्रम, मजदूर कार्यक्रम, कृषि कार्यक्रमआदि यही समयका हुन् । कृषि कार्यक्रमको जेटिए र बूढी आमा अत्यन्तै लोकप्रिय थिए । बूढी आमा बनेकी लक्ष्मी भूषालको प्रसारक प्रभाव आजसम्म पनि सुरक्षित छ । स्कुल प्रसारण कार्यक्रम तथा परिवार नियोजनजस्ता कार्यक्रमको अर्कै प्रभाव र उपस्थिति देखिन्थ्यो । प्रसारणका हिसाबले यो समय रेडियो

नेपालको स्वर्ण काल थियो । प्राय सबै जना उत्तिकै लोकप्रिय उत्तिकै प्रभावशाली ।

### ३. २०४१ देखि २०५२ सम्म

२०४१ सालमा रेडियो प्रसार सेवा विकास समिति बन्नुअघि रेडियो नेपाल तात्कालीन प्रसार विभाग थियो । यो संरचनागत परिवर्तनपछि रेडियो नेपालको मूल प्रसारणमै पनि आमूल परिवर्तन आयो । रेडियो नेपालले आफैं कमाएर खानुपर्छ भन्ने वाक्यांशको प्रयोग त्यही बेलादेखि भएको हो । विज्ञापन प्रसारणले थप गति लियो, प्रायोजित कार्यक्रमहरू प्रसारण प्रारम्भ भए र 'रेडियोको टोन' केही हदसम्म फरक सुनियो । प्रसारण समय १२ घण्टाबाट १६ घण्टा भयो । यस समयमा समाजलाई मनोरञ्जनात्मक तरङ्ग दिएको बेजोड प्रस्तुति सुन्दर सुशील सङ्गीत र फोन इन कार्यक्रम हो । रसरङ, कृषि, शाही नेपाली सैनिक, हाम्रो वन, शैक्षिक कार्यक्रम, परिवार नियोजनआदि प्रायोजित कार्यक्रमका रूपमा स्थापित भए । रेडियोले समयको मूल्य निर्धारणका लागि सुपर टाइम, ए टाइम,  बी टाइम र सि टाइम गरी समय विभाजन गऱ्यो ।

इतिहासको अर्को ठूलो परिवर्तनको समय यही बीचमा थियो । २०४६ को ऐतिहासिक जनआन्दोलन, पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको उदयसँगै केही परिवर्तनहरू देखा परे । राष्ट्रिय गीत भनिने गीतलाई स्वदेशगान भन्न थालियो । पञ्चायतको प्रशंसा र राजाको अनावश्यक स्तुतिका गीतहरू थन्को लागे । घटना र विचार, परिवेश र अखबारजस्ता कार्यक्रमहरू थपिए । छुट्टै रिपोर्टिङ युनिट सुरु भयो । रेडियो नेपालमा विभिन्न शाखामा कार्यरत कर्मचारीहरूलाई भेला पारेर रिपोर्टिङ युनिट बनाइयो । कृष्ण केसीले त्यसको अगुवाइ गरेका थिए । २०४७ भदौदेखि 'यो हप्ता' नामको विश्लेषणात्मक कार्यक्रम सुरु भयो र यसैको विकसित रूप घटना र विचार हो, जुन कार्यक्रम विभिन्न उतारचढाब खेप्दै आजसम्म जीवित छ ।

यस समयका राम्रा पक्ष धेरै छन् । विभिन्न साङ्गीतिक तथा खेलकुद कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण, सांसद फोन इन, तात्कालीन विकास क्षेत्रअनुसारको क्षेत्रीय केन्द्रहरूबाट क्षेत्रीय प्रसारण प्रारम्भआदि महत्वपूर्ण उपलब्धि हुन् ।

पुरुषोत्तम दाहालकै तहको अर्को प्रसारक यो समयले जन्माएन । पुरुषोत्तम दाहालले घटना र विचार सुरु गरेपछि बाहिरका मान्छेलाई रेडियोमा बोल्न दिनहुन्न भनेर रेडियो नेपालका केही प्रसारकहरू विरोधमा पनि उत्रिए तर कार्यक्रम यति लोकप्रिय भयो कि पछि विरोध गर्नेहरूलाई समेत लाज लाग्यो । पत्रकार पुरुषोत्तम दाहाल त आफैं वरिष्ठ पत्रकार थिए, लेखन शिल्प थियो, वाणीमा सरस्वतीको प्रताप थियो, कृष्णप्रसाद भट्टराईजस्ता सुधी प्रधानमन्त्री थिए र उनलाई आफ्नो टिम आफैं छान्न दिए, सशक्त टिम बन्यो र यो कार्यक्रमले जनताको मन जित्यो । त्यसपछि त यो कार्यक्रम कार्यकर्ता भर्ती र नेता नजिकका मान्छेका लागि जागिर दिने

थलो बन्यो । यसका लागि आआफ्ना दलीय कित्तामा उभिएका रेडियो नेपालभित्रकै कर्मचारी संघसंगठन पनि दोषी छन् ।

### ४. २०५२ देखि २०७२ सम्म

२०५२ एफ.एम. प्रसारण प्रारम्भको समय हो । २०५२ कार्तिक ३० गते बिहान काठमाडौँबाट पहिलो पटक एफ.एम.को परीक्षण प्रसारण सुरु भयो । मिडियम वेभ र सर्टवेभ प्रसारणमा अभ्यस्त श्रोताले एफ.एम.को स्वाद पाए । नयाँ प्रविधि, प्रसारक र विषयले प्रवेश पायो । यसको सुरुवात रेडियो नपाल आफैँले गरेको हो । एफ.एम. काठमाडौँ १०० मेगाहर्जको नाममा सुरु भएको यही मञ्च प्रयोग गरेर निजी व्यक्ति र कम्पनीले नयाँनयाँ एफएम सुरु गरे ।

एफएमजस्तै तात्कालीन क्षेत्रीय अवधारणा अनुरूपका क्षेत्रीय प्रसारण कार्यालय धनकुटा, पोखरा, काठमाडौँ, सुर्खेत र दिपायलबाट छुट्टाछुट्टै क्षेत्रीय प्रसारण हुन्थे । क्षेत्रीय प्रसारण २०५० चैत २० देखि नै सुरु भइसकेको थियो तर यही कालखण्डमा यसले अपेक्षाकृत अग्लो उचाइ लियो । क्षेत्रीय प्रसारण केन्द्रहरूमा उत्पादित कार्यक्रमहरू एकअर्को प्रसारण केन्द्रमा आदानप्रदान गरेर प्रसारण हुन्थे । कतिपय कार्यक्रम केन्द्रबाट पनि प्रसारण भएका थिए । सुर्खेतमा उत्पादन भएको राउटेसँगको अन्तरक्रियात्मक कार्यक्रम केन्द्रले लिएर सगौरव प्रसारण गरेको थियो । यसरी प्रसारण सामग्रीमा विविधता र स्थानीय व्यक्ति, प्रवृत्ति र पात्र मिसिएका थिए । स्वर, शैली र विषयका हिसाबले रेडियो प्रसारण थप व्यापक र विस्तार भएको समय थियो यो । ३० को दशकमा मेहनत र मिठासले उठेको रेडियो प्रसारणको ओज र प्रभाव यस खण्डमा स्वरको विविधता र स्थानीय पहुँचको आधारमा फेरि उठेको यो अर्को समय मान्न सकिन्छ ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलन यही समयले देख्यो । यस कालखण्ड र समग्र रेडियो इतिहासकै अर्को अग्लो उचाइ हो, ‘जनतासँग प्रधानमन्त्री’ कार्यक्रम । २०६८ असोज १५ गते तात्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई स्टुडियोमा आमन्त्रण गरी २ लाइन टेलिफोन राखेर लाइभ गरिएको कार्यक्रम थियो यो । नेपाल टेलिभिजनसहित अन्य विभिन्न ६ वटा टेलिभिजनले स्टुडियोबाट लाइभ गरेका थिए । संसारमै अडियो स्टेशनमा क्यामारा बोकेर टिभी आएको पहिलो अनुभव हो यो । भोलिपल्टको दैनिक अखबारमा कसले के सोधे र प्रधानमन्त्रीले के भने भनेर ब्यानर न्युज बनेको थियो । पुरुषोत्तम दाहालको शब्दमा यो कार्यक्रम रेडियो नेपालको सर्वाधिक उचाइ हो । ती दाहाल तिनै दाहाल हुन् जसले २०४६ पछि घटना र विचार सञ्चालन गरेर त्यो समयको सर्वाधिक उचाइ चुमेका थिए । आखिर सर्पको खुट्टा सर्पले मात्रै देख्नेरहेछ ।

### ५. २०७२ देखि पिसबीसम्म

२०७२ सालमा संविधान सभाले संविधान निर्माण गरेपछिको समय राष्ट्रिय चेतना, नीति निर्माण र समयले लिएको गज्जबको कोल्टे फेराइ हो । नयाँ नेपाल बनाउने भन्ने थेगो सबैको मुखमुखमा थियो र रेडियोसँग सरोकार राख्नेले पनि नयाँ नेपालको नयाँ रेडियो बनाउने भन्ने चर्चा गर्थे । नयाँ संविधान जारी भएपछि मुलुक सङ्घ, प्रदेश र स्थानीय तहमा पुनरसंरचित थियो । संविधान निर्माणका बेलाजस्तै सक्रियता यसपछिका निर्वाचनहरूमा पनि देखिनु, देखाउनु थियो । प्रसारणमा नयाँपन चाहिएको थियो । नीतिगतरुपमा व्यवस्थापन सुधार कार्यान्वयन कार्य योजना २०७३/०७४ मा प्रारम्भ भयो । कार्यक्रम प्रसारणमा नयाँ स्वरूप देखिए ।

## विषय विविधता र कार्यक्रमहरू

सामान्यतया कार्यक्रम उत्पादनलाई ३ तहमा छुट्याइए र सोही अनुरूपको अभ्यासलाई दैनिकीमा रूपान्तरण गरियो । जस्तो :

क. दैनिक नियमित कार्यक्रमहरू, जो नियमित रूपमै प्रसारण भइरहन्छन् । नियमित अनुगमनबाटै यसलाई नियन्त्रणमा लिन सकिन्छ ।

ख. मासिक रूपमा आइपर्ने क्यालेन्डर अनुरूपका कार्यक्रमहरू, जो अघिल्लो महिनामै तालिका बनाई सोही अनुरूप उत्पादन र प्रसारण हुन्छन् । यसलाई विषय दक्षता चाहिन्छ ।

ग. तत्काल आइपर्ने विषय/सन्दर्भ, घटना/दुर्घटना, विपत्ति/प्रकोपआदिलाई तत्काल सम्बोधन गर्ने प्रयास । यसका लागि लागि तीक्ष्ण चेतना र समयबोधको सूचना सङ्ग्रह चाहिन्छ । २०७२ को भूकम्प र कोरोनाको प्रकोपको बेला रेडियो नेपालले निर्वाह गरेको भूमिका र त्यो बेला खटेका प्रसारकहरूको प्रसारण छवि आज पनि जनजनको मनमा अमर छ, अमूल्य र यादगार छ । यसो भन्नु र हुनुको कारण प्रसारकहरूले गर्न सकेको समयको बोध र राष्ट्रिय जिम्मेवारी हो । यसबाहेक सञ्चालकको विज्ञता, रुचि र क्षमताका आधारमा विषय, क्षेत्र र उद्देश्य छुट्याइएका कार्यक्रमहरू विशेष प्राथमिकतामा राखिए । छासमिस र गाजेमाजे चरित्रबाट माथि उठेर कार्यक्रमले विषयगत रूपमा केही आकार लिएको थियो । तत्कालीन झङ्कारका अङ्कहरूमा छापिएका आधारमा केही कार्यक्रमहरूलाई यसरी सम्झन सकिन्छ :

१. पर्यटनको संभावना, नीतिगत अवस्था, अभ्यास र पर्यटकीय हिसाबले प्रवर्द्धन गर्नुपर्ने ठाउँ/सन्दर्भ/विषयलाई सघाउने गरी : दूरसुदूर

२. उपभोक्ता अधिकारको संरक्षण तथा उपभोग्य सामान/वस्तु/सेवाआदिप्रति उपभोक्ता आफैँलाई जागरुक गराउने गरी : हाम्रो चासो

३. सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरण तथा विकास/निर्माणका लागि जनचासो र अभिरुचि बढाई स्थानीय तहको संभावना र समस्या केलाउन : रूपान्तरण

४.	सातै प्रदेशका प्रदेश सरकार र तिनले के कस्ता कामहरू गरिरहेका छन् भन्ने विषयको खोजीनिति गर्न : प्रदेश प्रसङ्ग

५.	दलित अधिकार, अधिकार प्राप्तिका लागि तिनका योगदान, राज्यको मूल प्र
वाहीकरणमा दलितहरूको स्थानआदि सन्दर्भ/विषय उठाउन र सम्बन्धितको जवाफ
दिलाउन : समानता

६.	मुलुकका लागि महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ठ व्यक्तित्वहरूको अनुभव र राष्ट्रिय जीवनमा त्यसबाट पुगेको योगदानआदि विषयमा सम्बन्धितहरूसँग गरिने सम्वादका लागि : फर्केर हेर्दा

७.	फरक क्षमताले यो देश सिँगार्न सक्रिय ऊर्जावान् व्यक्ति/व्यक्तित्वहरू, तिनका संगठन, सक्रियता र राज्यको मूलप्रवाहीकरणमा तिनीहरूको अवस्था र योगदानलाई सहयोग र समर्थन पुग्ने गरी : उज्यालोतिर

८.	शिक्षाका नीति निर्माता, सरोकारवाला र जनप्रतिनिधिहरूसँग गुणस्तरीय शिक्षाका लागि सामुहिक बहस र बहसमार्फत शिक्षा क्षेत्रका समस्या र समाधानका उपाय खोज्ने गरी : शैक्षिक बहस

९.	परदेश पुगेर फर्केका तथा स्वदेशमै रहेर निजी लगानीमा साना उद्योगहरू चलाएर आफू पनि आत्मनिर्भर भएका र अरूलाई पनि रोजगारी दिँदै आएका व्यक्तिहरूको अनुभव, योगदान र क्रियाशीलताको सम्मान हुने गरी : स्वरोजगार

११.	योजनाविद्, जनप्रतिनिधि तथा सर्वसाधारणसँग संवाद गरी विकासको नयाँ अवधारणा र योजनाका खाका निर्माणमा विकासतर्फ जनताको ध्यान खिच्ने गरी : विकास विमर्श

१२.	उमेर र अनुभवले खारिएका जेष्ठ नागरिकका अनुभव र समस्या समाधानको पहल गर्न : जेष्ठ नागरिक

१३.	स्कुलस्कुलमा गएर तिनै स्कुलका बालबालिकाको सीपको विकास पनि हुने र रेडियो नेपालको प्रभाव विद्यालयतहसम्म पुग्ने अपेक्षासहित बालवाटिका कार्यक्रममा : स्कुलस्कुलमा

१४.	दैनिकजसो कुनै न कुनै घटनादुर्घटना, पर्व, उत्सव भई नै रहन्छ । ती वियष र सामग्रीलाई तत्काल सम्बोधन गर्ने गरी समसामयिक कुराकानी शृङ्खला : समसामयिक कुराकानी

१५.	साहित्य केवल कोरा कल्पनामात्र होइन । यो समाजको जगबाट उठ्छ र संस्कृति, इतिहास र भूगोलसँग जोडिन्छ भन्ने दृष्टिकोणसहित साहित्यिक मूलप्रवाहीकरणका लागि : मधुवन । यो २०५४ देखि निरन्तर प्रसारण भएको कार्यक्रम हो । श्रोताहरूसँग प्रत्यक्ष कुराकानी गरिने यस कार्यक्रमको स्वरुप बदलेर यसलाई समाजसँग समाजमै पुगेर सामुहिक साहित्यिक

सांस्कृतिक बहसको रुपमा अघि बढाइएको थियो ।

यसै बीच जनसरोकार, हाम्रो स्वास्थ्य, स्वरसम्वाद, साज र आवाज, सेरोफेरो, नौलो सिर्जना, शुभेच्छा, रोधी, युवा संसार, उद्‌गार, सङ्गीत सरोवर, गजल गङ्गा, गीतिकथा, विश्व परिवेश, आजका नारी, जीवन सुख, जीवन यात्राआदि कार्यक्रमहरू समय अनुरूप आवश्यक परिमार्जन र परिष्कारसहित प्रसारण हुँदै आएका थिए । केही पुराना कार्यक्रमहरूलाई पुरानै सङ्केत धुनमा पुनः प्रसारण आरम्भ गएका थिए । जस्तो, चौतारी, साहित्य संसारआदि ।

.............

आजको नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल हो र रेडियो नेपाल स्वयं सार्वजनिक सेवा प्रसारण भइसकेको छ । यो खुशीको कुरा हो । सार्वजनिक सेवा प्रसारकका हिसाबले रेडियो नेपाल राष्ट्रिय रेडियो मात्र होइन, दायित्व र जिम्मेवारीबोधका हिसाबले पनि राष्ट्रिय धरोहर हो । उत्तेजना होइन, उत्सुकता । विकासे 'जारगन' होइन, जनआवश्यकता । भ्रम होइन, तथ्यपूर्ण सामग्री र राष्ट्रिय दायित्वबोध प्रसारणका महत्व र मूल्य हुन् । सूचना, सन्देश र सन्तुलन रेडियो नेपालका मूल मन्त्र हुन् । जप्नेहरूलाई मन्त्र साधना हो तर नजप्नेहरूलाई त मन्त्र पनि केवल कोरा अक्षर ! वर्षौंदेखि रेडियोको प्राइम भनिने समय 'किल' गरेर बसेकाहरू रेडियोबाट बाहिरिएपछि गुमनाम छन्, श्रोताले सम्झन्नन्, देशले सम्झन्न ! किन त ? किनभने ती जागिरे थिए, प्रसारक थिएनन् । तिनले तिनकै कर्मलाई त न्याय गर्न सकेनन् भने सोच्नुस् प्रसारणमाथि के न्याय भयो होला ? व्यवस्थापकले घोटेर चन्दनै खुवाए पनि आफैंभित्र जागरण नखोज्ने कोही पनि प्रसारक हुन्न । गतिलो प्रसारक नभएसम्म प्रसारणले गति लिन्न । व्यक्ति त आउला पनि जाला पनि । नाम पनि फेरिएला तर रेडियो नेपाल सदा बाँच्नुपर्छ र बाँचिरहने छ पनि । अक्षर र आवाजको उपासना गर्नेहरूका लागि रेडियो नेपालको आँगन आस्थाको बगैंचा हो, यहाँ फुलिरहून् पहिचानका सयौं फूल !

................

## पाद टिप्पणी :

*यस लेखनका लागि यथा समयमा आवश्यक संवाद गरिएका व्यक्तिहरू :*

*१. पूर्व नाकानि सुशील कोइराला*

*२. रेडियो नेपालकी प्रथम गायिका रानुदेवी अधिकारी*

*३. रेडियो स्थापनाकालका प्रसारक श्यामदास वैश्णव*

*५. पूर्व उपनिर्देशक कृष्ण के.सी.*

*६. घटना र विचारका संस्थापक सञ्चालक पुरुषोत्तम दाहाल*

*७. पूर्वमन्त्री तथा साहित्यकार प्रदीप नेपाल*

### सन्दर्भ ग्रन्थसूची :


*१. रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१*

*२. विकास समिति ऐन २०१३*

*३. रेडियो नेपालको प्रसारण निर्देशिका र कार्यक्रम तथा समाचार मापदण्ड २०७० । काठमाडौं : रेडियो नेपाल र जाइका/ मिडिया फर पिस प्रोजेक्ट*

*४. पाण्डव सुनुवार, (२०५८), रेडियो प्रसारणको आरोह अवरोह, : काठमाडौं,*

*५. रेडियो नेपालको व्यवस्थापन सुधार कार्यान्वयन कार्ययोजना, २०७३*

*६. नेपाल, सूचना तथा सञ्चार मन्त्रालय , वर्ष ४० , अङ्क ३ , पूर्णाङ्क १७७ ,२०६६*

*७  रेडियो प्रदीपिका , नेराकसं रेडियो नेपाल , वर्ष २ , अङ्क २ , २०६७*

*८. रेडियो नेपाल : एक सम्झना , हरि श्रेष्ठ । काडमाडौं, २०५६*

*९ . झङ्कार, रेडियो नेपालको मुखपत्र, २०७७ र विभिन्न अङ्कहरू*

*१०. तरङ्ग, वर्ष १, अङ्क १, रेडियो नेपाल कर्मचारी युनियन, २०७०*

*११. रेडियो नेपालको सामाजिक इतिहास, मार्टिन चौतारी : काठमाडौं २०६४*


❀ ❀

*(रेडियो नेपालका पूर्व निर्देशक समेत रहेका डा. नवराज लम्साल महाकाव्यमा मदन पुरस्कार प्राप्त साहित्यकार हुनुहुन्छ । रेडियो नेपालको ७५ वर्ष लामो इतिहासमा मदन पुरस्कार पाउने यस संस्थाका कर्मचारी वहाँ मात्रै हुनुहुन्छ ।*


## सडक डिभिजन कार्यालय मोरङको

**जनहितमा जारी सन्देश**

- सवारी साधन सडक किनारमा पार्किङ नगरौं, पैदल यात्रीले बाटो काट्दा होसियारी अपनाऔं ।
- सडक किनार तथा सडक पेटीमा मालसामान, सवारी साधन, निर्माण सामग्री राखी आवत जावतमा अवरोध नगरौं ।
- सबै सवारी साधनले लेन अनुशासन कायम गरौं, साईकल तथा रिक्सा चालकले सर्भिस रोड मात्र प्रयोग गरौ ।
- सवारी साधन सडक किनारमा पार्किङ नगरौं, पैदल यात्रीले जेब्रा क्रसिङबाट मात्र बाटो काट्ने गरौं, सम्भावित दुर्घटनाबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।
- सडकको दायाँ बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- बाढी पहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अवरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडक तपाईं हाम्रो साझा सम्पति हो, यसको प्रयोग गर्ने अधिकार हामी सबैलाई हुने गर्दछ । त्यसैले सचेत बनौं, सभ्य नागरिकको परिचय दिऔं ।

**सडक डिभिजन कार्यालय**

**मोरङ**

# रंगेली नगरपालिका मोरङको अनुरोध

*"कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पुर्वाधारः*
*आधुनिक र समृद्ध रंगेलीको आधार"*

- जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गरी निःशुल्क सेवा लिऔं।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक तथा सार्वजनिक स्थलहरुमा फोहोर नफालौं, नगर सफा राखौं।
- प्लाष्टिक जथाभावी नफालौं, प्लाष्टिकमुक्त नगर बनाउने अभियानमा सहयोग गरौं।
- नगरको विकासमा सधैं अग्रसर होऔं र भएका विकास संरचनाको संरक्षण गरौं।
- नक्सा पास गराएर मात्र घर निमार्ण गर्ने गरौं।
- समयै कर तिरी सभ्य नागरिकको परिचय दिऔं।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक बाटोहरुमा आफ्ना पशु चौपाया नछाडौं।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं।

**नव वर्ष २०८२ सालको शुभ अवसरमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

नगरप्रमुख : दिलिपकुमार अग्रवाल
उपप्रमुख : भुमा पराजुली
प्रमुख प्रशासकीय अधिकृत : प्रदिप साह
एवम्
रंगेली नगरपालिका, नगर कार्यपालिको कार्यालय,
रंगेली मोरङ, कोशी प्रदेश, नेपाल

# कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय

*कोशी प्रदेश आर्थिक ऐन, २०८१ मा भएका छुट सम्बन्धी केही महत्वपूर्ण विषयहरुः*

१. महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र माता र पिता विहीन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा कोशी प्रदेश आर्थिक ऐन २०८१ बमोजिम लाग्ने रजिस्ट्रेसन शुल्कमा पच्चीस प्रतिशत छुट हुने व्यवस्था रहेको छ।

२. पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति(पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा रु.१००/( मात्र शुल्क लाग्ने व्यवस्था कोशी प्रदेश आर्थिक ऐन २०८१ मा रहेको छ।

३. कोशी प्रदेशको स्वास्थ्य मन्त्रालय मातहत रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशाला विराटनगरबाट न्यूनतम शुल्कमा प्रयोगशालात (Lab) सम्बन्धी सेवा लिन सकिने व्यवस्था रहेको छ।

४. नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएका सवारी साधन प्रचलित कानुन बमोजिम लिलाम गर्दा कर तिर्न बाँकी रहेछ भने बाँकी अवधिको सवारी साधन कर छुट गरी त्यस्तो सवारी साधनको दर्ता किताबबाट लगत कट्टा गरिने व्यवस्था गरिएको छ।

५. अन्य प्रदेशको सरुवा सहमतिबाट आर्थिक वर्ष २०८०।८१ मा यस प्रदेशमा दर्ता भएका सवारी साधनहरुलाई यस आ.व. २०८१।८२ मा लाग्ने सवारी साधन करमा पचास प्रतिशत छुटको व्यवस्था रहेको छ।

६. कुनै सार्वजनिक तथा निजी सवारी साधनले पाँच वर्ष भन्दा बढी अवधिको सवारी कर तिर्न बाँकी छ भने र त्यस्तो सवारीको धनीले लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेज गर्न चाहेमा पछिल्लो एक आर्थिक वर्षको सवारी साधन कर २०८२ असार मसान्तभित्र बुझाएमा अन्य तिर्न बाँकी शुल्क, दस्तुर तथा जरिवाना छुट दिई लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेजी गर्न सकिने व्यवस्था रहेको छ।

**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**कोशी प्रदेश विराटनगर**


हीरक महोत्सव

## पूर्वाधार विकास कार्यालय भोजपुरको
### जनहितमा जारी सन्देश

- सडकको दायाँ बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- बाढी पहिरो तथा अनय कारणबाट सडक संरचनाहरु अवरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सवारी साधन सडक किनारमा पार्किङ नगरौं, पैदल यात्रीले बाटो काट्दा होसियारी अपनाऔं ।
- सडक किनार तथा सडक पेटीमा मालसामान, सवारी साधन, निर्माण सामग्री राखी आवत जावतमा अवरोध नगरौं ।
- सबै सवारी साधनले लेन अनुशासन कायम गरौं, साइकल तथा रिक्सा चालकले सर्भिस रोड मात्र प्रयोग गरौं ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं, सुरक्षित तथा भूकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- भवन लगायत पूर्वाधार निर्माणका सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं ।

सडक तपाई हाम्रो साझा सम्पती हो । त्यसैले भौतिक संरचनाको निर्माणदेखि प्रयोग गर्ने बेलासम्म पनि सचेत रहौं ।

**पूर्वाधार विकास कार्यालय**
भोजपुर

## शहरी विकास तथा भवन कार्यालय
### कोशी प्रदेश विराटनगरको अनुरोध

- भूकम्प प्रतिरोधी भवन निर्माण गरौं ।
- भवन निर्माण गर्दा गाउँपालिका, नगरपालिका तथा नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पूरा गरौं ।
- इन्जिनियरिङ ड्रइङ, डिजाइन गरी इन्जिनियरिङ सल्लाह बमोजिम मात्र भवन निर्माण गरौं ।
- भवन संहिताको पूर्ण पालना गरौं ।
- गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरौं ।
- अनुभवी तालिम प्राप्त डकर्मी तथा सिकर्मीबाट मात्र भवन निर्माण गरौं ।
- सरकारी भवनहरुलाई नियमित मर्मत, सम्भार गरी प्रयोग गरौं ।

**शहरी विकास तथा भवन कार्यालय**
कोशी प्रदेश, विराटनगर , मोरङ

## लेटाङ नगरपालिकाको अनुरोध

- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक तथा सार्वजनिक स्थलहरुमा फोहोर नफालौं, नगर सफा, स्वच्छ र हराभरा बनाउने काममा जुटौं ।
- आफ्नो घर वरपर बिरुवा रोपी हरियाली बनाऔं ।
- नगरपालिका क्षेत्रभित्र रहेका सडक बाटोहरुमा पशु चौपाया नछाडौं ।
- सडक तथा किनारामा अवरोध हुने गरी व्यापार व्यवसाय नगरौं ।
- सडने र नसड्ने फोहोर छुट्टयाई नसड्ने फोहोर मात्र निष्काशन गरौं, सड्ने फोहोर आफै व्यवस्थापन गरौं ।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गराऔं ।

**लेटाङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, मोरङ**

## केराबारी गाउँपालिकाको अनुरोध

- फुटपाथ तथा सडक क्षेत्राधिकार भित्र कुनै निर्माण तथा व्यवसायिक सामाग्री नराखौं ।
- घर, पसल, संघ संस्थावाट निस्कने फोहोर मैला जथाभावि नफालौं, सङ्कलन स्थल, डस्बिनमा मात्र व्यवस्थित रुपमा फाल्ने गरौं ।
- गाउँपालिका सफा र स्वच्छ राखी सभ्य नागरिकको परिचय दिऔं ।
- नियमानुसार व्यवसाय दर्ता गरेर मात्र गाँउपालिका क्षेत्रमा व्यवसाय सञ्चालन गर्ने गरौं ।
- समयमा नै राजश्व (कर) तिर्ने बानी बसालौं ।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गराऔं ।
- केराबारी गाँउपालिकाको विकास र समृद्धिका लागि आफूले सकेको योगदान गरौ

**केराबारी गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, मोरङ**

# राणा विरुद्धको सशस्त्र क्रान्तिमा रेडियोको प्रयोग



डा. जगत नेपाल


## सारसङ्क्षेप

प्रस्तुत अनुसन्धानात्मक लेख नेपालमा २००७ सालमा राणा विरुद्ध भएको शसस्त्र क्रान्ति र प्रजातन्त्रको पक्षमा जनमत बनाउन रेडियोको योगदानका विषयमा केन्द्रित छ । जङ्गबहादुर राणाले बि.सं. १९०३ मा आफू र आफ्ना परिवारले मात्र शासन गर्न पाउने गरी सुरु गरेको शासन प्रणाली १०० वर्ष पूरा गरेपछि कमजोर हुदै गयो । दोस्रो विश्वयुद्ध समाप्ति, अङ्ग्रेजहरूको भारतबाट वहिर्गमन, एसियाली मुलुकहरूमा चलेको स्वतन्त्रता र प्रजातन्त्रको लहरका कारण नेपाली जनतामा स्वतन्त्रताको सन्देश प्रवाह हुन पुग्यो । वि.सं. २००७ साल असोज १० र ११ गते भारतको बैरगनियामा सम्पन्न नेपाली कांग्रेसको सम्मेलनले राणा शासनको अन्त्यका लागि सशस्त्र क्रान्ति गर्ने औपचारिक प्रस्ताव पारित गरेपछि राणा शासकहरूका दिनगन्ती सुरु भए । त्यसको केही समयपछि राजा त्रिभुवनले भारतको शरण लिए र नेपाली कांग्रेसको मुक्ति सेनाले वीरगन्जमा हमला गरी कव्जा गऱ्यो । नेपाली कांग्रेसले देशका धेरै शहर कव्जा गरे पनि पटक–पटक प्रयास गर्दा समेत विराटनगरमा झण्डा फहराउन सकेको थिएन । त्यही बेला क्रान्ति हेडक्वाटर रहेको जुटमीलबाट प्रारम्भ भएको ‘प्रजातन्त्र नेपाल रेडियो’ गोली, बम, बारुद भन्दा पनि शक्तिशाली सावित भयो । यो आलेख नेपाली कांग्रेसले २००७ सालको क्रान्तिका समयमा विराटनगरमा चलाएको प्रजातन्त्र रेडियो र त्यसले पारेको प्रभावका विषयमा केन्द्रित छ ।


मुख्य शब्द : मिडिया, रेडियो, पत्रकारिता, प्रजातन्त्र, निरङ्कुशतन्त्र

## पृष्ठभूमि

नेपालमा १०४ वर्षसम्म चलेको राणाहरूको हुकुमी शासन अन्त्यका लागि २००७ सालमा नेपाली कांग्रेसले शसस्त्र क्रान्तिको घोषणा गऱ्यो । यसक्रममा कात्तिक २५ गते साँझ सो पार्टीका कार्यकर्ताहरूले वीरगञ्जदेखि काठमाडौंसम्मको क्षेत्रमा जहाजबाट राणाविरोधी पर्चा छरे (अधिकारी, २०७१, पृ.९२) । त्यो घटनाले राणाहरूको होसहवास उडाई दियो, पर्चा छर्नेले बम पनि फाल्न सक्छन् भनेर । ति पर्चा बमभन्दा शक्तिशाली साबित भए (जोशी, २०४८, पृ.७६) । यस अघि कात्तिक २१ गते भारतीय दुतावासमा शरण लिन पुगेका राजा त्रिभुवन कात्तिक २६ गते सपरिवार दिल्ली पुगे । त्यही दिन नेपाली कांग्रेसको मुक्ति सेनाले वीरगन्ज कव्जा गऱ्यो । २००७ साल मंसिर १ को गोर्खापत्र लेख्छ – कात्तिक २५, २६ र २७ गते हिमालयन एयरको


हीरक महोत्सव

जहाजबाट देशद्रोहीले काठमाडौं, वीरगन्ज, विराटनगर, धनकुटा लगायतका स्थानमा पर्चा खसाए (पृ. १)। त्यसपछि मुक्तिसेनालाई दुई भागमा विभाजन गरी पूर्व र पश्चिमका गोस्वारा र मालअड्डा कब्जा गर्न खटाइयो। गोपाल शमशेर र महेन्द्रविक्रम पश्चिमका लागि खटिए भने पूर्णसिंह र याक्थुम्बाको नेतृत्वमा सयजनाको टोली विराटनगरतर्फ लाग्यो। वीरगञ्जपछि विराटनगरलाई नेपाली कांग्रेसले मुख्य निसाना बनाएको थियो। मुक्तिसेनाले पुरै मोरङ कब्जा गरे पनि बडाहाकिमको निवास नियन्त्रणमा लिन सकेको थिएन। यसबीच तारिणीप्रसाद कोइरालाले जुटमीलमा रहेको वार हेडक्वाटरको एउटा कोठाबाट रेडियो प्रसारण सुरु गरे। राणा विरुद्धको संघर्षमा बन्दुक, गोली र तोप भन्दा पनि रेडियोले शक्तिशाली हतियार सावित भयो। यो आलेख प्रजातन्त्र स्थापनाका लागि स्थापना गरिएको रेडियो र त्यसको प्रभावका बारेमा केन्द्रित छ।

## अध्ययन विधि र सीमा

गुणात्मक विधिमा आधारित यो अनुसन्धानमा प्रजातन्त्र रेडियोको स्थापना, यसले प्रसारण गरेका विषयवस्तु र पारेको प्रभावका विषयमा केन्द्रित छ। प्रस्तुत आलेख तयार पार्ने क्रममा यस विषयमा प्रकाशित पुस्तक, जर्नल, पत्रपत्रिकाको अध्ययन र अन्तर्वार्तालाई आधार बनाइएको छ। प्राप्त तथ्याङ्कहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको छ।

## सैद्धान्तिक अवधारणा

यो आलेख राजनीतिक प्रोपोगाण्डाको सिद्धान्तमा आधारित छ। मिडियाको दायित्व पाठक, श्रोता, दर्शकलाई सूचना, शिक्षा, मनोरञ्जन र अभिप्रेरणा दिने हो। सत्य, तथ्य र विश्वसनीय सूचनाको प्रवाह गर्नु मिडियाको कर्तव्य हो। यो समाजको 'ऐना' र परिवर्तनको आधार पनि हो (म्याक्वेल, २०१२, पृ. ८१)। प्रोपोगाण्डाको सिद्धान्तले सुनियोजित लगातार भ्रमक र अतिरञ्जित सूचना प्रवाह गरी गलत तथ्यलाई पनि सत्य यही हो भनेर स्थापित गर्न सकिन्छ भन्ने मान्यता राख्छ (ल्यासवेल, १९२७, पृ. ६२७)। यो आलेखलाई २००७ सालको क्रान्तिमा रेडियोको प्रयोग मार्फत राणाहरू विरुद्ध भ्रम सिर्जना गरी युद्ध जित्ने प्रयास गरियो भन्ने तथ्यको अध्ययन तथा विश्लेषण गर्न खोजिएको छ।

## नेपाली समाज र रेडियो सुन्ने चलन

इटालीका वैज्ञानीक गुग्लिएल्मो मार्कोनीले विना तार प्रसारण गर्न मिल्ने रेडियो प्रविधि आविस्कार सफल भएको केही समयपछि प्रथम विश्वयुद्ध आरम्भ भयो र रेडियोको विकास अघि बढ्न सकेन। पहिलो विश्वयुद्ध (सन् १९१४–०१८) को समाप्तिपछि सन् १९२० मा युरोप र अमेरिकामा प्रसारण संस्था खुले (शाह, २०५४, पृ. १२१)। त्यही वर्ष अमेरिकाले केडिकेए

नामका विश्वकै पहिलो रेडियो स्थापना गरी नियमित प्रसारण थाल्यो भने त्यो रेडियोबाट २ नोभेम्बर १९२० मा राष्ट्रपति चुनावको नतिजा प्रसारण गरियो। प्रारम्भिक दिनमा रेडियो स्थापना गर्ने कम्पनीहरू सेट उत्पान गरी बेच्ने व्यवशाय गर्थे। बेलायती उपनिवेशमा रहेको छिमेकेकी मुलुक भारतले बम्बैबाट सन् १९२१ रेडियोको परिक्षण प्रसारण थाल्यो र १९२३ देखि कलकत्ताको रेडियो क्लबले नियमित प्रसारण सुरु गऱ्यो। त्यसको एक वर्षपछि सन् १९२४ देखि बम्बै क्लबले पनि नियमित प्रसारण गर्न थाल्यो। भारतबाट प्रसारण सुरु भएपछि नेपालीले रेडियो सुन्न थालेको र सेट भित्राएको अनुमान गरिए पनि यकिन तथ्य पाइदैन (वन्त, २०६१, पृ. ३५–३६)। बि.सं. १९८९ मा जुद्धशमशेर प्रधानमन्त्री भएपछि नेपाल भित्र राणा र उनका निकट मानिसहरूले रेडियो सुन्न थाले। त्यो बेलासम्म आमजनतालाई रेडियो सेट राख्ने अनुमति थिएन (नेपाल, २०७२, पृ. १८४) संस्कृति मौलाउदै गयो। तर त्यो बेलासम्म। रेडियो विस्तारका क्रममा भारतले सन् १९३६ मा अल इण्डिया रेडियोको स्थापना गरेपछि नेपालभित्र यसको प्रसारण सुन्न सकिने भयो। राणा शासकको अनुमति विना रेडियो राख्न नपाइने भएकाले सीमित रोलवाला राणा र उनीहरूका विस्वास पात्रसँग मात्र रेडियो सेट थियो भन्न सकिन्छ। रेडियो सेट आयातमा समेत वृद्धि हुन पुग्यो (वन्त, २०६१, पृ.३७)। अनि घरका छानामा लामा–लामा एरियल राखेर रेडियो सुन्नेहरूको सङ्ख्या वढ्दै गयो। बि.सं. १९९३ रेडियोबाट अन्तर्राष्ट्रिय समाचार टिपेर त्यसलाई लिखित रूपमा 'द न्यूज रिल' नामको समाचार बुलेटिन तयार गरी प्रधानमन्त्री सहित सोखिन राणाहरूलाई पठाउने गरेको पाइन्छ। सन् १९३९ देखि १९४५ सम्म चलेको दोस्रो विश्वयुद्धमा रेडियोलाई प्रोपोगाण्डा हतियारका रूपमा दुरुपयोग गरियो। बेलायत हार्ने भयो भन्ने हल्ला व्यापक भएपछि अङ्ग्रेजको आडमा शासन चलाई रहेका राणाहरू अत्तालिए र काठमाडौंका घरघरबाट चार सय रेडियो सेट जफत गरी सिंहदरवारमा जम्मा गरियो। विश्वयुद्धको समाप्तिपछि श्री ३ बनेका महाराज पद्मशमशेरले सर्वसाधारणलाई रेडियो राख्न अनुमति दिए र देशमा रेडियो प्रसारणको प्रयास गरे (शाह, २०५४, पृ. १२२)। दोस्रो विश्वयुद्धबाट फर्किएका नेपालीले युद्धमा प्रयोग गरेको वायरलेसबाट काशीराज पाण्डेले रेडियो प्रसारण सुरु गरे। पाण्डे (२०७५) लेख्छन्–

मेरा काहिला बा काशिराजको तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरसँग राम्रो सम्वन्ध थियो। मेरा पिता मीनराज पण्डेले काइला भाई मार्फत प्रधानमन्त्रीबाट एक ब्याट्री सेट रेडियो खरिद गर्ने अनुमति प्राप्त गरी कलकत्ताबाट हिज मास्टर्स भ्वाइस कम्पपनीद्धा निर्मित एउटा रेडियो खरिद गरेर विराटनगर ल्याउनुभयो। त्यो नै मोरङ जिल्लाको पहिलो सेट थियो। त्यसपछि मात्र बजार भाउ सम्बन्धी सूचना लिन समेत फारवेशगञ्ज पुग्नु पर्ने विराटनगरबासीको बाध्यता अन्त भयो। पाण्डेको घरमा पुगेर रेडियो सुन्नेहरूको संख्या विराटनगरमा बढ्दै गयो (पाण्डे, २०७५, पृ. २२–२४)।

वि.सं. १९९७ मा चार सहिदहरू दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र गंगालाल श्रेष्ठ चार सहिदको हत्या गरिएपछि राणा सरकारले जनता भड्किन सक्छन् भन्ने त्रासका कारण नेपालभित्र विदेशी पत्रिकाको आयातमा रोक लगाउनुका साथै रेडियो सुन्न प्रतिवन्ध लगायो । पाण्डे (२०७५) लेख्छन्–

त्यो बेला मेरो पिताजी मिनराजले वडो सावधानीका साथ राति मात्र रेडियो सुन्ने गर्नुहुन्थ्यो । रेडियोको एरियल तार दिउँसो लुकाइन्थ्यो र रात परेपछि पुनः टाँगीन्थ्यो । पिताजीबाट मैले सुनेको हुँ, त्यो बेला रातिको समयमा मजदुरको भेष बनाएर पूर्व प्रधानमन्त्रीहरू मातृका, बीपी, गिरिजाप्रसाद र उनीहरूका पिताजी कृष्णप्रसाद कोइराला समेत हाम्रो घरमा रेडियो सुन्न आउने गर्नुहुन्थ्यो ( पृ. २२–२४) ।

महाराज जुद्धले भतिजा पद्मशमशेरलाई शासन सत्ता सुम्पिएपछि राणा सरकारको व्यवहार खुकुलो हुँदै गयो । रत्नपार्कमा हाल विद्युत प्राधिकरण रहेको स्थान (विजुली अड्डा) बाट २००३ साल माघ १४ गतेबाट नेपाल ब्रोडकाष्टिङको नाममा रेडियो प्रसारण हुन थालेको हो (के.सी, गोरखापत्र, २०८० फागुन १) । त्यसपछिका दिनमा प्रधानमन्त्रीका महत्वपूर्ण भाषण र घोषणा त्यही मार्फत हुन थाले (वन्त, २०६१, पृ. ४५) । पद्मपछिका प्रधानमन्त्री मोहनशमशेरले रेडियोलाई चाहिने प्रविधि, उपकरण, जनशक्ति तथा तिनको तालिमका लागि वजेट छुट्टाएर देशका विभिन्न भागमा मोहन आकाशवाणीका नाममा रेडियो प्रसारण गर्ने व्यवस्था मिलाए । 'काठमाडौंमा ब्रोडकाष्टिङ स्टेशन खुल्यो' शीर्षकमा २००६ कात्तिक ३ गतेको अङ्कमा गोरखापत्र लेख्छ–काठमाडौंमा ब्रोडकाष्टिङ स्टेसन खोली मलाया, वर्मा, भारतवर्षमा रहेका नेपाली र नेपालभर मुलुकलाई यसबाट प्रोग्राम सञ्चार गराउनलाई काठमाडौं सहरदेखि स्टुडियो भवन बनाउन श्री ३ बाट ५ लाख निकासा भयो (पृ. १)।

राणा विरोधी क्रान्ति : भोजपुरबाट पहिलो प्रसारण

२००७ साल मङ्सिरको कुरा हो । राणा फौज र नेपाली कांग्रेसको मुक्ति सेनाबीच देशका विभिन्न भागमा सङ्घर्ष चलिरहेको थियो । पूर्वी नेपालको भोजपुर जिल्लामा मुक्ति सेनाले कांग्रेसको चारतारे झण्डा फहराई सकेको थियो । वन्त (२०६१) लेख्छन्–

जिल्लाका सबै सरकारी अड्डा आफ्नो नियन्त्रणमा आएपछि क्रान्तिकारीहरू राणाकालमा स्थापना गरिएको आकाशवाणी वायरलेशलाई प्रचार प्रसारको साधन बनाई रेडियो ब्रोडकाष्ट सुरु गरे । पहिलो प्रसारण भएको दिन थियो मंसिर २५ गते । यसरी भोजपुरबाट रेडियोमा पहिलो आवाज प्रसारण गर्ने युवा थिए, जयन्द्र थपलिया । त्यसबेला विहान र वेलुका रेडियोबाट समाचार प्रसारण गर्ने गरिएको थियो । थपलियाले विना सेन्सर मुक्ति सेनाले धनकुटामा आक्रमण गर्ने समय र स्थानको सूचना प्रसारण गरिदिएका कारण राणा फौज सर्तक भयो र

पाख्रिबासमा सरकारी सुरक्षाकर्मीबाट मुक्ति सेनाका सात जना भोजपुरे यौद्धाहरू मारिए (पृ.४८)। मुक्ति सेनाले २००७ साल मङ्सिर २४ गते भोजपुर कव्जामा लिएको थियो। त्यसको भोलीपल्ट २५ गतेदेखि क्रान्तिकारीहरूले रेडियो प्रसारण गरेका थिए। २००७ सालको क्रान्ति र त्यस क्रममा रेडियो प्रसारण भएको कुरा त्यस क्षेत्रमा प्रसिद्ध छ। भोजपुर निवासी रेडियो नेपालका सेवा निवृत्त पत्रकार कोइराला (२०६८) को स्मरणमा त्यो घटनालाई लिएर स्थानीबासीहरूले घाँसदाउरा, मेलापात र गोठाला जाँदा यस्तो यस्तो भाकाको गीत गाउने गर्थे –

सात साल मंसीर २४ गते अड्डा तातेल थियो
मौका छोपी रामप्रसादले भोजपुर कब्जा लियो
भोलीपल्टै स्वतन्त्र नेपाल रेडियो भयो
फुर्किएर मुक्तिसेना अघि बढ्दै गयो
भोजपुरबाट सर गर्न धनकुटा गए
मुक्तिसेना पाख्रिबासमा बास बस्ने भए
भोजपुरेको त्यही बास भयो एकै चिहान
पानी पऱ्यो असिना ओइरालो
मन्त्री भयो विश्वेश्वर कोइरालो
(कोइराला, २०६८, पृ. १०५)।

जन जिब्रोमा यस्तो भाका झुण्डिनुले २००७ सालको क्रान्तिका बेला प्रसारण भएको रेडियोको बलियो प्रभाव तत्कालीन समाजमा परेको देखिन्छ।

## विराटनगरबाट प्रवाह भएको त्यो रेडियो सन्देश

भोजपुरका क्रान्तिकारीहरूले वायरलेश मार्फत रेडियो प्रसारण गरेको सुनेपछि विराटनगर मोर्चामा लडिरहेका तारिणीप्रसाद कोइरालाले त्यही उपकरण प्रयोग गरी रेडियो प्रसारण गर्ने योजना बनाए। लामो प्रयासपछि पनि मुक्ति सेनाले विराटनगरलाई कब्जामा लिन सकेको थिएन। सिङ्गो मोरङ नेपाली कांग्रेसको नियन्त्रणमा थियो, तर बडाहाकिम उत्तम विक्रम राणाको निवास वरपरको कम्पाउण्ड भने कव्जा भएन। उनी आत्मसमर्पण नगरेर निवासमा मोर्चा कसेर बसेका थिए (पाण्डे, २०७५, पृ. ३७)। बडाहाकिम निवासको कम्पाउण्डमा रहेको सानो पल्टनलाई मुक्ति सेनाले परास्त गर्न सकिरहेको थिएन। मंसिर २८ गतेको कुरा हो, क्रान्ति हेडक्वाटर रघुपति जुटमिलबाट बीपी कोइराला देशभरका मोर्चासंग त्यहाँको गतिविधिबारे सूचना लिने र निर्देशन दिने काममा व्यस्त थिए। त्यही दिन गोलीगट्ठा लिन भनेर लडाइँको मोर्चाबाट सीधै वार हेडक्वाटर पुगेका तारिणीप्रसाद कोइरालाले बीपीलाई

ओखलढुङ्गा, धनकुटा, इलामतर्फका कमान्डरलाई धमाधम सन्देश दिन र उनीहरूको रिपोर्ट लिन व्यवस्था रहेको अवस्थामा पाए (कोइराला, २०६१ : ५६)।"

नेपाल (२०७५) लेख्छन्–

त्यति बेला मुक्तिसेनासंग गोलीको अभाव भैसकेको थियो। स्टक छदै थिएन। दुईतीन ओटाभन्दा बढी गोली कसैसँग थिएन। राणा फौजले तत्काल आक्रमण गरि हाल्यो भने प्रतिकार गर्ने क्षमता समेत उसंग थिएन। बीपीलाई तारिणीले मुक्ति सेनाका सिपाहीसँग गोली नभएको जानकारी दिए। एकछिन घोत्लिएर बीपीले भने, "भोलि दिउँसो नभई गोलीको व्यवस्था हुन सक्दैन। हाम्रा सिपाहीहरूले शत्रुको मोर्चालाई केवल घेरेर मात्र राखून्। एक फायर पनि नगरुन्। आजको रात बिताएपछि भोलि गोली सप्लाई गरिन्छ। तिमी जाऊ, म सुत्छु (पृ. १३२–१३३)।

बीपीको बानी नै हो, कुनै ठूलो सङ्कट आई पऱ्यो र तत्काल त्यसलाई समाधान गर्ने उपाय छैन भने पनि नआत्तिने बरु मस्तसँग सुतिदिने। उनले तारिणीलार्य भनेका थिए–आज गोलीको व्यवस्था गर्न सम्भव छैन, भोली आइपुग्छ। राणाहरूले आक्रमण गरि हाले भने जसरी पनि उनीहरलाई रोक्नु पर्छ। बीपीको कक्षबाट अत्तालिदै वाहिरिदा तारिणीकोलाई लाग्यो गोलीबिनाको बन्दुकका भरमा कसरी राणाको फौजसँग मुकाबिला गर्ने ? ठीक त्यही बेला उनले वायरलेसमा सुने आवाज सुनियो। हेलो भोजपुर... भोजपुर। "तपाईंहरू निश्चिन्त रहनोस्। हाम्रा सिपाहीहरू उत्साही छन्। विराटनगरबाट गई तमोरमा रोकिएका सिपाहीहरूलाई हामी यताबाट मद्दत पुऱ्याउँछौं, पश्चिमबाट हमला गर्छौं (कोइराला, २०६१, पृ. ५८)।"

भोजपुरका क्रान्तिकारीहरूको त्यो आवाजले तारिणीलाई रोमाञ्चित बनायो। मानौं एकै पटक उनले लाखौं गोली पाएका छन्। २००७ साल मंसिर २८ गते विहान ८ बजे विराटनगरबाट क्रान्तिकारी रेडियो प्रसारण आरम्भ भयो (बस्नेत, २०६८–ख, पृ. १६१)। विराटनगर जुटमिल भित्र वायरलेस राखिएको कक्षबाट तारिणीप्रसाद कोइरालाले जोडले कराउँदै भने, "हेलो भोजपुर। हाम्रो विराटनगर मोर्चा पनि बलियो छ। सम्भवतः आज हामी शत्रुको मोर्चाभित्र पस्छौं। भोलि उज्यालो हुँदासम्म विराटनगर हाम्रो कब्जामा आइसक्नेछ। त्यसपछि कोसी तर्ने बन्दोवस्त गरिनेछ। आज एक्कासि शत्रुको मोर्चामा हमला गर्ने योजनामा छौं (कोइराला, २०६१, पृ. ५८)।" उनले मुक्तिसेनामा भर्ना हुनका लागि तीन सय स्वयम्सेवकले नाम लेखाइसकेकाले र उनीहरूलाई बन्दुक बाँड्ने तयारी गरेको सन्देश पनि प्रवाह गरिदिए। "पहिला गोलीको कमी थियो, अब त्यो पनि पूरा भयो। हामी भोलि या पर्सि धनकुटामा भेटौंला, जय नेपाल।" त्यसपछि ट्रान्समिटरको 'स्विच अफ' भयो। गोलीको आभावमा कुन बेला मारिने हो भन्दै त्रासमा बाँचेको मुक्ति सेनाका जवानहरूलाई त्यो सन्देशले ठूलो उर्जा दियो। उनीहरूले

खुसी हुदै तारिणीलाई भने– गज्जबै भयो, तारिणीबाबु, गज्जबै भयो। हामीले एकै पटक राणाहरू माथि हजारौं गोली पड्काए सरह भयो। उनीहरूको होस उड्यो होला। अब मज्जाले सुत्न पाइने भयो। उनीहरूले हामी माथि आक्रमण गर्ने कुरा सोच्न पनि सक्ने छैनन् (नेपाल, २०७५, पृ. १३४)। रेडियोमा प्रसारण भएको त्यही सन्देशका कारण राणाहरूले मुक्ति सेना माथि आक्रमण गर्ने हिम्मत गरेनन् र क्रान्तिकारीहरू जोगिए। युद्धका बेला प्रोपोगाण्डाको कति शक्ति हुदोरहेछ भन्ने अध्ययन गर्न चाहने अध्यताहरूका लागि यो घटना महत्वपूर्ण छ।

## नियमित प्रसारणमा प्रजातन्त्र नेपाल रेडियो

२००७ साल मंसिर २८ गते दिउँसो २ बजेको कुरा हो। विराटनगरबाट नेपाल भारत सिमा नजिक रानीमा रहेको रघुपति जूट मिलको एउटा सोनो कोठाबाट क्रान्तिका बारेमा आमजनतालाई सूचना दिन र राणा शासक विरुद्ध प्रचार युद्ध चलाउन ‘प्रजातन्त्र नेपाल रेडियो सञ्चालनमा ल्याइयो (प्रधान, २०६१, पृ. १२०–१२१)। यसका कल्पनाकार तारिणीप्रसाद कोइरालाले सर्वप्रथम रेडियो माइक समातेर भनेका थिए–जय नेपाल, प्रजातन्त्र नेपाल रेडियोबाट तारिणीको अभिवादन (बस्नेत, २०६८–क, पृ. ८८)। त्यसपछि उनले भनेका थिए – यो प्रजातन्त्र नेपाल रेडियो हो, हामी मुक्तिसंग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौ। त्यस दिनदेखि रेडियोले निरन्तर समाचारका साथै क्रान्तिकारी गीत प्रसारण गर्न थाल्यो। जसले राणाहरूको मनोबल गिराउन त महत्वपूर्ण भूमिका खेल्यो नै, मुक्ति सेनाको मनोबल बढाउनका लागि राणाविरोधी जनमत बनाउन ठूलो योगदान पुऱ्यायो (प्रधान, २०६१, पृ. १२०–१२१)। राणाहरूको अन्याय, अत्याचारका बारेमा जनतालाई जागरुक बनाउने काम गऱ्यो। विराटनगरबाट प्रसारित रेडियोको आवाज सुन्न नसकेर अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर पछि रोलक्रममा रहेका कमान्डर इन चिफ बबर शमशेरले आफ्नो घरको रेडियो लात्ताले हानी चकनाचुर बनाइदिएका थिए (नेपाल, २०७५, पृ. १३६)।

सधै आफ्नो जय जय कार मात्र सुनेका राणाहरूमा प्रजातन्त्र रेडियोमा प्रसारण हुने गरेको आफ्नो आलोचना सुन्न सक्ने धैय भएन। बस्नेत (२०६८–ख) लेख्छन्–

जनताले क्रान्तिकारी रेडियो सुन्न नसकुन भन्नका लागि प्रजातन्त्र रेडियो नेपाल प्रसारण हुने समय विहान ८ बजेदेखि अपरान्ह २ वजेसम्म काठमाडौंमा विद्युत आपूर्ती वन्द गरिदिए। राणाहरूको अवरोधका बाबजुदत असंख्य नेपालीले ब्याट्रिको मद्तले अटुट रूपमा रेडियो सुनिरहे (पृ.१६२)।

क्रान्तिकारी रेडियो भारतका धेरै भूभागसम्म सुनिने गरेको थियो। राणा प्रधानमन्त्री पद्मशमशेरले सर्वसाधारणलाई रेडियो राख्ने अनुमति दिएपछिका दिनमा धनीमानीहरूमा घरमा रेडियो सुन्ने संस्कृति विकास हुदै थियो। तर तिनले नेपाली भाषामा समाचार र कार्यक्रम

सुन्न पाएका थिएनन् ।

प्रजातन्त्र रेडियो सुन्न काठमाडौंका पसलहरूमा ठूलो भीड लाग्ने गर्थ्यो । एकदुई पटक त रेडियो सुन्न जम्मा भएको भीडमा पुलिसले लाठीचार्जसमेत गरेको थियो । त्यो बेला "राणाहरूले सुइँको नपाउने गरी लुकीछिपी काठमाडौंको रिपोर्टिङ प्रकाशमान सिंह (पछि उनी रेडियो नेपालका निर्देशकसमेत भए)ले गर्थे । लैन (बेलायती दूतावास, लैनचौर) पोस्ट अफिसबाट चिठी पठाउँथे । तर समाचारदाताको नाम गोप्य राखिन्थ्यो (कोइराला, २०६१, पृ. ६१) ।" विष्ट (२०७४) का अनुसार त्यो रेडियोको प्रसारण काठमाडौं उपत्यकासम्म मात्र होइन, बनारस, गोरखपुर, कलकत्ता र दार्जिलिङसम्म सुनिएको थियो (पृ. ४७) ।

ति दिन त्रिचन्द्र क्याम्पसमा प्राध्यापक रहेका प्राध्यापक यदुनाथ खनाललाई उद्धृत गर्दै कोइराला (२०६८) लेख्छन् –काठमाडौंमा रेडियोको आवाज निक्कै कडा र चर्को सुनिएको थियो । रेडियोमा एकदमै तेजिलो र राणा विरोधी भाषण सुनिन्थे (पृ. ११४)। प्रजातन्त्र रेडियोले बिहान, दिँउसो र बेलुकी तीन पटकसम्म नेपाली, हिन्दी, अङ्ग्रेजी र नेवारीमा समाचार प्रसारण गरी लडाइमा विद्रोहीलाई हतियारभन्दा ठुलो शक्ति र भरोसा दिएको थियो ।

प्रजातन्त्र रेडियोमा प्रसारण भएका गीत

प्रजातन्त्र रेडियोले समाचारका अतिरिक्त गीत बजाउने गरेको थियो । तारिणी आफैले रचना गरेका र केही अरुले लेखेका गीत बजाइएका थिए । एलबी सुब्बाको रचना र रानुदेवी अधिकारीको स्वर रहेको 'नेपाली अघि बढ हातमा क्रान्ति झण्डा लि, नेपाली' बोलको क्रान्तिकारी गीतले त्यो क्रान्तिमा घिऊ थप्ने काम गरेको थियो (कोइराला, २०६८, पृ. ११४)।

नेपाली अघि बढ हातमा क्रान्ति झण्डा ली ।

क्रान्ति झण्डा ली, नेपाली ।

आऊआऊ दाजुभाइ, आऊ दिदीबहिनी,

अब हामी अघि बढौं, काँधमा काँध मिलाई ।

पछि नसरौं अबदेखि जेजे परे पनि (बस्नेत, २०६६ : १९४) ।

प्रजातन्त्र रेडियोमा तारिणीले रचना गरेका पाँच र अरुका केही गीत प्रसारण भएका थिए । प्रजातन्त्र रेडियोमा प्रसारण भएको पहिलो गीतकी गायिका अधिकारी *(२०७६) ले भनेकी छन्* –

हाम्रो परिवार नै कांग्रेसमा थियो । क्रान्ति सुरु भएपछि हामी जोगवनीमा बस्न थालेका थियौ । तिहारको वेला थियो । क्रान्तिको समाचार दिन भनेर तारिणी मामाहरूले रेडियो खोल्नु भएको थियो । क्रान्तिका गतिविधि समेटेर कहिले तारिणी मामा, कहिले इन्दिरा दिदी समाचार पढ्नु हुन्थ्यो । मलाई गित गाउन शोख थियो । मामाले क्रान्तिकारी गीत गाउन भन्नुभयो । अनी म

लाईभ गाउन थाले । म बानारसमा जन्मी हुर्केकी केटी । भर्खरै विहा भएर विराटनगर आएकी । मलाई के थाहा थिएन । त्यो गीत गाउदा राणाहरूले समाउछन् भन्ने पनि त्रान थिएन । केटाकेटी नै त थिए म । तारिणी मामाले भन्नु भयो गाए । परिवारले पनि प्रोत्साहित गरेकै थियो । लाईभ गाइयो । हार्मुनियम, तवला वजाउने मानिस पनि हुन्थे । (अन्तर्वार्ता, २०७६ जेठ ३२)।

क्रान्तिकारी रेडियोमा बजेको अर्को गीत यस्तो थियो ।

आज देशको क्रान्ति युद्धमा
हाम्रो एउटा पुकारा होस्
लड्दा लड्दै मरे मेरौला
यो एउटा नै नारा होस्
खडा भयो जनतन्त्र फौज लौ आउ, आउन नेपाली
मातृभूमीले मुक्तकण्ठमा डाक्छिन्, आई गोर्खाली
नेवार आउ, पर्वते आउ, आउ वीर गुरुङ राई
मधेशी, क्षेत्री, बाहुन् आउ, तामाङ अरु मगर भाई
सबै जातीको रक्त मिलेको
बग्ने एउटै धरा धारा होस्
लड्दा लड्दै मरे मरौंला
यो नै एउटा नारा होस्

(अधिकारी, अन्तर्वार्ता, २०७६ जेठ ३२)

त्यसै गरी त्यो क्रान्तिका कमाण्डर बीपी कोइरालाको बारेमा कविता शैलीको यो गीत पनि प्रजातन्त्र रेडियोले प्रसारण गरेको थियो ।

वीर विश्वेश्वर जिन्दाबाद
शोषित जनहित जीवन निर्मित
अमर पिताका स्मृतिमय अर्पित
जन जागृतीको तरुण प्रभात
वीर विश्वेश्वर जिन्दावाद

(अधिकारी, अन्तर्वार्ता, २०७६ जेठ ३२)

राणा विरुद्धको क्रान्तिमा जनतालाई जागरुक बनाउन र क्रान्तिको पक्षमा वातावरण सिर्जना गर्न प्रजातन्त्र नेपाल रेडियोको ठूलो योगदान छ ।

## रेडियोमा पहिलो लाईभ रिपोटिङ

मुक्तिसेना र राणा फौजबीच भीषण गोली हानाहान चलिरहँदा एक दिन तारिणीले रेडियो उपकरणलाई एउटा ट्रकमा राखेर धानको खेतैखेत सिङ्ग्याही नदी किनारमा पुऱ्याउन लगाए। मुक्ति सेना र राणा फौजकाबीच दोहोरो गोली हानाहान चलेको आवाज आईरहेको थियो। क्रान्तिकारीहरूले नदी किनारको बालुवामा रेडियो स्टेसन खडा गरे। जेनेरेटर चलाइयो र अग्लो सिमलको रुखमा एरियल राखियो। त्यस दिन लडाइको घटनावारे जनतालाई लाइभ प्रसारण मार्फत जानकारी दिने योजनाका साथ यो काम गरेका थिए।

राणाहरूले आक्रमण गरिहाले प्रतिकार गर्न भनेर हातहतियार सहित चार पाँच स्वयंसेवक तयारी अवस्थामा थिए। तारिणीको आफ्नै काधँमा पनि बन्दुक थियो। सबै तयारी पूरा भएपछि तारिणीले माइक समाए र नेपाली रेडियो इतिहासकै पहिलो लाइभ रिपोटिङ सुरु गरे, युद्ध मैदानबाट। गोली चलेको आवाजका बीच उनले भने "यो प्रजातन्त्र नेपाल रेडियोको आवाज हो। आजको कार्यक्रम हामी मुक्ति सेना र राणा सैनिकहरूबीच घमासान युद्ध भैरहेको स्थानबाट प्रसारण गरिरहेका छौ। कोइराला (२०६१) लेख्छन्– हाम्रो जेनेरेटर सिङ्ग्याही नदीको डिलमा उभिएको ट्रकमा छ र ट्रकमुनि ट्रान्समिटर राखिएको छ। सुरक्षाका दृष्टिले हामीले हाम्रा कलाकारलाई नदीको डिलमुनि पानीछेउको बालुवामा राखेका छौं र माइक पनि यहीँ छ (कोइराला, २०६१, पृ. ६५)।" रेडियो प्रसारण भैरहँदा दुई, तीन इन्चका मोर्टार पड्किएको आवाज लगातार प्रसारण भैरहेको छ। लडाईका बारेमा आफ्ना श्रोतालाई संवोधन गर्दै तारिणीले भनेका थिए "यो आवाज जो तपाईंहरू सुन्दै हुनुहुन्छ। फायरिङ लाइनबाट आएको मोर्टारको आवाज हो (कोइराला, २०६१, पृ. ६५)।" यसरी नेपाली रेडियोमा लाइभ रिर्पोटिङको इतिहास कोरियो। प्रजातन्त्र रेडियो प्रसारण हुन थालेपछि राणा सरकारलाई ठूलो संकट आइलाग्यो। त्यसले प्रसारण गरेका कति सूचना सत्य हुन् र कति प्रोपोगाण्डा हुन् भन्ने छुट्टाउन उनीहरूले सक्ने अवस्था थिएन। प्रजातन्त्र रेडियोले देशका कुना काप्चामा प्रजातन्त्रको सन्देश मात्र प्रवाह गरेन, मुलुकलाई क्रान्तिमय बनाईदियो र राणाहरूको पतन अवश्य छ भन्ने सन्देश प्रवाह गऱ्यो (बस्नेत, २०६८–ख, पृ. १६२)।

विराटनगर मोर्चाको लडाईमा जति प्रयास गर्दा पनि मुक्ति सेनाले सफलता पाउन सकेको थिएन। तिन ताका विराटनगरका जमिन्दार ईश्वरचन्द्र धाडेवाको एउटा 'क्याटर पिलर मोडेल' को ट्याक्टर थियो। त्यसका पाँग्रा पनि फलामकै थिए। त्यही ट्र्याक्टरलाई वर्कसपमा लगेर साना ठूला फलामका पाताले बेरी ट्याङ्क बनाइयो र बडाहाकिम उत्तमविक्रम राणाको निवासमा आक्रमण गरियो (पाण्डे, २०७५, पृ. ३८)। त्यो बडेमानको क्याटर पिलर ट्याक्टर बडाहाकिम निवासको कम्पाउण्ड भत्काएर भित्र छिरेपछि राणा फौजलाई मुक्ति सेनाले घुँडा टेकायो। बडाहाकिम राणाले आत्मसमर्पण गरे र सम्पूर्ण रूपमा विराटनगर नेपाली कांग्रेसको

कब्जामा आयो (नेपाल, २०६७, पृ. ३९) । त्यस दिन प्रजातन्त्र नेपाल रेडियोबाट एक दिन प्रसारण भएको समाचार यस्तो थियो, "आज हाम्रो मुक्तिसेनाले १४ दिनदेखि घेरामा पारेर राखेको शत्रुको गढलाई छिन्नभिन्न पारी सम्पूर्ण विराटनगर आफ्नो कब्जामा पाऱ्यो । अब मोरङ जिल्लाको एक इन्च भूमि पनि शत्रुको हातमा छैन (कोइराला, २०६१, पृ. ६५) ।" प्रजातन्त्र स्थापनापछि त्यही रेडियो (२००७ साल चैत २० गतेदेखि) काठमाडौंबाट नियमित रूपमा नेपाल रेडियोका नाममा प्रसारण हुन थाल्यो । यस सन्दर्भमा २००७ साल चैत्र १७ गतेको अंकमा नेपाल समाचार विभागको नाममा गोरखापत्रमा यस्तो सूचना प्रकाशित भएको पाइन्छ– पर्सी चैत्र २० गतेका दिनदेखि काठमाडौंबाट समाचार प्रचार (ब्रडकाष्टिङ) सुरु हुने भएको छ । त्यसको बिशेष विवरण आगामी संख्याको गो.प. (गोरखापत्र) मा प्रकाशन गरिने छ (गोरखापत्र, २००७ चैत्र १७, पृ. १) । यसरी प्रजातन्त्र नेपाल रेडियोलाई काठमाडौंमा ल्याएर 'रेडियो नेपाल' मा रूपान्तरण गरिएको थियो । रेडियो नेपालले पाक्षिक पत्रिका झङ्कारको पहिलो अंक (२००८ आश्विन १–१५) आफ्ना संस्थापक निर्देशकका बारेमा लेखेको छ–जसले मुक्ति संग्रामको मोर्चामा उभिई एक हातमा राईफल र अर्को हातमा माइक लिदैं रेडियोद्वारा समस्त नेपाली जनतालाई जगायो, जसले अहिले नेपाल रेडियोलाई यस रूपमा खडा गऱ्यो, उहाँ नै हुनुहुन्छ स्टेसन डाइरेक्टर श्री तारिणीप्रसाद कोइराला (तारिणीप्रसाद कोइराला, एक दृष्टि : अनेक स्मृति, २०६८, पृ. १७२) ।

## निष्कर्ष

देशमा १०४ वर्षसम्म चलेको राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्न क्रान्तिकारी रेडियोको सर्वाधिक भूमिका थियो । मुक्ति सेनाले राणाहरू फौजसँग लडे पनि उनीहरूको मनोवल कमजोर बनाउन, युद्ध प्रोपोगाण्डाको माध्यमबाट शत्रु पक्षलाई कमजोर बनाउन तथा राणाहरूको चाकरी र जय जयकार मात्र गरेका जनतालाई उनीहरूको अन्याय अत्याचार वारे सूसूचित गरी प्रजातन्त्रको पक्षमा संघर्ष गर्न तयार गर्ने वातावरण बनाउन प्रजातन्त्र नेपाल रेडियोले योगदान पुऱ्यायो । २००७ सालको क्रान्तिमा विराटनगरमा प्रसारण भएको त्यही रेडियोलाई प्रजातन्त्र स्थापनापछि काठमाडौं ल्याएर चैत्र २० गतेदेखि नियमित प्रसारण थालियो । रेडियो नेपालमा रूपान्तरण भएपछि यसले सात दशक भन्दा बढी समयदेखि यसले नेपाली भाषा, संस्कृति, कला, साहित्य, सूचना, समाचार र कार्यक्रमका माध्यमबाट नेपाली समाजको रूपान्तरणमा महत्वपूर्ण योगदान गर्दै आएको छ ।

❀ ❀

*(लेखक त्रिभुवन विश्वविद्यालय, रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौंका उप-प्राध्यापक हुनुहुन्छ ।)*

*सन्दर्भ सामग्री*

*अधिकारी, सूर्यमणि. (२०७१).नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास. नयाँ दिल्ली : निराला पब्लिकेशन ।*

के.सी. बुद्धिबहादुर. (२०८० फागुन १). समाज रूपान्तरणमा रेडियो गोरखापत्र. https://gorkhapatraonline.com/news/96315

कोइराला, तारिणीप्रसाद. (२०६१). रेडियो नेपालको जन्म. रेडियो नेपालको सामाजिक इतिहास (पृ.६९–१११), अधिकारी, कृष्ण र भट्ट, कोमल (सं.). काठमाडौं : मार्टिन चौतारी ।

कोइराला, सुशील. (२०६८). रेडियो प्रसारण र तारिणीप्रसाद कोइराला. तारिणीप्रसाद कोइराला, एक दृष्टि : अनेक स्मृति (पृ.१०७–१२२). काठमाडौं : तारिणी रोशा स्मृति कोष ।

गोरखापत्र, २००३ कात्तिक ३, पृ. १, वर्ष ५०, संख्या, ७९ ।

गोरखापत्र, २००७ मंसिर १, पृ. १, वर्ष ५१, संख्या, ८६ ।

गोरखापत्र, २००७ चैत्र १७, पृ. १, भाग ५१, संख्या १४३ ।

जोशी, रामहरि. (२०४८). नेपालको नोभेम्बर क्रान्ति. काठमाण्डौं : अन्तर्राष्ट्रिय मञ्च ।

नेपाल, जगत. (६७). आफ्नै कुरा, गिरिजाप्रसाद कोइराला. ललितपुर : जगदम्बा प्रकाशन ।

नेपाल, जगत. (२०७२). पहिलो संसद बीपी महेन्द्र टकरवा. काठमाडौं : संग्रिला बुक्स ।

नेपाल, जगत. (२०७५). बीपीको विद्रोह. काठमाडौं : बाह्रखरी बुक्स ।

नेपाली, चित्तरञ्जन. (२०५५). राणाशासनको रोल व्यवस्था र धर्मपत्रहरू . ललितपुर : मदन पुरस्कार गुठी ।

प्रधान, प्रमोद. (२०६१). मोरङमा पत्रकारिताको अर्धशताब्दी. काठमाडौं : मार्टिन चौतारी ।

पाँडे, भीमबहादुर. (२०७६). त्यस बखतको नेपाल–भाग पाँच. काठमाडौं : फिनिक्स बुक ।

पाण्डे, विश्वराज. (२०७५). दश दशकभित्रको विराटनगर. काठमाडौं : विपुलराज पाण्डे ।

बस्नेत, पुरुषोत्तम. (२०६६). नेपाली कांग्रेसको इतिहासको प्रारूप–भाग १. काठमाडौं : पुरुषोत्तम बस्नेत ।

बस्नेत, पुरुषोत्तम. (२०६८–क). तारिणीबाबुलाई सम्झँदा. तारिणीप्रसाद कोइराला, एक दृष्टि : अनेक स्मृति (पृ.८७–९०). काठमाडौं : तारिणी रोशा स्मृति कोष ।

बस्नेत, पुरुषोत्तम. (२०६८–ख). तारिणीप्रसाद कोइराला–रेडियो नेपालका संस्थापक. तारिणीप्रसाद कोइराला, एक दृष्टि : अनेक स्मृति (पृ.१५९–१६४). काठमाडौं : तारिणी रोशा स्मृति कोष ।

वन्त, प्रत्युष. (२०६१). रेडियो नेपालभन्दा पहिलोको युगमा नेपालीको रेडियो अनुभव. रेडियो नेपालको समाजिक इतिहास (पृ.३५–५४)अधिकारी, कृष्ण र भट्ट, कोमल (सं.). काठमाडौं : मार्टिन चौतारी ।

विष्ट, महेन्द्र. (२०७४). नेपालमा प्रेस  स्वतन्त्रता. काठमाडौं : सीएमआर–नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रा.लि. ।

शाह, भोग्यप्रसाद. (२०५४). रेडियो नेपालको इतिहास र विकास.प्रसारण पत्रकारिता हाते किताब (पृ.१२०–१३०), दुर्गानाथ शर्मा (सं.). काठमाडौं : नेपाल प्रेस इन्टिच्यूट ।

McQuail, D. (2012). Mass communication theory. SAGE Publication India Pvt Ltd.

Lasswell, H.D. (1927). The Theory of Political Propaganda. American Political Science Review, 21 (3), 627-631. doi:10.2307\1945515

Rose, L. E., & Fisher, M. W. (1970). The Politics of Nepal: Persistence and Change in an Asian Monarchy. (No Title).

अन्तर्वार्ता

अधिकारी, रानुदेवी. (२०७६, जेठ ३२). अधिकारी रेडियोमा पहिलो गीत गाउने गायिका हुन् ।

## कमला नगरपालिका
धनुषाके अनुरोध

❖ कमला नगरपालिकाके स्वच्छ आ हाराभारा बनाबमे सबकोई जुटु।
❖ नगरपालिका क्षेत्र भितर रहल सडक पर फोहर आउ गन्दा न फेकु।
❖ अपन घर अगना सबदिन सफा राखु।
❖सरेबाला आउ न सरेबाला फोहर मातरे निष्काशन करु ,फोहर अपने व्यवस्थापन करु।
❖प्लास्टिक जथाभावी न फेकु प्लास्टिक युक्त नगर बनाबे लेल कपडाके झोरा प्रयोग करु।
❖अपन घर अगना सफा सुघर राखल करु।
❖ नगरपालिका क्षेत्र भितर रहल सडक बाटपर मालजाल न छोरु।
❖नगरपालिकासे इजाजत लेके मातरे घर निर्माण करु।
❖ दोकान संचालन करेके लेल अनुमति लेके मातरे संचालन करु आउ समयपर नवीकरण करु
❖ धियापुताके काममे न भेजके स्कूल भेजु।

| अमितकुमार जयसवाल | शिलादेवी मण्डल | विशेश्वर यादव |
|---|---|---|
| नि. प्रमुख प्रशासकीय अधिकृत | उपप्रमुख | प्रमुख |

## बाल विवाह मुक्त प्रदेश निर्माणमा प्रतिवद्ध होउँ

बाल विवाह सामाजिक तथा कानुनी अपराध हो। कानुनले तोकेको उमेर (२० वर्ष) नपुग्दै हुने विवाहको अन्त्य गरौं र बालविवाह मुक्त प्रदेशको निर्माणमा सबैजना आजैबाट लागौं।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम, धनुषा

## उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

जनकपुरधाम, नेपालको अपिल

१. मधेश प्रदेशभित्र रहेका धार्मिक, सांस्कृतिक सम्पदाहरुको सबैले संरक्षण र प्रर्वद्धन गरौं।
२. जानकी मन्दिरलाई अझ बढी प्रचार प्रसार गरी थप पर्यटक धित्र्याउन सबैले आ–आफ्नो क्षेत्रबाट पहल गरौं।
३. पर्यटकिय स्थलहरुमा जथाभावी फोहोरमैला नगरौं, नगराऔं र सभ्य नागरिकको परिचय दिलाऔं।
४. मधेश प्रदेशको नीति तथा कार्यक्रममा समेटिएको "घुमौ मधेश बुझौं मधेश" नारालाई सबैले अंगिकार गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गरौं।

मधेश प्रदेश सरकार
*उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय*
*जनकपुरधाम, नेपाल*

## विद्यार्थी भर्ना अभियानका लागि

शिक्षा तथा संस्कृति मन्त्रालय,
मधेश प्रदेश, जनकपुरधामको अपिल

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार आगामी २०८५ वैशाख १ गतेबाट आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति कुनै पनि कम्पनी तथा फर्महरुमा संस्थापक सदस्य, शेयरधनी सञ्चालक वा कुनै पनि पदमा निर्वाचित वा नियुक्त हुन पाउने छैनन् र कुनै पनि सरकारी सेवामा प्रवेश गर्न सक्ने छैनन्। त्यसैले पनि आधारभूत शिक्षाको महत्वबारे जनस्तरमा सन्देश फैलाउन र २०८२ सालको नयाँ शैक्षिक सत्रका लागि विद्यालय भर्नाको लागि सूचना लक्षित वर्गसम्म पुऱ्याउँन नागरिक समाज, शैक्षिक जगत, कलाकारिता क्षेत्र र सबै सरोकारवालाहरुलाई सहजीकरण गर्न मन्त्रालय हार्दिक अपिल गर्दछ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा।

# बटेश्वर गाउँपालिका
## धनुषाको अनुरोध

- समयमै कर तिरी सभ्य नागरिकको परिचय दिऔँ ।
- जन्म, मृत्यु र विवाह जस्ता व्यक्तिगत घटना समयमै आ–आप्ःनो वडा कार्यालयहरुमा पुगी दर्ता गरौँ ।
- गाउँपालिका सफा सुघर राखौँ ।
- चर्पीमा मात्र दिसा पिसाब गरी सभ्य नागरिकको परिचय दिऔँ ।
- बालबालिकालाई समयमै खोप लगाई बाल मृत्युदर घटाऔँ ।
- समुदायलाई बाधा पुग्नेगरी रेडियो, लाउड स्पिकर वा अन्य ध्वनि प्रदुषणजन्य कार्य नगरौँ ।
- निषेधित सार्वजनिक स्थलहरुमा धुम्रपान, मधपान नगरौँ ।
- बालबालिकालाई काममा नलगाई स्कूल पठाऔँ ।



रेवती प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत



फूलकुमारी सिंह
उपाध्यक्ष



राम अशिष महत्तो
गाउँपालिका अध्यक्ष

# तराई–मधेशका सन्दर्भमा सञ्चार र रेडियो नेपाल



*धीरेन्द्र प्रेमर्षि*

प्रजातन्त्र र प्रेस स्वतन्त्रता एकअर्काको परिपूरक भएरै होला देशमा जब–जब प्रजातान्त्रिक वातावरणको निर्माण भयो तब–तब सञ्चार जगत्ले उल्लेख्य फड्को मा¥यो। समग्र देशमै सञ्चार वा प्रेस जगत्ले प्रजातन्त्र वा लोकतन्त्र भनिएको समयमा नै जन्मने, हुर्कने र फस्टाउने मौका पाएको हुँदा तराई–मधेशका सन्दर्भमा औँलामा गन्न सकिने कामहरू पनि यसै समयको उपलब्धिभित्र पर्दछन्। नेपालमा एफएम रेडियोहरू स्थापनाको लहरले पछिल्लो समय गाउँ–गाउँ वा टोल–टोलहरूमा समेत एक किसिमले निजी प्रकृतिका रेडियोहरू हुन थाले। हाल हात–हातमा मोबाइलजन्य सञ्चारमाध्यम भइसकेको अवस्थालाई दृष्टिगत गर्दा भन्न सकिन्छ,– नेपालमा यस अवस्थाको पूर्व अभ्यास रेडियो र टेलिभिजनह(रूले लोकतान्त्रिक वातावरणमा थोरै समयमै मनग्य गर्न पाए। यो अवस्था आउनुपूर्व विद्युतीय सञ्चार क्षेत्रमा एकलौटी रजाइँ गर्दै आएको रेडियो नेपाल र नेपाल टेलिभिजनमध्ये रेडियो नेपालबाट तराई–मधेशको भाषाका नाममा शुरू गरिएको हिन्दी समाचार (वि.सं. २००७–२०२१) पहिलो पटकको प्रजातन्त्रको देन थियो। तर खास तराई–मधेशको भाषा, पूर्वी र मध्य तराईको जनभाषा तथा देशको दोस्रो सबैभन्दा ठूलो जनसमूहको भाषा मैथिलीमा २०४५ देखि समाचार प्रसारण प्रारम्भ भयो। यसलाई पुनर्स्थापित प्रजातन्त्र अथवा २०४६ सालको परिवर्तनको खास उपलब्धि मान्न सकिन्छ। यसकै निरन्तरतामा तराई–मधेशका भोजपुरी, अवधी, थारूलग(ायतका भाषामा २०५१ सालदेखि समाचार प्रसारणको शुरुआत भयो।

प्रजातन्त्रकै फलस्वरूप देशको विद्युतीय सञ्चार बिस्तारै सरकारको एकाधिकारबाट निस्केर एफएम रेडियोको स्वरूपमा जनताको हातसम्म पुग्यो। पछिल्लो समय देशमा एफएम रेडियोहरू सूचना र मनोरञ्जनको सजिलो र सर्वसुलभ माध्यमको रूपमा व्यापक भएको कुरामा दुई मत छैन। बरू यस व्यापकतापछि पहुँचमा यथेष्ट विस्तार भएपनि प्रभावमा सङ्कुचन आउँदै गएको यथार्थलाई पनि स्वीकार्नु उपयुक्त हुन्छ।

आजको दिनमा भन्नुपर्दा नेपालमा एफएम रेडियोले आफ्नो परिचय र प्रभाव झण्डै साढे दुई दशकअघि नै स्थापित गरिसकेको थियो। तर यथार्थमा यसले व्यापकता र गहनता भने २०६२/०६३ को जनआन्दोलनपछि मात्र पाउन सक्यो। यस्तो व्यापकता पाउनु पछाडि लोकतान्त्रिक आन्दोलनमा त्यतिखेर सञ्चालनमा आइसकेका एफएम रेडियोहरूले पु¥याएको योगदानको महत्वपूर्ण भूमिका थियो। त्यसैले जनआन्दोलनबाट बनेको तत्कालीन सरकारले

पहिले–पहिले एफएम रेडियोहरूको इजाजतपत्र दिने सन्दर्भमा रहेका सारा अप्ठ्याराहरू पन्छाएर सहजताका साथ इजाजत दिन प्रारम्भ गऱ्यो। यसपछि देशभरि एफएम रेडियो स्थापनाको बाढी नै आयो।

## मिथिला–मधेशमा रेडियोको भाषिक–सांस्कृतिक मुखरता

कुनै पनि कुरालाई राम्रोसँग तौलिसकेपछि मात्र स्वीकार वा अङ्गीकार गर्ने स्वभावअनुसार तराईमा वा भनौं मधेशीबहुल क्षेत्रमा लोकतन्त्रको आगमनपछि मात्र एफएम रेडियोको प्रत्यक्ष पहुँच सम्भव हुन सक्यो। तराई–मधेशकै कुरा गर्ने हो भने पहिलो चरणमा पनि विराटनगर, बुटवल, नेपालगञ्ज, वीरगञ्ज जस्ता ठाउँहरूमा एफएम रेडियो स्टेसनहरू स्थापना नभएका होइनन्। तर ती एफएमहरूले सञ्चालन गर्ने कार्यक्रमहरूमा भाषिक–सांस्कृतिक रूपले तराई र त्यहाँको जनमानसलाई सम्बोधन र प्रतिविम्बन गर्नेतर्फ खासै ध्यान दिएको नपाइएको हुँदा तिनलाई तराई वा मधेशको भनिहाल्न अलि अमिल्दो नै देखिन्थ्यो। वस्तुतः सबै दृष्टिले आफूलाई तराई–मधेशको प्रतिनिधि सहरको रूपमा प्रस्तुत गर्दै आएको जनकपुरधाम लगायतको ठाउँमा पहिलो चरणमा यसरी विस्तार हुन थालेका एफएम रेडियोहरू पुग्नै सकेका थिएनन्।

नयाँ लोकतान्त्रिक वातावरणमा देशभरि एफएम रेडियो स्थापनाको लहर चल्यो। यस लहरले यदि सबैभन्दा बढी कुनै ठाउँलाई प्रभावित पाऱ्यो भने त्यो ठाउँ थियो प्राचीन मिथिलाको केन्द्रस्थल जनकपुरधाम। उसै पनि तराईको कुरा गर्नासाथ आमनेपालीको मनमस्तिष्कमा जनकपुर नै प्रतिनिधि स्थानको रूपमा स्थापित हुने गर्दछ र प्राचीन मिथिलाको राजधानी तथा मैथिली साहित्यिक/सांस्कृतिक क्रियाकलापका माध्यमबाट तराईको केन्द्रका रूपमा जनकपुरले नै जहिल्यै नेतृत्वदायी भूमिका निर्वाह गरेको देखिन्छ। यस अर्थमा जनकपुरमा एफएम रेडियो स्थापना भएपछि नै तराई–मधेश मूलका नेपाली जनताले तराई–मधेशमा रेडियोको वास्तविक स्वाद चाख्न पाए। यद्यपि जनकपुरमा एफएम रेडियो स्थापना गर्ने–गराउने मनस्थितिमा शाही शासनकाल भन्दा केही अघिदेखि नै थुप्रै व्यक्ति तथा सङ्घ–संस्थाहरू आइसकेका थिए। यो चाहना उत्कर्षमा पनि पुगिसकेको थियो। त्यसैले पहिलोपटक २०६३ सालको छठ पर्वका दिन रेडियो जनकपुरका नामबाट स्थानीय आवाज घन्केको ८ महिनाभित्रै जनकपुरमा आधा दर्जन एफएम सञ्चालनमा आए, जुन केही वर्षको अन्तरालमै एक दर्जनभन्दा बढी हुन पुगे।

तर पछिल्लो चरणमा यतिविघ्न सक्रियता र आतुरी देखाउने जनकपुर आखिर यतिका वर्षसम्म किन मौन थियो त ? यो एउटा विचारणीय विषय अवश्य हुन आउँछ। वस्तुतः तर ाईमा रेडियो स्थापना गर्नका लागि (जसरी पछिल्लो समय जनकपुरका एफएमहरू सञ्चालित

भए) सफ्टवेयरका मामलामा हरेक सामग्रीको पहिचान र निर्माण शुरूदेखि नै गर्नु आवश्यक थियो। यसका लागि सञ्चालकहरूमा भाषिक–सांस्कृतिक चिन्तन, चेतना र आवद्धताका साथै आत्मविश्वास पनि जरूरी थियो। तर प्रारम्भिक चरणमा भाषिक–सांस्कृतिक एवं कलात्मक संलग्नता भएका मानिसमा आर्थिक स्रोत र आत्मविश्वासको अभाव थियो भने आर्थिक साधन भएकाहरूमा आवश्यक सफ्टवेयर जुट्ने कुराप्रति संशयको अवस्था थियो। यसले गर्दा नेपालमा एफएम रेडियोको झण्डा फहराएको झण्डै सात वर्ष बितिसक्दा पनि तराई/मिथिला–मधेशको सांस्कृतिक केन्द्र तथा राजनीतिकलगायत अनेकौं क्षेत्रमा प्रमुख हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै आएको जनकपुरधाममा यस सरल एवं प्रभावकारी विद्युतीय सञ्चारमाध्यमको विजारोपणसमेत हुन सकेन।

यसका लागि वातावरण र आत्मविश्वास तब तयार भयो। जब राजधानी काठमाडौँमा केही एफएमहरूले तराईको प्रतिनिधि एवं समृद्ध भाषा मैथिलीमा रेडियो कार्यक्रम सञ्चालन गरे। शुरू–शुरूमा मैथिली भाषामा कार्यक्रम चलाउनु भनेको एउटा औपचारिकता मात्र हुने मान्दै आइएको थियो। खासगरी राजधानीमा बस्ने तराईवासीहरू तरकारी, फलफूल बेच्ने स्तरका मात्र हुन्छन् र तिनीहरूसँग रेडियो सुन्ने वा भाषिक–सांस्कृतिक क्रियाकलापमा संलग्न हुने चासो र समय हुँदैन भन्ने शासकवर्गीय मानसिकताले यसमा काम गरिरहेको थियो। तर कार्यक्रम शुरू भएलगत्तै यथेष्ट मात्रामा स्रोताहरूको आवद्धता र प्रतिक्रिया प्रकट हुन थालेपछि अघि धुकचुक मानीमानी मैथिलीमा कार्यक्रम सञ्चालन गर्न थालेका सम्बद्ध रेडियो व्यवस्थापकहरू पनि दङ्ग परेका थिए। यसपछि राजधानीमा सञ्चालित प्रत्येक जसो एफएम रेडियोहरूले मुख्य रूपले मैथिली र त्यसका साथसाथै भोजपुरी भाषामा हप्ताको एक/दुई कार्यक्रम प्रसारण हुने बन्दोबस्त मिलाउन थाले।



## एफएम रेडियोहरूमा मैथिली कार्यक्रमको प्रवेश र विस्तार

नेपालको रेडियो प्रसारणमा मैथिली भाषाको प्रवेशको कुरा गर्दा पञ्चायती कालदेखि नै चल्दै आएको फूलबारी नामक कार्यक्रमलाई लिन सकिन्छ। जसमा विभिन्न भाषाका गीतसङ्गीतका साथै मैथिलीका गीतसमेत प्रसारण गरिन्थे। रेडियो नेपालले उपलब्ध गराएको यो प्लेटफार्म साँघुरो, अस्थायी र अनिश्चित भएपनि मैथिलीलगायतका भाषाहरूको रेलगाडी पहिलोपटक यसैमा आएकोले महत्वपूर्ण थियो। तर रेडियोमा मैथिली भाषाको महत्वपूर्ण प्रवेश भने वि.सं. २०४९ सालको पुस १७ गते अर्थात् १ जनवरी १९९३ बाट भयो। यस दिनदेखि नेपालको सशक्त एवं प्रभावशाली सञ्चारमाध्यम रेडियो नेपालले राष्ट्रिय प्रसारण अन्तर्गत दैनिक ५ मिनेटको समाचार मैथिली भाषामा प्रसारण गर्न थाल्यो। यस युगान्तकारी घटनाको प्रभाव कतिसम्म देखियो भने लगत्तै भारतीय आकाशवाणीले पनि रेडियो नेपालकै अनुसरण गर्दै मैथिलीमा

समाचार प्रसारण गर्न थाल्यो ।

मैथिली गीत सङ्गीत, कला–संस्कृति आदिसम्बन्धी कार्यक्रमको सन्दर्भमा २०५४ सालदेखि रेडियो नेपालका माध्यमबाट मैथिलीको उल्लेख्य प्रवेश भएको हो । यस समयमा रेडियो नेपालले अन्य भाषाका कार्यक्रमहरू पनि प्रसारण गर्न थालिसकेको थियो । गामक दलान नामको कार्यक्रमबाट मैथिलीमा साप्ताहिक कार्यक्रम शुरू गरिएको थियो । यस कार्यक्रममा मैथिलीका गीत सङ्गीत बजाइन्थे भने मिथिलाका चाड–पर्वहरूका विषयमा चर्चा–परिचर्चा गरिन्थ्यो । यो कार्यक्रम रेडियो नेपालका मैथिली समाचार वाचकहरूद्वारा नै सञ्चालन गरिन्थ्यो । तर १५ मिनेटको सीमित समय र सरकारी मिडियाजन्य बन्धनहरूका कारण यस कार्यक्रमले निजी क्षेत्रका एफएमहरूसमेत प्रभावित हुनेगरी मैथिलीको स्थान बनाउन खास भूमिका निर्वाह गर्न सकेन ।

तथापि मैथिली भाषा–संस्कृतिका अभियान्ताहरूको प्रयासको परिणामस्वरूप निजी क्षेत्रको एफएममा पहिलो पटक २०५८ सालको साउन १६ गते साप्ताहिक एक घण्टाको हिसाबले एचबीसी एफएम ९४ मेगाहर्जमा मैथिली कार्यक्रमको प्रवेश भयो । चौबटिया नामक उक्त कार्यक्रम धीरेन्द्र र रूपा झाद्वारा सञ्चालन गरिन्थ्यो । यो कार्यक्रम एक महिनाकै समयावधिमा राजधानी काठमाडौँमा रहेका मैथिलहरूको बीचमा परिचित र लोकप्रिय बन्यो ।

चौबटिया कार्यक्रमले राजधानीमा रहेका मैथिली भाषाभाषी र भाषा–प्रेमीहरूलाई मातृभाषामा सूचना र मनोरञ्जन प्राप्त गर्ने साधन मात्र उपलब्ध गराएन, काठमाडौँ र अन्य सम्भाव्य ठाउँमा पनि मैथिलीसहित मधेशका भाषामा कार्यक्रम सञ्चालन गर्ने हौसला जन्मायो । फलस्वरूप चौबटिया सञ्चालनको समाचार साउन २६, २०५८, तदनुसार ९ अगस्त २००१ मा कान्तिपुर र द काठमाडौँ पोस्ट पत्रिकामा प्रकाशित भएपछि मनकामना एफएम, हेटौडाबाट पत्रकार महेश दासले दलान नामक कार्यक्रम मैथिली भाषामा शुरू गरे । यस बीचमा काठमाडौँमा रेडियो सगरमाथाले पनि मिथिलायात्रा नामक आधा घण्टाको कार्यक्रम थाल्यो । यस कार्यक्रममा उद्घोषण नेपालीमा गरेर गीतहरू भने मैथिली र भोजपुरीका बजाइन्थे । यसका लागि कार्यक्रम सञ्चालक मोहनकुमार सिंहले रेडियो सगरमाथालाई ६ महिनासम्मको लागि प्रायोजक खोजिदिएर पनि सघाएका थिए ।

मैथिली कार्यक्रमहरूको लोकप्रियता झनै बढ्दै गएको देखिएपछि काठमाडौँ उपत्यकाका साथै सम्पूर्ण मिथिला क्षेत्रमा सुनिन थालेको कान्तिपुर एफएमले पनि मैथिली कार्यक्रम शुरू गऱ्यो । धीरेन्द्र र रूपा झाद्वारा सञ्चालित कान्तिपुर एफएमको हेल्लो मिथिला कार्यक्रमले मैथिली कार्यक्रमको लोकप्रियतालाई उत्कर्षमा पुऱ्यायो ।  यस समयमा मनोज झा ‘मुक्ति’ले पनि पहिले एचबीसी र पुनः इमेज एफएमबाट मैथिली गुञ्जन नामक कार्यक्रम सञ्चालन गर्न थाले ।

त्यसपछि काठमाडौँका विभिन्न एफएमबाट मैथिली कार्यक्रमहरू आउन थाले। यस क्रममा हृदयकान्त झा र ममता पण्डितद्वारा सञ्चालित अप्पन मिथिला (अध्यात्म ज्योति एफएम) र सरोज खिलाडीद्वारा सञ्चालित मिथिलाञ्चल (मेट्रो एफएम) आफ्ना विशेष प्रस्तुतिका कारण चिनिएका थिए। पछि प्रवीण चौधरी 'प्रतीक', धीरेन्द्र झा 'मैथिल', अमरकान्त ठाकुर 'अमर', राजकुमार यादव, राकेशकुमार देव, रवि साह, अर्चना महतो, कमल मण्डल, रश्मि झा, वीरेन्द्र ठाकुर र अन्य धेरै युवा पनि विभिन्न एफएममा कयौँ मैथिली कार्यक्रम सञ्चालनमा संलग्न भए।

राजधानी काठमाडौँमा सञ्चालित मैथिली कार्यक्रमहरूको लोकप्रियताबाट के प्रमाणित भयो भने मैथिली भाषा सूचना र मनोरञ्जन दिने कार्यमा पूर्णतः सक्षम र सफल छ। यसको प्रयोगबाट अर्थोपार्जन पनि राम्रोसँग गर्न सकिने आधारहरू पनि यी कार्यक्रमहरूले देखाइदिए र यसबाट मूल मिथिला क्षेत्रका जनताको ध्यान पनि आकर्षित गर्न सके। जब लाइसेन्स दिने प्रक्रिया सर्वसुलभ भयो, मिथिलाको केन्द्र जनकपुरधाममा एकैचोटि अनेकौँ रेडियोहरू स्थापित भए। मैथिली कार्यक्रमहरूको लोकप्रियताका कारण बन्दै आएको विश्वास र ठूलो जनआन्दोलनबाट प्राप्त लोकतन्त्रले मिथिला क्षेत्रका सबैजसो रेडियोहरूको प्रमुख भाषा मैथिली नै बन्न पुग्यो। आजको दिनमा मिथिलाको भाषिक र सांस्कृतिक सीमालाई समेट्ने क्षेत्रमा एक सयको हाराहारीमा रेडियोहरू स्थापित छन्, जसका माध्यमबाट मैथिली श्रव्य सञ्चार प्रचुर रूपमा फस्टाएको छ।

यद्यपि तराई मधेशमा पनि समग्र अवस्थालाई सन्तोषजनक मान्न सकिन्न। नेपालका प्रमुख शहरहरूमध्ये काठमाडौँ उपत्यका, पोखरा, सुर्खेत, धरानबाहेक प्रायः सबैजसो तराईमा पर्दछन्। तर मेचीदेखि महाकालीसम्मकै तराई क्षेत्रको कुरा गर्ने हो भने विभिन्न शहरमा सञ्चालित एफएमहरूले तराई-मधेश र त्यहाँका रैथानेहरूलाई केन्द्रित गरेर खासै कार्यक्रमहरू सञ्चालन गरेको पाइँदैनथ्यो। राज्यको पुरानो एकात्मक शासन प्रणालीले प्रक्षेपण गरेको खसवादी राष्ट्रवादलाई नै आधार मानेर विभिन्न रेडियोहरू सञ्चालित देखिन्थे। राजनीतिक सन्दर्भमा यो कुरा पछिल्ला दिनमा केही फरक देखिए तापनि भाषा, संस्कृति र तिनमा प्रयुक्त जनशक्तिहरूलाई समेत हेर्दा अवस्था र चिन्तनमा खासै फरक आएको देखिदैन थियो। कतिसम्म भने मधेशीबहुल वीरगञ्ज जस्तो ठाउँमा स्थापित एफएमहरूसमेत उही पुरातन मानसिकतामै चल्ने गरेका थिए। त्यहाँको प्रमुख भाषा भोजपुरी भएर पनि एक चौथाइ कार्यक्रमसमेत कुनै एफएममा भोजपुरी भाषामा आउँदैनथे।

विराटनगरमा रहेका एफएमहरू सुनिने क्षेत्रमा पनि आधा जनसङ्ख्या मैथिली भाषाभाषीको छ। यसैगरी थारू, राजवंशी, झाँगड, सन्थाल जस्ता मधेशी जनजातिको सङ्ख्या पनि पर्याप्त छ। तर तिनको कार्य प्रक्रिया पनि आफूलाई समावेशी देखाउने नाममा एकाधवटा इतर

खसभाषीय कार्यक्रम राख्नु सम्ममा मात्र सीमित छ। बुटवल, दाङ, नेपालगञ्ज र कैलालीका एफएमहरूमा पनि स्थानीय भोजपुरी/अवधी तथा थारू भाषामा कार्यक्रमको अवस्था उही अक्षता छर्केजस्तो छ। तराईका अन्य कुनै पनि ठाउँको रेडियो सुन्नासाथै यो अवधी, भोजपुरी वा थारू क्षेत्रको रेडियो हो भनेर बुझ्ने कुनै ठोस आधार फेला पर्दैन। यस्तोमा समग्र मिथिला र जनकपुर परिक्षेत्रका एफएमहरूले मात्र स्थानीय माटो र मुटुको भाषा र भावना प्रयोग गरेर लोकतन्त्रको मर्मलाई चरितार्थ गर्ने दिशामा आफूलाई सशक्त ढङ्गले अगाडि बढाएका छन्।

जनकपुरका एफएमहरूले लोकतन्त्रको मर्मलाई चरितार्थ गर्नेमात्र नभई सङ्घीयताको पूर्वाधार तयार गर्ने सन्दर्भमा पनि महत्वपूर्ण भूमिका र उदाहरण प्रस्तुत गरेका थिए। राजनीतिक बहसका रूपमा सङ्घीयता र त्यसको स्वरूपले प्रवेशै पाउन नसकेको अवस्थामा पनि जनकपुरका एफएमहरूले त्यसलाई एक किसिमले व्यवहारमै ल्याइसकेका थिए। देशको अन्य भागका कुनै मानिसले जनकपुर पुगेर त्यहाँका रेडियोहरूको कार्यप्रक्रिया र त्यसबाट त्यहाँको जनजीवनमा परेको प्रभावलाई हेर्दा आफू नेपाल देशको मिथिला प्रदेशमा आइपुगेको सहजै आभास पाउन सक्थे।  भलै त्यसले राजनीतिक स्वरूप ग्रहण गर्ने बेलामा मिथिला नामले साकार रूप लिन पाएन, तर पनि त्यस प्रदेशको अन्तर्यमा अहिले पनि मिथिला नै जीवन्त रहेको पाउन सकिन्छ। कुनैपनि राज्य वा राष्ट्रलाई आकार दिने काम भूगोल र राजनीतिले गर्छ भने त्यसलाई सुदृढता प्रदान गर्ने अनि सिँगार्ने काम भाषा-संस्कृति र त्यसप्रति जनतामा रहेको गौरवानुभूतिले गर्दछ। यस प्रकार मैथिली भाषा-संस्कृतिको समुन्नत परम्पराको निरन्तरतालाई पछ्याउँदै जनकपुरे रेडियोहरूले नयाँ नेपालको मिथिलाको राजधानीका रूपमा जनकपुरलाई सिँगार्ने काम गरिरहेका छन्। गणतन्त्रलाई सुदृढ र संघीयतालाई साकार रूप दिने काममा जनस्तरबाटै उठाइएको यो एउटा अग्रगामी कदम थियो।

यस्तो सार्थक र सकारात्मक अवस्था आउनुमा यसपूर्वको समयमा काठमाडौँबाट सञ्चालित मैथिली कार्यक्रमहरूले मिथिलावासीमा जगाएको भोक र मिथिला क्षेत्रका रेडियो सञ्चालकहरूमा पलाएको आत्मविश्वासको ठूलो भूमिका रहेको मानिन्छ।

## भाषाभाषी सञ्चारको मियो यद्यापि रेडियो नेपाल

मैथिलीलगायत तराई-मधेशका भाषाहरूको विस्तारमा एफएम रेडियोहरूको उल्लेख्य भूमिका रहेतापनि समग्रमा यिनीहरूको मियो भने रेडियो नेपाल नै बनिरह्यो। एफएमहरूका कार्यक्रमको फैलावट परालको आगो सरह रह्यो भने रेडियो नेपालको यात्रा सुस्त तर अनवरत जारी रह्यो। यसलाई भूसको आगोको उपमा पनि दिन सकिन्छ। आज संघीय राजधानीमा केन्द्र राखी राष्ट्रिय प्रसारणकै समानान्तरमा रहेका मिडियाहरूको कुरा गर्ने हो भने रेडियो कान्तिपुरमा मात्र मैथिली कार्यक्रम रहेको छ। हेल्लो मिथिला नामबाट उक्त मैथिली

कार्यक्रम अविच्छिन्न रूपमा २४ वर्षदेखि साप्ताहिक रूपले सञ्चालित छ। बाँकी सबैजसो बन्द भइसकेको अवस्था छ। मिथिला क्षेत्रमै रहेका एफएमहरूमा अहिले पनि भाषिक-सांस्कृतिक सद्भाव त पाइन्छ तर प्रतिबद्धतामा बिटुलोपन आउँदै गएजस्तो देखिन्छ। कारण के हो भने पछिल्ला समयमा अधिकांश रेडियोहरू केन्द्रबाट निर्माण गरिने समाचार तथा कार्यक्रमहरूको रिले वा प्रसारण केन्द्रको हैसियतमा सीमित हुन पुगेका छन्। कार्यक्रम उत्पादनको क्रम शून्यमा झरेको छ भन्दा पनि साह्रै अमिल्दो हुँदैन होला।

रेडियो नेपालमा विविध भाषाका समाचार शुरू भएपछि अन्य भाषामा रहेको प्रतिबन्ध जस्तो स्थितिको अन्त्य भयो। मानिसले आ-आफ्नो भाषामा रेडियोले प्रसारण गर्ने समाचारको अनुवाद सुन्न थाले। तर जीवनका सुखदुख, हाँसो रोदन, गीतस सङ्गीत, कलासंस्कृति आदिसम्बन्धी कुनै कार्यक्रम भने सुन्न पाएका थिएनन्। यस्तैमा रेडियो नेपालबाटै २०५४ साल असारदेखि मैथिली, भोजपुरी, अवधी, थारू, तामाङ, नेपाल भाषालगायतका भाषामा एक-एकवटा साप्ताहिक कार्यक्रम प्रारम्भ गरिए। जम्मा १५ मिनेटका ती कार्यक्रमहरूमा प्रायः आ-आफ्नो मातृभाषाका गीत बजाउने र समसामयिक चाडपर्वका कुरा गर्ने गरिन्थे। खासगरी तराईका भाषाका यस्ता कार्यक्रमहरूमा मठमन्दिरहरूको परिचय, तीर्थाटनका साथै सांस्कृतिक कुरा पनि समाविष्ट हुन्थे। ती कार्यक्रमहरू सम्बन्धित भाषाका समाचारवाचकहरूले नै चलाउनुपर्थ्यो। यसका लागि कुनै किसिमको अतिरिक्त सुविधा दिइएको थिएन। यसले गर्दा सञ्चालकहरूमा त्यतिसारो उत्साह देखिँदैनथ्यो। छोटो समयावधि, सञ्चालकहरूमा स्वतन्त्रता भाव तथा यथेष्ट उत्साहको कमीले गर्दा ती कार्यक्रमहरूले जनमानसमा खासै प्रभाव पार्न नसके पनि सरकारी सञ्चारमाध्यमबाट आइरहेको कार्यक्रम भएकोले त्यसको ऐतिहासिक महत्व केही विशेष अवश्य नै रहेको मान्न सकिन्छ।

तत्कालीन समयमा रेडियो नेपाल भनेको सरकारले प्रायोजन र नियन्त्रण गर्ने गरेको सञ्चारमाध्यम भएकोले त्यसका सञ्चारसम्बन्धी गतिविधिहरू उकुस मुकुसपूर्ण थिए। यसको अभीष्ट जनचाहनालाई सम्बोधन गर्नेभन्दा बढी सरकारलाई खुशी पार्ने दिशामा केन्द्रित हुन्थ्यो। तराई-मधेशका भाषाहरूको प्रसारणमा लोक रिझाउने तत्व खासै नभएको हुँदा ती कार्यक्रमहरू प्रायः झाराटराइमा सीमित हुन्थे। त्यसैले त्यहाँबाट प्रसारित कार्यक्रमहरू पछिल्लो समयका प्रतिस्पर्धात्मक र श्रोताका लागि विकल्पहरू प्रशस्त भएको समयमा लोकप्रिय हुन गाह्रो थियो। यस्तोमा प्रस्तोताले अतिरिक्त समय र श्रम खर्चेर आफ्नो वर्ग, क्षेत्र, समुदायका लागि कार्यक्रममा ज्यान भर्ने प्रयत्न गर्न सक्थे। तर त्यस्ता निजी प्रयास पनि चाहिँदो मात्रामा हुन नसकेकोले देशमा अनेकौँ एफएम स्थापना भइसक्दा पनि ती कार्यक्रमले तराईका भाषामा कार्यक्रम गर्न/गराउन प्रारम्भिक समयमा अन्य कुनै रेडियोलाई ईर्ष्यालु बनाउन वा प्रेरित एवं मार्गदर्शन गर्न सकेका थिएनन्।

तर यो भनेको आजभन्दा दशक अघिसम्मको कुरो हो। यतिखेर धेरै चहकिला नभए पनि अनेकथरी सञ्चार दीपहरू अनवरत बालिराख्ने काम रेडियो नेपालले नै गरेको छ। अब रेडियो नेपाल सामुदायिक प्रसारणमा गइसकेको परिवर्तित र आशावादी अवस्था पनि छ। यस्तोमा यसका बाटाहरू पनि प्रशस्त भएका छन्। हाम्रो देशको सम्पदा भन्नु नै यहाँका वानस्पतिक, प्राकृतिक तथा सांस्कृतिक विविधताहरू हुन्। तर दुर्भाग्य भन्नुपर्छ,–यी सम्पदालाई नै अन्यथा बुझ्ने मानसिकता हामीकहाँ अहिलेसम्म व्याप्त छ। वस्तुतः देशलाई यथार्थ समृद्धिको गोरेटोमा डोऱ्याउने हाम्रा संसाधन भनेकै यिनै विविधताहरू हुन सक्दछन्। रेडियो नेपालले सामुदायिक प्रसारणको स्वरूप ग्रहण गरिसकेपछि समुदायको ढुकढुकी र सम्बद्ध भाषा–संस्कृतिलाई सच्चा संरक्षण दिने दिशामा आफ्ना कार्यक्रमहरूमा स्थान दिँदै जाने हो भने समुदायको मनोबल बढ्ने मात्र नभई देशको समृद्धिका लागि दिगो आधारशिला तयार पार्ने दिशामा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ।

*(लेखक साहित्यकार, सञ्चारकर्मी र संस्कृतिकर्मी हुनुहुन्छ।)*


**"सुरक्षित रहौं, रोकथाम गरौं, नियन्त्रण गरौं"**

*डेंगीको मुख्य लक्षणहरू*

- उच्च ज्वरो आउनु,
- बेस्सरी टाउको दुख्नु,
- जोर्नी र मांशपेशीहरू बेस्सरी दुख्नु,
- शरीरमा राता बिमाराहरू आउनु,
- आखाको गेडी दुख्नु,
- वाकवाकी लाग्नु वा वान्ता लाग्नु,

*डेंगीका लक्षणहरू देखिएमा के गर्ने वा डेंगीबाट बच्ने उपायहरू :*

- स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने।
- घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनको लागि र जिउ दुखेको कम गर्नको लागि प्यारासिटामल बाहेकका हुफिन र एस्प्रिन जस्ता औषधी सेवन नगर्ने।

मधेश प्रदेश सरकार
*मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,*
*जनकपुरधाम, मधेश प्रदेश।*

## मिथिला बिहारी नगरपालिका

### तारापट्टी, धनुषाको अपिल

गर्मीयाममा हुने सम्भावित आगलागीको जोखिम कम गर्न एवम् झाडापखाला जस्ता सरुवा रोगबाट बच्नको लागि देहाय बमोजिमको सचेतना अपनाउन अपिल गरिएको छ।

*०१. आगलागीको जोखिम कम गर्न निम्न कुरामा ध्यान दिई राखौं।*

- सलाई, लाइटर जस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं।
- ग्याँस बालेको बेला भान्सा कोठा छोडेर नजाऔं।
- ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठा भन्दा बाहिर राखौं।
- गाईगोठमा आगो बाल्दा आगोको झिसी नउड्ने गरी बालौं।
- घरपालुवा जनावरहरू, पराल र काठ, दाउरा भएको ठाउँमा घुर नबालौं।
- हावाहुरी चलेको बेला आगो बाल्ने काम नगरौं।
- चुरोट, बिंडी वा आगोको झिल्का भएका वस्तु जथाभावी नफालौं।

*०२. झाडापखाला जस्ता सरुवा रोगबाट बच्न निम्न उपाय अपनाउने गरौं।*

- सरसफाइमा विशेष ध्यान दिऔं।
- बासी, सडेगलेको, झिँगा बसेको र खुल्ला रुपमा राखिएका खानेकुराहरु नखाऔं।
- सफा पानीको प्रयोग गरौं।
- पानिका स्रोतहरु सफा राखौं।
- खाना खानुअघि, दिसा गरी सकेपछि, फोहोरमैला छोएपछि, बच्चाको दिसा धोएपछि, साबुन पानीले मिचीमिची हात धुने गरौं।
- सरुवा रोगबाट बच्न सफा वा उमालेको पानीको प्रयोग गरौं।



नगर उप-प्रमुख
*शोभादेवी साह*



नगर प्रमुख
*राजेन्द्रप्रसाद यादव*

## मधेश प्रदेशः शिक्षित प्रदेश, समृद्ध प्रदेश

देश र प्रदेशको भविष्य हाम्रा बालबालिकाको हातमा छ। शिक्षा नै उनीहरुको उज्ज्वल भविष्यको आधारशिला हो। शिक्षाले उनीहरुलाई ज्ञान, सीप र आत्मविश्वास प्रदान गर्छ, जसले उनीहरुको जीवनलाई सफल र सार्थक बनाउँछ। त्यसैले, आफ्ना बालबालिकालाई समयमै विद्यालय भर्ना गराऔं। हामी सबै मिलेर हाम्रा बालबालिकालाई शिक्षाको उज्यालो संसारमा डोऱ्याऔं र उनीहरुको सपना साकार पारौं। शिक्षाको ज्योतिबाट उनीहरुको भविष्य उज्वल बनाऔं।

विशेष जानकारीः

•नेपाल सरकार तथा मधेस प्रदेश सरकारले सबै बालबालिकालाई विद्यालय भर्ना गराउन तथा निरक्षर नागरिकलाई साक्षार बनाई साक्षर मधेस प्रदेश घोषणा विशेष अभियान सञ्चालन गर्ने भएको छ।

•सामुदायिक विद्यालयहरुमा कक्षा ८ सम्म निःशुल्क तथा अनिवार्य र कक्षा १० सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ।

•बालबालिकालाई विद्यालय भर्ना गराउन अभिभावकहरुले आफ्नो नजिकको विद्यालयमा सम्पर्क गर्न सक्नुहुन्छ।

•विद्यालय भर्ना सम्बन्धी थप जानकारीको लागि नजिकको विद्यालय, स्थानीय तह वा शिक्षा विकास तथा समन्वय इकाइमा सम्पर्क गर्न सक्नुहुन्छ।

शिक्षा विकास निर्देशनालय
जनकपुरधाम, मधेश प्रदेश

## स्वास्थ्य निर्देशनालय
### सपही धनुषाको अपिल

सुर्तीजन्य पदार्थको असरः

- क्यान्सर, हृदय रोग, श्वासप्रश्वास सम्बन्धी समस्या।
- मुख, घाँटी र फोक्सोमा गम्भीर रोगहरुको जोखिम।
- दाँतको क्षय, गिजाको रोग र स्वाद क्षमताको हानि।
- शारीरिक र मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव।

मदिराको असरः

- मानसिक र शारीरिक स्वास्थ्यमा गम्भीर असर।
- पारिवारिक तथा सामाजिक सम्बन्धमा नकारात्मक प्रभाव।
- दुर्घटना, हिंसा र अपराधमा संलग्न हुने जोखिम।
- कलेजो, मिर्गौला र मस्तिष्कको गम्भीर क्षति।

हाम्रो अभियानः

- सुर्तीजन्य पदार्थको सेवन रोकथाम र नियन्त्रण।
- मदिरा सेवनको नियमन र न्यूनीकरण।
- जनचेतना कार्यक्रम र सचेतना अभिवृद्धि।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन।

आह्वानः

- आफ्नो स्वास्थ्यको रक्षा गर्नुहोस्।
- परिवार र समाजलाई सुरक्षित राख्न योगदान पुऱ्याउनुहोस्।
- सचेत बनौं र अरुलाई पनि सचेत बनाऔं।

*स्वास्थ्य रहनुहोस्, सुरक्षित रहनुहोस्!*

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा

## खाद्य तथा पोषण सुरक्षामा सुधार गर्न निम्न अभ्यासहरू अपनाऔं

१.प्रसूति उमेरका महिला तथा बच्चाहरुले पर्याप्त शुद्ध आहारको उपभोग गरौं।
२.हरियो साग/सब्जी, मौसमी फलफूल, दुध/दही, माछा/मासु/अण्डा, अन्न तथा गेडागुडीहरुको सन्तुलित परिमाणमा दैनिक आहारमा प्रयोग गरौं।
३.घरबारीमा करेसाबारी लगाऔं र करेसाबारीमा जैविक मल तथा जैविक विषादीको प्रयोग गरौं। पोषणयुक्त शुद्ध र रुचिकर खाद्य सामग्री उत्पादन तथा उपभोग गरौं।
४.पशुपन्छी पालन तथा खेतबारीमा कृषि कार्य गर्दा वातावरणीय तथा समाजिक सुरक्षणका प्रविधिहरु जस्तै – मास्क, पन्जा, गमबुट, टोपी तथा एप्रोनको उपयोग गरौं। यसरी विषादी, मल तथा किटाणुहरुको सङ्क्रमणबाट व्यक्तिगत तथा पारिवारिक स्वास्थलाई सुरक्षित राख्न मदत गर्छ।
५.उन्नत कृषि प्रविधिहरुबारे जानकारी राखौं र वातावरण मैत्री कृषि प्रणालीको अभ्यास मार्फत उत्पादनमा वृद्धि गरौं।
६.कृषि कार्यमा लाग्ने सामग्रीहरु जस्तै– उन्नत बिउ, जैविक मल, जैविक विषादी, सिँचाइ, यन्त्र/उपकरणहरुको उपयोगले कृषिको कार्यबोझलाई घटाउन सकिन्छ।
७.उत्पादन भएका बाली तथा पशुपन्छी उपजहरुको भण्डारण, प्रशोधन तथा बिक्री बितरणका लागि पूर्व तयारी गरौं र यसका लागि बजार संयन्त्रहरु बारे सूचनाहरु सङ्कलन गर्ने सम्पर्क अभिवृद्धि गरौं।
८.सामूहिक खेतीको अवधारणा मार्फत् सेवा प्रदायक निकायहरुसँग सम्बन्ध स्थापना गरी विभिन्न प्राविधिक सहयोग तथा अनुदानको लाभ समेत लिन सकिन्छ।

नेपाल सरकार
कृषि तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना कलस्टर इकाई
जनकपुरधाम, धनुषा

# विकासका लागि सञ्चार र रेडियो नेपाल



गजेन्द्रसिंह बुढाथोकी

नेपाल विकास पत्रकारिताको कुरा गर्दा फर्किएर छापा माध्यमतर्फ या त गोरखापत्रतर्फ नै फर्कनुपर्ने हुन्छ । अथवा श्रव्य तथा दृश्य माध्यममा रेडियो नेपालकै भूमिका कोट्याएर हेर्नुपर्ने हुन्छ । औपचारिक रुपमा २००७ सालदेखि प्रसारणमा आएको रेडियो नेपालले आफ्नो स्थापना कालको प्रारम्भिक अवधिदेखि नै नेपालमा सूचना तथा सञ्चार र मनोरञ्जन दुवै क्षेत्रमा महत्त्वपूर्ण योगदान दिँदै आएको देखिन्छ । नेपालमा शिक्षित अथवा साक्षर जनसङ्ख्या निकै कमजोर रहेको र देशको भौगोलिक समस्याहरूका कारण सबै क्षेत्रमा उपयुक्त ढङ्गले विकास माध्यमका सूचना र जानकारीहरू प्रवाह गर्न कठिनाइ रहेको सन् १९५० देखि सन् २०६० को दशकसम्म रेडियो नेपालले यस मामिलामा निकै ठूलो र प्रभावकारी योगदान पुऱ्याएको देखिन्छ ।

पञ्चायतकालमा नेपालको मात्र नभई विश्वव्यापी रूपमा नै विकासका लागि सञ्चार भन्ने मूल अवधारणाले आमसञ्चार माध्यमहरूको विकास भएको र तिनलाई सोही ढाँचाले संरचित गरिएको अवस्थामा रेडियो नेपालको भूमिका विशेष र उल्लेखनीय रहँदै आएको देखिन्छ ।

रेडियो नेपाल २००७ सालको राजनीतिक क्रान्तिसँगै अस्तित्वमा आयो । सुरुमा यसले काठमाडौंबाट ३०० वाटको सैन्य प्रकारको सर्टवेभ ट्रान्समिटरबाट सञ्चालन सुरु गरेको थियो भने सन् १९५४, १९५६ र १९६८ मा प्रविधि स्तरोन्नति गर्दै लगियो । सन् १९७० को दशकको मध्यमा खुमलटारमा शक्तिशाली ट्रान्समिटर जडान भएपछि रेडियो नेपालले देशका सबै भाग र छिमेकी देश भारतका केही भागहरूलाई समेट्न थालेको थियो । मिडिमवेभ र सर्टवेभ गरी तीन तीनवटा फ्रिक्वेन्सीबाट एकसाथ प्रसारण गर्न थालेपछि यसको पहुँच बढ्न थालेको हो ।

## विकास सचेतना अभिवृद्धि

तपाईं–हामीले साना हुँदा रेडियोमा जेटीए र बुढीआमैको संवाद सुनेको हुनुपर्छ । यो नै नेपालका कृषि क्षेत्रको विकासका लागि आमसञ्चारको पहिलो प्रयोग थियो । तत्कालीन कृषि सूचना शाखाअन्तर्गत २०२३ साल देखि सुरु भएको यो कार्यक्रम हालसम्म पनि रेडियो नेपालबाट प्रसारण भइरहेको छ, यसमा समावेश जेटीए र बुढीआमैको संवाद सम्भवतः रेडियो पत्रकारिताकै इतिहासमा सबैभन्दा लामो समय प्रसारण भएको कार्यक्रम हो । यसले किसानहरूलाई सरल भाषामा खेतीपातीका विधि, विदाषी र रासायनिक मल प्रयोग गर्ने विधिदेखि कृषि उपकरणहरूबारे समेत जानकारी प्रवाह गर्ने काम गर्थ्यो ।

यद्यपि गोरखापत्रको आरम्भदेखि नै कृषिसम्बन्धी विषयवस्तुलाई समाचारका रूपमा प्रस्तुत

गरिन्थ्यो, जुन कुरा देवशमसेरले बिसं १९५८ सालमा जारी गरेको सनदबाट पनि पुष्टि हुन्छ। सनदमा भनिएको छ– '... खेती पाती विषय, इलम विषय, धर्म विषय, उन्नतिको असल–असल कामको कीतापको उलथा गरी छाप्नु।' गोरखापत्रको नियमित प्रकासन हुन थालेको वर्षदेखि नै कृषिसम्बन्धी समाचारहरू प्रकासित भइरहेको भेटिन्छ। बिसं १९६३ सालमा डडेलधुरामा पानी कम परेकाले खेती नभएको समाचार प्रकासन भएको देखिन्छ।

रेडियो नेपालको कृषि कार्यक्रम आफ्नै उत्पादन भने थिएन, आकासवाणीले सन् ५० को दशकमा चौपालजस्ता लोकप्रिय कृषि कार्यक्रमहरू सञ्चालन गरेको सफल उदाहरण थियो, जसलाई ख्याल गरेर कृषि मन्त्रालयअन्तर्गत २०२२ सालमा कृषि सूचना केन्द्र स्थापना गरियो, जसले पछि रेडियो कार्यक्रम उत्पादन गर्न थालेको हो। रेडियो नेपालले २००८ सालमै कृषि कार्यक्रम सञ्चालन हुन थालेको थियो। यो कार्यक्रम २०२३ सालसम्म आइपुग्दा साताको चार पटक प्रसारण हुन थालेको थियो।

कृषि विकासका लागि पत्रकारिताको उपयोगको नमुना भारतमा हरित (कृषि) क्रान्ति ल्याउनका लागि त्यहाँको राष्ट्रिय टेलिभिजन दूरदर्शनले खेलेको भूमिकालाई लिन सकिन्छ। उक्त टेलिभिजनले अमेरिकी भूउपग्रहमार्फत गाउँगाउँमा सस्तो टेलिभिजन सेटबाट कृषि कार्यक्रमलाई घरघरमा पुऱ्याएको पाइन्छ। सन् १९५९ मा स्थापना भएको दूरदर्शनले प्रारम्भदेखि नै कृषिमुखी कार्यक्रमहरूलाई प्राथमिकता दियो।

सन् १९६६ मा दूरदर्शनमा सुरु भएको कृषि दर्शन कार्यक्रमले कृषकहरूलाई खेतीपातीदेखि कृषि उपजको व्यवस्थापनमा समेत सिकायो। हामीकहाँ त्यसैको अनुकरण गर्दै २०४२ सालमा नेपाल टेलिभिजनको स्थापनाकालदेखि नै कृषिसम्बन्धी समाचारहरू प्रसारण गर्न थाले पनि त्यसको लामो समयपछि मात्र कृषिसम्बन्धी छुट्टै कार्यक्रमको प्रसारण गर्न थालिएको हो।

कृषि सूचना केन्द्रका श्रीराम पुडासैनीको संयोकत्वका २०४९ सालदेखि नेपाल टेलिभिजनमा पाक्षिक रूपमा 'कृषि जगत' कार्यक्रमको आरम्भ भएको हो। करिब ५ वर्ष पाक्षिक कार्यक्रम चलेपछि २०५४ सालपछि कृषि मन्त्रालय र नेपाल टेलिभिजनका सहकार्यमा कृषि कार्यक्रमलाई दैनिक बनाइएको हो, तर सुरुका दिनमा उक्त कार्यक्रम केबल स्टुडियो संवादमा सीमित थियो। पछिमात्र कृषि क्षेत्रका विभिन्न गतिविधि सामेल गर्न थालिएको हो।

कृषि कार्यक्रम मात्र होइन, रेडियो नेपालले बिसं २०२५ सालपछि बैंकिङ, पर्यटन, हाम्रो वन, मातृशिशु कल्याण, शिक्षक शिक्षा, विज्ञान तथा प्रविधि लगायतका कार्यक्रमहरू प्रसारण गर्न थाल्यो। यसअघि त २००८ सालताका छात्र कार्यक्रम, २०१७ सालबाट प्रौढ शिक्षा कार्यक्रम, ग्रामीण, ग्राम पञ्चायत लगायतका कार्यक्रम प्रसारण हुन थालिसकेको थियो।

## राष्ट्रिय सञ्चार योजना–२०२८ पछिको विकास क्रम

बिसं २०२८ साल वैशाख ४ गतेबाट लागू गरिएको 'राष्ट्रिय सञ्चार योजना–२०२८'ले पहिलो पटक 'विकासका लागि सञ्चार'को मूल नारालाई कार्यान्वयनमा ल्यायो।

**योजनाले मूलतः निम्न उद्देश्य राखेको थियो**

- ❑ योजनाबद्ध विकासका लागि देशको परम्परागत एकतालाई सुदृढ गर्ने,
- ❑ राज्यप्रति निरन्तर तथा अटुट बन्धन र विश्वासलाई सुदृढ गर्ने,
- ❑ विश्वमा राष्ट्रिय प्रतिष्ठा र मर्यादा बढाउने,
- ❑ असंलग्न राष्ट्रहरू र छिमेकीहरूमा राज्यप्रति सम्मान सिर्जना गर्ने,
- ❑ विश्व शान्तिका लागि देशवासीहरूमा सम्मान र विश्वास सिर्जना गर्ने ।

**यी उद्देश्यहरू पूरा गर्न योजनामा निम्न कार्यनीति उल्लेख थिए–**

- ❑ सञ्चार प्रणाली सकेसम्म व्यापक हुनुपर्छ,
- ❑ आमजनसञ्चारसँग सम्बन्धित गतिविधिहरू 'जनतामुखी' हुनुपर्छ,
- ❑ अधिकांश मानिसहरू ग्रामीण क्षेत्रमा बस्ने भएकाले 'नयाँ र पुराना विचारहरूको विवेकशील मिश्रण' मार्फत जनताको सोचलाई विकासतर्फ पुनःनिर्देशित गर्ने आवश्यकताको बारेमा सचेतना हुनुपर्छ,
- ❑ –विभिन्न सञ्चार माध्यमहरूले प्रयोग गर्ने भाषा सकेसम्म सरल र सजिलै बुझ्न सकिने हुनुपर्छ,
- ❑ सञ्चार माध्यमबाट जनतालाई पठाउन खोजिएको सन्देशमा स्थानीय तत्व हुनुपर्छ,
- ❑ यथार्थपरक र वस्तुनिष्ठ दृष्टिकोण अपनाएर सञ्चार सेवाप्रति विश्वास र सम्मान सिर्जना गर्नुपर्छ,
- ❑ सञ्चारमा प्रयोग गरिने सामग्री सामयिक हुनुपर्छ ।

राष्ट्रिय सञ्चार योजनाले त्यसबेला अस्तित्वमा रहेका आमसञ्चार माध्यम (गोरखापत्र, राष्ट्रिय समाचार समिति, रेडियो नेपाल र शाही नेपाल चलचित्र संस्थान)को तीव्र विकासका साथै द्रुत विकासका लागि अनुकूल वातावरण सिर्जना गर्न माध्यमहरूको उचित र अधिकतम उपयोग गर्ने लक्ष्य राखेको थियो ।

**रेडियो शिक्षा शिक्षक प्रशिक्षण परियोजनाः**

शिक्षा तथा संस्कृति मन्त्रालयले नेपालमा शिक्षा प्रवर्द्धन गर्ने माध्यमको रूपमा रेडियोको सम्भाव्यतालाई मान्यता दिएको छ । सन् १९६० को दशकमा रेडियो नेपालबाट प्राथमिक र निम्न माध्यमिक तहमा कक्षाकोठा निर्देशनमा सहयोग पुर्याउन डिजाइन गरिएको प्रसारणहरूको शृङ्खला सहित विभिन्न शैक्षिक कार्यक्रमहरू सुरु गरिएका थिए । यो परियोजनाअन्तर्गत अप्रशिक्षित शिक्षकहरूलाई आफ्नो गाउँमा बस्दै र पढाउँदै आधारभूत शिक्षण शिक्षा दिने व्यवस्था गरियो । शिक्षा तथा संस्कृति मन्त्रालय, रेडियो नेपालको सहकार्यमा थालिएको शिक्षकहरूका लागि र त्यसपछि जनक शिक्षा सामग्री केन्द्रको नेतृत्वमा युनिसेफ र ब्रिटिस काउन्सिलको

प्राविधिक र आर्थिक सहयोगमा स्कुल प्रसारण कार्यक्रम सञ्चालन गरियो। यो नेपालमा 'दूरशिक्षा'को पहिलो अवधारणा थियो। यसलगत्तै २०३५ सालमा रेडियो शिक्षक तालिम कार्यक्रम सञ्चालन गरियो। यसका परिमार्जित संस्करणका शैक्षिक कार्यक्रमहरू आज पर्यन्त रेडियो नेपालबाट प्रसारण भइरहेका छन्।

२०२८ सालमा आरम्भ गरिएको 'विकासका लागि सञ्चार'को मूल अवधारणालाई आधार बनाई गोरखापत्रमा सोही वर्षदेखि 'गाउँघर' भन्ने स्तम्भ सुरु गरियो। स्व. भारतदत्त कोइरालाको नेतृत्वमा आरम्भ भएको 'गाउँघर' स्तम्भ नै नेपालमा विकास पत्रकारिताको जग मानिन्छ। त्यसबेला सञ्चार विकास नै कमजोर भएको र सञ्चारकर्मीहरूको सङ्ख्यासमेत कम रहेको अवस्थामा गोरखापत्रले आफ्नै संवाददाताहरू जिल्ला–जिल्ला पठाएर समाचार सङ्कलन गर्ने गर्थ्यो। पछि तत्कालीन राजा स्व. वीरेन्द्रको विकास क्षेत्रहरूको भ्रमणका क्रममा भ्रमणपूर्व नै गोरखापत्र, रेडियो नेपाल र राष्ट्रिय समाचार समितिले सम्बन्धित क्षेत्रमा संवाददाता खटाई स्थानीय समाचार सङ्कलन गर्न थालियो।

विकास सञ्चारलाई 'प्रेसको पाँचौं सिद्धान्त" को रूपमा लिइन्छ, जसको मुख्य उद्देश्य सामाजिक परिवर्तन, विकास र आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्नु थियो । दोस्रो विश्वयुद्धपछि विश्वको पुनर्निर्माणको आवश्यकता महसुस गरिएसँगै विकास सञ्चारको अभ्यास व्यापक रूपमा सुरु भएको पाइन्छ ।

## रेडियो सेवाको अध्ययनः

देशमा रेडियो सेवाको बारेमा सन् १९८१ मा गरिएको एक अध्ययनले समाचार सामग्री सबैभन्दा लोकप्रिय सेवा भएको देखाएको छ। दोस्रो लोकप्रिय सामग्री कृषि सेवा हो, जुन ग्रामीण कार्यक्रमको भागको रूपमा सञ्चालित हुने गरेको थियो। समाचार पनि जिल्ला समाचार (हाल स्थानीय समाचार) निकै लोकप्रिय थिए। त्यसबेला जिल्ला समाचारको प्रसारण दिनमा दुई पटक हुन्थ्यो। विभिन्न बालीहरूको खेती गर्ने प्रविधिहरूका साथै रोग नियन्त्रणको जानकारी प्रसारण गर्ने कृषि कार्यक्रम अति लोकप्रिय हुनुका पछाडि त्यस कार्यक्रमले प्रयोग गर्ने भाषा र प्रस्तुतिले विशेष भूमिका खेलेको थियो। २०४१ सालसम्म जनस्वास्थ्य, साझा, पर्यटन, हाम्रो वन, प्रशासन, देशको माटो, मातृशिशु कल्याण, परिवार नियोजना, बैंकिङ, स्कुल प्रसारण, स्वास्थ्य र सफाइ, विज्ञान र प्रविधि लगायतका कार्यक्रम प्रसारण हुन्थे।

२०४० सालमा क्षेत्रीय प्रशारण केन्द्रहरू स्थापना भएपछि रेडियो नेपालको पहुँच मात्र नेपालका सबै भूभागमा पुग्न गएन, अपितु यसले सूचना तथा सञ्चार पहुँच गाउँगाउँमा पुग्न गयो। भौगोलिक कठिनाइका कारण देशका दुर्गम तथा ग्रामीण क्षेत्र, विशेषगरी पहाडी र हिमाली क्षेत्रहरूमा त्यसबेला सूचना तथा सञ्चारका लागि रेडियो नेपाल एकमात्र प्रभावकारी माध्यम थियो। जसले गाउँगाउँमा रेडियो पहुँच भएकाहरूसम्म सचेतना र ज्ञान अभिवृद्धिमा ठुलो योगदान दियो।

| वर्ष | समग्र साक्षरता दर (%) | पुरुष साक्षरता दर (%) | महिला साक्षरता दर (%) |
|---|---|---|---|
| 2009/11 | 4.3 | 8.3 | 0.7 |
| 2018 | 8.9 | 16.3 | 3.9 |
| 2028 | 13.9 | 23.6 | 3.9 |
| 2038 | 23.3 | 34 | 12 |
| 2048 | 39.6 | 54.5 | 25 |
| 2058 | 54.1 | 65.5 | 42.8 |
| 2068 | 66.6 | 76 | 57.8 |
| 2078 | 76.2 | 83.2 | 76.2 |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २०४७ सालपछिको विकास क्रम

२०४६ सालपछिको परिवर्तनपछि रेडियो नेपालको आफ्नै संलग्नता, बाह्य कार्यक्रम उत्पादक गैर सरकारी संस्था र सरकारी निकायसमेतको सहभागितामा दर्जनौं शिक्षा तथा सूचनामूलक कार्यक्रमहरू प्रसारण हुन थाले जसले विकाससम्बन्धी सूचना, जानकारी तथा समाचारहरू गाउँगाउँसम्म पुऱ्याउन भूमिका खेल्यो। खासगरी बाहिरबाट प्रसारण हुने हाकाहाकी, सुशासनजस्ता कार्यक्रमले वातावरण र भ्रष्टाचारविरुद्धका सचेतना बढाउन भूमिका खेले।

रेडियो नेपालको स्थापनाकाल र त्यसको मध्यम विकासकालपछि तीनै वर्ग बालबालिका, युवा र प्रौढ सबै वर्गका लागि यसका कार्यक्रमहरू लक्षित हुने गरेका थिए। लामो समयसम्म शैक्षिक प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्नका लागि संयुक्त राज्य अमेरिकी सहयोग नियोग (यूएसएआईडी), संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक एवम् सांस्कृतिक संगठन (युनेस्को), संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडिपी), युनिसेफ, ब्रिटिस काउन्सिल आदि दातृ निकायहरूबाट सहयोग प्राप्त भएको देखिन्छ। यसबाहेक निजी क्षेत्रसमेतको सहभागितामा रेडियो नेपालले आर्थिक तथा सामाजिक विकाससम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। विगत साढे सात दशकको मूल्याङ्कन गर्दा रेडियो नेपालले विशेषतः ग्रामीण जनतालाई कृषि उत्पादन, स्वास्थ्य र सरसफाइ, शिक्षा र साक्षरता बढाउनमा भूमिका खेल्दै आएको देखिन्छ। यसबाहेक विकासमा समुदायको सहभागिता बढाउन, घरेलु तथा साना उद्यम स्थापना र तिनको सञ्चालन गर्नदेखि २०४० सालको दशकमा नेपाल राष्ट्र बैंकद्वारा सञ्चालित 'बैंकिङ' कार्यक्रमले बचत र ऋणको परिचालनबारे सही सूचना प्रवाह गर्नका लागि रेडियो नेपालले उल्लेख्य भूमिका खेल्यो। पङ्क्तिकारलाई सम्झना छ, २०४० सालको मध्य दशकमा रेडियो नेपालले प्रसारण गर्ने 'नुन र चिनी, पानी'को सन्देश र अन्य रेडियो नाटकहरूले आफ्ना बिरामी बालबालिकाहरूको उपचारका लागि स्थानीय स्वास्थ्य सेवा केन्द्रहरूमा जान प्रोत्साहन गर्नुका साथै झाडापखालाबाट बचाउनदेखि सुरक्षित मातृत्वमा समेत उल्लेखनीय योगदान दियो।

यस्तै, २०४७ सालपछि  लैङ्गिक समानता,  सामाजिक न्याय र नागरिक सहभागिताको क्षेत्रमा रेडियो नेपालद्वारा प्रसारित कार्यक्रमहरूको भूमिकालाई कम आकलन गर्न मिल्दैन। विशेषतः निर्वाचनमा महिला, जनजाति, मधेशी, मुश्लिमसहित सीमान्तकृत वर्गको सहभागिता होस् वा लैङ्गिक, सामाजिक सशक्तीकरणका क्षेत्रमा रेडियो नेपालको भूमिका उत्तिकै सशक्त रह्यो। विभिन्न कालखण्डमा सुरु गरेका देशभित्र बोलिने प्रमुख भाषाका समाचारहरूदेखि अन्य कार्यक्रमहरूले ती भाषाभाषीलाई सञ्चारको मूल प्रवाहीकरणमा सहभागिता बढाउन योगदान दियो।

बिसं.२००७ साल चैत २० मा २५० वाटको ट्रान्समिटरबाट दैनिक ४ घण्टा प्रसारण हुँदै आएको रेडियो नेपाल २०१७ सालमा ५ घण्टा, २०२५ सालदेखि १२ घण्टा हुँदै २०४१ सालबाट १३ घण्टाबाट २०७३ भदौ १ गतेदेखि २४ सै घण्टा प्रसारण भइरहेको छ। पछिल्लो समयमा सामुदायिक रेडियो तथा निजी क्षेत्रबाट समेत एफएम प्रविधिमा आधारित रेडियोहरू सञ्चालन भइरहेको सन्दर्भमा राष्ट्रिय प्रसारण संस्थाका रूपमा रहेको रेडियो नेपालको महत्त्व र भूमिका अझै कमजोर भएको छैन। यद्यपि विश्वव्यापी प्रविधि विकास भई डिजिटल युगमा गइसकेको अवस्थामा रेडियो नेपाललाई सोहीअनुरूप पुनर्संरचना गर्नुपर्ने बेला भइसकेको छ।

*(लेखक टक्सार आर्थिक म्यागजिनका प्रधान सम्पादक हुनुहुन्छ। )*

*सन्दर्भ सामग्रीहरू*

*१. रेडियो नेपालको सामाजिक इतिहास (सम्पादक प्रत्यूष वन्त)*

*२. Mss-Media Tradition and Change (An Overview of Change in Nepal), B.C. Malla, CNAS Journal, Vol. 10, No. 1 & 2 (Dec. 82/June 83)*

*३. मेरो समय, किशोर नेपाल*

*४. आर्थिक तथा विकास पत्रकारिता, गजेन्द्र बुढाथोकी (प्रकाशोन्मुख कृति)*

## आगलागीबारे चासो राखौँ, चनाखो बनौँ ।

नेपालमा आगलागीबाट हरेक वर्ष सरदर ८० जनाको मुत्यु हुने गरेको छ । अर्बौंको धनसम्पति जलेर नष्ट हुन्छ । सावधानी अपनाउने हो भने आगलागीबाट हुने जनधनको क्षत्ति कम गर्न सकिन्छ ।

- खाना पकाई सक्ने बित्तिकै आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाइहालौँ ।
- सिलिण्डरको रेगुलेटर, पाइप वा चुल्होबाट ग्यास लिक भएको छ/छैन, हेक्का राखौँ । ग्यास पेट्रोलको गन्ध आए बेवास्ता नगरौँ ।
- सलाई , लाईटर जस्ता आगो सल्काउने बस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौँ ।
- गोठमा कु‘डो पकाईसकेपछि राम्ररी पानी छ्यापेर आगो निभाऔँ ।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔँ । यसको आगो राम्ररी निभाऔँ ।
- विजुलीका तार, प्लग, स्विच वा वायरिङ्ग ठिक अवस्थामा छ/छैन नियमित जा‘च गरौँ ।
- जोखिममा रहेको घरबस्ती नजिकै पोखरी, टयाङ्की वा अरू कुनै तरिकाले पानीको जोहो गरौँ ।
- सेउला, माटो, बालुवा थुपारेर राखौँ ।

विपदबारे चासो राखौँ,
चनाखो बनौँ

मधेश प्रदेश सरकार
गृह,संचार तथा कानून मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

## डिभिजन वन कार्यालय धनुषाको हार्दिक अपिल

राष्ट्रिय वन फाड्ने वा वनक्षेत्रको जग्गा जात्ने , खन्ने, खनिज कार्य उत्खनन गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने वा अतिक्रमण गर्ने वा राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरे वा गराएमा वन ऐन २०४९ बमोजिमको सजाय हुने व्यहोरा सम्वन्धित सवैलाई जानकारीको लागि यो सार्वजनिक सूचना प्रसारण गरिएको छ ।

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, धनुषा
जनकपुरधाम, धनुषा, नेपाल

## लक्ष्मीनियाँ गाउँपालिका
### लक्ष्मीनियाँ बजार, धनुषा

## हार्दिक अनुरोध

- सुक्खायाममा जथाभावी आगो नबालौं ।
- अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, डढेलो वा यस्तै अन्य उत्पन्न जुनसुकै विपद्को बेला संयमता अपनाऔं ।
- महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जिवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतंक, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्को बेला नजिकै रहेको प्रहरी कार्यालय वा सम्बन्धित निकायमा अविलम्ब खबर गरौं ।
- बाढी पहिरो लगायत अन्य जुनसुकै विपद्का घटनाको चपेटामा पर्नु भयो भने ११४९ वा १०० नम्बरमा फोन गरेर उद्धार र राहतका लागि मद्धत मागौं ।
- यदि तपाईं ठुला नदीहरुको तटीय क्षेत्रमा बस्नुहुन्छ भने वर्षायामको बेला तपाईंको मोबाइलमा ११५५ नम्बरबाट मेसेज आउँदा ध्यानपूर्वक पढ्ने गरौं ।



*फूलकुमारी यादवनी*
*उपाध्यक्ष*



*भोगेन्द्र मिश्र*
*अध्यक्ष*

## हार्दिक शुभकामना !

नव वर्ष २०८२ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण शेयर सदस्यहरु, शुभचिन्तक महानुभावहरु तथा समस्त दाजुभाइ दिदीबहिनीहरुमा सुस्वास्थ्य, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*डम्बरसिंह गुरु*
महाप्रबन्धक

*देवबहादुर बम*
अध्यक्ष

एवम्

### नवजीवन सहकारी संस्था लिमिटेड परिवार, धनगढी कैलाली

हाम्रा विशेषताहरु :

- दैनिक मौज्दातमा आर्कषक ब्याज दिइने बचत खाता ।
- रु.१०० बाट घरेलु तथा बाल बचत खाता खोल्न सकिने ।
- सरल, सुलभ एवम् शीघ्र ऋण सुविधा ।
- शेयर सदस्यहरुलाई वार्षिक अधिकत्तम लाभान्स ।
- लघुवित्त कार्यक्रम सञ्चालन । कृषि उपज संकलन उपआयोजना सञ्चालन ।
- Navajeevan Cooperative Smart मार्फत सरल मोबाइल बैकिङ्ग सेवा ।
- ATM मार्फत SCT Setwork र Union Pay संग आवद्ध नेपाल भरका बैक तथा वित्तीय संस्थाहरुबाट रकम झिक्न र पठाउन सकिने ।
- विगत ३१ वर्षदेखि अनवरत वित्तीय सेवा दिँदै आएको तपाईं हाम्रो घर आँगनको संस्था ।

## जनकपुरधाम उप-महानगरपालिका
### जनकपुरधाम

### हार्दिक बधाई

नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई सम्मान गर्दै मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य महत्वपूर्ण गतिविधि जनसमक्ष पुऱ्याउँदै आएको मुलुककै विश्वसनीय, गुणस्तरीय र अग्रणी प्रसारण संस्था रेडियो नेपालको ७५ औं वार्षिकोत्सव को अवसरमा रेडियो नेपाललाई जनताको विश्वासिलो सञ्चार माध्यम बनाउन अथक प्रयास गर्नु भएका सम्पूर्ण सञ्चारकर्मी तथा श्रोता महानुभावमा हार्दिक बधाई एवम् रेडियो नेपाल परिवारलाई उत्तरोत्तर प्रगतिको अनन्त शुभकामना व्यक्त गर्दछौं। जगत् जननी जानकीको पावन जन्मभूमि, राजर्षि जनकको राजधानी तथा ऋषि मुनिहरुको तपोभूमि, धार्मिक पर्यटकीय समृद्ध नगर, मधेश प्रदेशको राजधानी जनकपुरधामको धार्मिक, सांस्कृतिक गरिमालाई देश विदेशसम्म पुऱ्याउँन विगतका दिनहरुमा रेडियो नेपालले खेलेको भूमिका प्रशंसनीय रहेको र भविष्यमा पनि जनकपुरधामको गरिमा जनमानसमा पुऱ्याउन प्रभावकारी भूमिकाको आशा राख्दै हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौं।



*किशोरी साह*
उप-प्रमुख



*मनोज कुमार साह*
नगर प्रमुख

तथा

**जनकपुरधाम उप-महानगरपालिका परिवार, जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल**

## श्री याज्ञवल्क्य संस्कृत माविज्ञानकुप
### जनकपुरधाम

### जनकपुरधाम-८, धनुषाको भर्ना सम्बन्धी सूचना

नयां वर्ष २०८२ को उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

आदरणीय अभिभावकज्यू तपाईंहरुको अपार साथ सहयोगका कारण यो विद्यालय आफ्नो छुट्टै स्थान नेपालको शैक्षिक जगतमा स्थापना गर्न सफल भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै शैक्षिक सत्र २०८२ को लागि कक्षागत रुपमा केही सङ्ख्याको लागि नयाँ विद्यार्थी भर्नाका लागि सबैमा यो सार्वजनिक सूचना प्रकाशित गरेको छ।

नयां नामांकनका लागि कार्यक्रम :

आवेदन फारम खुल्ला : २०८२/०१/०३ गतेदेखि

प्रवेश परीक्षा : २०८२/०१/१३ गते विहान ११ बजे

नोट : प्राविधिक तर्फ कम्प्युटर इन्जिनियरिङको ४८ वटा सिट सङ्ख्याको प्रवेश परीक्षा समेत २०८२/०१/१३ गते हुनेछ।

हाम्रा विशेषताहरु
छुट्टा छुट्टै प्रयोगशालाको व्यवस्था
नगर क्षेत्रभित्र यातायातको व्यवस्था
स्मार्ट कक्षा कोठा
खेलकुद, अतिरिक्त क्रियाकलाप
हरियाली वातावरण



## कृषि ज्ञान केन्द्र, कैलालीको अनुरोध

जनहितमा जारी सन्देश

१.कृषि हाम्रो संस्कृति हो, यसैमा रमाउन सिकौं ।
२.कृषिमा काम गर्ने संघ संस्था एक्ला एक्लै होइन, संगसंगै हिडौं ।
३.नागरिकको खाद्य तथा पोषण सुरक्षाप्रति जवाफदेही बनौं ।
४.कृषकले आफ्नो परिचय दिदा नाम, ठेगाना संगै विशेष उद्यमशिलताले चिनाऔं ।
५.तिन तह बिचका सरकारी संयन्त्रले समन्वय, सहकार्य र सह अस्तित्वको मर्म बमोजिम काम गरौं ।
६.देश बाहिरबाट आयत हुने कृषि उपज घटाई आत्मनिर्भर हुने उपाय खोजौं ।
७.एक गाउँ, एक उत्पादनको अवधारणा बमोजिम कृषि उत्पादन योजना निर्माण गरौं ।
८.युवाहरु देश बाहिर जादैछन्, तीनीहरुलाई आफ्नै थाकथलोमा बसी कृषिमा रमाउने वातावरण सृजना गरौं ।
९.अबको जीवनशैली खर्चिलो छ, समयमै आम्दानीको उपाय खोजौं ।
१०.पछिल्ला दिनमा सरकारले किसानको मान, सम्मान र अनुदान दिन खोजेको छ, यसको गरिमा बुझौं ।

## उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

**धनगढी कैलालीबाट जनहितमा जारी सन्देश**

सुख्खायामको आगमनसँगै वन डढेलोको जोखिम समेत बढेको हुँदा वन डढेलो लाग्न नदिन वन क्षेत्रको नजिक बस्ने बासिन्दाहरु तथा वन क्षेत्रको बाटो भएर ओहोर दोहोर गर्ने मानिसहरुले सलाई, लाईटर जस्ता प्रज्वलनशील पदार्थको प्रयोग गर्दा विशेष सावधानी अपनाऔं ।

१. वन क्षेत्रमा यस्ता प्रज्वलनशिल पदार्थ बोकेर नहिडौं ।
२. वन पथ तथा अग्नि रेखालाई नियमित रुपमा सरसफाइ गरी डढेलोको जोखिम घटाऔं ।
३. आफू सचेत बनौं, अरुलाई पनि सचेत बनाऔं र पर्यावरणको संरक्षण गरौं ।
४.वस्ती र वन क्षेत्रबिच सम्भावित वन डढेलोबाट बच्न सुरक्षा घेरा बनाऔं ।
५. वन डढेलो लागेको देखेमा सरोकारवाला निकायलाई खवर गरौं ।

# रेडियो नेपालः स्मृतिको आवृतिमा



डा. धर्मागत भट्टराई

युगान्तकारी प्रभाव पार्नेगरी वि.सं.२००७ मा खुलेको रेडियो नेपाल अब अमृत बर्ष (७५औं जन्म जयन्ती) मा पुगेको हर्षबिभोर पलले शायद धेरैलाई एक सुमधुर यादको तरङ्गमा बगाउँछ होला। तिनमा म पनि अछुतो रहिनँ। पुलकित मनमा एक भाव छचल्कियो – रेडियो नेपाल, त्यो एक विम्ब जसले मेचीदेखि काली जोड्योस्, त्यो एक उदाहरण जसले सय थुङ्गा फूललाई आवाजले एउटै मालामा उनेर माया गरिकन जगेर्ना गऱ्यो। यो आफु बाँच्योस् मौलायोस्, यसको आडमा नेपाली मन बाँच्योस् नाच्योस् फैलियोस्। विजिगीषाको उन्नत र उन्मुक्त तरङ्ग लहराएर यो उँभो लागिरह्यो तर बाटो बिर्सेन, माटो बिर्सेन। देशमा व्यापक परिवर्तनको जनलहर उर्लेको यसको हीरक वर्षहरूतिरको बेला पनि यो डगमगाएन। इतिहासको साक्षी बनेर बोलिरह्यो। २४/२५ भाषामा आफ्नो उत्कट अभिलाषासहितको आवाज। तब त आज अमृत बर्षको संघारमा अझै हामीलाई अभिवादन गर्दैछ, डाक्दैछ परिवर्तनको बिगुलनिम्ति। ओलाङ्चुङ्गोलादेखि अपि र लिमीसम्म अनि केचनादेखि पश्चिम गड्डाचौकीसम्म वारपार एकसाथ यो अनवरत एकताको भाका फुक्छ, प्रकृतिले स्थुलतामा प्राण फुकेझैं। यसको यो अनवरत यात्राले झलक्क मलाई रेडियो नेपाल र आफ्नै शैशावावस्थाबिचको सम्झनाको ऐना सामुन्ने ल्याइदियो।

गाउँका घरमा टेलिभिजन हुँदैनथे। न पैसा, न त्यसलाई चलाउने बिजुली ! चार्जबाट चलाउँदा हरेक हप्ता २ हप्ता नारायणगढ जानुपर्ने। त्यो सकस थियो। यी सब कुराले हाम्रो सानो गाउँले रेडियो बाहेक पाएन। यो गर्व होइन, वास्तविकता थियो। कर्णाली भन्दा अलि माथि। कामको सिलसिलामा एक पटक पश्चिमी कर्णाली भेग गएको थिएँ धेरै पहिले। त्यसबेला पनि त्यहाँ यस्तै थियो (शायद अझ खराब?!), जसरी अहिले कर्णाली अझै पनि तुइनमा झुन्डेर बाँचेकोछ र पनि कुनै महान परिवर्तनकारी, विकासवादी, राष्ट्रियतावादी भनाउँदाहरूको या के के जाति पार्टीको कसैको पनि दया जागेको छैन तुइनजीविप्रति अझै पनि। हामी पनि जमिनको तुइनमा बाँचेको भन्न मिल्ला त्यसबेला !

तर त्यो संघर्षमय जीवनको एउटा सुखसयल (लक्जरी), एक मौज थियो हाम्रो रेडियो अनि त्यसमा बज्ने एकमात्र ध्वनि– 'रेडियो नेपाल'। झुट साँचो जे बोलेपनि, सही गलत जे भनेपनि हाम्रो सञ्चार सहारा त्यही थियो। त्यो अकाट्य थियो। भनुँ, त्यो सक्नेका घरको दैनिक जीवनको हिस्सा थियो। कतिका मनिखांबामा, कतिका खोकिलामा, कतिका मझेरीमा, त कतिका बारीमा घन्किन्थ्यो रेडियो नेपाल। बिहान 'जय हरहरहर महादेव' र 'ओम जय शिव शम्भो जय' बाट सुरु भएको यात्रा 'राष्ट्रिय गान'मा टुंगिएर मात्र दिन सकिन्थ्यो। दिनका

विविध पलमा विविध उमेर समूह, पेशागत समूह, क्षेत्रीय समूहलाइ इङ्गित गरी बनाइएका हरेक कार्यक्रममा रङ्ग थिए। शहरलाई व्यस्तता र सामाजिक सञ्जालले जेलेपनि दूरदराजमा अहिले पनि यो रौनक कायम छ। भूकम्पमा दोलखा र सिन्धुली खटिँदा भत्केका छाप्रामा बज्ने रेडियोमा बिलौना र बिद्रोह दुवै बजेझैं प्रतीत हुन्थ्यो। त्यहाँ सिर्फ याई याई रेडियो नेपालले बिरह बोलेको हुन्थ्यो खोकिलाबाट। कर्णालीका विकट भेग, तुइन र कान्लामा रेडियो नेपालको प्रसारण गुन्जिंदा एक मनमा लाग्थ्यो यो आवाजले केही विद्रोह बोलेको छ, अर्को मनमा मेरो बाल्यकालको सम्झना मडारिएको हुन्थ्यो।

ठूलो संघर्ष, मेहनत, अनि थुप्रै छात्रवृतिपछि इम्युनोलोजिष्ट बनेर नेपाल फर्किंदा पनि मलाई रेडियो नेपाल र नेपाल टेलिभिजनले उत्तिकै छोए, जति मलाई बाल्यकालमा छुन्थे। बाल्यकाल! निम्न मध्यमवर्गीय परिवेश। संघर्षको पहाड। चारैतिर चुनौतीहरू। मेरो मन जिज्ञासु थियो, आखिर यो सब दुनियाको अर्थ के हो ? किन छन् यति धेरै मानव, यति धेरै जीव ? किन हुन्छ विचार ? अनि भेद ? किन छन् यी मन्दिर, चैत्य, मठ, मस्जिद या तमाम प्रतिमूर्ति ? न पत्रिका किन्ने स्रोत हुन्थ्यो, न टेलिभिजन! न थियो अहिले जस्तो इन्टरनेट र त्यसको पहुँच। त्यो जिज्ञासाको एउटै श्रव्य साथी थियो – रेडियो नेपाल। समाचार, ज्ञानविज्ञान, कृषि, सूचना, मनोरन्जन, सङ्गीत, साहित्य, कला, बालपोष सबैकुराको एउटै गजब रेसिपी थियो– रेडियो नेपाल। त्यसमाथि बचपनको 'बाल कार्यक्रम' कसरी भुल्न सकिन्छ र ?

स्कुलबाट घर आइपुगेर खाजा खाइसक्दा आउँथे वासुदेव मुनाल र नूपुर भट्टाचार्य! 'को भन्दा को कम' 'हातेमालो' जस्ता त्यसभित्रका कार्यक्रम प्रतिष्पर्धी शैलीका भएकाले झनै बालप्रिय र चर्चाका विषय हुन्थे। अझ सम्झिन्छु– हातेमालो निबन्ध प्रतियोगिता। छ कक्षामा हुँदा हातले लेखेर हुलाकसम्म गएर पठाएको मेरो निबन्ध देशव्यापी रुपमा दोस्रो भै पुरस्कार घोषणा हुँदाको दिन गाउँभर हङ्गामा भएथ्यो। धनादेशबाट पुरस्कार राशी आउँदा हुलाकी दाइले स्कुलभर र चोक–चोक 'रेडियो नेपालमा जित्ने बाबु' भनेर सेलेब्रिटि बनाएको कसरी भुल्नु ? भोलिपल्ट स्कुलको प्रार्थना सत्रमा चर्चा! त्यो थियो रेडियो नेपालको क्रेज!

बिहानमा अति नै मन पर्ने साहित्य संसार, दाहाल यज्ञनिधिको! गजब शाब्दिक मोहक प्रस्तुति उहाँको। म अहिले पनि मनले ती मायावी अनुच्छेद खोज्छु कहीँ। तर पाउन्न। प्रकृतिको भेल होला। अहिले दुनिया अर्कै भैसक्यो। रेडियोमा कान ठुसेर सात र आठ बजेको समाचार भोलिको हाजिरी जवाफलाई सुनेको अनमोल सम्झना अहिलेका टिक्टक र कुनै सरल खोजविधि बालासामु आभास दिन गारो छ। 'यो गीतका रचनाकार को हुन् ?' भन्ने जस्ता प्रश्नको जवाफ लेखेर सिंहदरबार पठाउँथ्यौं र त्यतिबेलालाई आकर्षक पुरस्कार जितिन्थ्यो। हाजिरी जवाफ र यस्तै प्रश्नलाई काम लाग्छ भनेर हरेक गीतका गायक, रचनाकार लेखेर राख्थ्यौं छुट्टै कपीमा। आहा! त्यो रेडियो नेपालसितको दोस्ती। इन्टरनेटको आजको जमानाले बुझ्दैन

त्यो सब ! त्यो हाम्रो अमृतकालको कुरा हो, जो यो पुस्ताले चाहेर पनि पाउँदैन। यो अनुभवले जनिने कुरा हो। काठमान्डूको सुखसयलमा हुर्केको बालकलाई गोरु गाडामा नारेको, हलो जोतेको, सोरठी र असारे गाएको अनुभव गर्न पाउन गाह्रो छ। हामीले बटुलेको संघर्षमय तर निर्मल स्वच्छ कन्चन गाउँले अनुभव पनि नभोगी पाउन गाह्रै होला कि ! जे भए पनि सूचनामा, मनोरञ्जनमा र दैनिक साथ दिनुमा रेडियो नेपाल सहयात्री थियो। शनिबार दिउँसोको नाटक, रातको 'दिनप्रतिदिन', कुनै ठूलो कार्यक्रमको प्रत्यक्ष प्रसारण या बजेट भाषण हुँदा सबै गुरुप्प रेडियो आसपास झुम्मिएको ताजा सम्झना छ। पछि एसएलसीमा राम्रो प्राप्ताङ्क र स्थान ल्याएपछि बाल कार्यक्रममै काठमान्डूमै त्यहाँको स्टुडियोमा गएर बोलाइंदा त खुशीको सीमा रहेन। त्यो त अति विशिष्ट पल थियो त्यसबेलालाई ! फेरि राष्ट्रिय भ्रमण बर्ष (सन् १९९८) र उच्च माविका बेला त्रिभुवन स्मारक समितिले प्रजातन्त्र दिवसका उपलक्ष्यमा भएको राष्ट्रव्यापी राष्ट्रिय निबन्ध प्रतियोगितामा देशभरिमा जित्दा स्टुडियो बोलाइएका पलहरू सर्वाधिक प्यारा पानाहरू हुन् यादका – रेडियो नेपालको सन्दर्भमा।

धेरै समय बित्यो। अध्ययनमा देश विदेश गएँ। इम्युनोलोजिष्ट भएर फर्किसक्दा पनि नेपाल टेलिभिजन र रेडियो नेपाल उस्तै चलिरहेका छन्। श्रद्धेय पूर्णचन्द्र घिमिरेले सञ्चालन गर्नुहुने एकदमै सन्देशमूलक, अति लोकप्रिय कार्यक्रम रै'छ 'हाम्रो स्वास्थ्य' ! 'यो कसैले नसुनेको नबुझेको प्रतिरक्षा र बालबाथरोगको पनि सबैलाई सन्देश पुर्‍याउँ न त' भन्दै उहाँले मलाई स्वागत गर्नुभयो। यो उहाँको अत्यन्त आदरणीय सौजन्य थियो र एक अभियान सुरुवात पनि। यो पछि चर्चित पनि भयो। संयोग, त्यति नै बेला त्यो कार्यक्रम अब श्रव्य मात्रै होइन, युट्युब लगायत सामाजिक संजालबाट श्रव्य–दृश्य नै प्रसारण सुरु हुने रहेछ। म त्यही बेलाको भाग्यमानी अथिति डाक्टर ! त्यही एसएलसीपछि मलाई डाकिएको स्टुडियोमा सरले लानुहुंदा फेरि बालापनको प्रष्ट चित्र आँखासामु ताजा भए। थोरै भावुक, धेरै बढी उत्साहित हुँदै कार्यक्रम सकियो। यो साथै मसित त्यहाँ अहिले समेत चल्ने बालवाटिका कार्यक्रममा दिक्षा अवस्थजीसित पनि मेरो विशिष्टीकृत विज्ञता (प्रतिरक्षा तथा बालबाथरोग विज्ञान, यसभित्र पर्ने रोगहरू) सम्बन्धी छोटो अडियो रेकर्ड प्रसारण भयो। यसले त मलाई झनै बाल्यकालको सम्झनामा पुर्‍यायो। आजभन्दा करिब साढे ३ दशक पहिलेको एक कार्यक्रम अझै ज्युँ का त्यूँ छ। हामी बालक हुँदा कोही अरु डाक्टरलाई बोलाएको बार्ता सुन्थ्यौं। अहिले त्यही ठाउँमा बसेर नेपाल भरिका भोलिका भविष्य– बालबालिकालाई स्वास्थ्य सन्देश दिइरहेको थिएँ म। बाहिर निस्केपछि केही दिनमा डाक्टर मित्रहरूले सन्देशमूलक 'हाम्रो स्वास्थ्य' कार्यक्रममा भएको बहसबारे गरेको चर्चाले रेडियो नेपालको अर्थपूर्ण प्रयासलाई झनै गाढा चमकमा देखाइदिए झैं भयो।

त्यसदिन कार्यक्रमपछि पैलेपैलेका स्वर परीक्षा लगायतका सम्पूर्ण रेकर्डेड सङ्गीतका क्यासेटररिललाई क्लाउड–आर्काइभ गर्ने थालनी भएको रै'छ। गजब ! त्यसले मलाई

झलक्क याद दिलायो कि रेडियो नेपालले नेपालको सङ्गीत क्षेत्रको विकासलाई कति धेरै टेवा पुऱ्याएको रहेछ भन्ने । अझ यसले बेला बेला गर्ने आधुनिक गीत प्रतियोगिता, जागरण गीत र फुलबारी सङ्गीत आयोजनाले त सङ्गीत संरक्षण र संवर्धनमा पक्का मद्दत पुऱ्याएको हुनुपर्छ । रेडियो नेपालले संघर्षमय नेपाली समयमा एक युग संवाहकको काम गऱ्यो – बिभिन्न विधामा । यसमा दुईमत नहोला !

शायद दैनिक १३ घण्टा बज्थ्यो यो रेडियो नेपाल हामी सानो छँदा । बुबाले 'ल बाबु राम्रो चै ब्याण्डमा मिला त' भन्नुभएपछि सर्ट या मिडियम वेभ (एएम) मा हामी एकमात्र उपलब्ध नेपालको रेडियो 'रेडियो नेपाल' ट्युनिङ गर्थ्यौं । गड्याङ गुडुङको बेला यसमा हुण्डरी आउँथ्यो । घरका विशेष स्थानमा झुन्डिन्थ्यो । कहिलेकाँही (जस्तै चुनाव नतिजाको बेला) त गाउँ नै झुम्मिन्थे हाम्रो रेडियो वरिपरि । रेडियो नेपालको त्यो साम्राज्यको कथा पनि लोभलाग्दै थियो ।

समय फेरियो । दुनिया इन्टरनेटमय भयो । सञ्जालको बाढी आयो । तर रेडियो नेपालको भौगोलिक र समसामयिक उपस्थिति अझै पनि टड्कारो र सान्दर्भिक छ नेपालभरी । शायद ९४% कभरेज हुने यो मात्रै सञ्चार माध्यम हुन सक्छ नेपालमा । अझ अहिले त रेडियो नेपालका कार्यक्रम पनि श्रव्य–दृश्यमा खिचिन थालेछन् । रेडियो नेपाल परिसर, स्टुडियो, र आसपास अनि कार्यक्रम प्रारुपमा सुधार गर्नपर्ने र सुधार गर्न सकिने धेरै कुरा छन् होला । नभएका होइनन् । देखें पनि । तर म यस्ता कुरामा धेरै नकारात्मक प्रतिक्रिया दिएर पक्षपाती बन्दिनँ । बस्, मनमा एउटा कुरा पक्का आयो – एउटा विरासत ७५ सालसम्म बोकेर बसेको विशाल धरोहरलाई म कसरी अपुरो भनुं ? मेचीदेखि महाकाली सम्पूर्ण जनतासम्म पुग्न सक्ने एक सर्वसुलभ माध्यमको रूपमा स्थापित भएर अनवरत सेवा गर्नु पनि त सानो चुनौती थिएन । वासुदेव मुनालको 'बाल कार्यक्रम' सुनेका साना बच्चा हामी अध्ययनपश्चात त्यही स्टुडियोमा दशकौं पछि उही कार्यक्रममा पूर्णचन्द्र सर र दिक्षाजीको साथ बाल सन्देश पुऱ्याउन पाउनु पनि त एक मिसाल हो, उदाहरण हो, नमुना हो । ७५ बर्ष आफैमा एक युग हो । एक इतिहास हो । यो अमृत वर्षको रेडियो नेपाल रुग्ण होला, जिर्ण होला, तर हृदय उस्तै धड्केको छ, उसको मानसपटल उत्तिकै सन्देशभरित छ । ऊ उत्तिकै लागिपरेको छ । श्रव्यदृश्यमा पनि गएर अब उसले संसारको लयसित बग्ने भरपुर चेष्ठा पनि गरेको छ । ५७६, ६४८, ७९२, ८१०, ११४३ किलोहर्जमात्रै होइन अब रेडियो नेपालको उपस्थिति सामाजिक सञ्जाल मार्फत हरठाउँ गुन्जिएको देखिनेछ । अझ शायद २०७३ देखि त यो २४ घण्टानै बज्दो रहेछ । नरोकियोस्, बजिरहोस् ।

एक दशक जति अगाडि एउटा गिनिज बुक अफ वर्ल्ड रेकर्ड नै राख्ने गरी ३६५ ख्यातिप्राप्त गायक र सङ्गीतज्ञहरूले रेडियो नेपाल स्टुडियो मार्फत 'मेलाङ्कोली' नामक वातावरण सन्देश बोकेको गीत रेकर्ड गरेको खबर पढेको जस्तो लाग्छ । यस्ता उदाहरणीय कार्य अझै हुँदै

जाउँन् जस्तो लाग्छ। उच्च शिक्षा अध्ययन पछि देश फर्किंदा यहाँ मैले नेपालको चिकित्सा अध्ययन संस्थान, शिक्षा र स्वास्थ्य संस्थान र संस्थामा नवीन विज्ञानलाई आत्मसात गर्ने इच्छाशक्ति र जाँगर कहीं कसैमा देखिनँ। तैपनि यहाँ यो विषयका बिरामी जो मरिरहेका छन्, अङ्गभङ्ग भैरहेका छन्, तिनको निम्ति काम गर्न लागिपरेको छु। तर सरकार र स्वास्थ्य संस्थानिम्ति मेरा जस्ता विषय कुनै प्राथमिकतामा परेनन् र महत्वका पनि भएनन् भन्ने मेरो निजी अनुभव छ। रेडियो नेपाल चाहिँ सञ्चारका नयाँ आयामहरूलाई आत्मसात् गर्न नचुकोस्, नेपालका उद्योग कलकारखाना जस्तो नबनाइयोस्, यसको शताब्दी बर्ष पनि देख्न पाइयोस्, अझ भर्भराउँदो इतिहास बोकेको होस्, अझ जाज्वल्यवान कीर्ति बोकेको होस्, एक उन्नत रेडियो नेपाल!

अहिले रेडियो नेपालको ट्रान्समिसन कभरेज ९४% भनिदो रहेछ। यसको मतलब करिब सबै जसो जनसङ्ख्याबिच यसको पहुँच रहेछ। होला, सबैले रेडियो नसुन्लान्। तर दूरदराजसम्म जसले सुन्छन्, तिनमा अझै पनि रेडियोको शितलता पुगेको छ। यसबाट सही र मार्गदर्शी समाचार, सूचना प्रवाह भैरहोस्। ताप्लेजुङ होस् या कर्णाली, केचना होस् या दार्चुला, रेडियो नेपालको पहुँच मात्रै होइन, लोकप्रियता पनि राम्रो झाङ्गियोस्। मेरो शैशवास्था र अहिलेको परिवेशमा धेरै समय बितिसक्यो। सुन्छु- कर्णाली त उही कहरमा छ रे। देख्छु- देश दुखेकै छ अझैपनि! 'परिवर्तन' भनिने हर दशकमा पनि देशले मुहार फेर्न पाएको छैन। तर आशा छ कमसेकम रेडियो नेपाल यही निराशाबिच आशा बनेर झुल्कियोस्। आगामी दिनमा रेडियो नेपाल लगायत सबै उन्नत समाचार/सूचनाबाट सुसूचित हुन पाउन्।

हुन त हामीजस्ता भुइँमान्छेको आवाज संयन्त्रले सुन्दैन। तर रेडियो नेपालले विज्ञतालाई कदर गर्छ, नयाँ विज्ञान होस् या नयाँ प्रविधि, नयाँ सोच होस् या नयाँ खोज होस्, त्यसलाई आत्मसात गर्ने प्रयास गर्छ। सरकारको मात्र होइन हरेक नेपालीको मनको आवाज बनोस् यो रेडियो। भविष्यमा पनि यसको ज्वलन्त नमुना बनोस् रेडियो नेपाल। फुटेका नेपाली मनलाई जुटाओस्। दुःखेका मनहरूमा मलम लगाउन प्रेरित गरोस् रेडियो नेपालले। समुन्नत र स्वाधीन नेपाली बन्ने चाहाना बोकेर मेचीदेखि महाकाली, हिमालदेखि तराईसम्म पुगोस्। रेडियो नेपालको शङ्ख ध्वनि देशको कुना, हर पाटो पुगोस्। यो फूलोस्, अझै फूलोस्। अनि स्वस्थ, स्वच्छ मन, जीवन र आँगनहरूमा अझै दशकौं उन्नत रेडियो नेपाल बजिरहेको देख्न पाइयोस् ओलांगचुङ्गोलादेखि दार्चुलासम्म! बजुन् बालवाटिका, युवावाटिका, हाम्रो स्वास्थ्य, हाम्रो शिक्षा, कलासङ्गीत र 'साहित्य संसार' हरू! शताब्दी बर्ष झनै गौरवमय मनाउन पाइयोस् रेडियो नेपालको!

❀ ❀

*(लेखक एम.डि., डि.एम., प्रतिरक्षा एवम् बाल बाथरोग विशेषज्ञ हुनुहुन्छ।)*

## शिखर नगरपालिकाको अनुरोध

- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। समृद्ध नगरपालिका अभियानमा सहकार्य र साझेदारी गरौं। समयमै कर तिरी सभ्य नागरिकको परिचय दिऔं।
- जन्म, मृत्यु र विवाह जस्ता व्यक्तिगत घटना समयमै आ–आफ्नो वडा कार्यालयहरुमा पुगी दर्ता गरौं।
- नगरपालिकामा बुझाउनु पर्ने कर समयमा बुझाई जरिबाना तिर्नबाट बचौं।
- जथाभाबी गिट्टी, बालुवा उत्खन्न नगरौं।
- चर्पीमा मात्र दिसापिसाब गर्ने बानी बसालौं।
- छाउपडी प्रथा उन्मुलनका लागि सबै लागी परौं।
- जेष्ठ नागरिकलाई माया प्रेमका साथै सम्मान गरौं।
- बालबालिका तथा महिला शिक्षालाई विशेष जोड दिऔं। गरिबीबिच भेदभाव नगरौं।
- बालबालिकाको शिक्षामा विशेष जोड दिऔं।

दीर्घबहादुर बलायर — नगर प्रमुख
सुनिता रावल (जोरा) — नगरउपप्रमुख

शिखर नगरपालिका परिवार, तलकोट, डोटी

## के.आई सिंह गाउँपालिकाको अनुरोध

- के.आई सिं गाँउपालिकालाई सफा, स्वच्छ र हराभरा बनाउने काममा जुटौं।
- आफ्नो घर आगन सधैं सफा राखौं।
- स्थानिय स्तरमै रोजगारीको सिर्जना गरी समृद्ध गाँउपालिका बनाउने अभियानमा हातेमालो गरौं।
- गाँउपालिकामा रहेका धार्मिकस्थलहरुको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याई गाँउपालिकाको आर्थिक सम्वृद्धिमा सहभागी बनौं।
- व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गर्ने बानी बसालौं।
- बालबालिकालाई काममा होइन बिद्यालय पठाऔं।

*नयाँ बर्ष २०८२ को सम्पूर्ण के.आई सिंह गाँउपालिकाबासीहरुमा मंगलमय शुभकामना ब्यक्त गर्दछौं।*

लोकेन्द्र शाही — *अध्यक्ष*
हिमाल डगौंरा — *प्रमुख प्रशासकीय अधिकृत*
मिनादेवी बिष्ट — *उपाध्यक्ष*

के.आई सिह गाँउपालिका परिवार, डोटी

## कृषि ज्ञानकेन्द्र, डोटीको जानकारी

रोग तथा किराहरु व्यवस्थापन तरिकाहरुः

१. खेतबारीको सरसफाई गर्ने।
२. राम्ररी जमिनको तयारी गर्ने।
३. माटो स्टेरिलाइज गर्ने।
४. छर्ने बेला र बोटको घनत्वमा ध्यान दिने।
५. आवश्यक मलखादको प्रयोग गर्ने।
६. बालीचक्र अपनाउने।
७. रोग तथा किरा अवरोधक जात प्रयोग गर्ने।
८. उपचार गरेको बिउको प्रयोग गर्ने।

*समस्त कृषक दाजुभाइ तथा दिदी बहिनीहरुमा*
*नयाँ वर्ष २०८२ को*
*हार्दिक मंगलमय शुभकामना*

*गंगादत्त अवस्थी*
कार्यालय प्रमुख
तथा समस्त कार्यालय परिवार

## पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय राजपुर, डोटी

पशुपंक्षी पालनमा रोग लाग्न नदिन अपनाउनुपर्ने उपायहरु :

- गोठ तथा फर्मभित्र अनावश्यक रुपमा अन्य जनावरहरु मुसा र चरा आदी पस्न नदिऔं।
- गोठ तथा फर्मको वरिपरि झाडी फोहर पानी जम्न नदिऔं। पानी जमेको तथा फोहर ठाउँमा चुन छर्कने गरौं।
- गोठ तथा फर्ममा पस्दा गोठ मै प्रयोग गर्ने हेतुले एप्रोन गमबुट लगाउने बानी वसालौं।
- गोठ तथा फर्ममा पशुपंक्षि तथा पशुजन्य पदार्थको सम्पर्कमा आएपछि साबुन पानीले राम्रो सँग हात धोऔं।
- मरेका पशुपंक्षिलाई जथाभावी खोला , नाला तथा चरिचरनमा नफाली जमिनमा गाड्ने गरौ।
- आफ्ना घरपालुवा पशुपंक्षिलाई नियमित रुपमा जुका नाम्लेको औषधि खुवाऔं तथा संक्रामक रोगहरुका विरुद्ध खोप लगाऔं।

अन्य विस्तृत जानकारीका लागि नजिकको पशु सेवा निकाय वा जिल्ला पशु सेवा कार्यालय मा सम्पर्क राखौं।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
दिपायल, डोटी

# रेडियो नेपालका कार्यक्रममा समावेशिताको एक झलक



तारप्रसाद वस्ती

रेडियो नेपाल मुलुककै पहिलो रेडियो प्रसारण संस्था जो वि.सं. २००७ साल चैत २० गते विधिवत्रूपमा स्थापना भई निरन्तर नेपाली नागरिकको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई आत्मसात् गर्दै मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, धार्मिक एवम् कलात्मक पक्षहरूको जगेर्ना, संवर्धन गर्न दत्तचित्त रहेको छ । मुलुकको बहुल भाषा–संस्कृतिको संवर्धनका लागि विभिन्न क्षेत्र, जाति, भाषा, धर्म, वर्ग तथा सम्प्रदायबिच भावनात्मक एकता अभिवृद्धि गर्ने शैक्षिक, सूचनामूलक, विकासमूलक र मनोरञ्जनात्मक कार्यक्रमहरू एवम् राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरमा भएका महत्वपूर्ण गतिविधिहरूको उत्पादन/प्रसारण गरी नागरिकको सेवामा कटिबद्ध रहनु रेडियो नेपालको जिम्मेवारी र दायित्वभित्र पर्दछ । नागरिकको जीवन बचाउन र जीवनस्तर उकास्न मद्दत गर्ने प्रसारण सामग्रीको खोजी गर्दै नागरिक चेतना अभिवृद्धि गर्न सघाउ पुऱ्याउने विषय वस्तुलाई प्राथमिकताका साथ प्रसारण गर्नु रेडियो नेपालको मूल लक्ष्य हो ।

रेडियो नेपाल मुलुकको अग्रणी श्रव्य सञ्चार माध्यम हो । २००७ सालमा सरकारको एउटा विभाग (तत्कालीन प्रसार विभाग २०४१ सम्म) अन्तरगत रहेको रेडियो नेपाल २०४१ साल भदौ १ गतेबाट विकास समिति ऐन २०१३ अनुसार रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१ बमोजिम सञ्चालन भएको थियो । हाल सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ ले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकृत गरी सार्वजनिक सेवा प्रसारण नेपालमा रूपान्तरण गरेको छ ।

रेडियो नेपालको केन्द्रीय कार्यालय काठमाडौँको सिंहदरबारमा रहेको छ । मुलुकभर ३ वटा प्रसारण केन्द्र, ७ वटा प्रादेशिक प्रसारण कार्यालय र एउटा सञ्चारग्राम रेडियो नेपाल अन्तर्गत सञ्चालनमा रहेका छन् । कोशी प्रदेशमा सुनसरी जिल्लाको धरान, बागमती प्रदेशमा ललितपुर जिल्लाको भैंसेपाटी र खुमलटारमा समेत गरी ३ वटा प्रसारण केन्द्र रहेका छन् । त्यसैगरी कोशी प्रदेशमा धनकुटा, मधेश प्रदेशमा महोत्तरी (बर्दीबास), बागमती प्रदेशमा काठमाडौँ, गण्डकी प्रदेशमा कास्की (पोखरा), लुम्बिनी प्रदेशमा दाङ (तुलसीपुर), कर्णाली प्रदेशमा सुर्खेत (वीरेन्द्रनगर) र सुदूरपश्चिम प्रदेशमा डोटी (दिपायल)मा प्रादेशिक प्रसारण केन्द्रहरू रहेका छन् जहाँबाट विभिन्न राष्ट्रभाषामा समाचार तथा कार्यक्रम उत्पादन/प्रसारण भैरहेका छन् । केन्द्रीय स्टुडियोबाट उत्पादन तथा प्रसारण हुने समाचार/कार्यक्रम र प्रादेशिक प्रसारण केन्द्रबाट

उत्पादन/प्रसारण हुने समाचार कार्यक्रमहरू मुलुकको विभिन्न स्थानमा रहेका रेडियो नेपालका ३५ वटा एफएम ट्रान्समिटरले एफएम ९८, १०० र १०३ मेगाहर्जबाट नागरिकसमक्ष पुऱ्याइरहेका छन् । साथसाथै www.radionepal.gov.np, www.radionepalonline.com र रेडियो नेपाल mobile app मार्फत विश्वभरि रेडियो नेपालको प्रसारण सुन्न सकिन्छ । सूचना, समाचार तथा जानकारीहरू पढ्न र हेर्न सकिन्छ ।

प्रसारण क्षेत्र एवम् भौगोलिक क्षेत्रमा पहुँचको हिसाबले हेर्ने हो भने पनि रेडियो नेपालको प्रसारण केन्द्रहरू मुलुकको विभिन्न भू-भागमा फिँजिएर रहेका छन् । त्यसैगरी कार्यक्रमहरूमा विषय विविधता रहेको छ भने वर्गीय तथा भाषिकरूपमा समावेशी बन्दै गैरहेको छ । त्यसैगरी विविध ढाँचाका कार्यक्रम उत्पादन भई प्रसारण भैरहेका छन् ।

## प्रसारण पहुँचः

रेडियो नेपालको प्रसारण उत्तरमा हिमालदेखि दक्षिण तराईसम्म र पूर्वमा मेचीदेखि पश्चिम महाकालीसम्म पुगेको छ । ३३ स्थानमा रहेका एफएम रिले प्रसारण केन्द्रहरूले सिंहदरबार काठमाडौँ र सातै प्रदेशमा रहेका रेडियो नेपालका प्रादेशिक स्टुडियोहरूबाट उत्पादन भई प्रसारण हुने सूचना, समाचार र कार्यक्रमलाई नागरिकसमक्ष पुऱ्याउने कार्य गर्दछन् । कोशी प्रदेशको विभिन्न स्थानमा ४ वटा एफएम रिले प्रसारण केन्द्रहरू रहेका छन् भने मधेश प्रदेशमा २ एफएम रिले प्रसारण केन्द्रहरू रहेका छन् । त्यसैगरी बागमतीमा ३, गण्डकीमा ६ र लुम्बिनी प्रदेशमा ४ स्थानमा एफएम रिले प्रसारण केन्द्रहरू स्थापना भई सञ्चालनमा रहेका छन् । यसरी नै कर्णाली प्रदेशका विभिन्न स्थानमा ८ वटा रिले प्रसारण केन्द्रहरू सञ्चालनमा रहेका छन् भने सुदूरपश्चिम प्रदेशका ६ वटा एफएम रिले प्रसारण केन्द्रहरूले रेडियो नेपालको प्रसारण नागरिक समक्ष पुऱ्याइरहेका छन् । यी सबै प्रसारण केन्द्रहरूसमेत गरी

रेडियो नेपालका एफ.एम रिले प्रसारण केन्द्रहरु (२०८१)

| प्रदेश | क्र.सं. | हाल सञ्चालनमा रहेका एफ.एम रिले प्रसारण केन्द्रहरु |
|---|---|---|
| कोशी प्रदेश | १ | भेडेटार, धनकुटा |
| | २ | आइतबारे, इलाम |
| | ३ | पत्ताले, सोलुखुम्बु |
| | ४ | सिलौटे पाँचथर |
| मधेस प्रदेश | ५ | जीतपुर, बारा |
| | ६ | बर्दिवास, महोत्तरी |
| बागमती प्रदेश | ७ | खुमलटार, ललितपुर |
| | ८ | सिमभन्ज्याङ, मकवानपुर |
| | ९ | सिमपानी-चरिकोट, दोलखा |
| गण्डकी प्रदेश | १० | दाउन्ने, नवलपुर |
| | ११ | दुर्लुङकोट, पर्वत |
| | १२ | मालेपाटन- पोखरा, कास्की |
| | १३ | रेसुङ्गा, गुल्मी |
| | १४ | जोमसोम, मुस्ताङ |
| | १५ | बन्दिपुर, तनहुँ |
| लुम्बिनी प्रदेश | १६ | हेमन्तपुर, दाङ |
| | १७ | चौपट्टा, दाङ |
| | १८ | सातदोबाटो, रोल्पा |
| | १९ | बगनासकाली, पाल्पा |
| कर्णाली प्रदेश | २० | सिमिकोट, हुम्ला |
| | २१ | वीरेन्द्रनगर, सुर्खेत |
| | २२ | हर्रेचमेरे सुर्खेत |
| | २३ | मुर्मारटप, मुगु |
| | २४ | खलङ्गा, जुम्ला |
| | २५ | मान्म, कालिकोट |
| | २६ | मुसिकोट, रुकुम पश्चिम |
| | २७ | जुफाल, डोल्पा |
| सुदूरपश्चिम प्रदेश | २८ | छापरी, दार्चुला |
| | २९ | हेमन्तवाडा, बझाङ |
| | ३० | खोडपे, बैतडी |
| | ३१ | बुढितोला, कैलाली |
| | ३२ | उडितोला-सिलगढी, डोटी |
| | ३३ | कालाजग्रा पोरखेगढी, बाजुरा |

५४ प्रतिशत जनसङ्ख्यामा रेडियो नेपालको प्रसारण पुगिसकेको सार्वजनिक भएको छ। यी प्रसारण केन्द्रहरूको स्तरोन्नति र दिगोपनाका लागि गर्नुपर्ने सुधारका कार्यहरू भने निरन्तर गरिरहनुपर्ने छ।

## भाषागत रूपमा रेडियो नेपालका कार्यक्रममा समावेशिताको अवस्थाः

रेडियो नेपाल, केन्द्रीय प्रसारणबाट अधिकांश कार्यक्रम नेपाली भाषामा उत्पादन/प्रसारण हुने गर्दछ भने रेडियो नेपालका ७ प्रदेशमा रहेका प्रादेशिक प्रसारण केन्द्रहरूबाट विभिन्न राष्ट्रभाषामा कार्यक्रम उत्पादन/प्रसारण हुने गर्दछ। समग्रमा रेडियो नेपालबाट २५ भाषामा समाचार र २४ भाषामा कार्यक्रम उत्पादन भई प्रसारण भैरहेका छन्।

**रेडियो नेपालबाट समाचार तथा कार्यक्रम प्रसारण भैरहेका भाषाहरूको विवरण**

| केन्द्रीय प्रसारण: | कोशी प्रदेश | मधेश प्रदेश | बागमती प्रदेश |
|---|---|---|---|
| १. नेपाली | १. पूर्वीय थारु | १. भोजपुरी | १. तामाङ |
| २. अङ्ग्रेजी | २. राई बान्तवा | २. मगही | १. शेर्पा |
| ३. नेपालभाषा | ३. लिम्बू | ३. बज्जिका | ३. उर्दु |
| ४. हिन्दी | ४. राजवंशी | | ४. दनुवार |
| ५. मैथिली | | | |
| ६. संस्कृत | | | |

| गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|
| १. गुरुङ | १. अवधी | १. डोटेली |
| २. मगर | २. पश्चिमा थारु | २. राना थारु |
| | ३. मगर खाम | ३. बैतडेली |

केन्द्रीय प्रसारणबाट ६ वटा भाषा प्रसारण हुन्छन्। यी भाषाहरूको प्रसारण रेडियो नेपालका मिडियम वेभ तथा सबै एफएम प्रसारण केन्द्रहरू र रेडियो नेपालका डिजिटल प्लाटफर्मबाट पनि एकैपटक सुन्न सकिन्छ।

त्यसैगरी कोशी प्रदेशको धनकुटाबाट राईबान्तवा र लिम्बू भाषाको समाचार/कार्यक्रम उत्पादन तथा प्रसारण हुन्छ भने कोशी प्रदेशकै विराटनगर (रेडियो नेपाल तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम)बाट पूर्वीय थारु र राजवंशी भाषाको समाचार/कार्यक्रम उत्पादन तथा प्रसारण भैरहेको छ।

मधेश प्रदेशको बर्दीबासबाट मैथिली, भोजपुरी, मगही र वज्जिका भाषामा समाचार/कार्यक्रम उत्पादन तथा प्रसारण हुन्छ। बागमती प्रदेशबाट तामाङ, शेर्पा, उर्दु र दनुवार भाषामा समाचार/कार्यक्रम उत्पादन तथा प्रसारण भैरहेको छ। गण्डकी प्रदेशको पोखराबाट गुरुङ र मगर भाषाका समाचार/कार्यक्रम उत्पादन तथा प्रसारण हुने गरेको छ। त्यसैगरी लुम्बिनी प्रदेशको दाङबाट अवधी, पश्चिमाथारु र मगर खाम भाषाका समाचार तथा कार्यक्रम प्रसारण भैरहेको छ। सुदूरपश्चिम प्रदेशको डोटीबाट डोटेली, रानाथारु र बैतडेली भाषाका समाचार/कार्यक्रम उत्पादन तथा प्रसारण हुने गरेको छ।

रेडियो नेपाल स्थापना कालदेखि नै प्रसारणमा समावेशी बन्दै विविध भाषाका कार्यक्रम र समाचार प्रसारण गर्दै आएको छ। स्थापना कालमा नै नेपाली भाषाको अतिरिक्त अङ्ग्रेजी, हिन्दी र नेवारी (नेपालभाषा) भाषामा सूचना/समाचार/ कार्यक्रम प्रसारण सुरु गरेको इतिहास साक्षी छ। हिन्दी र नेपालभाषा भने स्थापनाकालमा सुरु गरिएको तर बिचमा विभिन्न कारणले बन्द भई पुनः सुरु भएर हाल निरन्तररूपमा प्रसारणमा रहेका छन्। अहिले रेडियो नेपालको प्रसारण केन्द्रीय प्रसारण र प्रदेश प्रसारणमा विभक्त रहेको छ। बिहान ४.५६ मा सुरु भई केन्द्रीय प्रसारण दिउँसो २.१४ मिनेटसम्म निरन्तर रहन्छ भने २.१५ देखि ५.५९ बजेसम्म प्रदेश प्रसारण र त्यसपछि राति ११.०५ बजेदेखि ४.५५ बजेसम्म अतिरिक्त प्रसारणको रूपमा पुनः केन्द्रीय प्रसारण निरन्तर रहने गरेको छ। राति ११.०५ बजेदेखि बिहान ४.५५ बजेसम्म रात्रिकालीन प्रसारणमा विभिन्न गीतसङ्गीत प्रसारण हुने गर्दछ। विभिन्न प्रदेशमा रहेका रेडियो नेपालका प्रादेशिक प्रसारण केन्द्र र केन्द्रीय प्रसारणबाट प्रसारण हुने राष्ट्रभाषाका कार्यक्रमहरूलाई नियाँल्दा देहाय बमोजिम देखिन्छः

**१. सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल कोशी प्रादेशिक प्रसारण कार्यालय धनकुटाबाट प्रसारण हुने नेपाली बाहेकका राष्ट्रभाषाका कार्यक्रमहरूको विवरणः**

| क्र.सं. | भाषा | कार्यक्रमको नाम | प्रसारण बार | समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | राई वान्तवा | आम्नो मिन्म(ा्सी | मङ्गलबार | दिउँसो ४.१० | २० मिनेट |
| २. | राई वान्तवा | लेमासी | शनिबार | दिउँसो ४.१० | २० मिनेट |
| ३. | लिम्बू | नुनाम्फुङ | बिहीबार | दिउँसो ४.१० | २० मिनेट |

**२. सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय बर्दीबासबाट प्रसारण हुने नेपाली बाहेकका राष्ट्रभाषाका कार्यक्रमहरूको विवरणः**

| क्र.सं. | भाषा | कार्यक्रमको नाम | प्रसारण बार | समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | मैथिली | अप्पन मिथिला | सोमबार | दिउँसो ३.१५ | ४५ मिनेट |
| | मैथिली | गामघर | शुक्रबार | दिउँसो ३.१५ | ४५ मिनेट |
| | मैथिली | मिथिला सङ्गम | शनिबार | दिउँसो ३.१५ | ४५ मिनेट |
| २. | भोजपुरी | भोजपुरिया सनेश | मङ्गलबार | दिउँसो ३.१५ | ४५ मिनेट |
| | भोजपुरी | रसमन्जरी | बिहीबार | दिउँसो ३.१५ | ४५ मिनेट |
| ३. | मगही | बैठार | बुधबार | दिउँसो ३.१५ | ४५ मिनेट |

**३. सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल बागमती प्रादेशिक प्रसारण कार्यालय काठमाडौंबाट प्रसारण हुने नेपाली बाहेकका राष्ट्रभाषाका कार्यक्रमहरूको विवरणः**

| क्र.सं. | भाषा | कार्यक्रमको नाम | प्रसारण बार | समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | नेपाल भाषा | जीवन दबु | बुधबार | दिउँसो ४.१५ | ४५ मिनेट |
| २. | तामाङ | स्याल्गार | सोमबार | दिउँसो ४.१५ | ४५ मिनेट |
| | | स्याल्गार | शुक्रबार | दिउँसो ४.१५ | ४५ मिनेट |
| ३. | उर्दु | गुलसन ए नेपाल | मङ्गलबार | दिउँसो ४.१५ | ४५ मिनेट |
| ४. | शेर्पा | श्यार्वी डोलुगकी ल्यारिम | बिहीबार | दिउँसो ४.१५ | ४५ मिनेट |
| ५. | दनुवार | | शनिबार | दिउँसो ४.१५ | ४५ मिनेट |

४. सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल गण्डकी प्रादेशिक प्रसारण कार्यालय पोखराबाट प्रसारण हुने नेपाली बाहेकका राष्ट्रभाषाका कार्यक्रमहरूको विवरणः

| क्र.सं. | भाषा | कार्यक्रमको नाम | प्रसारण बार | समय | अवधि |
|---|---|---|---|---|---|
| १. | मगर | कानुङ ढुट कानुङ रोष | सोमबार | दिउँसो ४.०५ | २५ मिनेट |
| | मगर | रीन्हाक | बिहीबार | दिउँसो ४.०५ | २५ मिनेट |
| २. | गुरुङ | ङ्योई कुई ङ्योई छ्या | बुधबार | दिउँसो ४.०५ | २५ मिनेट |
| | गुरुङ | ङोसेनिस | शुक्रबार | दिउँसो ४.०५ | २५ मिनेट |

**५. सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल लुम्बिनी प्रादेशिक प्रसारण कार्यालय दाङबाट प्रसारण हुने नेपाली बाहेका भाषाका कार्यक्रमहरूको विवरणः**

| क्र.सं. | भाषा | कार्यक्रमको नाम | प्रसारण बार | समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | मगर खाम | गेगेमी कुइख्याङ | सोमबार | दिउँसो ४.१५ | ३० मिनेट |
| २. | पश्चिमाथारु | हमार पहुरा | बुधबार | दिउँसो ४.१५ | ३० मिनेट |
| ३. | अवधी | दुवारे मुहारे | बिहीबार | दिउँसो ४.१५ | ३० मिनेट |

**६. सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल कर्णाली प्रादेशिक प्रसारण कार्यालय सुर्खेतबाट प्रसारण हुने नेपाली बाहेकका राष्ट्रभाषाका कार्यक्रमहरूको विवरण(दाङबाट उत्पादन भई प्रसारण हुने कार्यक्रमको रिले प्रसारण गर्ने गरिएको ।) :**

| क्र.सं. | भाषा | कार्यक्रमको नाम | प्रसारण बार | समय | अवधि |
|---|---|---|---|---|---|
| १. | मगर खाम | गेगेमी कुइख्याङ | सोमबार | दिउँसो ४.१५ | ३० मिनेट |
| २. | पश्चिमाथारु | हमार पहुरा | बुधबार | दिउँसो ४.१५ | ३० मिनेट |
| ३. | अवधी | दुवारे मुहारे | बिहीबार | दिउँसो ४.१५ | ३० मिनेट |

७. सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल सुदूरपश्चिम प्रादेशिक प्रसारण कार्यालय दिपायलबाट प्रसारण हुने नेपाली बाहेकका राष्ट्रभाषाका कार्यक्रमहरूको विवरणः

| क्र.सं. | भाषा | कार्यक्रमको नाम | प्रसारण बार | समय | अवधि |
|---|---|---|---|---|---|
| १. | राना थारु | आजकी वात | बिहीबार | दिउँसो ३.३० | ३० मिनेट |
| | रानाथारु | लखबारी | मङ्गलबार | दिउँसो ४.१५ | ४५ मिनेट |
| २. | डोटेली | हजारीमाला | सोमबार | दिउँसो ४.१५ | ४५ मिनेट |
| ३. | बैतडेली | सोराई | आइतबार | दिउँसो ४.१५ | ४५ मिनेट |
| | बैतडेली | डेउडा सेरोफेरो | बिहीबार | दिउँसो ४.१५ | ४५ मिनेट |

८. सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम –कोशी प्रदेश) विराटनगरबाट प्रसारण हुने नेपाली बाहेकका राष्ट्रभाषाका कार्यक्रमहरूको विवरणः

| क्र.सं. | भाषा | कार्यक्रमको नाम | प्रसारण बार | समय | अवधि |
|---|---|---|---|---|---|
| १. | राजवंशी | नयाँ बगान | मङ्गलबार | दिउँसो ३.१५ | ४५ मिनेट |
| २. | थारु | सङ्गेमङगे तोरेसियासङ्गे | बिहीबार | दिउँसो ३.१५ | ४५ मिनेट |
| | | आपन वात आपने आवाज | सोमबार | दिउँसो ३.१५ | ४५ मिनेट |
| ३. | राजवंशी | हामार गाहाना | शुक्रबार | दिउँसो ३.१५ | ४५ मिनेट |

९. रेडियो नेपालको केन्द्रीय प्रसारणबाट प्रसारण हुने नेपाली बाहेकका भाषाका कार्यक्रमको विवरणः

| क्र.सं. | भाषा | कार्यक्रमको नाम | प्रसारण बार | समय | अवधि |
|---|---|---|---|---|---|
| १. | नेपालभाषा | हिउपाँ हःगु नुगः सः | आइतबार | बिहान १०.१० | ४५ मिनेट |
| २. | अङ्ग्रेजी | बियोण्ड नेपाल | शनिबार | बेलुकी ८.१० | १५ मिनेट |
| ३. | हिन्दी | मधुरिमा | बिहीबार | बेलुकी १०.१० | ४५ मिनेट |

माथिको तालिकाबाट स्पष्ट भन्न सकिन्छ कि रेडियो नेपालका कार्यक्रमहरूमा भाषागत समावेशिताको क्रम निरन्तर बढिरहेको छ । भविष्यमा नेपालमा बोलिने थप राष्ट्रभाषाका कार्यक्रमहरू निरन्तर थपिने विश्वास गर्न सकिन्छ ।

## कार्यक्रमका विषयवस्तुमा विविधताः

रेडियो नेपालले प्रसारण गर्ने कार्यक्रमहरू विविध विषय र क्षेत्रलाई समेटेर तयार गर्ने गरिएको छ । हाम्रो संस्कृति हाम्रो परम्परा, विपद्का कुरा, समृद्धिका लागि भएका र गर्नुपर्ने कुराहरू, नेपालको भूगोल, सम्पदा संरक्षणका कुरा, जलवायु र जीवन, जीवनशैली, रोजगारी प्रवर्द्धन र पर्यटन विकास, आर्थिक समृद्धि/गतिविधि लगायत विविध विषयले रेडियो नेपालका कार्यक्रमहरू विषयगत हिसाबले पनि समावेशी बन्दै गइरहेका छन् । अब सार्वजनिक सेवा

प्रसारणको विश्वव्यापी मान्यता अनुसार अल्पसङ्ख्यक र सीमान्तकृत समुदायका विषयमा थप कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

- राष्ट्रिय एकता
- विपद्
- समृद्धि
- धर्म, संस्कृति
- जनजीविकाकाका विविध विषय
- शिक्षा, स्वास्थ्य
- रोजगारी/आर्थिक गतिविधि
- जीवन भोगाइ, अनुभव
- न्याय, कानुन, समसामयिक सन्दर्भ
- भूगोल र सांस्कृतिक सम्पदा संरक्षण
- नाटक
- पर्यटन
- जलवायु र जीवन
- मनोरञ्जनात्मक/साङ्गीतिक विषय

## कार्यक्रम ढाँचामा विविधताः

रेडियो नेपालका कार्यक्रम विविध ढाँचा र संरचनामा उत्पादन भई प्रसारण भैरहेका छन् । अन्तर्वार्ता, रेडियो पत्रिका, छलफल (बहस), नाटक, परिसंवाद लगायत विविध ढाँचामा कार्यक्रम बनिरहेका छन् । प्रसारणमा रहेका केही कार्यक्रमको ढाँचा यस प्रकार रहेका छन्ः

- अन्तर्वार्ता
- म्यागजिन
- फिचर
- डकुमेन्ट्री
- बहस
- नाटक
- परिसंवाद
- फोनइन
- डकुड्रामा

## कार्यक्रममा वर्गीय विविधताः

रेडियो नेपालका कार्यक्रमहरू स्थापना कालदेखि नै विभिन्न वर्ग र समुदाय लक्षित गरी तयार गर्ने एवम् प्रसारण गर्ने गरिउको छ । बाल, युवा, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, समाजमा रहेका विभिन्न किसिमका विभेदविरुद्ध सचेतना अभिवृद्धि लगायतका विषयका कार्यक्रमहरू प्रमुख कार्यक्रमहरू हुन् ।

- बालबालिका केन्द्रित छुट्टै कार्यक्रम – बालवाटिका (हप्तामा ४ दिन)
- महिला केन्द्रित छुट्टै कार्यक्रम – आजका नारी, घरसंसार
- ज्येष्ठ नागरिक केन्द्रित छुट्टै कार्यक्रम – ज्येष्ठ नागरिक
- युवा केन्द्रित छुट्टै कार्यक्रम – युवा संसार, स्वरोजगार
- अपाङ्गता केन्द्रित छुट्टै कार्यक्रम – हाम्रो बोली
- विभेदविरुद्ध सचेतना केन्द्रित छुट्टै कार्यक्रम – समानता

- समाचार विश्लेषणसम्बन्धी कार्यक्रम – घटना र विचार
- अन्य थुप्रै विषयहरूका विविध कार्यक्रम रहेका छन् ।

प्रसारणमा समावेशीकरणका थुप्रै आयामहरू रहेका छन् । तिनीहरूको पहिचान गरी समावेशीकरणका थप क्षेत्र समेट्न सक्नु पर्दछ । सञ्चारमाध्यममा समावेशीकरणका विषयमा कुरो गर्दा सम्पूर्णतामा समावेशीकरण, बहुलतामा समावेशीकरण र आंशिकतामा समावेशीकरणका विविध स्वरूप उल्लेख गर्ने गरिएको पाइन्छ । सञ्चारमाध्यमको क्षमता, परिस्थिति लगायतका विषयले पनि कुन स्वरूपको समावेशीकरण गर्न सकिन्छ भन्ने निर्धारण गर्नुपर्ने हुन्छ । नेपाल जस्तो सामाजिक–सांस्कृतिक बहुलता, धार्मिक र पारम्परिक बहुलता, वर्गीय हिसाबले पनि विविध वर्गमा सम्बोधन गर्नुपर्ने आवश्यकता भएको हाम्रो मुलुकको विविधता हाम्रो मौलिक पहिचान पनि भएकोले सबैलाई समावेशी प्रसारणमा सहभागी गराउँदै लैजानु आवश्यक देखिन्छ । नेपाल बहुल जातजाति र बहुल संस्कृतिको धनी मुलुक रहेको हुँदा रेडियो नेपालको सन्दर्भमा हेर्दा सबै वर्ग, समुदाय र जातजातिलाई प्रसारणको समावेशीकरणमा ल्याउन सकिएको देखिदैन, सबैलाई समेट्न धेरै चुनौतीहरू पनि रहेका छन् । चुनौतीहरूको सामाना गर्न पनि सक्नुपर्दछ । यस तर्फ सार्वजनिक सेवा प्रसारण नेपालले अझ स्पष्ट नीति र क्षमता विकाससँगै सम्बन्धित सबैसँगको सहकार्यलाई जोड दिनुपर्ने आवश्यकता छ । प्रसारणमा समावेशिता जस्तो गहन विषयलाई समेट्दा विविध पक्ष विचार गरेर एउटा ठोस नीति तय हुन आवश्यक छ ।

❀ ❀

*(लेखक सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल कार्यक्रम महाशाखाका प्रमुख हुनुहुन्छ ।)*

*सन्दर्भ सामग्रीः*

- *रेडियो नेपालको मुखपत्र 'झङ्कार' का विभिन्न अङ्कहरू ।*
- *रेडियो नेपालको वेबसाइट* https://radionepal .gov .np/
- *सञ्चारमाध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोग २०६९ को प्रतिवेदन आदि ।*

# सेती प्रादेशिक अस्पताल

जनहितमा जारी सन्देश

सेती प्रादेशिक अस्पतालका सेवाहरू :

१. इर्मेजेन्सी सेवा
२. बहिरङ्ग सेवा
३.प्रयोगशाला सेवा
४.अन्तरङ्ग सेवा
५. रेडियोलिजी सेवा
६.शल्यक्रिया सेवा
७. फार्मेसी सेवा
८.सामाजिक इकाइ सेवा
९.संस्थागत क्लिनिक
१०.प्रसुती सेवा
११. एआरटी सेवा
१२.आईसियु सेवा
१३.सिटी स्क्यान
१४.स्वास्थ्य विमा उपचार सेवा
१५.सिकलसेल एनिमिया उपचार
१६. एमआरआई सेवा
१७. मानसिक स्वास्थ्य सेवा
१८.सुरक्षित गर्भपतन सेवा
१९. डाइलायसिस सेवा
२०.एनआइसियु सेवा
२१. बाली विशेषज्ञ सेवा
२२. भिडियो एक्सरे सेवा, आदि ।

**सार्वजनिक सेवा प्रसारण, रेडियो नेपालको ७५औं वार्षिकोत्सव**
**तथा**
**नयाँ वर्ष २०८२ सालको हार्दिक मंगलमय**
**शुभकामना व्यक्त गर्दछौं ।**

*डा.हेमराज पाण्डे*
मेडिकल सुपरिटेण्डेन्ट
सेती प्रादेशिक अस्पताल, धनगढी

## खानेपानी तथा डिभिजन कार्यालय, राजपुर डोटीद्वारा जनहितमा जारी सन्देश

- वर्षातका बेला पानी फोहर हुने भएकोले तताएर पिउने गरौं ।
- पानीको सुद्धिकरण गरेर मात्रै पिउँने गरौं ।
- झाँडा पखाला, आँउ, हैजाबाट बचौं र बचाँऔं ।
- पानीको मुहान सधै सफा गरौं, शुद्ध पिउने पानी पिउँने गरौं ।
- विकास निर्माणका योजनाहरु समयमै काम सम्पन्न गरौं र पारदर्शिता प्रभावकारी बनाऔं ।

**कृष्णबहादुर बोगटी**
डिभिजन प्रमुख
खानेपानी तथा डिभिजन कार्यालय डोटी
सुदुरपश्चिम प्रदेश नेपाल

सुदूरपश्चिम प्रदेशसरकार
### भौतिक पूर्वाधार विकास मन्त्रालय
*जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय*
*राजपुर, डोटी*

#### सार्वजनिक सूचना

कृषि उत्पादन वृद्धि गर्न र आर्थिक समृद्धि हासिल गर्न, प्रभावकारी सिंचाइ प्रणाली र एकीकृत बाली पानी व्यवस्थापनको उपयोग अत्यन्त महत्वपूर्ण छ। यसले जल स्रोतको उचित उपयोग गर्दै, बालीको उत्पादनशीलता बढाउन मद्दत पुऱ्याउँछ ।
यस सन्दर्भमा, निम्न बुँदाहरुमा ध्यान दिनु आवश्यक छः
☛ सिंचाइ प्रणालीको उचित व्यवस्थापनः सिंचाइ प्रणालीहरुको नियमित मर्मतसम्भार र सुधार गरी, पानीको वितरणमा हुने नोक्सान कम गर्नुपर्छ। यसले प्रणालीको दक्षता बढाउँछ र किसानहरुको उत्पादनमा सकारात्मक प्रभाव पार्छ।
☛ एकीकृत बाली पानी व्यवस्थापनः सिंचाइ प्रणालीको पुनर्स्थापना र सुधारसँगै, कृषि गतिविधिहरुको उचित समन्वय आवश्यक छ। यसले सिंचाइको पानीको उचित उपयोग गर्दै, उत्पादन र नाफा बढाउन मद्दत पुऱ्याउँछ।
☛उन्नत सिंचाइ प्रविधिको अपनत्वः ड्रिप सिंचाइ जस्ता आधुनिक प्रविधिहरुको प्रयोगले पानीको उपयोग दक्षता बढाउन र उत्पादनशीलता सुधार गर्न सकिन्छ। यसले सुक्खा मौसममा पनि पोषक तत्वयुक्त बाली उत्पादन गर्न मद्दत पुऱ्याउँछ।
☛ पानीको न्यायोचित वितरणः पानीको समान वितरण सुनिश्चित गर्न 'वाराबन्दी' जस्ता प्रणालीहरुको अपनत्वले सिंचाइमा अनुशासन र समानता ल्याउँछ, जसले उत्पादनमा वृद्धि गर्न सहयोग पुऱ्याउँछ ।
*माथिका बुँदाहरुको प्रभावकारी कार्यान्वयनले हाम्रो कृषि उत्पादनमा वृद्धि गरी, आर्थिक समृद्धि हासिल गर्न मद्दत पुऱ्याउनेछ। सबै किसान दाजुभाइ तथा दिदीबहिनीहरुलाई यस दिशामा अग्रसर हुन हार्दिक अनुरोध छ ।*
*धन्यवाद !*

## डिभिजन वन कार्यालय डोटीको अनुरोध

❖ वन डढेलो लगाउने कार्य गर्नु/गराउनु फौजदारी अपराध हो ।
❖ वन ऐन २०७६ अनुसार वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरे/गराएमा आगजनीबाट भएको रुख बिरुवाको क्षतिको बिगो भराइ ३ बर्ष सम्म कैद वा ६० हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको छ ।
❖ वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि डिभिजन वन कार्यालय डोटीको यो अभियानमा तपाईहरु पनि साथ, सहयोग एंवम् सहभागी हुन हार्दिक अनुरोध गर्दछौं ।

*डिभिजन प्रमुख*
डिभिजन वन कार्यालय, डोटी

# रेडियो नेपालको पचहत्तर वर्षः सार्वजनिक सेवा प्रसारणको आधारशीला



अर्जुन श्रेष्ठ

नेपालको प्रसारण इतिहासमा रेडियो नेपाल अग्रणी संस्था हो। वि.स. २००७ सालको क्रान्ति ताका उदाएको 'प्रजातन्त्र नेपाल रेडियो' नेपाल रेडियो, रेडियो नेपाल हुँदै ७५ वर्षमा प्रवेश गर्दै गर्दा यो संस्था सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालमा रूपान्तरण भएको छ। नेपालमा व्यवस्था परिवर्तनलाई सघाउन राणाविरोधी मुक्ति सेनाले सात सालमा सञ्चालन गरेको रेडियो प्रसारण 'प्रजातन्त्र नेपाल रेडियो' पचहत्तर वर्ष प्रवेश गर्दै गर्दा सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भएर *'राष्ट्रिय एकता, समृद्धि र विपद्को साथी'* मूल्य प्राथमिकताका साथ जनताको अवस्था परिवर्तनमा सघाउने माध्यम बन्ने तरखरमा छ।

नेपालमा प्रसारण सेवाको अग्रणी संस्थाका रूपमा पहिचान बोकेको रेडियो नेपालले आफ्नो ७५ वर्षे परिपक्व उमेर पार गर्दै गर्दा यसले समाजमा सकारात्मक छापहरू छाडेको छ। नेपालकै पहिलो प्रसारण सेवा रेडियो नेपाल राजतन्त्रात्मक शासन व्यवस्थादेखि पञ्चायती व्यवस्था, बहुदलीय व्यवस्था हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको साक्षी बनेर नेपाली समाजका सबै तह र तप्कालाई जोड्ने एक महत्वपूर्ण माध्यम बनेको छ। रेडियो नेपालले २०८१ चैत्र २० गते ७५ औं वर्ष प्रवेशमा आफ्नो हिरक महोत्सव मनाउँदै गर्दा नेपालको प्रसारण क्षेत्रमा यसको योगदान सम्झनै पर्छ। जुन नेपालको प्रसारण क्षेत्रको एतिहासिक दस्तावेज पनि हो।

## रेडियो नेपालको प्रसारण पहुँच

रेडियो नेपालले केन्द्रीय प्रसारण, आफैले सञ्चालन गरेको ३५ वटा एफएम रिले प्रसारण केन्द्र सहित ३ मिडियम वेभ, ७ प्रादेशिक प्रसारण केन्द्र र अनलाइन तथा डिजिटल प्लेटफर्ममार्फत प्रसारण पहुँच देशैभर पुऱ्याएको छ। आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार २०८० फागुनसम्म रेडियो नेपालको प्रसारण पहुँच ९३ प्रतिशत र रेडियो नेपालले प्रकाशन गरेको पछिल्लो प्रगाति विवरण अनुसार हाल ९४ प्रतिशत जनसङ्ख्यामा रेडियो नेपालको प्रसारण पहुँच पुगेको जनाएको छ।

Nepal Media Survey 2022 ले सार्वजनिक गरेको सर्वेक्षण अनुसार दैनिक रेडियो नेपाल सुन्ने १८ वर्ष माथिका श्रोताहरूमा १३ लाख भन्दा बढी रेडियो नेपालको श्रोता रहनु र रेडियो/ एफ.एम. सुन्ने हरेक पाँच जनामध्ये १ जना रेडियो नेपालको श्रोता हुनुका साथै आफूले थाहा

पाएका विषयवस्तु प्रमाणित गर्न रेडियो नेपालको समाचार प्रयोग गर्नुले रेडियो नेपालको पहुँच, प्रभावकारिता र लोकप्रियतालाई झल्काउँछ ।

## सूचना प्रवाहको आधारशीला रेडियो नेपाल

रेडियो नेपाल विधिवत रूपमा सञ्चालन भएपछि स्व. तारणीप्रसाद कोइरालाले 'यो नेपाल रेडियो हो, अब समाचार सुन्नुहोस् ।' भनेर २००७ साल चैत्र २० गते विहान ८:३० बजेको समाचार प्रारम्भ गरेसँगै नेपालमा रेडियो प्रसारण र समाचार प्रसारण एकैसाथ सुरु भएको थियो । नेपालमा विधिवत् रूपमा रेडियो प्रसारण भएपछि पहिलो नेपाली समाचार वाचन तत्कालीन निर्देशक तारिणीप्रसाद कोइरालाले गर्नुभएको थियो । त्यतिबेला रेडियो प्रसारण भनेकै मुलुकमा भइरहेका गतिविधि, संसारमा भइरहेका गतिविधि आदिबारे सूसुचित गराउनु हो भन्ने भएकाले प्रसारणको सुरुवात नै समाचारबाट भएको पाइन्छ ।

प्रारम्भमा नै नेपाली समाचारबाट प्रसारण थालेको रेडियो नेपालले विस्वसनीय सूचना प्रवाहलाई निरन्तरता दिइरहेको छ । नेपाली भाषासँगै एकैदिन अंग्रेजी भाषमा समाचार सुरु गरेको रेडियो नेपालले पछि नेवारी (नेपाल भाषा), हिन्दी, मैथिली गर्दै पछिल्लो पटक दनुवार भाषामा समाचार प्रसारण गर्दै हाल २५ भाषामा समाचार प्रसारण गर्दै आएको छ ।

## प्रसारण प्रविधि विकासमा रेडियो नेपाल

नेपालमा व्यवस्था परिवर्तनलाई सघाउन राणाविरोधी मुक्ति सेनाले २००७ साल मङ्सिर २९ गते भोजपुरबाट 'क्रान्तिकारी रेडियो प्रसारण' सुरु भएको भन्ने भनाइ छ । रेडियो प्रसारण विधिवत् रूपमा भने २००७ साल चैत २० गते सुरु गरिएपछि पनि प्रसारणका क्षेत्रमा रेडियो नेपाल नेपालकै जेठो प्रसारण संस्था हो । सुरुमा २५० वाट क्षमताको शर्ट वेभ ट्रान्समिटरबाट २००७ साल चैत २० गते दैनिक ४ घण्टाबाट प्रसारण सुरु गरिएको रेडियो नेपालको प्रसारण पछि २०१० सालमा मिडियम वेभमा समेत प्रसारणको सुरुवात गरियो । सर्टवेभ र मिडियम वेभ सेवामार्फत तत्कालीन समयमा पाँचै विकास क्षेत्रमा प्रसारण पहुँच पुऱ्याएको रेडियो नेपालले २०५२ सालमा १०० मेगाहर्जमा काठमाडौं उपत्यकाबाट एफ.एम प्रसारणको समेत सुरुवात गरेको थियो ।

रेडियो नेपालले स्थापनाकालमा सुरु गरेको सर्ट वेभ प्रसारण २०६८ सालयता पूर्णतः बन्द भयो भने मिडियम वेभ पनि पूर्ण रूपमा सञ्चालन हुन सकेको छैन । यद्यपि ३ वटा मिडियम वेभ, ७ वटा प्रादेशिक कार्यालयहरू, विराटनगरस्थित तारणीप्रसाद कोइराला स्मृति सञ्चारग्रामका साथै रेडियो नेपालका ३५ वटा एफ.एम. रिले स्टेशनहरूबाट ठाँउ अनुसार ९८, १०० र १०३ मेगाहर्जबाट रेडियो नेपाल प्रसारण भइरहेको छ । प्रविधिको विकाससँगै रेडियो नेपालले हाल भूसतही प्रसारण मिडियम वेभ, एफ.एम, डिजिटलमा डि.आर.एम. प्रविधि परीक्षण प्रसारण,

अनलाइन लगायत डिजिटल प्लेटफर्म (रेडियो नेपाल एप्स, ओ.टी.टी., न्युज पोर्टल, सोसल मिडिया) जस्ता नवीनतम प्रविधि पूर्वाधारको उपयोग मार्फत प्रसारण पहुँच देशैभर पुऱ्याउँदै आएको छ ।

## रेडियो नेपालः महत्वपूर्ण राष्ट्रिय घटनाहरूको साक्षी

रेडियो नेपाल २००७ सालको प्रजातन्त्र प्राप्ति, २०१७ सालको पञ्चायती व्यवस्था, २०३६ को जनमत सङ्ग्रह, २०४६ को प्रजातान्त्रिक आन्दोलन, २०६२/६३ को जनआन्दोलनदेखि संविधानसभाको निर्वाचन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मका ऐतिहासिक परिवर्तन र महत्वपूर्ण घटनाहरूको साक्षी हो । यी विभिन्न कालखण्डको साक्षी हुनुको नाताले रेडियो नेपालसँग यी कालखण्डमा भएका परिवर्तनका महत्वपूर्ण र ऐतिहासिक प्रमाणहरू सङ्गृहीत छन् । यी ऐतिहासिक परिवर्तन र महत्वपूर्ण घटनाहरूको सूचना प्रवाह रेडियो नेपालकै माध्यमबाट जनताले प्रत्यक्ष सुन्न पाए ।

नेपालको राजनीतिक परिवर्तनहरूको जिउँदो साक्षीका रूपमा रहँदै आएको रेडियो नेपालले स्थापना कालदेखि नै "राष्ट्रिय रेडियो राष्ट्रको संचार" नारासहित राष्ट्रिय प्रसारणमार्फत राजनीतिक घोषणाहरू, सरकारको नीति तथा निर्णयहरू र महत्वपूर्ण घटनाहरू प्रत्यक्ष रूपमा प्रसारण गर्दै आएको छ । राजनीतिक अस्थिरता, विपत्तिहरू वा अन्य संवेदनशील अवस्थामा रेडियो नेपाल विश्वसनीय सूचना स्रोतका रूपमा रह्यो । जब सञ्चारका अन्य माध्यमहरू बन्द गरिन्थे, त्यसबेला रेडियो नेपाल, सरकार र आन्दोलनरत पक्ष दुवैले जनतासम्म आफ्नो सन्देश पुऱ्याउने एकमात्र माध्यमका रूपमा प्रयोग गरिन्थ्यो । नेपालको राजनीतिक, सामाजिक र ऐतिहासिक परिवर्तनको साक्षी रेडियो नेपाल कतिपय अवस्थामा परिवर्तनको संवाहक नै बनेको छ ।



## विपद्को साथी रेडियो नेपाल

सङ्कटकालीन समयमा सही सूचना दिन, भूकम्प, बाढीपहिरो, महामारी (कोभिड-१९)जस्ता विपद्का समयमा सत्य तथ्य सूचना प्रवाह गरी रेडियो नेपालले नागरिकलाई सचेत र सुसूचित गराउन महत्वपूर्ण भूमिका खेल्यो । नेपालमा २०७२ साल वैशाख १२ गतेको विनासकारी भूकम्पको केही मिनेटमा नै आपतकालीन प्रत्यक्ष प्रसारण सुरु गरेर रेडियो नेपालले प्राकृतिक विपत्तिमा २४ सैं घण्टा नागरिकको जीवन बचाउन विपद्को साथी बन्यो । आपतकालीन प्रसारणमार्फत रेडियो नेपालले सही सूचना र जानकारीका साथै विपद्का बेला जनतालाई सरकारको उपस्थिति बोध गराउन र सरकारका तर्फबाट जनतालाई आड-भरोसा दिलाउन निकै नै उपयोगी साबित भयो ।

यस्तै, प्राकृतिक प्रकोप र महामारीका बेला २४ सै घण्टा प्रत्यक्ष प्रसारणमार्फत सार्वजनिक

प्रसारणको दायित्वलाई महत्त्व दिएको रेडियो नेपालले २०७६ चैत ११ गतेदेखि कोरोना महामारी सुरु भएलगतै २४ सै घण्टा जनचेतनामूलक सूचना, समाचार तथा कार्यक्रम प्रसारण गरेर विपद्को साथी बन्यो। भूकम्प, कोरोना, बाढी पहिरो, डुवान, आगलागी जस्ता विपद्, महामारी र सङ्कटको समयमा प्रसारणलाई निरन्तरता दिँदै उद्धार, राहत, जनचेतना, सुरक्षालगायतका विषयलाई प्राथमिकता दिने गरेको रेडियो नेपालले विपद्को साथी भनेकै रेडियो नेपाल हो भन्ने मान्यता स्थापित गरेको छ। यस्ता कुनै पनि प्रकारका महामारी होस् या विपद्मा रेडियो नेपालले फगत सूचना प्रवाहमात्रै भन्दा पनि सचेतना फैलाउनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै सुरक्षित रहन सहयोग पुऱ्याउँदै आएको छ।

## समावेशी प्रसारण रेडियो नेपाल

नेपालमा रेडियो प्रसारण सुरु भएको उही दिन २००७ साल चैत २० गते अङ्ग्रेजी भाषामा प्रसारण सुरु गरेर तत्कालीन 'प्रजातन्त्र नेपाल रेडियो'ले समावेशी प्रसारणलाई आत्मसाथ गरेको थियो। त्यसपछि विस्तारै हिन्दी, नेवारी, मैथिली, तामाङ, राई वान्तवा, लिम्बू, गुरुङ, मगर भाषामा समाचार तथा कार्यक्रम प्रसारण गर्दै रेडियो नेपालले हाल २५ भाषामा समाचार २४ भाषामा कार्यक्रम प्रसारण गर्दै आएको छ।

रेडियो नेपालले केन्द्रीय प्रसारणबाट नेपाली, अङ्ग्रेजी, नेपालभाषा, हिन्दी, मैथिली र संस्कृत, कोशी प्रदेशबाट पूर्वीय थारु, राई वात्वना, लिम्बू र राजवंशी, मधेश प्रदेशबाट भोजपुरी, मगही र बज्जिका, बागमती प्रदेशबाट तामाङ, शेर्पा, उर्दु र दनुवार, गण्डकी प्रदेशबाट गुरुङ र मगर, लुम्बिनी प्रदेशबाट अवधी, पश्चिमा थारु र मगर खाम भाषामा कार्यक्रम प्रसारण गरिरहेको छ। त्यस्तै, कर्णाली प्रदेश बाट दाङबाट प्रसारण भइरहेको अवधी, पश्चिमा थारु र मगर खामलाई रिले गरिरहेको छ। सुदूरपश्चिम प्रदेशबाट डोटेली, राना थारु र बैतडेली भाषामा समाचार तथा कार्यक्रमहरू प्रसारण भइरहेका छन्।

सूचना तथा सञ्चार प्रविधि मन्त्रालयको समावेशी प्रसारण परियोजना अन्तर्गत रेडियो नेपालले आफ्ना समाचार र कार्यक्रमको समावेशीता सम्बन्धी प्रभावकारिता मापन गर्न गरेको अध्ययन अनुसार रेडियो नेपालबाट प्रसारण भएको समाचार तथा कार्यक्रमले नागरिकको जीवनमा केही न केही फाइदा पुऱ्याएको पाइएको छ। नेपालको संविधिानले अङ्गीकार गरेको समावेशी अवधारणालाई आत्मसाथ गर्दै नेपाली समाजको समावेशी चरित्रको संरक्षण र प्रवर्द्धनमा रेडियो नेपालको महत्वपूर्ण योगदान रहँदै आएको छ।

## भाषा, कला र संस्कृतिको संरक्षण

रेडियो नेपालले नेपाली भाषा, संस्कृति, तथा सङ्गीतको प्रवर्द्धन गर्दै देशैभरिका विविध समुदायलाई जोड्ने काम गरिरहेको छ। सबै जाति, समुदाय र तिनका धर्म संस्कृतिलाई

सम्मान गर्दै रेडियो नेपालले विशेष कार्यक्रमहरू निर्माण गरेर समय, पर्व विशेष र मौलिक संस्कार संस्कृतिको संरक्षण र प्रवर्द्धन पनि गर्दै आएको छ। यसैगरी समग्र राष्ट्रको पहिचान र संस्कृतिको संरक्षणमा रेडियो नेपालले उत्तिकै प्राथमिकता दिएको छ।

रेडियो नेपालले स्थापना कालदेखि गीत सङ्गीत प्रसारणका अतिरिक्त खुला राष्ट्रव्यापी आधुनिक सङ्गीत प्रतियोगिता, लोकगीत प्रतियोगिता, स्वदेश गान सम्मेलन, शास्त्रीय सङ्गीत सम्मेलनमार्फत लोक संस्कृति र मौलिक पराम्पराको जगेर्ना गर्दै आएको रेडियो नेपालले बालगीत प्रतियोगिता, खुला राष्ट्रव्यापी आधुनिक सङ्गीत प्रतियोगिता र शास्त्रीय सङ्गीत सम्मेलनलाई निरन्तरता दिइरहेको छ। देशैभरका नवप्रतिभाहरूलाई साङ्गीतिक प्रतिष्पर्धा गराई उत्कृष्टलाई पुरस्कार र प्रशंसापत्र प्रदान गर्ने र केही वर्षयता प्रत्येक वर्ष दुई जनालाई जनही ५१,००१/– रुपैयाँ र ताम्रपत्रसहित 'रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान' समेत प्रदान गर्दै आएको छ।

रेडियो नेपालले प्रदान गरेको यस प्रकारको प्रोत्साहन र पहुँचले विभिन्न जातजाति, भाषा, संस्कृति र विविधतायुक्त पहिचानको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुऱ्याएको छ। प्रा.डा. ध्रुवेशचन्द्र रेग्मीका अनुसार सङ्गीत र कलाकारलाई जनमानसमा चिनारी गराई, लोकप्रिय र सम्मानित बनाउन रेडियो नेपालको महत्वपूर्ण योगदान छ। उहाँका अनुसार नेपालका अधिकांश जातजाति, भाषाभाषी, र संस्कृतिका गीत सङ्गीत र प्रायजसो कलाकर्मीका सिर्जनालाई चिनाउने र उनीहरूलाई स्थापित गर्नमा पनि रेडियो नेपालको योगदान उच्च छ।

रेडियो नेपालले २००७ सालदेखि हालसम्मका करिब पचास हजारभन्दा बढी प्रसारण सामग्री (गीतसङ्गीत, कार्यक्रम, नाटक, सन्देश, भाषण) हरू सङ्गृहीत गरेको छ। सङ्गृहीत ती सामग्रीलाई रेडियो नेपालले डिजिटल आर्काइभ गरी ऐतिहासिक अभिलेखका रूपमा राखेको छ। ती प्रसारण सामग्री राष्ट्रकै सम्पत्ति पनि हुन्।

## रेडियो कार्यक्रममा विविधता

तत्कालीन समयमा नेपालको एकमात्र रेडियो प्रसारणका रूपमा रहेको रेडियो नेपालले समाचार प्रसारणपछि सँगै साङ्गीतिक कार्यक्रम प्रत्यक्ष प्रसारणमार्फत गरेको थियो। सुरुमा गीतिकथा, रेडियो नाटक, महिला कार्यक्रमलगायत साङ्गीतिक कार्यक्रमहरू थिए। पछि अन्य कार्यक्रमहरू थपिए। मुलुकले अंगीकार गरेको समावेशी चरित्रलाई आत्मसाथ गर्दै रेडियो नेपालले हाल २४ भाषामा कार्यक्रम प्रसारण गर्दै आएको छ। रेडियो नेपालले भाषिक विविधता मात्र है आफ्ना कार्यक्रमहरूका सामग्रीहरूमा समेत विविधता अपनाएको छ। जस अन्तर्गत कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, सञ्चार, महिला सशक्तीकरण, बाल अधिकार र सामाजिक चेतनाका कार्यक्रमहरूसंगै विपद् व्यवस्थापन र बालबालिकाका लागि छुट्टै

बालवाटिका कार्यक्रम, महिलासम्बन्धी आजका नारी, ज्येष्ठ नागरिकहरूको ज्येष्ठ नागरिक कार्यक्रम, युवासम्बन्धी युवा संसार, स्वरोजगार, साहित्यसम्बन्धी साहित्य सन्सार, उद्यम र उद्यमीलाई समेट्ने पौरखीको कथा जस्ता विविध कार्यक्रमहरू प्रसारण गरेर विविधताको संरक्षण र प्रवर्द्धन गरिरहेको छ।

## राष्ट्रिय एकता र सामाजिक समावेशीताको प्रवर्द्धक

भाषिक विविधतामा मात्र हैन नेपालको भौगोलिक तथा त्यहा रहेको सांस्कृतिक विविधतालाई समेत समेटेर रेडियो नेपाल राष्ट्रिय एकताको सूत्रधार बनेको छ। विविधतापूर्ण समाजका विविध भाषा, संस्कृति र समुदायलाई समेटेर बहुभाषिक र बहुसांस्कृतिक सामग्री उत्पादन तथा प्रसारण प्रसारण गरेर रेडियो नेपालले राष्ट्रिय एकता र सामाजिक समावेशीताको प्रवर्द्धन गरिरहेको छ। सबै जाति, लिङ्ग, धर्म, भूगोल, र सामाजिक पृष्ठभूमि समेट्दै रेडियो नेपालले महिला, दलित, जनजाति, र अपांगता भएका व्यक्तिहरूको आवाज बुलन्द गराउने कार्यक्रमहरू प्रसारण भइरहेको छ। यसका अलवा रेडियो नेपालले दूरदराजका समुदायको पहुँच बढाउँदै दुर्गम क्षेत्रहरूका स्थानीय विषयवस्तु समेटेर, ग्रामिण समुदायलाई राष्ट्रिय मूलधारमा ल्याउन मद्दत समेत गरेको छ।

## रेडियो नेपालको रूपान्तरण

रेडियो नेपाल तत्कालीन प्रसार विभाग त्यसपछि विकास समिति ऐन २०१३ अन्तरगत रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१ बाट गठन आदेश कै भरमा करिब ४० वर्ष चल्यो। २०४१ भदौं १ गतेबाट गठन आदेशबाट चलेको रेडियो नेपाल २०४६ सालपछि दुई सरकारी सञ्चारमाध्यम रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण गर्ने अवधारणाको विकास भयो। त्यसपछि विभिन्न समिति र कार्यदलहरू गठन भए। २०६० सालमा विद्युतीय सञ्चार माध्यमसम्बन्धी समिति, २०६३ सालमा सरकारी मिडियासम्बन्धी कार्यदल र २०६३ सालमा उच्चस्तरीय मिडिया सुझाव आयोग गठन भए।

यसैगरी, २०७१ सालमा पीएसबी सम्बन्धी अध्ययन समिति बन्यो भने यसलाई आर्थिक वर्ष २०७१/०७२ को बजेट वक्तव्यले समेत समेट्यो। २०७३ सालमा सूचना तथा सञ्चार सम्बन्धी उच्चस्तरीय समिति र २०७५ सालमा बनेको रेडियो नेपाल र नेपाल टेलिभिजनको सुधार सुझाव कार्यदलले पीएसबीकै अवधारणालाई जोड दियो। सो अवधारणा अन्तरगत सरकारले २०७७ साल असार २४ गते संसदमा दर्ता गराएको 'सार्वजनिक सेवा प्रसारण सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्ने विधयेक' २०८१' संसदीय प्रक्रिया पूरा गर्दै २०८१ असोज २२ गते प्रमाणीकरण भएर ऐनको रूप लियो। ऐन प्रमाणीकरण भएको एकतिसौं दिनदेखि प्रारम्भ हुने प्रावधान अनुरूप सो ऐन २०८१ कार्तिक २३ गतेबाट कार्यान्वयनमा आएपछि रेडियो नेपाल

सार्वजनिक सेवा प्रसारण संस्थाका रूपमा रूपान्तरण भएको छ ।

## यसको आगामी कार्यदिशा

स्थापनाको ७५ वर्ष प्रवेश सँगसँगै रेडियो नेपाल सार्वजनिक सेवा प्रसारण नेपालमा रूपान्तरण भएको छ । मुलुकको जेठो प्रसारण संस्था रेडियो नेपाल अबको सार्वजनिक सेवा प्रसारण संस्थाको आधारशीला हो । यसका पूर्वाधार, चल अचल सम्पति र यहाँको जनशक्ति सार्वजनिक सेवा प्रसारण नेपालको अमूल्य सम्पति हुन् । रेडियो नेपालका हाल ३ वटा प्रसारण केन्द्र, ७ वटा प्रादेशिक कार्यालय, ३५ वटा एफएम रिले स्टेशनहरू, आफ्नै एप्स, ओ.टी.टी., न्युज पोर्टल, सोसल मिडियाहरू छन् । रेडियो नेपालमा ५५८ स्वीकृत दरबन्दीमध्ये हाल ३४० स्थायी जनशक्ति र २१७ जना करार, ज्यालादारी, सिफ्ट र बुलेटिन बेसिसमा कार्यरत जनशक्ति छन् । यो संस्थाको आफ्नै बलियो पूर्वाधार (भौतिक संरचना, उपकरण, कानुनी आधार), कुल जनसङ्ख्याको ९४ प्रतिशतमा प्रसारण पहुँच, गौरवपूर्ण विरासत, दक्ष र पर्याप्त जनशक्ति, प्रदेश र जिल्ला तहसम्मको संरचना, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँगको आवद्धता र नीतिगत व्यवस्था यसको सवल पक्षमात्र हैन, स्थापनाको पचहत्तर वर्षसम्म आर्जन गरेको सम्पति पनि हो ।

यस्ता सवल पक्षसहितका अमूल्य सम्पतिलाई गुणात्मक ढङ्गले संस्थागत हितमा उपयोग गर्न सकिए सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल एक सशक्त प्रसारणका रूपमा रहिरहन सक्छ । सार्वजनिक सेवा प्रसारणलाई अब्बल संस्थाका रूपमा अघि बढाउन सार्वजनिक सेवा प्रसारण नेपालका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टले आफू नियुक्त भएसँगै कर्मचारीहरूसँग छलफलमा आगामी परिदृश्य पनि केही विषयवस्तुहरू सार्वजनिक गर्नुभएको छः

- सार्वजनिक सेवा प्रसारण नेपालको मार्गदर्शक सिद्धान्तः 'जनता पहिलो' (People First),
- पहिचानः 'उत्कृष्टताको केन्द्र' (Centre of Excellence),
- कार्यशैलीः 'लोकतान्त्रिक अभ्यास, जवाफदेही नेतृत्व र बहुसीपयुक्त कर्मचारी',
- कार्य वतावरणः 'स्वच्छ कार्यालय, चुस्त कर्मचारी र स्मार्ट सेवा',
- सोचः नवीनतम सोच, प्रोएक्टिभ भूमिका, नयाँ–नयाँ प्रयोगमा तदतारुकता,
- सेवामा विशिष्टताः 'अनलाइन सेवा, पारदर्शी मूल्याङ्कन (अटोमेसन)',
- व्यावसायिकताः 'वृत्तिविकास, उत्प्रेरणा, दक्षता र सुरक्षामा प्राथमिकता' र
- उपलब्धिः 'टाइमलाइनमा काम, डेडलाइनमा परिणाम, समयमै उपलब्धि ।

भर्खरै सार्वजनिक सेवा प्रसारणमा रूपान्तरण भएको दुई संस्था रेडियो नेपाल र नेपाल टेलिभिजन सङ्क्रमणकालको अवधिमा छन् । ऐन कार्यान्वयनमा आए पनि यस अन्तरगत संस्थालाई

सञ्चालनका लागि आवश्यक नियमावलीहरू बन्न बाँकी नै छ । जनशक्ति व्यवस्थापन लगायत संस्थाको कार्यगत ढाँचा कस्तो हुने लगायतका थुप्रै विषय संशयकै बिचमा छ । यो अवस्थामा उल्लेखित परिदृष्यहरूलाई संस्थाको व्यवहारमा उतार्न कति सकिएला ? यी संशयहरू चिरिदै जानेछ र पक्कै पनि कर्मचारी प्रोत्साहित हुने वातावरण निर्माण हुने नै छ । रेडियो नेपालका सवल पक्षहरूलाई सही सदुपयोग उपयोग गर्न सकिए व्यवस्था परिवर्तनमा सघाउन स्थापना गरिएको रेडियो नेपाल आगामी दिनमा मुलुकको अवस्था परिवर्तनको संवाहक पनि पक्कै हुन सक्नेछ । सँगसँगै रेडियो नेपालको अहिलेको जस्तो सुनको कचौरा बोकेर माग्न हिड्नु पर्ने जस्तो अवस्थाको समेत अन्त्य हुनेछ ।

❀ ❀

*(लेखक सार्वजनिक सेवा प्रसारण रेडियो नेपालका वरिष्ठ कार्यक्रम अधिकृत हुन् ।)*

## सन्दर्भ सामग्रीहरू

*कार्की, इ. रमेश जङ्ग । २०६४ । रेडियो नेपालको नयाँ प्राविधिक पक्ष । झङ्कार ५८ औँ वार्षिक उत्सव (वर्ष ५७, चैत) ११–१४ ।*

*केसी, बुद्धि बहादुर । २०८० । रेडियो नेपालको वार्षिक गतिविधि २०८० । झङ्कार ७४ औँ वार्षिक उत्सव (वर्ष ७३, २० चैत) ८–११ ।*

*केसी, बुद्धि बहादुर । २०८० । रेडियो नेपालको वार्षिक गतिविधि २०८० । झङ्कार ७४ औ वार्षिक उत्सव (वर्ष ७३, २० चैत) ८–११ ।*

*थापा, ध्रुव । २०५८ । विद्युतीय पत्रकारिताको पहिलो पाठशालाः रेडियो नेपाल । झङ्कार (वर्ष ५१, संयुक्त अंक) २५–२७ ।*

*भण्डारी, टीका । २०७७ । रेडियो नेपाल कार्यक्रम प्रसारणका ७० वर्ष । झङ्कार ७१ औँ वार्षिक उत्सव (वर्ष ७०, चैत) १६५–१८३ ।*

*रेग्मी, प्रा.डा. ध्रुवेशचन्द्र । २०८० । संगीतको प्रवर्द्धनमा रेडियो नेपालः विशेष सन्दर्भ शास्त्रीय सङ्गीत । झङ्कार ७४ औँ वार्षिक उत्सव (वर्ष ७३, २० चैत) २२–२५ ।*

*वन्त, प्रत्यूष, पराजुली, शेखर, हुमागाई, देवराज, अधिकारी, कृष्ण र भट्ट, कोमल (२०६१) । रेडियो नेपालको सामाजिक इतिहास, काठमाडौँः मार्टिन चौतारी ।*

*वस्ती, ताराप्रसाद । २०७७ । विशेष कार्यक्रम उत्पादन तथा प्रसारणः २०७७ । झङ्कार ७१ औँ वार्षिक उत्सव (वर्ष ७०, चैत) २०८–२१४ ।*

*विष्ट, जनार्दन । २०७८ । रेडियो नेपालको आपतकालीन प्रसारण बहत्तर सालको भूकम्पः एक विवेचना । झङ्कार ७२ औँ वार्षिक उत्सव (वर्ष ७१, चैत) १६३–१७३ ।*

*सार्वजनिक सेवा प्रसारण (रेडियो नेपाल) को दोस्रो त्रैमासिक प्रगति विवरण २०८१/०८२ (स्वतः प्रकाशन)*

*https://radionepal.gov.np/2025/01/2773.html*

*सुनुवार, पाण्डव । २०५६ । रेडियो प्रसारणका आरोह–अवरोह । काठमाडौँः ताहिरा सुनुवार ।*

## प्रदेश पर्यटन विकास कार्यक्रम

सुदूरपश्चिम प्रदेशका धार्मिक एवम् पर्यटकीय क्षेत्रको भ्रमण गरौं, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याऔं। सुदूरपश्चिम प्रदेश सरकारबाट प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण–सम्बर्द्धन, व्यवस्थापन तथा प्रचारप्रसार मा उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मातहतको निकाय प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाइ धनगढी, कैलालीबाट विभिन्न कार्यक्रम सहयोग भई आएको सबैलाई जानकारी गराउँदछौं। त्यसैले पर्यटकीय क्षेत्रको प्रर्वद्धनमा सरोकारवाला सबैले टेवा पुऱ्याऔं।

प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई
धनगढी, सुदूरपश्चिम प्रदेश



## कृषि विकास निर्देशनालय
### राजपुर डोटीको जानकारीमुलक सन्देश

*जहाँ दूरदर्शिता एक वर्षको छ, त्यहा फूल रोप्नु होस,*
*जहाँ दूरदर्शिता दश वर्षको छ, त्यहाँ रुख रोप्नु होस।*

"फलफूलका विरुवा रोपी पेन्सनको रुपमाआम्दानी सुनिश्चित गरौ"

"प्राङ्गारिक खेतीप्रणाली अपनाऔ, विषादीरहित समाजको सृजना गरौ"

वारीमा देखिने सवै किराहरुले नोक्सान गर्दैनन, त्यसैले शत्रु किराहरुलाई मात्र नियन्त्रणगरौ"

विषादी औषधी होइन, त्यसैले यसको प्रयोग कम गरौ"

"आऊ भाइ आऊ वैनी कृषक समुह वनाऔ निर्वाहमुखी खेती छोडी व्यवसायीकता तिर लागौ"

"उन्नत वीउको प्रयोगले मात्र १५ देखी २० प्रतिशत आम्दानी वढाउन सकिन्छ, त्यसैले उन्नत वीउको प्रयोग गरौ"

"विरुवा र वीउ कलिला नानीहरु हुन, यिनिहरुको संरक्षण गरौ"

हिलो भनेर नहेपौ त्यही हिलोमा जान्न सक्ने हो भने कमल पनि फुलाएर कमाउन सकिन्छ।

*कृषि विकास निर्देशनालय*
डोटी



## जनहितमा जारी सन्देश

•दुई बालबालिकाको चिन्ह भएको आयोडिनयुक्त नुनको मात्र प्रयोग गरौं।

•आयोडिनको कमिबाट हुने शारीरिक तथा मानसिक कमजोरीबाट जोगिऔं।

•गर्भवती, सुत्केरी, बालबालिका सबैले सही सुक्ष्म पोषणका लागि दुई बालबालिका चिन्ह भएको आयोडिनयुक्त नुन मिसाएको खानेकुरा मात्र खाऔं।

•ढिके तथा खुल्ला बेच्ने नुनको प्रयोग नगरौं। त्यस्तो नुनमा आयोडिन पाइदैन।

•आयोडिनयुक्त नुनलाई घाम पानीको प्रभाव नपर्ने गरी सुरक्षित राख्ने गरौं।

•आयोडिनयुक्त नुनलाई दाल तथा तरकारी पकाइसकेपछि मात्र हाल्ने गरौं।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
प्रदेश कार्यालय धनगढी



### सिचाइ तथा नदी व्यवस्थापन आयोजना पाटन बैतडीको अनुरोध

❑ भिरालो जग्गामा गह्रा सुधार गरी खेती गरौं।
❑ थोपा सिञ्चाइ प्रविधि अपनाई मौसमी तथा बेमौसमी तरकारी खेती गरौं।
❑ परम्परागत कुलोको संरचना नबिग्रने गरी सिंचाइ योजना निर्माण गरौं।
❑ मुहानमा कम पानी भएका ठाउँहरुमा पोखरी निर्माण गरी सिंचाइ गरौं।
❑ मुहान संरक्षणका लागि रिचार्ज पोखरी निर्माण गरौं।
❑ राष्ट्रिय सिञ्चाइ नितिअनुरूप योजनाहरुको निर्माण गरौं।
❑सिञ्चाइ योजना निर्माण गर्दा गुणस्तर कायम गरौं।
❑सिंचाइ योजनानिर्माण गर्दा वातावरण संरक्षणमा ध्यान दिऔं।
❑नदीकिनारामा बस्ती नबसालौं।
❑तटबन्ध निर्माण गरी अति वृष्टिबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
❑राष्ट्रिय सिञ्चाइ नीति अवलम्बन गरी उत्पादन वढाऔं।

नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिंचाइ तथा नदी व्यवस्थापन आयोजना परिवार
पाटन, बैतडी

## सुदूरपश्चिम प्रदेशसरकार
## आन्तरिक मामिला तथा कानुन मन्त्रालया

### जनहतिमा जारी सन्देश

१. प्राकृतिक विपद्‌बाट सुरक्षित रहनका लागि पूर्व तयारीमा जुटौं ।

२. गर्मीयाम तथा सुख्यायाम एवम् हावाहुरीका समयमा आगलागी जस्ता घटनाको उच्च जोखिम र हने भएकाले सर्तकता अपनाऔं ।

३ बाढी, पहिरो, डुवान जस्ता विपद् जोखिम क्षेत्रमा नजाऔं ।

४. जेष्ठ नागरिक समाजका गौरव हुन्, हेरचाह र सम्मान गरौं ।

५. लैङ्गिक हिंसा अन्त्यका लागी सबै एकजुट हौं ।

६. सुचनाको हक नागरिकको मौलिक हक हो । त्यसैले सुचना माग्ने गरौं । ७. सिमानाका भएर आउँदा–जाँदा अनिवार्य रुपमा परिचयपत्र खुल्ने कागजात राखौं ।

## सुदूरपश्चिम प्रदेशसरकार
## सामाजिक विकास मन्त्रालयद्धारा

### जनहितमा जारी सन्देश

डेंगु रोगको संक्रमणबाट बच्न निम्न उपायहरु अपनाऔं
१. सुत्ने बेला झुलको प्रयोग गरौं ।
२. डेंगुको जाँच गराऔं, सम्भावित जोखिमबाट बचौ ।
३. घर वरिपरि पानी जम्ने खाल्डा खुल्डी पुर्ने तथा पानी जम्न नदिऔं ।
४. व्यक्तिगत सुरक्षाका लागी लामखुट्टे भगाउन मलम, धुप जस्ता पदार्थको प्रयोग गरौं ।
५. घरबाहिर निस्किदा हातखुट्टा पुरै छोपिने गरी कपडा लगाउने गरौं ।
६.लामखुट्टेको टोकाइबाट बच्नु नै डेगु रोकथामको सर्वोत्तम उपाय हो ।
७.सरकारी स्वास्थ्य संस्थामा डेंगुको निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था गरिएको छ ।
८. अत्याधिक टाउको दुख्ने, कडाखाले ज्वरो आउने जस्ता लक्षण देखिएमा तत्काल नजिकै रहेको स्थास्थ्य संस्थामा जाने गरौं ।
९. डेंगुको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि लार्भा खोज र नष्ट गर अभियानमा सहभागी बनौं ।

## सुदूरपश्चिम प्रदेशसरकार
## आर्थिक मामिला मन्त्रालयद्धारा

### जनहतिमा जारी सन्देश

१. कर समयमै तिरौं, सभ्य नागरिकको परिचय दिउँ ।

२. कर तिर्नु सबै नागरिकको कर्तव्य हो, त्यसैले सबै प्रकारका कर दाखिला गरौं ।

३. कर सचेतना अभियानमा सहभागी बनौं ।

४. करबारे आफु पनि जानकार हौं, अरुलाई पनि जानकारी दिऔं ।

५. कर तिरी आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं ।

६. समृद्ध प्रदेश निर्माणमा जुटौं ।

७. कर दाखिला गरी आम्दानीको वैधता सुनिश्चित गरौं ।

## सुदूरपश्चिम प्रदेशसरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालयद्धारा

### *जनहितमा जारी सन्देश*

१. राष्ट्रिय भवन सहिंताको पूर्ण पालना गरौं ।
२. भौतिक संरचना बलियो र सुरक्षित बनाऔं ।
३. भूकम्प प्रतिरोधात्मक संरचना निर्माण गरौं ।
४.सार्वजनिक निर्माण कार्यमा दक्ष प्राविधिक तथा तालिम प्राप्त कालीगढ र गुणस्तरीय निर्माण सामाग्रीको प्रयोग गरौं ।
५. सडक क्षेत्राधिकार मिचेर घर, टहरा निर्माण नगरौं ।
६. सडक, पुल लगायत संरचना विकासमा मेरुदण्ड हुन्, त्यसको संरक्षणमा सहयोग गरौं ।
७. सार्वजनिक यातायताका साधनमा प्रदेश सरकारले तोकेको भाडादर अनिवार्य लागु गरौं ।

# कोरोना महामारीमा रेडियो नेपालको व्यवस्थापन रणनीति



तुलसी सापकोटा

परिचय

चीनको वुहान शहरबाट सुरु भएको कोरोना सङ्क्रमणले अझै पनि बेला बेला विश्वलाई तरङ्गीत पार्ने गरेको छ । एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्ने कोरोना भाइरस विश्वमा तीव्र गतिमा फैलिएपछि महामारीको रूप लियो र विश्व नै छोटो समयमा प्रभावित बन्न पुग्यो । कोरोनाका कारण उद्योगधन्दा, व्यापार व्यवसायसँगै आमसञ्चार माध्यम र नेपाली पत्रकारिता क्षेत्र गम्भिर रूपमा प्रभावित भयो । यसबाट रेडियो नेपाल पनि टाढा रहन सकेन ।

महामारीको समयमा सञ्चार माध्यम र पत्रकारहरूको मुख्य काम भनेको महामरी सङ्क्रमण नियन्त्रणका लागि सही सूचना प्रवाह गर्ने, जनचेतना जगाउने र अफवाह फैलन नदिने हो । सञ्चार माध्यमबाट कुनै पनि अफवाहपूर्ण प्रचार वा गलत सूचना प्रवाह भएमा त्यसको प्रभाव कोरोना सङ्क्रमणभन्दा अझ बढी पर्न सक्दछ । महामारी र विपद्को समयमा पत्रकारहरूको परिचालन र सुरक्षाका लागि रेडियो नेपालसँग लिखित रूपमा कुनै रणनीति नरहेको भएपनि २०७२ सालको भूकम्पमा लिएको जस्तै रणनीति अवलम्बन गरेर कोरोना महामारीको समयमा पनि प्रसारणलाई निरन्तरता दियो ।

रेडियो नेपालले २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पको समयमा प्रसारण क्षेत्रमा कार्यरत आफ्ना पत्रकार र प्राविधिक कर्मचारीलाई कार्यालयमा नै राखेर २४ सै घण्टा प्रसारण गरेको थियो । २०७६ चैत ११ देखि कोरोना महामारी सुरु भएपछि प्रारम्भमा रेडियो नेपालले २४ सै घण्टा आफ्नो प्रसारणलाई सञ्चालन गरी जनचेतनामूलक सूचना समाचार तथा कार्यक्रमका अतिरिक्त प्रत्यक्ष प्रसारण र विषय विज्ञहरूसँगको कुराकानीलाई विशेष महत्व दियो । समसामयिक विषयवस्तु कोभिड १९ र यसको खोपसम्बन्धी कुराकानी, कोभिडबाट सुरक्षित रहने उपाय र जनचेतनामूलक सामग्रीलाई विशेष महत्वका साथ रेडियो नेपालले निरन्तर प्रसारण गरिरह्यो । नेपाल सरकार, सरोकारवाला मन्त्रालय र विभाग तथा कार्यालयहरूले महामारीको समयमा अङ्गीकार गरेको नीति नियम र अभियानहरूलाई रेडियो नेपालले प्रत्यक्ष प्रसारण तथा समाचार/कार्यक्रमहरूको माध्यमबाट जनचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याएको थियो । यसबाट आम श्रोता लाभान्वित भएका थिए । महामारीको समयमा रेडियो नेपाले दिएको स्वस्थ्य सुरक्षासम्बन्धी जानकारी र सूचनाबाट आफूहरूलाई सकारात्मक प्रभाव पारेको टेलीफोनबाट आम श्रोताको प्रतिक्रिया समेत थियो । रेडियो नेपालले भूकम्प, कोरोना, बाढी पहिरो, डुवान, आगलागी जस्ता विपद्, महामारी र सङ्कटको

समयमा प्रसरणलाई निरन्तरता दिँदै उद्धार, राहत, जनचेतना, सुरक्षालगायतका विषयलाई प्रसारणमा प्राथमिकता दिने गरेको छ ।

## लकडाउनमा रेडियो नेपालले गरेको समय व्यवस्थापन

कोरोना महामारी विश्वव्यापी रूपमा फैलिएपछि गरिएको पहिलो चरणको लकडाउनको सुरुवाती दिनमा रेडियो नेपालले पत्रकार र कर्मचारीलाई आलोपालो गरी कार्यालय आउने व्यवस्था गरेको थियो । लकडाउन सुरु भएको चौथो दिन चैत १५ गतेदेखि नै कार्यालयमा नै निश्चित पत्रकार र प्राविधिकहरू राखेर रेडियो सञ्चालन गर्ने नीति तय गरी रेडियो नेपालले प्रसारण अगाडि बढायो । सामान्य अवस्थामा तोकिएको समयमा कार्यालय आउने र घर जाने मात्रै व्यवस्था रहेकोमा विशेष परिस्थितिमा विशेष व्यवस्था गरेर कार्यालयमा नै बस्ने व्यवस्था गरियो । लकडाउनको समयमा घरबाट कार्यालय आउन जान कठिन देखिएपछि निश्चित जनशक्ति मात्रै कार्यालयमा राख्ने र २४ सै घण्टा उनीहरूमार्फत् प्रसारण गर्ने व्यवस्था गरियो । सामान्य आवस्थामा सार्वजनिक सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई लकडाउनको समयमा कार्यालयबाट नै कार्यालय ल्याउने र पुऱ्याउने व्यवस्था गरेका कारण सार्वजनिक सवारी साधन बन्द भएको समयमा काममा आउन र रिपोर्टिङ लगायतका काम गर्न सहज पनि भयो ।

## कार्यालयमै बसेर काम गर्ने व्यवस्था

रेडियो नेपाल व्यवस्थापनले लकडाउन सुरु भएको चौथो दिन अर्थात् २०७६ चैत १५ गतेदेखि कार्यालयमा नै निश्चित पत्रकार र प्राविधिकहरू राखेर रेडियो सञ्चालन गर्ने नीति तय गरी अगाडि बढ्यो । सामान्य अवस्थामा तोकिएको समयमा कार्यालय आउने र घर जाने मात्रै व्यवस्था रहेकोमा विशेष व्यवस्था गरेर रेडियो नेपालले प्रसारणमा संलग्न आफ्ना पत्रकार र कर्मचारीलाई कार्यालय परिसरभित्र नै बस्ने व्यवस्था गरेको थियो । उक्त समयमा एक चरणमा २७ जना पत्रकार र कर्मचारी रहनेगरी दुई चरणमा कार्यालयमा नै बस्ने व्यवस्था गरी पहिलो चरणमा तीन हप्ता र दोस्रो चरणमा दुई हप्ता कार्यालयमा नै राखियो ।

महामारीको समयमा तोकिएका व्यक्ति मात्रै कार्यालयमा बस्ने, बाहिरका मान्छे भित्र आउन नदिने र भित्र रहेका कर्मचारी बाहिर नजाने व्यवस्था गरिनुले सुरक्षित महसुस भएको थियो भने काम गर्न थप उत्साह थपेको थियो । यसअघि रेडियो नेपालले २०७२ सालको भूकम्पमा आफ्नो प्रसारणलाई निरन्तरता दिनका लागि आवश्यक कर्मचारी र पत्रकारहरूलाई कार्यालयमा नै बस्ने व्यवस्था गरेको थियो ।

## कार्यालयमा नै खाना र खाजाको व्यवस्था

लकडाउनका बेला कार्यालयमा बस्ने व्यवस्थासँगै रेडियो नेपालले कार्यालयमा नै बस्ने पत्रकार र प्रसारणमा संलग्न कर्मचारीहरूलाई कार्यालय परिसरभित्रै खाना र खाजाको व्यवस्था गरेको थियो । यसअघि २०७२ सालको भूकम्पको समयमा पत्रकार र प्राविधिकहरूलाई

कार्यालयमा नै बस्ने र खाने व्यवस्था गरेको थियो। कार्यालयबाहिर जाँदा कोरोना लाग्न सक्छ भनेर पत्रकार र कर्मचारीहरूलाई कार्यालय परिसरमा आफ्नै निगरानीमा खाना, खाजा खुवाउने व्यवस्था गरिएको हो। त्यसबाहेक निर्वाचनका समयमा बिहानदेखि बेलुकासम्म खट्ने पत्रकार, प्रत्यक्ष प्रसारणमा खटिने पत्रकार र प्राविधिकलाई खानाको व्यवस्था गर्ने गरेको भए पनि बस्ने व्यवस्था भने छैन। महामारीको समयमा पत्रकार र प्रसारणमा खटिने कर्मचारीको स्वास्थ्यलाई ध्यानमा राखेर कार्यालयमा नै बस्ने व्यवस्थासँगै खाना र खाजा कार्यालयले नै व्यवस्था गरेको हो।

## समाचार संकलनका लागि आफू रहेकै स्थानबाट रिपोर्टिङको व्यवस्था

रेडियो नेपालले महामारीको समयमा आफ्ना संवाददाता एवम् स्ट्रिन्जरहरूका लागि विषेश रणनीति अपनाएर घरबाटै समाचार, सम्बद्ध पक्षको अन्तरवार्ता र रिपोर्टहरू पठाउने व्यवस्था गऱ्यो। केरोना महामारीका कारण गरिएको लकडाउनको समयमा केन्द्रमा रहेका पत्रकारहरूले पनि घरबाट नै काम गरेका थियौं। सामान्य अवस्थामा केन्द्रमा रहेका संवाददाताहरू नियमित रूपमा कार्यालय जानुपर्ने र रिपोर्टिङ प्रमुखले तोके अनुसार काम गर्ने अवस्थामा महामारीमा गरिएको यस व्यवस्थाले काम गर्न सहज भएको थियो। संवाददाताहरूलाई स्वेच्छाले कार्यालयमा नै बस्ने व्यवस्था गरी आलोपालो पद्धतिमा केन्द्रीय कार्यालयमा रहेका संवाददाताहरू कार्यालय आउने र रिपोर्टिङ गर्ने व्यवस्था गरियो।

कोरोना महामारीको समयमा अन्य गतिविधि कम हुने र विशेष गरी कोभिड–१९ सम्बन्धी गतिविधिमा नै रिपोर्टिङ केन्द्रित गरिएको थियो। उक्त समयमा स्वास्थ्य मन्त्रालयले गर्ने लाइभ अपडेटको समाचार बनाउने र पठाउने, कोभिड–१९ सङ्कट व्यवस्थापन समितिले गर्ने निर्णयहरूको समाचार तयार गर्ने, मन्त्रिपरिषद् बैठक र त्यहाँबाट भएका निर्णयहरूबारे समाचार बनाउने, कोभिडबारे जानकारी दिने, स्वास्थ्यकर्मी लगायतसँग कुरा गरेर आमश्रोतालाई सचेत बनाउने खालका रिपोर्ट तयार गर्ने, कोभिड नियन्त्रण र रोकथामका उपाय समेटिएका सरकारी तथा स्वास्थ्यकर्मीहरूका अन्तरवार्ता लिने र जिल्ला रिपोर्टरहरूले पठाएका रिपोर्ट सम्पादन गर्ने आदि कामलाई प्राथमिकता दिएको थियो। घरबाट नै रिपोर्टिङ गरेर सम्भव नदेखिएपपछि लकडाउन सुरु भएको करिब डेढ महिनापछि फेरि केही पत्रकार र प्राविधिकहरूलाई आलोपालो गरी कार्यालय आउने र घर जाने व्यवस्था गरियो। कोरोना महामारीका कारण गरिएको लकडाउनको समयमा पनि रेडियो नेपालले समयमा नै तलब उपलब्ध गराएको थियो। कोरोना कालमा रेडियो नेपालमा सामन्य अवस्थामा भन्दा विज्ञापन र सन्देशमूलक सूचना बढेका थिए र कोरोनासम्बन्धी कार्यक्रम थप भएका कारण आर्थिक रूपमा झनै सहज भएको देखिन्छ।

## कार्यस्थलको सुरक्षाका लागि लिइएको रणनीति

आलोपालो रूपमा कार्यालय आउँदा जादाँ पनि बाहिर सम्पर्क हुने भएपछि रेडियो नेपालले प्रसारणमा संलग्न पत्रकार र कर्मचारीलाई क्वारेन्टिन जस्तै गरेर कार्यालय परिसरभित्र नै बस्ने व्यवस्था गरिएको थियो। सो अवधिमा तोकिएका व्यक्ति मात्रै कार्यालयमा बस्ने, बाहिरका मान्छे भित्र आउन नदिने र भित्र रहेका कर्मचारी बाहिर नजाने व्यवस्था गरिनुले सुरक्षित महसुस भएको थियो। कार्यालय परिसरमा रहेको क्यान्टिनमा नै आफ्नै निगरानीमा खाना खाजा बनाउने र खुवाउने व्यवस्था गरी पत्रकारलाई क्यान्टिनदेखि आवास र स्टुडियोसम्म मात्र जान दिइएको थियो। कार्यालयमा नै बसेर कार्यक्रम तथा समाचार प्रसारण कार्यमा संलग्न हुदाँ महिलाहरूका लागि सामूहिक रूपमा छुट्टै बस्ने कोठा र पुरुष पत्रकारहरूका लागि छुट्टै कोठाको व्यवस्था गरिएको थिये जसले थप सुरक्षित महसुस गराएको थियो। कार्यालयमा बसेका पत्रकार सुरक्षित हुनुपर्छ भन्नेमा रेडियो नेपाल सचेत देखिन्थ्यो भने विपतद्को समयमा रेडियो नेपालले विशेष व्यवस्था गरेर सामाजिक उत्तरदायित्व निर्वाह गर्न हर प्रयास गरेको थियो।

## कर्मचारीको स्वास्थ्यप्रतिको सजगता

कार्यालयमा स्वास्थ्य सुरक्षाका लागि साबुन पानी, सेनिटाइजर र मास्कको ब्यवस्था गरिएको थियो। कोरोनाबाट बच्ने उपाय व्यक्ति–व्यक्तिबिच भौतिक दुरी कायम गर्ने, साबुन पानिले पटक–पटक हात धुने र सेनिटाइजरको प्रयोग गर्ने कुरामा तोकिएको स्वास्थ्य मापदण्ड पूरा गर्न र सुरक्षाका उपाय अपनाइयो। उक्त समयमा रेडियो नेपालले कार्यालयको ढोकामा सेनिटाइजर राख्ने, कार्यकक्षमा सेनिटाइजर छर्कने, हात धुनका लागि साबुन पानीको व्यवस्था गर्ने, बाथरुममा पर्याप्त पानीको व्यवस्था र दैनिक सरसफाइ गर्न त्यस समयमा दुईजना कार्यालय सहयोगीलाई पनि कार्यालयमा नै बस्ने व्यवस्था गर्‍यो। उनीहरूले नै सरसफाइका सम्पूर्ण काम गर्नुका साथै कार्यालयको ढोकामा सेनिटाइजर राख्ने, कार्यकक्ष तथा स्टुडियोमा सेनिटाइजर छर्कने, सरसफाइ गर्ने, हात धुनका लागि साबुन पानीको व्यवस्था गर्ने गरेका थिए। यसबाट कार्यालयमा काम गर्ने क्रममा थप सुरक्षित महसुस भयो।

## स्वास्थ्य सुरक्षा व्यवस्थापन र स्टुडियोको प्रयोग

रेडियो नेपालमा एउटा कार्यक्रम सकिने बितिकै लगत्तै त्यही स्टुडियोमा अर्को व्यक्ति नपस्ने र अर्को कार्यक्रमका लागि फरक स्टुडियोको प्रयोग गर्ने व्यवस्था गरियो। एउटा स्टुडियोमा एउटा कार्यक्रम वा समाचार सकिएपछि अर्को कार्यक्रम वा समाचारका लागि कम्तिमा १५ मिनेटसम्म त्यस स्टुडियोमा प्रवेशका लागि समय अन्तर कायम गरिएको थियो। उक्त समयमा दिनमा दुईपटक बिहान र बेलुका स्टुडियो र कार्यालयमा सेनिटाइजर छर्कने व्यवस्था गरिएको थियो भने प्रसारणमा खटिने प्रसारक आफैँले सेनिटाइजर बोक्ने र माइक, कम्प्युटर तथा किबोर्डमा छर्कने व्यवस्था थियो।

## निष्कर्ष

कोरोनाको समयमा रेडियो नेपालले आफ्नो प्रसारणलाई निरन्तरता दिनका लागि विभिन्न रणनीतिहरू अवलम्बन गऱ्यो। लिखित दस्तावेजका रुपमा कुनै रणनीति तर्जुमा नगरिएको भएपनि अकस्मिकरूपमा आइपरेको महामारीको समयमा व्यावहारिक रुपमा तत्कालै विभिन्न खालका रणनीतिहरू अवलम्बन गरी आफ्नो प्रसारणलाई निरन्तरता दिएर सामाजिक उत्तरदायित्व बहन गर्न रेडियो नेपाल सफल भएको मान्न सकिन्छ। रेडियो नेपालले अकस्मिकरूपमा आएको कोरोना महामारीको समयमा पनि पत्रकारको सुरक्षामा ध्यान दिनु, समयमा तलब उपलब्ध गराउनु र पत्रकार तथा कर्मचारीहरूलाई काम गर्न उत्प्रेरित गरिराख्नुलाई सकारात्मक पक्ष मान्न सकिन्छ। कोरोना जस्तो महामारी र विपद्हरू जुनसुकै समयमा आउन सक्ने भएका कारण रेडियो नेपालजस्ता आमसञ्चार माध्यमहरूले विपद्सम्बन्धी स्पष्ट रणनीति तर्जुमा गरी पूर्व तयारी अवस्थामा रहनु आवश्यक देखिन्छ।

*(लेखक सार्वजनिक सेवा प्रसारण रेडियो नेपालका संवाददाता हुनुहुन्छ।)*

## सन्दर्भ सूची


*आचार्य, मधु, चापागाई, भूमराज, अधिकारी, रमेशप्रसाद, जोशी, हिरण्य र पन्त, संघर्ष, (२०७७)। कोरोना (कोभिड–१९) को सङ्क्रमणको असरबाट प्रभावित भएका पत्रकार र सञ्चार माध्यमको अवस्थाबारे अनुगमन प्रतिवेदन, नेपाल पत्रकार महासंघ।*

*केसी, बुद्धिबहादुर। भदौ २७,२०७८। अन्तरवार्ताको अंश। रेडियो नेपाल, सिंहदरवार।*

*प्रेस काउन्सील नेपाल (२०७७)। कोभिड–१९ बाट नेपाली मिडियामा परेको प्रभावसम्बन्धी अध्ययन प्रतिवेदनको मुख्य–मुख्य अंश।*

*https://www.presscouncilnepal.gov.np/np/wp-content/uploads/2020/06/Final-Survey-Report-2077.pdf*

*बुढाथोकी, गजेन्द्र सिंह (२०७७)। कोभिड–१९ ले पत्रकार र मिडियामा पारेको प्रभावबारे अध्ययन नतिजा (सर्वेक्षण), अध्ययन र रिपोर्ट लेखन, विपद् रिसोर्स/मिडिया फाउन्डेशन।*

*वन्त, प्रत्यूष, पराजुली, शेखर, हुमागाई, देवराज, अधिकारी, कृष्ण र भट्ट, कोमल (२०६१)। रेडियो नेपालको सामाजिक इतिहास, काठमाडौँ: मार्टिन चौतारी। पृष्ठ ७२–७३, पृष्ठ ९–३२,*

*सापकोटा, तुलसी। २०७९। कोरोना महामारीमा सरकारी रेडियोको पत्रकारमैत्री रणनीति : रेडियो नेपालको अध्ययन। स्नातकोत्तरको शोधपत्र। पूर्वाञ्चल विश्वविद्यालय।*

*सापकोटा, तुलसी। नेपालमा कोरोना महामारी कालमा सञ्चार संस्थाको पत्रकारमैत्री रणनीतिको समाजशास्त्रीय अध्ययन : समाज अन्वेषण ( वर्ष २, अंक २, पूर्णङ्क ४, २०८१ कार्तिक–चैत्र। पृष्ठ ८३–९०। नेपाल प्रज्ञा–प्रतिष्ठान।*

सुदूरपश्चिम प्रदेशसरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### जानकारीमूलक सन्देश

*चैत्र महिनामा गरिने खेतीपाती :*

❖ चैते धानको रोपाइँ गर्ने।
❖गहुँ जौ आदि भित्र्याउने र राम्रोसँग सुकाएर भण्डारण गर्ने।
❖तराई क्षेत्रमा गहुँ काटेपछि मुगको खेती गर्ने र पहाडमा तरकारीको बेर्ना सार्ने।
❖आरु लगायतका फलफूलका बोटबिरुवालाई खुम्चिने रोगबाट बचाउन ढुसीनाशक बिषादीले उपचार गर्ने।❖वर्षे आलु तथा तरकारी बालीमा रोगकारी किरा नियन्त्रण गर्ने तर्फ ध्यान दिने।
❖ घाँसको लागि मकै र टियोसेन्टी जस्ता बालीहरु रोप्ने।

यस प्रदेशमा कृषि ज्ञान केन्द्र मार्फत प्राविधिक सेवा, कृषि इन्टर्न सेवा, क्षमता विकास लगायतका सेवा प्रदान गरिनुका साथै किसान लक्षित अनुदानका विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएको सम्पूर्णलाई जानकारी गराउदछौं। त्यसका लागि सरोकारवाला सबैले समयमै कृषि ज्ञान केन्द्र तथा स्थानीय तह कृषि शाखामा सम्पर्क गर्न अनुरोध गर्दछौं।

## बुंगल नगरपालिका बझाङ्ग

बुंगल नगरपालिका बझाङ्गको अनुरोध

१ समयमै कर तिरी सभ्य नागरिकको परिचय दिऔं।
२ हरेक बालबालिकाको शिक्षा पाउनु उनिहरुको नैशर्गिक अधिकार हो। त्यसैले विद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानि बाबुहरुलाई समयमै विद्यालय पठाऔं।
३ घरेलु हिंसा र अन्य समाजमा रहेका कुपर्थाहरु हटाउन नगरवासी सबै जुटौं।
४ पानीका मुहान सबै संरक्षण र सफा राखौं।
५ पालिकाभित्र सञ्चालन भएका सबै प्रकारका उद्योग व्यवसायहरु नगरपालिकामा दर्ता गरौं।
६ जन्म मृत्यु विवाह बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं।
७ आआफ्नो घर आँगन बाटोघाटो टोल आफै मिलेर सफा गरी सफा स्वच्छ शान्त वातावरण र्निमाण गरौं। योजनाहरुको दिगो र प्रभाकारी काम नगरको शान हाम्रो नारा।

नगर प्रमुखः जय बहादुर धामी
उप प्रमुख : धन बहादुर बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत : माधव प्रशाद जोशी

## जयपृथ्वी नगरपालिका बझाङ्गको अनुरोध।

१. सदरमुकाम रहेको चैनपुर बजार क्षेत्रलाई सफा र सभ्य शहर बनाऔं।
२. जन्म मृत्यु विवाह बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं।
३. आआफ्नो घर आँगन बाटोघाटो टोल आफै मिलेर सफा गरी सफा स्वच्छ शान्त वातावरण र्निमाण गरौं।
४. सबै योजनाको आमभेला बसौं। अनुगमन गराऔं। सुशासनमा जोड दिऔं।
५. नगरपालिकाको सन्दर्भमा केही गुनासो सुझाव सल्लाह छन् भने खुलेर आफ्ना भनाइ कार्यालयमा आएर राखौं।
६. नगरपालिकाभित्र सञ्चालन भएका सबै प्रकारका उद्योग व्यवसायहरु नगरपालिकामा दर्ता गरौं।
७. सामाजिक कुरीति हटाऔं सकारात्मक सोचका साथ केही न केही उद्यम गरि अगाडी गढौ।
८. जयपृथ्वी नगरपालिकाको परिकल्पना समृद्ध नगर सुखी नगरबासी हाम्रो चाहना।

नगर प्रमुख चेतराज बजाल
उप प्रमुख रतन बहादुर सिंह
प्रमुख प्रशासकीय अधिकृत शिद्धराज पण्डित
जयपृथ्वी नगरपालिका बझाङ्ग

## बित्थडचिर गाउँपालिका बझाङ्गको अनुरोध।

१. जिल्ला भित्रने र बाहिरीने सडक बाटोमा पर्ने गाउंपालिका भएकाले अवैध बस्तु आयत र र्नियातमा रोक लगाऔं।
२. मुल सडकको छेउछाउमा सडक मिचेर घर टहरा नबनाऔं।
३. बाल विवाह हटाउन सबै जुटौ। सामाजिक कुरीति हटाऔं।
४. जन्म मृत्यु विवाह बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं।
५. न्यायिक समितिमा आऔं। अन्यायमा नबसौं।
६ गाउँपालिकाभित्र सञ्चालन भएका सबै प्रकारका उद्योग व्यवसायहरु पालिकामा दर्ता गरौं।
७. सभ्य, मर्यादित नागरिकको पहिचान दिऔं। पालिकामा नागरिक सहभागिता बढाऔं।
८. छोराछोरीमा भेदभाव नगरौं।
९. बित्थडचिर गाउँपालिकाको परिकल्पना, अतिविपन्न गरिबी, पिछडा वर्ग, दलित, जोखिममा परेका आर्थिक सामाजिक रुपमा पछाडि परेका नागरिकको रोजगारी, सुखी र समृद्धि गाउंपालिकाको लागि सम्पुर्ण जनताको हातेमालो सहित साझेदारी ।

अध्यक्ष अम्मरसिंह महर
उपाध्यक्ष धनलक्ष्मी सिंह मल्ल
प्रमुख प्रशासकीय अधिकृत : पदमराज उपाध्याय
बित्थडचिर गाउँपालिका, बझाङ्ग

# मुलुकको सर्वाङ्गीण विकासमा रेडियो नेपालको भूमिका



दुर्गाप्रसाद घिमिरे

सन् १८९५ मा इटालिका वैज्ञानिक जी. मार्कोनी (Guglielmo Marconi) ले विद्युतीय तार विना आवाज सम्प्रेषण गर्न सफल भएपछि विश्वमा रेडियोको अविस्कार भएको हो। तर रेडियोको सार्वजनिक प्रसारण भने सन् १९१९ देखि भयो।

नेपालको सन्दर्भमा प्रधानमन्त्री चन्द्र शम्शेरको पालामा हल्याण्डमा उत्पादित फिलिप्स कम्पनीका रेडियोहरू बेलायतबाट मगाएर नेपाल भित्र्याइएको थियो। त्यसवेला सर्वसाधारणले रेडियो सेट राख्न राणा सरकारसँग अनुमति लिनु पर्दथ्यो। अनुमति नलिए रेडियो राख्नु गैर कानुनी मानिन्थ्यो। 'दोस्रो विश्व युद्धको समयमा अङ्ग्रेज विरुद्धको समचारले चर्चा पाउन थालेपछि १९९५ मा जुद्ध शमशेरले सबै रेडियो सेटहरू जफत गरे। त्यस बेला जफत गरिएका रेडियो सेटहरूको सङ्ख्या करिब चार सय जति थियो। विश्व युद्धको समाप्तिपछि सबै रेडियो सेटहरू फिर्ता गरियो। त्यसपछि प्रधानमन्त्री बनेका पद्म शम्शेरले रेडियो राख्न फुकुवा गरिदिए। उनकै शासन कालमा २००४ सालदेखि सर्वसाधारण नेपालीलाई रेडियो राख्ने स्वतन्त्रता प्राप्त भयो। नेपालको आफ्नै प्रसारण नभएका कारण त्यस बेला विदेशी प्रसारण मात्र सुन्न सकिन्थ्यो।

२००४ सालमा काठमाडौँको बिजुली अड्डामा अकाशवाणीको सेट प्रयोग गरेर रेडियो प्रसारण गरेको र त्यसमा साँझपख स्थानीय बजार भाउ र भक्तिसङ्गीत प्रसारण गर्ने गरेको पाइन्छ। दोस्रो विश्व युद्धवाट फर्केका सैनिकहरूले बोकेर ल्याएका वायर लेस सेटबाट रेडियो प्रसारण गरिएको थियो। ठुल–ठुला लाउड स्पिकरवाट रामायणका श्लोकहरू बजाइन्थ्यो। पद्म शम्शेरको अवसानपछि ती सबै बन्द भए। २००५ मा मोहन शम्शेरको पालामा मोहन आकाशवाणी मार्फत पनि केही सामग्रीहरू प्रसारण भएको पाइन्छ।

२००७ सालको राणा विरोधी आन्दोलनसँगै आधुनिक रेडियो प्रसारणको आरम्भ भएको हो। नारदमुनि थुलुङले ग्रीषबाट लिएर आएको आकाशवाणीका सामग्रीबाट २००७ साल मङ्सिरतिर भोजपुरमा 'स्वतन्त्र नेपाल रेडियो' को शुभारम्भ भएको थियो। यही ट्रान्समिटरलाई विराटनगर स्थित रघुपति जुट मिलमा लगेर तारिणीप्रसाद कोइरालाले "नेपाल प्रजातन्त्र रेडियो" का नामबाट २००७ साल माघ २० गते "यो प्रजातन रेडियो, हो, हामी मुक्ति सङ्ग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौं।" भन्ने उद्घोष गरेका थिए। नेपालमा रेडियो प्रसारणको चर्चा गर्दा काशिराज पाण्डे, नारदमुनी थुलुङ आदिको योगदानलाई भुल्नु हुँदैन।

नेपालमा रेडियो प्रसारण संस्था 'रेडियो नेपालको विधिवत् स्थापना २००७ साल चैत २० गते

(२ अप्रिल १९५१) भएको हो। स्थापनाको पहिलो दिन 'यो प्रजातन्त्र रेडियो नेपाल हो' भन्ने उदघोष्सहित रश्मी राज्यलक्ष्मीले कार्यक्रम शुभारम्भ गर्नुभएको थियो। त्यसपछिका कार्यक्रमहरू रेडियो नेपालका प्रथम कार्यकारी प्रमुख तारिणीप्रसाद कोइरालाले सञ्चालन गर्नु भयो। यसरी प्रारम्भ भएको 'प्रजातन्त्र नेपाल रेडियो' को नाम पछि गएर नेपाल रेडियो हुदै "रेडियो नेपाल" भएको हो।

रेडियो नेपाल नेपालको एक मानक र अधिकारिक प्रसारण संस्था हो। यसले आफ्नो सत्य, तथ्य, निश्पक्ष र विश्वसनीय प्रस्तुति मार्फत संसारभरि छरिएर रहेका नेपाली श्रोता/दर्शकहरूको मन जितेको छ। अहिले त रेडियो नेपाल, नागरिक केन्द्रित संस्थाको रूपमा सञ्चालित एक आधिकारिक र अग्रणी संस्था भएको हुँदा यसबाट प्रसारण/प्रकाशन हुने सामग्रीहरू विश्वसनीय र ग्रहणीय हुन्छन्।

रेडियो नेपालले नेपाली भाषा, साहित्य, कला, धर्म, संस्कृति तथा नेपाली वाङ्मयको विकास प्रवर्द्धन तथा उत्थान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। रेडियोबाट प्रसारण हुने सूचना, सन्देश र जानकारीहरू नेपाली भाषाको माध्यमबाट एकैपल्ट आम श्रोता समक्ष जाने भएकाले भाषाको विकास, प्रर्वद्धन र शुद्धीकरणमा पनि रेडियो नेपालको उल्लेख्य भूमिका रहदै आएको छ।

नेपालको सन्दर्भमा रेडियोको मुख्य भूमिका भनेको समय सन्दर्भिक, तथ्यमा आधारित सही सूचना प्रवाह गर्नु तथा साहित्य, कला, सङ्गीत र संस्कृतिको माध्यमबाट आम नागरिकहरूलाई स्वस्थ मनोरञ्जन दिनु र चेतनशील बनाउनु हो। अबको प्रसारण इन्टरटेन्मेन्ट' (मनोरञ्जन) मात्र होइन 'इन्फोटेन्मेन्ट' (सूचना सहितको मनोरञ्जन) हनुपर्छ। आजको युग सूचना प्रविधिको युग भएको हुँदा प्रसारण माध्यमहरूले लक्षित वर्गलाई धेरै भन्दा धेरै ज्ञानमूलक सूचनाहरूले सुसूचित गर्नुपर्छ।

गीत सङ्गीतको माध्यमबाट नेपाली कला, संस्कृति, परम्परा र मौलिकताको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गर्ने कार्यमा रेडियो नेपालको महत्वपूर्ण भूमिका रहदै आएको छ। रेडियो नेपाल एक मात्र यस्तो प्रसारण संस्था हो जोसँग आफैले उत्पादन गरेका हजारौँ मौलिक गीत सङ्गीतको अथाह भण्डार छ। जसको संरक्षण, सम्वर्द्धन र सही प्रयोग गर्न सके मात्र पनि रेडियो नेपाल आत्मनिर्भर हुन सक्छ। रेडियो नेपालले तारीणीप्रसाद कोइरालादेखि डा. महेन्द्र विष्टसम्मको नेतृत्व पाइरहदा आफूलाई समय सापेक्ष परिमार्जन र परिस्कृत गर्दै एनालग प्रविधिको सर्ट वेभ, मिडियम वेभ, एफ.एम. हुँदै डिजिटल युगमा छलाङ्ग मार्न सफल भएको छ।

आर्थिक सर्वेक्षण २०८०/८१ को तथ्याङ्क अनुसार, २०८० फागुनसम्ममा रेडियो नेपालको प्रसारण पहुँच ९३.० प्रतिशत जनसङ्ख्यामा पुगेको छ। केन्द्रीय प्रसारण, प्रदेशिक प्रसारण तथा ३५ ओटा

रिले, एफ. एम. केन्द्रहरूबाट सरकारको समावेशी नीति अनुरूप विभिन्न २५ भाषामा समाचार र २४ भाषामा कार्यक्रमहरू प्रसारण हुँदै आएका छन् ।

रेडियो नेपाललाई आजको अवस्थासम्म ल्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने केही प्रतिनिधि रेडियोकर्मी पात्रहरू र प्रसारकहरूलाई म स्मरण गर्न चाहन्छु । भोग्यप्रसाद शाह, जनार्दन शम, दामोदर अधिकारी, यादव खरेल, किरण खरेल, यज्ञनिधि दाहाल, पाण्डव सुनुवार, धन लामा, सरिता भट्ट, नवराज लम्साल, पुरुषोतम सापकोटा आदि । उहाँहरूको योगदानलाई रेडियो नेपालले उच्च कदर गर्नेछ भन्ने कुरामा म विश्वस्त छु । रेडियो नेपालको मुख-पत्र झङ्कार, प्रकाशन हुन थालेपछि रेडियोका वार्षिक गतिविधि तथा वैचारिक लेख-रचनाहरूको सङ्ग्रह दस्तावेजीकरण हुन थालेको छ । यसो हुँदा भावि पुस्तालाई रेडियो नेपाल र यसका विविध पक्षबारे अध्ययन अनुसन्धान गर्न मद्दत पुग्ने देखिन्छ । झङ्कारको प्रकाशनले आगामी दिनमा पनि निरन्तरता पाओस् ।

रेडियो नेपाल विकास समिति ऐन २०१३ अन्तरगत रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१ बाट सञ्चालित हुँदै आएको थियो । चार दशक पुरानो ऐन कानुन र नीति नियमले आजको प्रतिस्पर्धात्मक युगमा रेडियो सञ्चालन गर्न निकै कठिनाइ हुदै आएको थियो । रेडियो नेपाल एक स्वायत संस्था हुनुपर्छ भन्ने जन आकाङ्क्षा थियो । यसै सन्दर्भमा रेडियो नेपाल र नेपाल टेलिभिजनको वर्तमान संरचनालाई परिवर्तन गरी सार्वजनिक प्रसारण सेवाको रुपमा विकास गर्ने सरकारको उद्देश्य अनुरूप, नीति तर्जुमा गरी २०८१ कार्यान्वयन भैसकेको छ । २०८१ कात्तिक २३ गतेबाट रेडियो नेपाल र नेपाल टेलिभिजन एकीकृत भएर 'सार्वजनिक प्रसारण संस्था' मा रूपान्तरण भएका छन् । परिवर्तित सन्दर्भमा सार्वजनिक प्रसारण सेवाले सङ्क्रमणकालीन र दीर्घकालीन चुनौतीहरूको सामना गर्नपर्ने हुन्छ । दुई भिन्न प्रवृत्तिका संस्थाहरू एक आपसमा मिलेर रूपान्तरित संस्था बनेको हुँदा तत्काललाई व्यवस्थापकीय चुनौती र दीर्घ कालमा तलव भत्ता, पेन्सन जस्ता आर्थिक चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । यसको निम्ति योगदानमा आधारित कुनै अतिरिक्त कोषको स्थापना गरेमा भविष्यमा आउने आर्थिक भारलाई कम गर्न सकिन्छ । यस तर्फ नेतृत्वले अहिलेबाटै गृहकार्य गर्नुपर्छ ।

सार्वजनिक प्रसारण संस्थांका विभिन्न उत्तरदायित्व र जिम्वेवारी हुन्छन् । सर्वप्रथमत संविधानले प्रत्याभूत गरेको सूचना तथा सञ्चारको हकलाई सार्वजनिक प्रसारण सेवाले आम नागरिक समक्ष पुऱ्याउनु पर्दछ । बाढी, पैरो, भूकम्प, विपद, महामारी तथा प्रकृतिक प्रकोपहरूमा सार्वजनिक सेवा प्रसारण जनताको सूचनाको संवाहक बन्नुपर्छ । नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजाति तथा संस्कृतिक विविधता भएको मुलुक हो । भाषा संस्कृतिको विकास विस्तार र प्रवर्द्धनमा सार्वजनिक सेवा प्रसारणको गहन भूमिका हुन्छ । यस तथ्यलाई सदैव मनन् गर्नु पर्दछ । सार्वजनिक प्रसारण संस्था भएपछि प्रसारण पहुँच शत प्रतिशत, जनसङ्ख्यामा पुग्नुपर्छ,

प्राविधिक पूर्वाधारहरू गुणस्तरीय हुनुपर्छ, प्रसारण सामग्रीहरू गुणात्मक र प्रभावकारी हुनुपर्छ। सार्वजनिक सेवा प्रसारणको लागि मानव संसाधन तथा दक्ष जनशक्ति अपरिहार्य हुन्छ।

सार्वजनिक प्रसारण सेवालाई जिवन्त राख्न हरेक श्रोता र दर्शकले प्रसारण भएका कार्यक्रमहरू नियमित रूपमा सुन्ने, मनन् गर्ने, समीक्षा गर्ने, राय सुझाव दिने गर्नुपर्दछ। रेडियोको दायरा बृहत भएको छ। आज प्रविधिसँगै सामाजिक सञ्जालमार्फत रेडियो प्रसारण सबैको पहुँचमा पुगेको छ। नियमित रूपमा रेडियो नेपाल सुनौँ। आफ्नो ज्ञानको क्षमता अभिवृद्धि गरौँ। सार्वजनिक प्रसारण संस्थाका आफ्नै दायित्व र चुनौतीहरू हुन्छन्। आफ्नो मार्गमा आइपर्ने सम्पूर्ण वाधा, अडचन र चुनौतीहरूलाई परास्त गर्दै सार्वजनिक प्रसारण संस्था रेडियो नेपाल आफ्नो थप उत्तरदायित्व सहित सम्पूर्ण नेपाली भाषी श्रोता/दर्शकको हृदयको ढुकढुकी बनोस्। ७५औँ वार्षिकोत्सवको अवसरमा हार्दिक शुभकामना!

❀ ❀

*(सिन्धुली निवासी दुर्गाप्रसाद घिमिरे रेडियो नेपालका नियमित श्रोता हुनुहुन्छ।*

## सन्दर्भ सामग्रीहरूः


- *आर्थिक सर्वेक्षण २०८०/८१*
- *झङ्कार (रेडियो नेपालको वार्षिक मुख पत्र)*
- *विकिपिडिया तथा वेब साइट*

## केदारस्युँ गाउँपालिका बझाङ्गको अनुरोध

१ सबै बालबालिका विद्यालयमा पढाऔं।
२ नियमिति स्वास्थ्य चेकजाँच गरौं, मध्यपान धुम्रपान नगरौं।
३ देउरा झोता बजारलाई सफा सुन्दर बजार बनाऔं।
४ गाउँपालिकाभित्र सञ्चालन भएका सबै प्रकारका उद्योग व्यवसायहरु पालिकामा दर्ता गरौं।
५ जन्म मृत्यु विवाह बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं।
६ कर तिरौं र तिर्न लगाऔं।
७ योजनामा अनियमिता हुने काममा सबै सजक सचेत बनौं।

८ प्राकृतिक स्रोत व्यवस्थापन, व्यावसायिक कृषि पर्यटन, र शहकारी समृद्ध गाउँपालिका निर्माणको लागि युवा स्वरो जगारी विषयक दीर्घकालीन आय आर्जन योजना हाम्रो नारा।

अध्यक्ष : गणेशबहादुर बोहरा
उपाध्यक्ष : मनिसा धामी
प्रमुख प्रशासकीय अधिकृत :: डा रोहित कुमार गिरी।
*केदारस्युँ गाउँपालिका बझाङ्ग*

## थलारा गाउँपालिका बझाङ्गको अनुरोध

*कृषी शिक्षा प्रर्यटन र पूर्वाधार*
*थलारा गाउँपालिकाको समृद्धिको आधार*

१. थलारा गाउँपालिकाभित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण सम्वर्द्धन गरौं।
२. सामाजिक कुरीति कुलत हटाऔं। समय खेर नफालौं। केही न केही उद्यम आयआर्जन हुने काम गरौं।
३. गाउँपालिकाभित्र सञ्चालन भएका सबै प्रकारका उद्योग व्यवसायहरु पालिकामा दर्ता गरौं।
४. जन्म मृत्यु विवाह बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं।
५. घर आँगन बाटो सडक सफा राखौं।
६. सभ्य बनौं र सभ्य नागरिकको परिचय दिउं।
७. पालिकाको सेवा प्रवाहप्रति केही गुनासो प्रतिक्रिया छ भने भेटेर वा टेलिफोन गरेर जानकारी गरौं।

अध्यक्ष : प्रकाश बहादुर रोकाया
उपाध्यक्ष : रामबहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत : प्रयागराज पाध्या
*थलारा गाउँपालिका बझाङ्ग*

## दुर्गाथली गाउँपालिका बझाङ्गको अनुरोध

*शिक्षा स्वास्थय कृषि पर्यटन र संस्कृति र पूर्वाधार*
*समुन्नत दुर्गाथलीको मुल आधार*

१. गाउँपालिकाभित्रका सबै बालबालिकाको शिक्षा स्वास्थ्यमा पहुँच बद्धि गरौं।
२. कुलत मदिरा सेवन नगरौं। पालिकामा बुझाउनु पर्ने कर ट्याक्स बुझऔं।
३. गाउँपालिकाभित्र सञ्चालन भएका सबै प्रकारका उद्योग व्यवसायहरु पालिकामा दर्ता गरौं।
५. जन्म मृत्यु, विवाह बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं।
६. बालविवाह, बहुविवाह, जारितर्था, छाउपडी, जस्ता कुरीति कुसंस्कार हटाऔं।
७. नियमित स्कुल पढौ, गुणस्तरीय शिक्षा प्रदान गरौं। असल मानिस बनौं।
८. पालिका प्रतिका केही असहमति गुनासा छन् भने खुलेर आग्रह पूर्वाग्रह विना आफ्ना कुरा राखौं।
भ

अध्यक्षः दिल बहादुर थापा
उपाध्यक्षः जनक बहादुर दौल्याल
नि. प्रमुख प्रशासकीय अधिकृत : बम बहादुर भण्डारी
*दुर्गाथली गाउँपालिका बझाङ्ग*

## खप्तडछान्ना गाउँपालिका बझाङ्गको अनुरोध

समृद्ध छान्नाको आधार
व्यावसायिक कृषि र पर्यटनको र पूर्वाधार

१ खप्तडराष्टिय निकुञ्जको फेदमा रहेको हाम्रो गाउँपालिकार्लाइ सुन्दर हराभरा बनाऔं।
२ पालिकाभित्र रहेका परम्परागत सामाजिक कुरीति कुसंस्कारहरु हटाऔं।
३ व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गरौं। साथै अन्य राजश्व कर तिर्न आनाकानी नगरौं।
४ बेरोजगार बस्नु भन्दा केही न केही आयआर्जन हुने काम गरौं। पालिकाको साथ सहयोग मागौं।
५ सार्वजनिक कामकाजको लेखाजोखा चुस्त दुरुस्त राखौं।
६ स्थानीय उत्पादनमा जोड दिऔं।

अध्यक्ष : उत्तम रोकाया
उपाध्यक्ष : विष्णु कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत : विरबहादुर नेपाली
खप्तडछान्ना गाउँपालिका बझाङ्ग

## छविस पाथीभेरा गाउँपालिका बभाङ्गको अनुरोध

भौतिक पूर्वाधार कृषि शिक्षा स्वास्थ्य वन र व्यापार
छविस पाथीभेरा गाउँपालिकाको विकासको आधार

१ पालिकाभित्र रहेका ऐतिहाँसिक मठ मन्दिरहरुको संरक्षण सम्वर्द्धन गरौं ।
२ कुरीति, कुसंस्कार, कुविचारहरु हटाएर सकारात्मक सोचका साथ जीवन उन्नतिशील बनाऔं ।
३ गाउँपालिकाभित्र सञ्चालन भएका सबै प्रकारका उद्योग व्यवसायहरु पालिकामा दर्ता गरौं ।
५ जन्म मृत्यु विवाह बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं ।
६ पूर्ण सरसफाइ पूर्णखोप अभियान सफल बनाउन सबै लागौं ।
७ सुशासन प्रवर्द्धनमा हामी सबै लागौं ।

अध्यक्ष : वसन्त चलाउने
उपाध्यक्ष : लक्षीमन बोहरा
निमित्त प्रमुख :प्रशासकीय अधिकृत गगन ऐडी
***छविस पाथीभेरा गाउँपालिका बभाङ्ग***

## सुर्मा गाउँपालिका बभाङ्गको अनुरोध

सुर्मा गाउँपालिकाको विकासको आधार,
शिक्षा कृषि पर्यटन र पूर्वाधार

१ जडिबुटीहरुको अनावश्यक दोहन नगरौं ।
२ चोरी सिकारी बन्द गरौं । वन जोगाऔं
३ सार्वजनिक सम्पति मठ मन्दिर तालहरुको संरक्षण गरौं ।
४ कुरीति कुप्रथा हटाऔं ।
५ जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं ।
६ योजनाहरुको पारर्दशिता दिगो काम गरौं ।

अध्यक्ष : खडकबहादुर बोहरा
उपाध्यक्ष : रमिलाकुमारी मण्डेल पुजारा
निमित्त प्रमुख प्रशासकीय अधिकृत : लक्ष्मीराज जोशी
*सुर्मा गाउँपालिका बभाङ्ग*

## मष्टा गाउँपालिका बभाङ्गको अनुरोध

*मष्टावासीको सान, स्थानिय उत्पादनको पहिचान*

१, सर्वजनिक सम्पतीहरुको संरक्षण गरौं । वन जङ्गल जोगाऔं ।
२, पलाष्टिक सिसाहरु जथाभावी नफालौ । धुम्रपान मदिरापान सेवन नगरौं ।
३, छोराछोरी बराबरी सम्झेर माया प्रेम गरी विद्यालय पठाऔं । सबै आफ्नो काम कर्तव्य प्रति जिम्मेवार हौं ।
४, जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरौं ।
५, सामाजिक कुरीति कुपर्था हटाऔं ।
६, गाँउमा आएको स्रोत साधान बजेटको सही सदुपयोग गरौं । सामूहिक हितका लागि जुटौं आग्रह पूर्वाग्रह प्रतिशोधको भावना त्यागेर सभ्य मर्यादित भएर जीवन विताऔं ।

अध्यक्ष : ज्ञान बहादुर बोहरा
उपाध्यक्ष : हर्क धामी ।
निमित्त प्रमुख प्रशासकीय अधिकृत : रमेश कुमार खड्का
मष्टा गाउँपालिका बभाङ्ग

## तलकोट गाउँपालिका बभाङ्गको अनुरोध ।

दिगो विकास र शुसासनको लहर
तलकोट वासीको रहर

- सार्वजनिक सम्पत्तिहरुको संरक्षण गरौं । पालिकाले लिएको एक घर एक धारा पूर्ण सरसफाइ गाँउ बस्ती बनाउने अधियानमा सबै जुटौं ।
- वडा पालिकामा बुझाउनुपर्ने कर राजश्व बुझाउन आनाकानी नगरौं ।
- गाँउसमाजमा रहेका सामाजिक कुरीति कुसंस्कार विभेदहरु सबै हटाऔं ।
- महिला शसक्तीकरणमा जोड दिऔं । आयआर्जन गरौं सुखी हऔं ।

अध्यक्ष : कलक बहादुर रोकाया
उपाध्यक्ष : पार्वती कुँवर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत यादव भट्टराई
*तलकोट गाउँपालिका, बभाङ्ग*

## साइपाल गाउँपालिका बझाङ्गको अनुरोध।

१. बन जङ्गल जडिबुटी जङ्गली जिव जन्तु जनावर हरुको संरक्षण गरौं।
२. हिमाली क्षेत्रमा फोहर नगरौं।
३. आयआर्जन र उद्योग भेडा बाखा पालनमा जोड दिऔं।
४. कुलत र सामाजिक कुरीतिहरु हटाउन सबै जुटौं।
५. पालिकामा बुझाउनु पर्ने राजश्व कर बुझाऔं।
६. सभ्य सुसंस्कृत नागरिक भएर पालिकाको गौरव बढाऔं र सहभागितामूलक विकासबाट साइपालको मुहार फेरौं।

अध्यक्ष :मानबहादुर बोहरा
उपाध्यक्ष : डोल्मा तामाङ
निमित्त प्रमुख प्रशासकीय अधिकृत : राधाकृष्ण जोशी
साइपाल गाउँपालिका बझाङ्ग

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बझाङ्गको अनुरोध

१. दैनिकरुपमा भान्सामा नजम्ने तेलको प्रयोज गरौं, सकेसम्म तोरीको तेल प्रयोग गरौं।
२. दैनिकरुपमा योगाभ्यास गरौं।
३. सकारातमक सोच राखौं।
४. दैनिकरुपमा दिनमा २-३ लिटर मनतातो पानी खाने गरौं।
५. सात्विक भोजनको प्रयोग गरौं धुम्रपमान मध्यपान नगरौं।
६. ऋतुअनुसार भोजनको प्रयोग गरौं। वर्षा, शरद ऋतुमा शरीरको बल कमजोर हुने भएकाले खानामा विशेष ध्यान दिनुपर्दछ।
७. दैनिकरुपमा रोग प्रतिरोधात्मक शक्तिबर्धक औषधी च्यावनप्रास, अश्वगन्धा आमलकी शतावरी गुड्ची चुर्णको प्रयोग गरौं।
८. आयुर्वेद औषधीको उपयोग गरौं रोगको र्निमुल गरौं।

मिनराज पुरी
कार्यालय प्रमुख
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द

## जिल्ला स्वास्थ्य कार्यालय
### बझाङ्गको सन्देश

१. आमा र बच्चाको स्वास्थ्य सुरक्षाको लागि स्वास्थ्य संस्थामा नै गई प्रसुती गराऔं, र त्यसपछि आमा र बच्चालाई कम्तीमा ३ पटक स्वास्थ्य संस्थामा जाँच गराऔं।
२. हरिया सागपात तथा आइरन बढी पाइने खाना खाऔं, र गर्भवती भएको चौथो महिनादेखी सुत्केरी भएको ४५ दिनसम्म दैनिक एक चक्की आइरन खाऔं।
३. महिलाहरुमा ढाड र कम्मर असाध्य दुख्ने , भारी काम गर्दा तलबाट केही झरेजस्तो लाग्ने टुकरुक्क बसेर काम गर्न नसकिने, तल्लो पेट दुखी रहन्छ र सेतो पानी आइराख्ने जस्ता लक्षणहरु देखा परेमा पाठेघर खस्ने समस्या हुन सक्छ। सेवा र सल्लाहका लागि स्वास्थ्य सस्थामा सरसल्लाह गरौं।
४. परिवार नियोजनका साधानहरु अप्नाऔं अनिच्छित गर्भवाट बचौं।
५. विस बर्ष नपुगी गर्भवती भएमा गर्भखेर जाने, पाठेघर खस्ने जस्ता समस्याहरु हुन सक्ने भएकाले केही वर्ष परिवार नियोजनका साधान प्रयोग गर्नु उपयुक्त हुन्छ। परिपक्क आमा स्वच्छ बच्चा।
६. स्वास्थ्य नै धन हो। खानपिन र आहार विहारमा ध्यान दिऔं।

लालबहादुर धामी
कार्यालय प्रमुख
जिल्ला स्वास्थ्य कार्यालय बझाङ्ग

## भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बझाङ्गको अनुरोध

मासु एक महत्वपूर्ण पोष्टिक एबं स्वादिष्ट प्रोटिनजन्य खाद्य पदार्थ हो। यो जति मानव स्वास्थ्यको लागि महत्वपूर्ण छ त्यति नै स्वास्थ्यको लागि हानीकारक किटाणुहरु छिटै र सजिलै बास गर्ने माधयम पनि हो। त्यसैले मासु पसल सुधार र व्यवस्थित गरी स्वच्छ र स्वस्थ मासु प्रसोधन र उत्पादन गर्न निम्न कुरालाई ध्यान दिनु दिऔं र दिन लगाऔं।
१. सफा र स्वच्छ ठाँउ चयन गरी मासु पसल सञ्चालन गरौं।
२. मासुको पसलमा पर्याप्त पानीको व्यवस्थापन गरौं।
३. खिया नलाग्ने हतियार प्रयोग गरौं।
४. साल र यस्तै बलियो काठको अचानो बनाऔं।
५. मासु काट्ने हतियार र अचानु नियमित सफा गरौं।
६. पसलको भुइँ र भित्तामा चम्किलो टायल प्रयोग गरी पसलको स्वच्छता र सरसफाइ सुनिश्चित गरौं।
७. मासु पसलमा झिँगाको नियन्त्रण गर्न जालीको व्यवस्थापन गरौं। कुकुर, बिरालो, मुसो, छुचुन्दो जस्ता जीव जनावरको आवतजावत हुन नदिने।
८. मासुलाई डिप फिजमा स्टोर गर्ने गरौं।

कविराज कठायत
निमित्त कार्यालय प्रमुख
भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बझाङ्ग

# सार्वजनिक सेवा प्रसारण रेडियो नेपालको वार्षिक गतिविधि – २०८१



पुष्करराज गौतम

२००७ साल चैत २० गते बाट विधिवत् प्रसारण आरम्भ गरेको रेडियो नेपाल २०८१ साल चैत २० गतेबाट ७५औं वर्षमा प्रवेश गर्दैछ । यसै वार्षिक उत्सवसँगै रेडियो नेपालले हीरक महोत्सवका रूपमा विविध कार्यक्रम तय गर्दै अगाडि बढ्ने क्रममा रहेको छ । रेडियो नेपाललाई यो अवस्थासम्म ल्याउन प्रत्यक्ष र अप्रत्यक्ष ढङ्गबाट सहयोग, सदभाव प्रदान गर्नुहुने आदरणीय श्रोता, नेपाल सरकार र विभिन्न मन्त्रालय, विभागहरू, सरकारी तथा गैर सरकारी कार्यालयहरू, निजी संघ संस्थाहरू, विज्ञापन एजेन्सी, विज्ञापन दाता तथा सरोकारवाला सबैप्रति हार्दिक आभारसहित कृतज्ञता व्यक्त गर्दछु ।

प्रविधिमा आएको पछिल्लो परिवर्तनलाई आत्मसात् गर्दै रेडियो नेपालले भू–सतही र डिजिटल प्लेटफर्मको माध्यमबाट आफ्नो समाचार/कार्यक्रम र प्रसारण प्रविधिमा समयानुकूल परिमार्जन गरी सार्वजनिक सेवा प्रसारण अनुरूपका विषयवस्तुलाई प्राथमिकतामा राख्दै अगाडि बढेको छ । २०८१/०७/२३ गतेबाट लागु हुने गरी सार्वजनिक सेवा प्रसारण रेडियो नेपालमा रूपान्तरित भएको अवस्थामा आगामी दिनहरूमा आम नागरिकको चासो र सरोकारका सवालमा थप जिम्मेवार हुँदै अगाडि बढ्नुपर्ने चुनौती र जिम्मेवारी बहन गर्नुपर्ने महसुस भएको छ । यसै सन्दर्भमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार २०८१ वैशाखदेखि २०८१ चैत १५ गतेसम्म रेडियो नेपालले सम्पन्न गरेका मुख्य मुख्य उपलब्धिहरूको सङ्क्षिप्त चर्चा गर्दै छु ।

## प्रसारण प्रविधि तर्फः

रेडियो नेपालले डिजिटल प्लेटफर्म अन्तर्गत रेडियो नेपाल एप, ओ.टी.टी, अनलाइन न्युज पोर्टल र सोसल मिडिया मार्फत आफ्नो प्रसारणलाई संसारभरि फैलाएको छ । देशको सबै भू–भागमा रेडियो नेपालको प्रसारण पहुँच पुऱ्याउने उद्देश्यले यस वर्ष सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लाको कालाजाग्रामा एफ.एम.रिले प्रसारण केन्द्र स्थापना भएसँगै रेडियो नेपालका एफ.एम. रिले केन्द्रहरूको सङ्ख्या ३५ पुगेको छ । यी एफ.एम. रिले स्टेशनका अतिरिक्त रेडियो नेपालले ३ वटा मिडियम वेभ स्टेशन र डिजिटल प्लेटफर्मबाट समेत आफ्नो प्रसारण सेवा सञ्चालन गरिरहेको छ । प्रसारण पहुँच वृद्धि गर्ने सिलसिलामा हालसम्म ८४ प्रतिशत जनसङ्ख्यामा रेडियो नेपालको पहुँच पुगेको छ । श्रोताको रोजाइ र प्रभावकारी प्रविधिका कारण रेडियो नेपालले एफ.एम. ब्याण्डमा आफ्नो सेवालाई देशैभरि विस्तार गर्दै लगेको छ । यस आर्थिक वर्षको अन्तरसम्ममा गण्डकी प्रदेशको गोरखा र मधेश प्रदेशको जनकपुरमा नयाँ एफ.एम. स्टेशन स्थापना गर्ने गरी कार्य अगाडि बढेकोमा गोरखाका लागि सम्भाव्यता

हीरक महोत्सव

अध्ययनसमेत सम्पन्न भइसकेको छ।

यसै वर्ष कोशी प्रदेशको विराटनगर स्थित तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्रामबाट पूर्वेली थारु र राजवंशी भाषामा समाचार कार्यक्रमसहित प्रादेशिक प्रसारणको सुरुवात गरिएको छ। ओ.एफ.एल. लिङ्क स्थापना गर्ने क्रममा गण्डकी प्रदेशको पोखरा, कोशी प्रदेशको इलाम, भेडेटार धनकुटा तथा मधेश प्रदेशको बर्दीबास महोत्तरी लगायतका स्थानमा Program Distribution Network Link स्थापना भएको छ। लुम्बिनी प्रदेशको दाङमा स्टुडियो एकस्टिकसहितको प्रादेशिक प्रसारण कार्यालयको भवन निर्माण कार्य सम्पन्न भएको छ। प्रसारण निरन्तरताका लागि मकवानपुरको सिमभञ्ज्याङ, सुर्खेतको हर्रे एफ.एम. रिले केन्द्रको यु.पि.एस. मर्मत सम्भार ब्याट्री खरिद गरी जडान गरिएको छ। त्यसैगरी केन्द्रीय स्टुडियो र खुमलटार ट्रान्समिटिङ स्टेशनमा अनलाइन यु.पि.एस.को ब्याट्री खरिद गरी जडान गरिएको छ। समावेशी प्रसार सामग्री उत्पादन तथा प्रसारणका लागि १० थान कम्प्युटर सेट र ३ वटा Multi-Functional Printer खरिद गरी वितरण गरिएको छ।

धनकुटाको भेडेटारबाट १०३ मेगाहर्जको १ किलोवाट ट्रान्समिटर सञ्चालनका लागि समेत हुने गरी 30 KVA को जेटेरेटर खरिद गरी जडान गरिएको छ। केन्द्रीय प्रसारणका कार्यक्रमलाई प्रादेशिक प्रसारण र एफ.एम. रिले प्रसारण केन्द्रसम्म पुऱ्याउन आवश्यक वेभगाइड उपकरण खरिद गरी जडान गरिएको छ। त्यसैगरी लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेश स्थित रेडियो नेपालका एफ.एम. रिले केन्द्रहरूमा कार्यरत प्राविधिक कर्मचारीहरूलाई प्रसारण प्रविधिसम्बन्धी पाँच दिने प्रयोगात्मकसहित सैद्धान्तिक तालिम लुम्बिनी प्रदेशको तुलसीपुर दाङमा सम्पन्न गरिएको छ जसले गर्दा एफ.एम. रिले केन्द्रहरूमा कार्यरत प्राविधिक जनशक्तिको सिप, ज्ञान र दक्षतामा निखारपन ल्याउन सहयोग पुगेको छ।

## प्रसारण सामग्री तर्फः

सार्वजनिक सेवा प्रसारणमा रूपान्तरित भएको रेडियो नेपालले आफ्ना सबै प्रसारण सामग्रीमा सार्वजनिक सेवा प्रसारणका विशेषता अनुरूप कार्यक्रमहरू प्रसारण गर्न तालिम, अन्तरक्रिया र कार्यशाला गोष्ठीहरू सम्पन्न गरेको छ। देशका विभिन्न स्थानहरू जस्तै गण्डकी प्रदेशको मुस्ताङ, पर्वत, तनहुँ, बाग्लुङ्ग र कर्णाली प्रदेशको कालीकोट, जुम्ला, मुगु तथा लुम्बिनी प्रदेशको बाँकेमा स्थलगत रिपोर्टमा आधारित बहस सम्पन्न गरी कार्यक्रम उत्पादन तथा प्रसारण सुरु गरिएको छ। यस कार्यले स्थानीय स्तरमै रेडियो नेपालका प्रसारकहरू पुगी आम नागरिकका समस्या उजागर हुनुका साथै सरोकारवालाको ध्यानाकर्षण हुन थप दबाब सृजना हुनुका साथै स्थानीय स्तरका सम्भावना, अवसर र पहिचानलाई बढावा दिन मद्दत पुगेको पाइन्छ।

नेपालको संविधानले अङ्गीकार गरेको भाषा, संस्कृतिको हकलाई उजागर गर्न तथा हरेक समुदायको भाषा संरक्षण र विकासमा टेवा पुऱ्याउन रेडियो नेपालले विगतका वर्षहरूदेखि नै पहल गर्दै आएको छ। यसै क्रममा यस वर्ष कोशी प्रदेशको विराटनगर स्थित सञ्चारग्रामबाट

राजवंशी भाषा, सुदूरपश्चिम प्रदेशको दिपायलबाट बैतडेली भाषा र बागमती प्रदेशको काठमाडौँबाट दनुवार भाषामा समाचार तथा कार्यक्रम प्रसारण आरम्भ भएसँगै रेडियो नेपालबाट अहिले २५ विभिन्न राष्ट्रभाषामा समाचार र २४ भाषामा कार्यक्रमहरू प्रसारण भइरहेका छन् । विगतमा सम्पन्न आम निर्वाचन, २०७२ को विनासकारी महाभूकम्भ र कोभिड–१९ महामारी जस्ता विपद्का बेलामा पनि रेडियो नेपालले २४ सै घण्टा नियमित सञ्चालन गरेको प्रसारण सेवाको स्मरण गर्दा रेडियो नेपालले सार्वजनिक सेवा प्रसारणको भूमिका र अभ्यास विगतदेखि नै गर्दै आएको छ ।

राज्यको समावेशी नीति अनुरूप रेडियो नेपालका समावेशी कार्यक्रमहरूमा के कस्ता विषयवस्तुलाई समेट्नु पर्दछ भन्ने उद्देश्यका साथ यस वर्ष गण्डकी प्रदेशको राजधानी पोखरा, बागमती प्रदेशको राजधानी हेटौँडा, कोशी प्रदेशको राजधानी विराटनगर र लुम्बिनी प्रदेशको तुलसीपुर दाङमा 'राष्ट्रभाषाको समाचार तथा कार्यक्रम प्रसारणको सवाल र प्रदेश सरकारको भूमिका' विषयक सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ जुन कार्यक्रममा प्रदेश सरकारका मुख्यमन्त्रीहरूसहित भाषिक समुदाय र सञ्चारकर्मी लगायतबाट प्राप्त सुझाव, प्रतिक्रियाले रेडियो नेपालका कार्यक्रमहरू थप समावेशी बनाउन र सोही अनुरूपका विषयवस्तुलाई स्थान दिन तथा परिमार्जन गर्न महत्वपूर्ण पृष्ठपोषण भएको छ । जसले गर्दा प्रदेश सरकारहरूसँग रेडियो नेपालले सहकार्य गर्न पनि मद्दत पुग्ने विश्वास लिइएको छ । सञ्चारग्राम विराटनगरको सङ्गीत स्टुडियोमा अल्पसङ्ख्यक मुडियारी समुदायको पहिलो भाषिक गीतहरू रेकर्ड गरी प्रसारण गर्नुका साथै अन्य समुदायको भाषिक लोक गीतहरू पनि रेकर्ड गरिएको छ ।

नेपालीको दोस्रो ठुलो चाड तिहारको पूर्वसंध्यामा पर्व विशेष धुनहरूको प्रस्तुति सिंहदरबार स्थित सङ्गीत स्टुडियोबाट प्रत्यक्ष प्रसारण गरिएको थियो भने स्वरसम्राट नारायण गोपालको ३४ औं स्मृति दिवसको उपलक्ष्यमा राष्ट्रिय नाचघर जमल काठमाडौँमा आयोजित विशेष कार्यक्रमको अनलाइन पोर्टलबाट प्रत्यक्ष प्रसारण गरिएको थियो। बाल दिवसको अवसरमा बालगीत प्रतियोगिता तथा सार्वजनिक महत्वका पर्व, दिवस तथा अन्य राष्ट्रिय विशेष समारोह, कार्यक्रमहरूको प्रत्यक्ष प्रसारणसहित विशेष कार्यक्रमहरू उत्पादन र प्रसारण गर्नुले पनि सार्वजनिक सेवा प्रसारणको रूपमा रेडियो नेपालले भूमिका निर्वाह गरिरहेको जगजाहेर छ । रेडियो नेपालमा रहेका गीत/सङ्गीत र अन्य श्रव्य सामाग्रीहरूलाई संरक्षण/संवर्धन गरी ओ.टि.टि. एप्स मार्फत थप आय आर्जन गर्ने व्यवस्था मिलाइएको छ। यस वर्ष ५०७६ वटा र हालसम्म करिब १०२६५ वटा श्रव्य सामग्रीहरू नयाँ आर्काइभ सिष्टममा डिजिटाइज्ड भएको तथा ४६३५८ वटा श्रव्य सामग्रीहरू पुरानो आर्काइभ सिष्टममा डिजिटाइज्ड भए अनुसार कुल ५६६२३ वटा श्रव्य सामग्रीहरूको डिजिटाइजेसन गर्ने कार्य भइसकेको छ । गीतसङ्गीतको संरक्षण, संवर्धन र प्रवर्द्धन गर्ने उद्देश्यले रेडियो नेपालले यस वर्ष पनि शास्त्रीय सङ्गीत सम्मेलन गर्नुका साथै रेडियो नेपालको स्टुडियोमा शास्त्रीय सङ्गीत कार्यक्रम उत्पादन

गरी प्रसारण गरिएको छ । त्यसैगरी विगतदेखि हुँदै आएको आधुनिक गीतसङ्गीत प्रतियोगिता यस वर्ष पनि ७५औं वार्षिक उत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको छ ।

वृत्ति विकास तर्फः

दक्ष जनशक्ति कुनै पनि संस्थाको मेरुदण्ड मानिन्छ । यस अर्थमा रेडियो नेपालले पनि कार्यरत कर्मचारीको वृत्ति विकासमा विशेष चासो राख्दै आएको छ । यस वर्ष सञ्चालन भएको जनशक्ति व्यवस्थापन अन्तर्गत २० जना स्थायी कर्मचारीहरूको बढुवा सिफारिस भएको तथा खुल्ला प्रतियोगिताबाट नयाँ जनशक्तिका लागि ३८ पदमा खुल्ला प्रतियोगिता सम्पन्न भएको थियो । त्यसैगरी १९ जना स्थायी कर्मचारीका लागि आन्तरिक प्रतियोगिता सम्पन्न भएको थियो । रेडियो नेपालको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८१ र निवृत्तभरण कोष वितरण कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएको छ । समावेशी प्रसार सामाग्री उत्पादन तथा प्रसारणसम्बन्धी तालिम सम्पन्न गरिएको छ । तालिममा रेडियो नेपाल र नेपाल टेलिभिजनमा कार्यरत समाचार र कार्यक्रम तर्फका कमचारीहरूको सहभागिता रहेको थियो भने सार्वजनिक सेवा प्रसारणमा समाचारका विषयवस्तु, जिम्मेवारी र जवाफदेहिता विषयमा कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो । जस अन्तर्गत सार्वजनिक सेवा प्रसारण नेपालमा कार्यरत समाचार र कार्यक्रम तर्फका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

